आवधिक जिल्ला विकास योजना तर्जुमा बिभिन्न चरणका झलकहरु




"व्यवसायिक कृषि, पशु र वन
सन्तुलित विकास समुन्नत जीवन"

# आवधिक जिल्ला विकास योजना

## आ.व. २०७२/०७३-२०७६/०७७



स्वामित्व

**जिल्ला विकास समिति**

गाईघाट, उदयपुर

२०७३ मंसिर

# आवधिक जिल्ला विकास योजना

आ.व.०७२/७३ - ०७६/७७


## जिल्ला विकास समितिको कार्यालय,
## उदयपुर

फोनः

ईमेलःddcudayapur@gmail.com

# विषय सूची


**शब्द संक्षेप ... vii**

**खण्ड- १: परिचय ... 1**

**१.१ भूमिका ... 1**

**१.२ उद्देश्य ... 1**

**१.३ कार्य परिधि ... 1**

**१.४ अपनाइएका विधि ... 2**

**१.५ अध्ययन विधि ... 2**

**१.६ तर्जुमा चरण ... 3**

**१.७ सीमाहरु ... 3**

**खण्ड - २: 5**

**प्रथम आवधिक जिल्ला विकास योजनाको समीक्षा तथा मूल्याङ्कन ... 5**

**२.१ भूमिका ... 5**

**२.२ समीक्षाका प्रमूख बिषयवस्तुहरु ... 5**

*२.२.१ दीर्घकालीन सोंच ... 5*

*२.२.२जिल्ला विकासका निर्देशक सिद्धान्तहरु ... 5*

*२.२.३जिल्ला विकासका प्रमुख रणनीतिहरुको समीक्षा ... 7*

*२.२.४आजिबियो र बार्षिक योजना बीच अन्तर सम्बन्ध ... 8*

*२.२.५ आजिवियो (२०५८।०५९-२०६३।०६४) को कार्यान्वियनमा देखा परेका केहि समस्याहरु ... 8*

*२.२.६ आजिबियोसंग सम्वन्धित सुचक एवं बर्तमान अवस्थामा तथ्याङ्कले देखाएको अवस्था ... 8*

*२.२.७ प्रथम आजिबियोको प्रक्षेपित बजेट समीक्षा ... 8*

*२.२.८ आगामी आजिवियोको लागि समीक्षाबाट प्राप्त सुझावहरु ... 8*

*२.२.९ समीक्षाका उपलब्धीहरु ... 9*

*२.२.१० बार्षिक कार्यक्रम संचालन गर्दा ध्यान दिनुपर्ने विषयहरु ... 9*

*२.२.११ आजिबियो अबधिमा योजना कार्यक्रम संचालनमा परेका समस्याहरु ... 10*

**खण्ड - ३ ... 11**

**जिल्ला विकासको अवधारणा ... 11**

**३.१ भूमिका ... 11**

**३.२ जिल्ला विकासका प्रमुख समस्याहरु ... 11**

**३.३ जिल्ला विकासका प्रमुख अवसर र सम्भावनाहरू ... 16**

**३.४ जिल्ला विकासको दीर्घकालिन सोच ... 16**

**३.५ जिल्ला विकासका लागि निर्देशक सिद्धान्तहरु ... 17**

**३.६ जिल्ला विकासका समष्टिगत लक्ष्य, उद्देश्य, सूचक तथा रणनीतिहरु ........ 18**

**३.७ जिल्ला विकासको उद्देश्य, सुचक तथा प्रमाणित गर्ने आधारहरु ........ 7**

**३.८ जिल्ला विकासको रणनीतिहरु ........ 9**

**३.९ जिल्ला विकासका प्राथमिकता र साझेदारीका क्षेत्रहरु ........ 10**

**खण्ड - ४ ........ 12**

**विषयगत क्षेत्रका योजनाका सूचक तथा कार्यनीतिहरु ........ 12**

**४.१ आर्थिक विकास ........ 12**

*४.१.१ कृषि विकास ........ 12*

*४.१.२ पशु विकास ........ 18*

*४.१.३ सहकारी विकास ........ 23*

*४.१.४ घरेलु तथा साना उद्योग विकास ........ 26*

*४.१.५ पर्यटन ........ 29*

**४.२ सामाजिक विकास ........ 31**

*४.२.१ शिक्षा ........ 32*

*४.२.२जिल्ला आयुर्वेद औषधालय ........ 38*

*४.२.३ स्वास्थ्य ........ 41*

*४.२.४ महिला विकास ........ 46*

*४.२.५बालबालिका ........ 50*

*४.२.६ आदिवासी जनजाती उत्थान ........ 55*

*४.२.७ मधेसी, मुस्लिम तथा पिछडावर्ग उत्थान ........ 59*

*४.२.८दलित वर्ग उत्थान ........ 62*

*४.२.९ फरक क्षमता विकास (अपाङ्गता) ........ 64*

*२.१.१० जेष्ठ नागरिक ........ 66*

*२.१.११ युवा तथा खेलकुद विकास ........ 69*

**४.३ वन, वातावरण र विपद् व्यवस्थापन ........ 73**

*४.३.१ वन विकास ........ 73*

*४.३.२ भू-संरक्षण कार्यक्रम ........ 77*

*४.३.३ विपद व्यवस्थापन ........ 80*

*४.३.४ वातावरण वयवस्थापन तथा जलवायु परिवर्तन ........ 84*

**४.४ भौतिक तथा पूर्वाधार विकास ........ 87**

*४.४.१ यातायात तथा शहरी विकास ........ 89*

*४.४.२खानेपानी तथा ढल निकास ........ 92*

*४.४.३ सिंचाई ........ 95*

*४.४.४ नदि नियन्त्रण तथा तटवन्ध ........ 97*

*४.४.५विद्युत विकास ........ 98*

*४.४.६ संचार ........ 99*

४.५ संस्थागत विकास ..... 101

**खण्ड - ५:** ..... 107

कार्यक्रम तथा अपेक्षित उपलब्धि ..... 107

५.१ प्रमुख कार्यक्रम तथा आयोजनाहरुको विवरण ..... 107

**खण्ड - ६:** ..... 108

**संगठनात्मक संरचना र विकास व्यवस्थापन** ..... 108

६.१ भूमिका ..... 108

**खण्ड -७** ..... 109

**अनुगमन तथा मूल्याङ्कन योजना** ..... 109

७.१ अनुगमन तथा मूल्याङ्कन पद्धति ..... 109

७.२ अनुगमन मूल्याङ्कन संरचना ..... 109

*७.२.१ सुपरिवेक्षण तथा अनुगमन समिति ..... 109*

*७.२.२ सुपरिवेक्षण तथा अनुगमन उपसमिति ..... 109*

*७.२.३ संयुक्त अनुगमन समिति ..... 109*

*७.२.४ विषयगत समिति ..... 110*

*७.२.५ सम्वन्धित निकाय तथा परियोजना ..... 110*

७.३ अनुगमन प्रक्रिया ..... 110

*७.३.१ पटके तथा नियमित अनुगमन ..... 110*

*७.३.२ नागरिक अनुगमन ..... 110*

*७.३.२ प्रतिफलमा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा ..... 110*

*७.३.३ मध्यावधि मूल्याङ्कन ..... 110*

*७.३.४ अन्तिम मूल्याङ्कन ..... 111*

*७.३.५ प्रतिफलमा आधारित अनुगमन तथा मूल्याङ्कन कार्यान्वयन अवधारणा ..... 111*

७.४ प्रतिफलमूलक अनुगमन खाका ..... 112

**खण्ड - ८ वजेट प्रक्षेपण** ..... 113

८.१ व्यय अनुमानका आधार ..... 113

८.२ नपुग श्रोत तथा बजेट परिचालन रणनीति ..... 115

८.४ अन्तरजिल्ला सम्बन्ध ..... 116

८.५ आवधिक जिल्ला विकास योजना र अन्य योजना बीच अन्तरसम्बन्ध ..... 116

अनुसूची ..... 118

अनुसुची – १: समस्या विश्लेषण ..... 119

*१.१ आर्थिक विकास ..... 119*

*१.२ सामाजिक विकास ..... 125*

*१.३ वन, वातावरण तथा विपद् व्यवस्थापन*............*142*

*१.४ भौतिक तथा पूर्वाधार विकास समिति*............*148*

*१.५ संस्थागत विकास*............*150*

**अनुसूचि २:**............**151**

**संभावना र अवसर**............**151**

*२.१ आर्थिक विकास*............*151*

*२.२ सामाजिक विकास*............*156*

*२.३ वन, वातावरण तथा विपद् व्यवस्थापन*............*165*

*२.४ पूर्वाधार विकास*............*169*

**अनुसूचि ३:**............**173**

**विषयगत कार्यक्रम र लाभन्वित समुदाय**............**173**

*३.१ आर्थिक विकास*............*173*

*३.२ सामाजिक विकास समिति*............*182*

*३.३ वन वातावरण तथा विपद् व्यवस्थापन समिति*............*204*

*३.४ पूर्वाधार विकास कार्यक्रम*............*208*

*३.५ संस्थागत विकास कार्यक्रम*............*213*

**अनुसूचि ४:**............**215**

**विषयगत वजेट**............**215**

*४.१ आर्थिक विकास*............*215*

*४.२ सामाजिक विकास समिति*............*221*

*४.३ वन वातावरण तथा विपद् व्यवस्थापन*............*257*

*४.४ पूर्वाधार विकास*............*264*

*४.५ संस्थागत विकास कार्यक्रम*............*273*

**अनुसूचि ५:**............**275**

**कार्यान्वयन जिम्मेवारी तालिका**............**275**

*५.१ आर्थिक विकास*............*275*

*पर्यटन विकास*............*279*

*५.२ सामाजिक विकास*............*280*

*५.३ बन वातावरण तथा विपद् व्यवस्थापन*............*299*

*५.४ पूर्वाधार विकास*............*303*

*५.५ संस्थागत विकास कार्यक्रम*............*308*

# शब्द संक्षेप

| | | |
|---|---|---|
| आ.व. | : | आर्थिक वर्ष |
| आजिवियो | : | आवधिक जिल्ला विकास योजना |
| के.जि. | : | किलोग्राम |
| के.बा.क.स. | : | केन्द्रिय बाल कल्याण समिति |
| कि.मी | : | किलो मिटर |
| क्वि. | : | क्विन्टल |
| खा.स.डि.का. | : | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय |
| गाविस | : | गाउँ विकास समिति |
| गैसस | : | गैर सरकारी संस्था |
| जि.कृ वि.का. | : | जिल्ला कृषि विकास कार्यालय |
| जि.घ.वि.का. | : | जिल्ला घरेलु विकास कार्यालय |
| जि.प.से.का. | : | जिल्ला पशु सेवा विकास कार्यालय |
| जि.व.का. | : | जिल्ला वन कार्यालय |
| जि.वा.क.स. | : | जिल्ला बाल कल्याण समिति |
| जिविस | : | जिल्ला विकास समिति |
| जिप्रका | : | जिल्ला प्रशासन कार्यालय |
| जिप्राका | : | जिल्ला प्राविधिक कार्यालय |
| जि.शि.का. | : | जिल्ला शिक्षा कार्यालय |
| प्रा.लि. | : | प्राईभेट लिमिटेड |
| रा.यो.आ. | : | राष्ट्रिय योजना आयोग |
| ने.रा. बैंक | : | नेपाल राष्ट्र बैंक |
| ने.खा.सं. | : | नेपाल खानेपानी संस्थान |
| ने.वि.प्रा. | : | नेपाल विद्युत प्राधिकरण |
| स.डि.का. | : | सहकारी डिभिजन कार्यालय |
| हे. | : | हेक्टर |
| न.पा. | : | नगरपालिका |
| लि. | : | लिटर |
| ART | : | Antiretroviral Therapy |
| CBO | : | Community Based Organisation |
| CFLG | : | Child Friendly Local Governance |
| CPR | : | Contraceptive prevalence rate |
| DACC | : | District AIDS Coordination Committee |
| DPHO | : | Distract Public Health Office |
| DTMP | : | District Transport Master Plan |
| DPMAS | : | District Poverty Monitoring and Analysis System |
| D-WASH | : | District Water Sanitation and Hygiene |
| EIA | : | Environmental Impact Assessment |
| EFLG | : | Environment Friendly Local Governance |
| GER | : | Gross Enrolment Ratio |
| HCT | : | HIV/AIDS Counseling and Testing |
| HMIS | : | Health Management Information System |
| HP | : | Health Post |
| IEE | : | Initial Environmental Examination |
| LDRMP | : | Local Disaster Reduction Master Plan |

| | | |
|---|---|---|
| M-WASH | : | Municipality Water Sanitation and Hygiene |
| NDHS | : | Nepal Demographic and Health Survey |
| NER | : | Net Enrolment Ratio |
| NGO | : | Non-Government Organization |
| ODF | : | Open Defecation Free |
| OVOP | : | One Village One Products |
| PHC | : | Primary Health Care |
| SDIC | : | Support for Development Initiative Consultancy |
| SHP | : | Sub Health Post |
| 3G | : | Third Generation |
| UNFPA | : | United Nations Population Fund |
| VAC | : | Village AIDS Committee |
| V-WASH | : | Village Water Sanitation and Hygiene |

# जिल्लाको संक्षिप्त झलक

## १. जिल्लाको परिचय

विश्वको सर्वोच्च शिखर सगरमाथाको काखमा विराजमान उदयपुर जिल्ला नेपालको पूर्वाञ्चल विकास क्षेत्रको सगरमाथा अञ्चलमा पर्दछ । महाभारत श्रृँखला देखि चुरे पर्वतमालासम्मको भित्री मधेश क्षेत्र समेट्ने यो जिल्ला नेपालको मानचित्रमा २६°३९' देखि २७° १'१०" उत्तरी अक्षांश र ८६° ०' ९" देखि ८७° १'०" पूर्वी देशान्तरमा अवस्थित छ । पुर्वतिर साँघुरिएर पश्चिमतिर फुक्दै गएको यस जिल्लाको क्षेत्रफल २,०६३ वर्ग किलोमिटर रहेको छ । भू-बनोटको आधारमा पहाड, बेशी, टार र तराई समेतको भू-भाग ओगटने यो जिल्ला क्षेत्रफलको हिसावले नेपालको २०औ पूर्वाञ्चल विकास क्षेत्रको चौथो र सगरमाथा अञ्चलको दोश्रो स्थानमा पर्दछ । सगरमाथा अञ्चलको भित्री मधेशमा पर्ने यो जिल्लाको उत्तरमा भोजपुर, खोटाङ्ग, ओखलढुङ्गा, धनकुटा, दक्षिणमा सिरहा र सप्तरी, पूर्वमा सुनसरी जिल्ला र पश्चिममा सिन्धुली र धनुषा गरी ९ जिल्ला पर्दछन् । त्रियुगा नदीको किनारमा चुरे र महाभारत तर्फको विचमा रहेका भित्री मधेशका फाँटहरु मध्ये त्रियुगा नगरपालिका त्रियुगा उपत्यका नामले पनि बोलाइन्छ । यही नगरपालिकामा अवस्थित गाईघाट बोक्से सदरमुकाम रहेको यो जिल्ला समुद्र सतहबाट ३६० मिटर देखि बढीमा २,३१० मिटर उच्चाईसम्म रहेको छ ।

## २. ऐतिहासिक पृष्ठभूमि

यो ठाउँमा पहिले उदय सेन नामका अन्तिम सेनबंशी राजाले बनाएको बस्ती र गढी भएको उदयपुरगढी रहेकोले सोही आधारमा जिल्लाको नाम उदयपुर रहेको मानिन्छ । भित्री मधेशमा पर्ने त्रियुगा नदीस्थित ठूला ठूला उपत्यका तथा समथर फाँटहरु रहेकोले यो जिल्ला सगरमाथा अञ्चलको अन्न भण्डार मानिन्छ ।

## ३. माटोको वनावट र खनिज

उदयपुर नदी तथा खोलैखोलाको जिल्ला भएको हुनाले नदी तथा खोला आसपासको जग्गा पाँगो माटो र अन्य ठाँउहरुमा दोमट, बलौटे दोमट, चिम्ट्याइलो किसिमको माटो पाइन्छ । जिल्लाको सम्पूर्ण भू-भागको १५ प्रतिशत अर्थात ३०९४४ हेक्टर खेतीयोग्य जमिन मध्ये बाह्रै महिना सिंचाई हुने ८१५० हेक्टर, वर्षामा मात्र सिंचित हुने ७००० हेक्टर र सिंचाई नहुने पाखो १५७९४ हेक्टर रहेको छ । यस जिल्लामा चुनढंगा, कुरिनढुंगा, कोइला, अभ्रख रहेको पाईन्छ भने जिल्लाको कम्पुघाटमा म्याग्नेसाइटको खानी छ जसबाट करिब दुई करोड मेट्रिक टन म्यागनेसाइट निकाल्न सकिने अनुमान गरिन्छ । म्याग्नेसाइट रिफ्राक्टरिज र रसायनिक मल बनाउन उपयोग गरिन्छ ।

## ४. भू-क्षेत्र (टोपोग्राफी) :

**क) पहाडी प्रदेश:** महाभारत पहाड श्रृंखला पूर्वतर्फ करिब ९१५ मिटर र पश्चिमतर्फ २,३१० मिटरसम्म पुगेको छ । यस श्रृंखलामा पर्ने सबभन्दा अग्लो भाग चित्रेथाम हो जसको उचाई करिब २,३१० मिटर छ ।

**ख) तराई प्रदेश :** तराई प्रदेशलाई निम्न दुई भागमा विभाजन गर्न सकिन्छ ।

**भित्री मधेश :** समुद्री सतहबाट ३६० मिटर देखि ५५० मिटरसम्मको उचाईमा अवस्थित भित्री मधेशले जिल्लाको करिब ३१ प्रतिशत क्षेत्र ओगटेको छ । यस भागमा रहेका उपत्यका र समथर भूमिमा रहेका बेशीहरु, भित्री मधेशका फाँटहरु नै उब्जाउपूर्ण भू-भाग हुन् ।

**चुरे क्षेत्र :** भित्री मधेश पछि जिल्लाको दक्षिणी सिमानामा पुर्वदेखि पश्चिमसम्म चुरे पहाडको श्रृंखला फैलिएको छ । चुरे क्षेत्रमा बसोबास भएको पाइदैन र यहाँ जंगलले ढाकेको छ । चुरे क्षेत्रमा खहरेहरु धेरै छन् ।

**५. नदीनाला र झरनाहरुः** जिल्लाको बीच भागमा रहेको सबभन्दा ठुलो नदी त्रियुगा नामन्ता लेकको दक्षिण ढालबाट शुरु हुन्छ । जिल्लाको उत्तरमा सुनकोशी, पूर्वमा सप्तकोशी र पश्चिममा कमला नदीहरु छन् भने तावा, बैद्यनाथ र ककरु खोला, कालीखोला, बरुवा, सिसवा, स्वरुङ, राँकुला, घर्ती, छाताङ्ग, रसुवा, बडारे खोलाहरु छन् । जिल्लामा रहेको रौता पोखरी, ताप्ली पोखरी, सुखे पोखरी, जागिदह, चुरे जंगलको पोखरी र झिल्के पोखरी आदि ताल तथा पोखरीहरु छन् । झरनाहरुमा करीव १५६ मिटर अग्लो ओडेरी खोलाको झरना र अन्य झरनाहरुमा ७१ मीटर अग्लो खुवाको झरना, ६० मिटर अग्लो छाताङको झरना, बतासे नजिकैको झरना आदि प्रमुख छन् ।

**६. हावापानी :** चुरे पहाड र भित्रीमधेश क्षेत्रमा उष्ण हावापानी हुनाले यहां गर्मीमा औषत तापमान करिब ३८° से. र हिउँदमा औषत तापमान करिब १६° से. हुन्छ । वर्षामा करिब १,७७८ मि.मी.जति पानी पर्दछ । महाभारत पहाड क्षेत्रमा समशितोष्ण हावापानी पाइन्छ । यस क्षेत्रको तापक्रम गर्मीमा ३२° से.सम्म र हिउँदमा औषत १७° से. रहन्छ भने यहाँ औषत ८५ मि.मि.पानी पर्दछ ।

**७. पर्यटकीय क्षेत्र :** १. त्रिवेणी मेला, २. बराह क्षेत्र मेला, ३. ताप्ली पोखरी, ४. चौदण्डी दरबार, ५. उदयपुरगढी, ६. रौता पोखरी ७. गिद्धगया, ८. राजदह, ९. पातले छाँगो, १०. चित्रेथान र ११. कोशीटप्पु वन्य जन्तु आरक्ष यस जिल्लामा रहेका धार्मिक तथा पर्यटकीय क्षेत्रहरु हुन् ।

**८. प्रमुख व्यापारिक स्थलहरु :** गाईघाट, मुर्कुची, बेलटार, कटारी, जलजले, नेपालटार, घुर्मी, रामपुरठोक्सिला आदि ।

**९. मानव विकास सूचकांक :**

| | उदयपुर | नेपाल |
|---|---|---|
| मानव विकास सूचकाङ्क (HDI) | ०.४७५ | ०.४९० |
| अपेक्षित आयु (Life Expetancy) | ६९.२९ | ६८.८० |
| प्रौढ साक्षरता (Adult Literacy) | ६०.७ | ५९.५७ |
| विद्यालय जाने औषत वर्ष (Average Year of Schooling) | ३.८१ | ३.९० |
| प्रति व्यक्ति आय (Per Capita Income) यूस डलर | ९२० | ११६० |
| मानव गरिवी सूचकाङ्क (HPI) | २९.७ | ३१.१२ |
| ४० वर्ष उमेरसम्म अपेक्षित बाँच्न नसक्ने प्रतिशत (Percentage of People not Expected to Survive to Age 40) | ८.१५ | ७.५२ |
| सुरक्षित पानी प्रयोग नगर्ने प्रतिशत (Percentage without Safe Water) | २२.०७ | १७.०९ |
| पाँच वर्ष मुनिका कुपोषण प्रतिशत (Percentage of Children under age 5 who are Malnourished) | ३०.० | ४०.५० |

## १०. श्रम उत्पादकत्व

- आर्थिक रुपले सक्रिय जनसंख्या १३३५७९ (४२.०६%)
- कूल गार्हस्थ उत्पादन (मूल्य अभिवृद्धि) लाखमा) ११८४१.७
- श्रम उत्पादकत्व (रु. मा) ८८६४८.९
- श्रम उत्पादकत्व (राष्ट्रिय औषतसंग सापेक्षता) ७५.१
- श्रम उत्पादकत्व (काठमाण्डौसंग सापेक्षता) २७.७

## ११. जनसंख्याको विवरण

| विवरण | सन् १९८१ | सन् १९९१ | सन् सन् २००१ | सन् सन् २०११ |
|---|---|---|---|---|
| जम्मा जनसंख्या | १५९,८०५ | २२१,२५६ | २८७,६८९ | ३१७,५३२ |
| पूरुष | ८०,५३० | १०९,७०४ | १४३,७५६ | १४९,७१२ |
| महिला | ७९,२७५ | १११,५५२ | १४३,९३३ | १६७,८२० |
| लैंगिक दर | १०२ | ९८ | १०० | ८९.२१ |
| जम्मा घरधुरी | २७,४५७ | ४,०५० | ५१,६०३ | ६६,५५७ |
| औषत परिवार आकार | ५.८ | ५.५ | ५.५८ | ४.७७ |
| ६ वर्ष र सोभन्दा माथीको साक्षरता दर | १९.३ | ३७.८ | ५३.३१ | ६८.८ |
| जनघनत्व (प्रति वर्ग कि.मी.) | ७७.५ | १०७.३ | १३९ | १५३.९२ |

श्रोत : जिल्ला वस्तुगत विवरण र District and VDC Profile of Nepal 2013

## १२. आर्थिकरूपले सक्रिय जनसंख्या र कामको विवरण

| जम्मा संख्या | आर्थिक क्रियाकलापको विवरण | | | | | | | | काम उल्लेख नभएको |
|---|---|---|---|---|---|---|---|---|---|
| | कृषि/आफ्नै खेतिपाती | ज्याला/तलब | आफ्नै गैर कृषि व्यवसाय | विस्तारित आर्थिक काम | कामको खोजी | घर धन्दा | अध्ययन | काम नगरेको | |
| २४३०५३ | १०४५८८ | ३२१५२ | ३०७४६ | ३८२३१ | १२८६५ | ७६१६१ | ८२२६० | २८९९८ | ४७२ |

## १३. आश्रित जनसंख्याको विवरण

| जनगणना वर्ष | आश्रित बालबालिका (०-१४) | | आश्रित बृद्धबृद्धा (६० वा सोभन्दा माथि) | | जम्मा आश्रित | |
|---|---|---|---|---|---|---|
| | जम्मा | अनुपात | जम्मा | अनुपात | जम्मा | अनुपात |
| २००१ | १२०६८५ | ०.८०४९० | १७०६६ | ०.११३८२ | १३७७५१ | ०.९१८७२ |
| २०११ | ११८३०९ | ०.६७९५२ | २५११५ | ०.१४४२५ | १४३४२४ | ०.८२३७६ |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

## १४. आ.व.०७०/७१ जिल्लाको खाद्य उत्पादनको विवरण

| | |
|---|---|
| जनसंख्या २०६८ को जनगणना अनुसार | ३२१९६२.००० |
| उपलब्ध खाद्यान्न (मे.टन) | ६६०४१.००१ |
| खाद्यान्न उपभोग दर मे.टन प्रति ब्यक्ति प्रति बर्ष | ०.२०३ |

| | |
|---|---|
| जिल्लाको लागि आवश्यकता (मे.ट.) | ६५३५८.२८६ |
| खुद बचत (+) वा न्यून (-) (मे.ट.) | ६८२.७१५ |

## खाद्य उपलब्धता र आवश्यकताको विवरण

| वर्ष | उपलब्ध खाद्यान्न (मे.ट.) | | | | | | जम्मा उपलब्ध खाद्यान्न मे.ट. | आवश्यक खाद्यान्न मे.ट.) | खाद्यान्न बचत/नपुग (+,-) |
|---|---|---|---|---|---|---|---|---|---|
| | धान | गहुँ | मकै | कोदो | जौ | फापर | | | |
| २०११/१२ | २७६०४ | ११७६४ | २३०१६ | ३५८० | १० | १४ | ६५९८८ | ६५४८५ | ५०३ |
| २०१२/१३ | २३८३३ | १२५१० | १३४४४ | ४१२१ | ९ | १५ | ५३९३३ | ६६२६५ | -१२३३२ |

श्रोत : कृषि विकास मन्त्रालय

**१५. सिंचाइको अवस्था** : जिल्लामा खेत, पाखो/बारीमा बाह्रै महिना सिंचाई सुविधा ४३.५४ प्रतिशत जग्गामा छ भने संभावित सिंचाई हुन सक्ने जग्गा मध्ये सिंचाई हुन बाँकी जग्गा ५६.४६ प्रतिशत देखिन्छ ।

| जमिनको किसिम | सिंचित/बाह्रै महिना सिंचित जग्गा (हे.) | | | | कूल सिंचित जग्गा (हे.) | संभावित सिंचाई हुन सक्ने जग्गा मध्ये सिंचाइ हुन बांकी जग्गा (हे.) |
|---|---|---|---|---|---|---|
| | कुलो | पोखरी | बोरींग/पाइप | स्प्रिडकल | | |
| खेत | ४७४७.६५ | ०.०० | ३६५.४७ | ०.०० | ५११३.१२ | ३४३५.०० |
| पाखो र बारी | ८३७.८५ | ०.०० | ५४८.२१ | ४.०० | १३९०.०६ | ५०००.०० |
| जम्मा | ५५८५.५० | ०.०० | ९१३.६८ | ४.०० | ६५०३.१८ | ८४३५.०० |

स्रोतः जि.कृ.बि.का.उदयपुर, २०७१/०७१

## १६. पशु सेवा

**पशु सेवा सम्बन्धी पकेट क्षेत्रहरुको विवरण**

| क्र.सं. | पकेटको किसिम | पकेट संख्या | पकेट क्षेत्र अन्तर्गत पर्ने गा.वि.स.को नाम | तालिम प्राप्त कृषि प्राविधिक |
|---|---|---|---|---|
| १ | गाई | १० | त्रिवेणी, कटारी, त्रियुगा न.पा., जोगिदह, वेल्टार, सुन्दरपुर, हडिया, तपेश्वरी | २१ |
| २ | भैंसी | १० | त्रिवेणी, कटारी, रिस्कु, त्रियुगा नपा., जोगिदह, वेल्टार, सुन्दरपुर, हडिया, तपेश्वरी | २१ |
| ३ | बाखा | ११ | कटारी, लेखगाउँ, डुम्रे, भलायडाँडा, भुट्टार, त्रिनपा. जोगिदह, वेल्टार, हडिया, चौदण्डी, रामपुर | २६ |
| ४ | बंगुर | ७ | कटारी, पंचावती, त्रिनपा., पोखरी, साउने, वेल्टार र वसाहा | १५ |
| ५ | कुखुरा | ७ | कटारी, त्रिनपा., त्रिवेणी, वेल्टार, हडिया, वसाहा, नेपालटार | १६ |
| | **जम्मा** | **४५** | | ९९ |

स्रोत : जिल्ला पशुसेवा कार्यालय, उदयपुर ।

## १७. उद्योग

### जिल्लामा लघु तथा घरेलु उद्योग सम्बन्धी विवरण

| क्र. सं. | उद्योगको प्रकृति | २०६६/६७ | | | २०६७/६८ | | | २०६८/६९ | | | २०६९/७० | | | २०७०/७१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दर्ता | नविक. | खारेज | दर्ता | नविक. | खारेज | दर्ता | नविक. | खारेज | दर्ता | नविक. | खारेज | दर्ता | नविक. | खारेज |
| १ | उत्पादनमूलक | १६ | | | २१ | | | २३ | २८ | | २८ | २ | | ४३ | १८ | १ |
| २ | कृषि/वनजन्य | ७ | | | ७ | | | १२ | ६ | | २७ | ५ | | ३६ | ५ | |
| ३ | खानी उद्योग | ० | | | ० | | | ० | | | ० | | | ० | | |
| ४ | उर्जामूलक | ० | | | ० | | | ० | | | ० | | | ० | | |
| ५ | पर्यटन | १० | | | २ | | | ० | | | ० | | | ० | | |
| ६ | सेवामूलक | ६० | | | ५३ | | | ७८ | १२३ | | ८० | १२८ | १ | ६९ | १०८ | १ |
| ७ | निर्माण उद्योग | ० | | | ० | | | ० | | | ० | | ० | ० | ७३ | ० |
| | **जम्मा** | ९३ | १०२ | | ८३ | १५१ | | ११६ | १५७ | | १३५ | १३५ | १ | १४८ | २०४ | २ |

स्रोत : घरेलु तथा साना उद्योग कार्यालय

## १७. सहकारी संस्थाको विवरण

| कार्यप्रकृति | संस्था संख्या | सदस्य | | शेयर पंजी रु. | निक्षेप (रु.) | लगानी रु. | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | | | ऋण | अन्य |
| बचत तथा ऋण | ८५ | ७७९६ | ५८०१ | २७२६८ | ११०७४३ | ११६४७९ | ० |
| कृषि | ७७ | २७६७ | १८०९ | ६८५१ | २१६२३ | ४३९०८ | ० |
| बहूउद्देश्यीय | ४६ | ५४८३ | ३२२४ | १८४११ | ७२११८ | ९२६२१ | १०० |
| उपभोक्ता | १६ | ३५४ | ५५७ | ७१५ | ९४ | १७१ | ० |
| चिया | ४ | १८ | ८५ | ६८ | ० | ० | ० |
| दूग्ध | ३ | ० | ० | १९ | ० | २५ | ० |
| विद्युत | २ | २१ | ५९ | १२२ | ० | ० | ० |
| तरकारी तथा फलफूल | २ | २२ | ३९ | ३६ | ५६ | ५४ | ० |
| जडिबुटी | २ | ० | ० | ५ | ० | ० | ० |
| संचार | १ | ७ | २१ | २८ | ० | ० | ० |
| अन्य | ९ | २०१ | ५३७ | २४१ | ० | | |

## १८. भौतिक तथा सार्वजनिक पूर्वाधार

### सडक यातायात, विद्युत सेवाको स्थिति :

क) सडकले छोएका गा.वि.स.हरु : ३५

ख) कालोपत्रे सडक : १० कि.मी.

ग) खण्डास्मित सडक : ४३.६६ कि.मी.

घ) कच्ची सडक : ९१.६१ कि.मी.

ङ) विद्युत सेवा पुगेको गा.वि.स. २०, नगरपालिका ३, सेवा नपुगेको गा.वि.स. २४

च) विद्युत ग्राहकसंख्या : २४७०२, यसबाट लाभान्वित जनसंख्या : १२८४५०

श्रोतः केन्द्रीय तथ्याङ्क विभाग

# १९. सामाजिक पूर्वाधार तथा सेवा

## साक्षरताको विवरण

| जनगणना | जम्मा | पढ्न र लेख्न सक्ने | | पढ्न मात्र सक्ने | | लेख्न र पढ्न नसक्ने | | | उल्लेख नभएको |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| सन् २००१ | ७७९०६ | ५११६३ | ६९६० | ७०९५ | ३५२८४ | ६२२५३ | ५८९ | ८५३ | ५८५ |
| सन् २०११ | १०३२२५ | ९३६१८ | ३३६६ | ३९१७ | २७१३३ | ५४७१७ | २२ | ४७ | २० |
| प्रतिशत | ७७.१८ | ६१.४७ | २.५२ | २.५७ | २०.२९ | ३५.९३ | ०.०२ | ०.०३ | |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११

## जिल्लामा शिक्षण संस्था र विद्यार्थी विवरण

| तह | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| वाल विकास केन्द्र | २८२७ | २६३५ | ५४६२ |
| प्रावि | २२०४८ | २२३४० | ४४३८८ |
| निमावि | १३४३६ | १२४५२ | २५८८८ |
| मावि | ५९४२ | ४९५९ | १०९०१ |
| उच्च मावि | १३५१ | ११६५ | २५१६ |
| जम्मा | ४५६०४ | ४३५५१ | ८९१५५ |

**जिल्लाको विद्यालय विवरण** : प्रा.वि. २९५, नि.मा.वि. १३२, मा.वि. ९९, उ.मा.वि. ४६, गरी जम्मा ५७२, बालविकास केन्द्र ४३३ र अन्य २६ । (श्रोत : जिल्ला शिक्षा कार्यालय उदयपुर २०७२)

## अपाङ्गताको विवरण

'क' वर्गको अपाङ्गता प्रकार भएका

| बहुअपाङ्गता | | बौद्धिक अपाङ्गता | | पुर्ण अशक्त | | शारीरिक | | अटिज्म | | मानसिक | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| ६३ | ७४ | ३० | ५७ | ३० | ४७ | ७० | १०३ | १ | ४ | २२ | २९ | २१६ | ३११ |

'ख' वर्गको अपाङ्गता प्रकार भएका

| शारीरिक | | बोलि सम्वन्धि | | बहिरा | | दृष्टिविहिन | | मानसिक | | बहुअपाङ्गता | | बौद्धिक अपाङ्गता | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| १३२ | २१० | १६ | १६ | १२५ | ११६ | ४१ | ५४ | २४ | ३३ | १४ | २१ | २१ | ३० | ३७३ | ५३ |

'ग' वर्गको अपाङ्गता प्रकार भएका

| शारीरिक | | न्यूनदृष्टिविहिन | | बोलि सम्वन्धि | | सुस्त मानसिक | | सुस्त श्रवण | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| १९९ | ३३० | १८ | ३४ | ११ | १९ | ३ | ३ | ६ | १४ | २३७ | ४०० |

'घ' वर्गको अपाङ्गता प्रकार भएका

| शारीरिक | | न्यूनदृष्टिविहिन | | बोलि सम्वन्धि | | सुस्त मानसिक | | सुस्त श्रवण | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३१ | १८० | २१ | ३१ | ११ | १५ | २ | २ | ८ | १४ | १७३ | २४२ |

**खानेपानी कभरेज :** जम्मा घरधुरी ६६५१४, धाराको पानी प्रयोग गर्ने ४३.४४ प्रतिशत, ट्यूबवेल हाते पम्प ३४.४९ प्रतिशत, ईनार कुवा प्रयोग गर्ने १७.३८ प्रतिशत, पाईप प्रणाली १.३२ प्रतिशत, नदी खोला २.२१ प्रतिशत, अन्य ०.८५ प्रतिशत र उल्लेख नभएको ०.३१ प्रतिशत । *श्रोत : केन्द्रीय तथ्याङ्क विभाग*

## २१. वन तथा वातावरण

**jghGo pTkfbgaf6 ePsf] /fh:j cfDbfgL**

| आ.व. | वनजन्य वस्तु (काठ) | जम्मा राजस्व रु. |
|---|---|---|
| २०६७/६८ | काठ | २९,२९५.१५ |
| २०६८/६९ | काठ | १,७५,७६,४५७.४५ |
| २०६९/७० | काठ | ४,५८,२४,४२६.४२ |

# आवधिक जिल्ला विकास योजना

# खण्ड-१ : परिचय

## १.१ भूमिका

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को कार्यान्वयनको प्रारम्भिक चरणमा जिल्लाको समग्र आर्थिक सामाजिक विकासका लागि स्थानीय स्रोत साधनको परिचालन, समुदायको क्षमता विकास र स्थानीय निकायहरुको संस्थागत विकासका लागि प्रशस्त प्रयासहरु भए । यो अवधिमा जिल्ला विकास समिति (जिविस) आफ्नो उपलब्ध स्रोतको अधिकतम उपयोग गर्दै जनसहभागिता मार्फत विकास प्रकृयालाई संस्थागत गर्न योजना तर्जुमा तथा संचालनमा निश्चित पद्धतिको विकास गर्न केहि हदसम्म सफल भएका छन् ।

पहिलो आवधिक जिल्ला विकास योजना (**आजिवियो**) ले खास गरेर समुदाय स्तरमा जिल्लाको समग्र विकास सम्भावना र समुदायको क्षमताबारे बहस चलाई असिमित आकांक्षालाई प्राथमिताकासाथ क्रमिक रुपमा पुरा गर्दै जाने परम्पराको थालनी गरेको थियो । एकात्मक शासन व्यवस्थाको लामो अभ्यास गरिएको हाम्रो देश सङ्घीय गणराज्यको पुनःसंरचनाको दीशामा अघि बढ्ने क्रममा थुप्रै नौला पक्षहरु उजागर भएका छन् । यद्यपी यस अवधिमा स्थानीय निकायको प्रारुप र भावी संरचना बारेको बहस प्रारम्भ मात्र भएको छ । तथापी, स्थानीय निकायहरुलाई प्रारम्भ देखि नै स्थानीय स्तरका जनताहरुको सेवा प्रवाह तथा पहुँचका लागि आधारभूत इकाईहरुको रुपमा विकास गरिंदै आईएको छ । जसलाई, आगामी संविधानले अंझ प्रष्टता र सुदृढ वनाउनेछ । तर, स्थानीय जनताको सेवा सुविधाको प्रत्याभूतिसँग प्रत्यक्ष रुपमा गाँसिएको स्थानीय निकायको भूमिकालाई नयाँ संरचनामा व्यवस्था गर्ने भनि थाती राख्दा सुशासन प्रतिको राष्ट्रिय जिम्मेवारी बारे जनस्तरमा अन्योल सिर्जना गर्दछ । उपर्युक्त यथार्थतालाई मनन गरी स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १९५ को प्रावधान अन्तर्गत जिविसले आफ्नो जिल्लाको आवधिक र वार्षिक योजना तर्जुमा गर्नु पर्ने दायित्वलाई जनताको वृहत्तर हितका लागि र ऐन तथा नियमावलीमा व्यवस्था भएका प्रावधानहरु र आवधिक जिल्ला विकास योजना तर्जुमा निर्देशिकामा व्यवस्था भएका प्रकृयाहरुलाई समेत आधार बनाएर जिल्लाको दोस्रो आवधिक जिल्ला विकास योजना (२०७२/०७३-२०७६/०७७) तर्जुमा गरिएको हो ।

## १.२ उद्देश्य

क) स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ द्वारा जिविसका लागि व्यवस्थित काम, कर्तव्य र अधिकारलाई निर्देशित गर्न जिविसले जिल्लाको आवधिक विकास योजना तर्जुमा गर्नुपर्ने दायित्व पुरा गर्ने,

ख) बदलिंदो राजनैतिक परिवेश र समावेशी विकासको मागलाई नौलो तरिकाले सम्बोधन गर्ने नीतिहरु अवलम्वन गर्ने,

ग) जिल्लाको दीर्घकालीन सोच अनुरुप विकास लक्ष्य प्राप्त गर्न सो अनुरुप योजनाको तर्जुमा गर्ने, र

घ) विकासको उद्देश्य लिएको आवधिक जिल्ला विकास योजना अन्तर्गत आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण व्यवस्थापन र संस्थागत विकास जस्ता विषयगत क्षेत्रहरु र तदनुरुप लक्ष्य, उद्देश्य, प्रतिफल, रणनीति, कार्यक्रमहरु, बजेट निर्धारण तथा सहभागितामूलक योजना र लगानी कार्यक्रम तर्जुमा गर्ने ।

## १.३ कार्य परिधि

माथि उल्लेखित उद्देश्यहरुले आजिवियोको प्रमुख पक्षहरुलाई निम्न कार्य परिधिद्वारा उजागर गरिएको छ :

- जिल्लाको वस्तुस्थिति विवरण तयारी गरी दोस्रो आवधिक जिल्ला विकास योजना (२०७२/०७३-२०७६/०७७)

तर्जुमाका लागि तथ्यांकीय आधार तय गर्ने ।

- दीर्घकालीन सोचका साथै स्रोत सम्भावना र विकासलाई निर्देशित गर्न सक्ने अग्रणी क्षेत्रको पहिचान, र अन्तरनिहित अवसर, समस्या तथा चुनौतीको पहिचान तथा विश्लेषण गर्ने ।
- दीर्घकालीन विकास योजनाको तर्जुमा गर्दा भविष्यको भौतिक स्वरुप, भू-उपयोग, वजार क्षेत्रहरुको बिस्तार र वातावरणीय संवेदनशील क्षेत्रहरु, भौतिक पूर्वाधारहरु समावेश गर्ने ।
- 'तर्कबद्ध खाका विधि' (Logical Framework technique) अपनाई विषयगत लक्ष, उद्देश्य प्रतिफल, सूचकहरु, पुस्ट्याईका आधारहरु, जोखिम पक्षहरु र कार्यक्रमको पहिचान गर्ने ।
- योजना कार्यान्वयन, अनुगमन मूल्यांकनका पक्षहरुको उल्लेख गर्ने ।
- जिल्लाको भौगोलिक, आर्थिक, सामाजिक विकाससँग सम्बन्धित विषयगत मध्यमकालिन योजना, कार्ययोजना र रणनीतिक योजनाहरु (पर्यटन, वातावरणमैत्री स्थानीय शासन, प्राकृतिक प्रकोप व्यवस्थापन, वालमैत्री स्थानीय शासन, अपांगता) लाई आबद्ध गर्दै लैजाने ।
- विगतमा सफलतापूर्वक सम्पन्न गरिएका उत्कृष्ट प्रयोगहरु (Best practices) लाई समावेश गर्ने ।
- आय श्रोतको वास्तविक धरातललाई दृष्टिगोचर गरी लगानी योजना प्रस्ताव गर्ने ।

## १.४ अपनाइएका विधि

क) **पहिलो आजिवियो** समीक्षाका लागि समिति, विषयगत उप-समितिहरुको गठन, राजनैतिक दल, सरकारी गैर सरकारी संघसंस्था, समितिहरु, नागरिक समाज, बुद्धिजिवीहरु, समाजसेवीहरु सहभागी गराई सहभागितात्मक रुपमा गरिएको ।

ख) योजना तर्जुमाको लागि पहिलो आजिवियोको समीक्षाबाट प्राप्त सारहरुको आधारमा नवीन सम्भावना र अवसरहरुको खोज गरी समस्याहरुका साथ परिमार्जित उद्देश्यहरुको निर्माण गरी अघि बढेको ।

ग) तर्कबद्ध प्रणालीमा आधारित विषयगत विकास योजना तथा लगानी कार्यक्रम तर्जुमा ।

**यी विधिको अभ्यास गरिंदा निम्न कदमहरुको अवलम्बन गरिएको थियो :**

- कार्य विवरणमा उल्लेख भएका विभिन्न विषयगत क्षेत्रहरु सम्बन्धी जिल्लाको वर्तमान वस्तुस्थितिहरुको अबलोकन तथा समीक्षा (Situation Analysis) को आधारमा सापेक्षिक मूल समस्या, सवालहरु तथा चुनौती र अवसरहरुको पहिचान ।
- बस्तुस्थिति र समस्याहरुको आधारमा लक्ष्य, उद्देश्य तथा प्रतिफलहरु/कार्य नीतिको प्रतिपादन गरी विभिन्न विषयगत योजनाहरु तथा दीर्घकालीन भौतिक एवं सामाजिक विकास योजनाको तर्जुमा र कार्यक्रमहरुको प्रस्तावना
- प्राविधिक, आर्थिक र संस्थागत पक्षलाई दृष्टिगत गरी योजनाहरु कार्यान्वयनको लागि वित्तीय विश्लेषण र लगानी योजना ।

## १.५ अध्ययन विधि

क) अध्ययनको सिलसिलामा बिभिन्न पुस्तक, लेख, अनुसन्धनात्मक कृतिहरु, जिविसका वार्षिक प्रतिवेदन, वार्षिक कार्यक्रम, आवधिक योजना तर्जुमाको राष्ट्रिय अवधारणा, योजना मापदण्ड, भौतिक विकास योजना प्रतिवेदन आदिको संकलन तथा अध्ययन गरिएको थियो ।

ख) आजिवियोको लागि पहिलो परामर्श कार्यशाला गोष्ठीबाट निर्देशन भएका समिति गठन, पाँचवटा विषयगत उपसमितिहरु (आर्थिक विकास, सामाजिक विकास, भौतिक तथा पूर्वाधार बिकास, वन वातावरण र संस्थागत विकास) गठन गरिएको थियो ।

ग) दीर्घकालीन  सोचको (Long term Vision) बारे जिल्लाको सबै तहमा छलफल भई पहिलो आजिवियोले लिएको सोचले आशातित उपलब्धि हासिल गर्न केहि कठिनाई भएको अवस्थामा र समयको परिवर्तन संगै विकासका नयाँ सिद्धान्त, सम्भावना र समस्याहरुलाई समेत सम्वोधन गर्ने उद्देश्यले नयाँ दीर्घकालीन सोंच (Long term Vision) को तर्जुमा गरी अगाडि बढ्ने सहमती भएको ।

घ) विषयगत तथ्याङ्क संकलन गर्न विशेषज्ञ टोलीले विभिन्न सरकारी, अर्धसरकारी, सामाजिक संस्थाहरु र अन्य निकायहरुका प्रतिनिधिहरुसँग छलफल गरी सामाजिक, आर्थिक, सांस्कृतिक एवं पूर्वाधार सम्वन्धी प्राप्त विविध सूचना/तथ्याङ्कको विश्लेषणका आधारमा जिल्लाको बस्तुगत विवरण (District Profile) परिमार्जन र अद्यावधिक गरिएको ।

ङ) विभिन्न राजनैतिक दल, विषयगत कार्यालय, गैसस, सामुदायिक विकास संस्थाहरु, नागरिक समाज, अगुवा व्यक्तित्व, युवा, महिला, बालवालिका, लक्षित वर्गहरु, समाजसेवीहरु तथा जिल्लाका ३ वटा निर्वाचन क्षेत्रहरुमा समेत अन्तरक्रिया गरी सवै सरोकारवालाहरुको सहभागितामा विकासका अवसरहरु तथा समस्याहरुको पहिचान, प्राथमिकीकरण तथा सुझावहरु संकलन गरिएको ।

च) 'तर्कबद्ध खाका'प्रणालीमा आधारित विषयगत क्षेत्रका विकास योजनाहरु तयार गर्न ५ दिने आजिवियो तर्जुमा कार्यशाला तथा बहुक्षेत्रगत लगानी कार्यक्रम मस्यौदा सम्बन्धित उप-समितिहरु र निर्देशन समितिमा प्रस्तुतिकरण तथा सुझावहरु संकलन गरिएको ।

छ) सहभागितात्मक अन्तिम कार्यशाला गोष्ठीमा आवधिक योजनाको मस्यौदा प्रस्तुतिकरण र सुझाव संकलन  र आवधिक योजनाको अन्तिम मस्यौदा तयारी गरिएको ।

## १.६ तर्जुमा चरण

पहिलो आजिवियोको पूर्णकालीन समीक्षा २०७१ पौष ६ गते कार्यशाला गोष्ठि संचालन गरी गोष्ठिवाट प्राप्त भएका सुझाव तथा अन्तरक्रियाहरुलाई समेटी आजिवियो (२०५९/०६० देखि २०६३/०६४) को अन्तिम समीक्षा तथा मूल्याङ्कन प्रतिवेदन तयार पारिएको थियो । यसरी तयार पारिएको समीक्षा तथा मूल्याङ्कन प्रतिवेदनको मुलभूत कुराहरुलाई २०७१ पौष २० गते संचालित दोस्रो आवधिक जिल्ला विकास योजनाको दीर्घकालीन सोंचको निर्माण सम्वन्धी कार्यशाला गोष्ठिमा प्रस्तुत गरी सोको अन्तिम प्रतिवेदन तयार गरिएको थियो । दोस्रो आजिवियो तर्जुमाका लागि तथ्यांकीय मूल आधार जिल्लाको अद्यावधिक बस्तुगत विवरणलाई नै लिईएको छ ।

## १.७ सीमाहरु

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको निर्देशन र जिल्ला विकास समिति उदयपुरको निर्णयानुसार प्रस्तुत आजिवियो आगामी पांच वर्षका लागि तर्जुमा गरिएको छ । जस अनुसार आ.व.२०७१।०७२ मा योजना तर्जुमा कार्य जारी रहेको हुंदा योजनाको आधार वर्ष आ.व.२०७०/०७१ र लक्षित वर्ष आ व २०७६/०७७ लाई निर्धारण गरिएको छ । तथापी, योजना तर्जुमाका सिलसिलामा आवश्यक पर्ने द्वितीय स्रोतका (Secondry Source) तथ्याङ्कहरु अधिकांश विषयगत निकायहरुसंग हालको अवस्थाका उपलव्ध तथ्याङ्कहरुलाई क्रमागत रुपमा अगाडि वढाई सोको आधारमा आ.व.२०७०/०७१ लाई आधार वर्षको रुपमा तय गरिएको छ । भविष्यमा प्राप्त हुने नयाँ तथ्याङ्कहरुले मध्यावधि तथा अन्तिम मूल्याकंनहरुलाई सहयोग पुर्‍याउनेछ ।

योजना तर्जुमा कार्य सम्पन्न गर्न निर्धारित समयभन्दा केही लम्बिन गएको छ । सो को मुख्य कारण गत २०७२ बैशाखमा गएको विनाशकारी भूकम्प, त्यसपछिका दिनहरुमा मुलुक माथी भएको अघोषित नाकावन्दीका कारण यातायातमा भएको कठिनाई तथा नेपाली जीवन यापनमा आएको असहजता समेत हाम्रो धर्म संस्कृति अनुसार आईपर्ने विभिन्न चाड पर्वहरु पनि यसका कारक तत्वका रुपमा देखा परेका छन् ।

# खण्ड - २:
# प्रथम आवधिक जिल्ला विकास योजनाको समीक्षा तथा मूल्याङ्कन

## २.१ भूमिका

स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ को प्रावधान, जिल्लाको विशिष्टता, संभावना तथा समस्याहरुलाई विश्लेषण गरी दीर्घकालिन सोचको आधारमा जिल्ला विकासको कार्यलाई एकीकृत योजनाको माध्यमबाट अगाडि बढाउन, राष्ट्रिय योजना आयोगद्वारा तयार पारिएको आवधिक जिल्ला विकास योजना तर्जुमा निर्देशिकालाई अनुसरण गर्दै जिल्ला विकासका सरोकारवालाहरुको सक्रिय सहभागितामा आ.व.२०५८/५९ मा उदयपुर जिल्लाको ६ वर्षको प्रथम आवधिक जिल्ला विकास योजना (२०५८/५९-२०६३/६४) तयार पारिएको थियो ।

यो आजिवियो तर्जुमाको समयमा जिल्लाका तत्कालिन संभावना, समस्या, राष्ट्रिय योजना आयोगबाट तयार भएको पंचवर्षिय एवं त्री-वर्षिय योजना, राष्ट्रिय विकासका नीतिहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भ आदिलाई समेत ध्यानमा राखिएको थियो । यसरी तर्जुमा गरिएको आवधिक जिल्ला विकास योजना कार्यान्वयनमा आएको एक दशक भन्दा बढी व्यतित भईसकेको र यस अवधिमा राष्ट्रिय प्राथमिकता, जिल्लाका आवश्यकता, स्थानीय जनताका माग तथा अपेक्षा समेत परिवर्तन भईसकेको र आजिवियोको दस्तावेजमा समेत मध्यावधी मूल्यांकनको प्रावधान रहेको हुँदा आगामी आजिवियो तयार गर्नु पूर्व गत आजिवियोको कार्यान्वयन अवस्थाको समीक्षा गर्नु अनिवार्य भएको कारण सहभागितात्मक रुपमा मिति २०७१ पौष १२ र १३ गते जिल्ला विकास समितिको कार्यालयको बैठक कक्षमा यो समीक्षा गरिएको हो ।

## २.२ समीक्षाका प्रमूख बिषयवस्तुहरु

### २.२.१ दीर्घकालीन सोंच

जिल्लाको आवधिक विकास योजनाको तयारीका लागि २०५८ सालमा भएको कार्यशाला गोष्ठीले उदयपुर जिल्ला विकासको दीर्घकालिन सोच **"दुध, मासु, तरकारी र बन, आर्थिक विकासका लागि सामाजिक परिचालन"**भन्ने तय गरेको थियो । यस समीक्षाको बखत देशको राजनैतिक अवस्थामा आएको सकरात्मक परिवर्तन संगै जिल्लाको सामाजिक, आर्थिक, राजनैतिक र विकास निर्माणका क्षेत्रमा भएका परिवर्तन र भविष्यमा जिल्ला विकासको अवसर र सम्भावनाहरुलाई मध्यनजर राख्दा जिल्लाको दीर्घकालिन सोचमा परिमार्जन गर्नु पर्ने आवश्यकता महशुस गरियो ।

### २.२.२ जिल्ला विकासका निर्देशक सिद्धान्तहरु

आजिवियोमा उल्लेख भएका जिल्लाको विकासमा निर्देशक सिद्धान्तहरुको कार्यान्वयनको अवस्था तथा पालनाको स्तर निम्न अनुसार भएको पाइयो ।

| क्र. सं. | निर्देशक सिद्धान्तका क्षेत्र | पूर्ण रुपमा लागु | आंशिक रुपमा लागु | लागु नभएको | कैफियत |
|---|---|---|---|---|---|
| १ | **सुशासन**<br>विकास कार्यहरु संचालन गर्दा भए गरेका निर्णय प्रति सरकारी अधिकारी र जनप्रतिनिधिहरु पूर्ण रुपमा जिम्मेवार तथा जवाफदेही हुनु पर्ने । | | √ | | |
| २ | विकास कार्यहरुको कार्यान्वयन प्रक्रिया तथा लगानीमा पारदर्शिता अपनाउनु पर्नेछ । | | √ | | |
| ३ | कार्यक्रमहरुको व्यवस्थापनमा सहभागितामूलक पद्धति अवलम्वन गरिनेछ । | | √ | | |
| ४ | धनी गरिव, महिला, पुरुष, जातजातिका आधारमा भेदभाव नगरी | | √ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | विकास कार्यहरु संचालन गरिनेछ | | | | |
| ५ | सबै जनताहरु विशेष गरी अशक्त, अपाङ्ग, बृद्ध, विपन्न, दलितहरुले मानवोचित जीवनयापन गर्नका लागि आधारभूत सेवा सुविधा पाउन भन्ने कुरामा जोड दिईनेछ । | | √ | | |
| ६ | **लैंगिक समानता**<br>➧ विकास प्रक्रियामा महिलाहरुको सहभागिता बढाउनु पर्ने ।<br>➧ विकासका सबै क्षेत्रमा र योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्यांकन गर्दा लैङ्गिक प्रभावलाई ध्यान दिनु पर्ने । | | √<br>√ | | |
| ७ | **साझेदारी तथा सहकार्य**<br>स्थानीय निकाय, विषयगत कार्यालयहरु, गैससहरु र नीजि क्षेत्रविच साझेदारी र सहकार्यद्वारा विकास कार्यहरु संचालन गरिनेछ । | | √ | | |
| ८ | **सामाजिक परिचालन**<br>सामाजिक परिचालनको माध्यमबाट समाजका प्रत्येक समुदायलाई विकासको मूलधारमा समेट्नु पर्नेछ । | | √ | | |
| १२ | **सन्तुलित विकास**<br>➧ जिल्ला भित्रका भौगोलिक रुपले विकट र दुर्गम क्षेत्रको समानुपातिक रुपले विकास गरिनेछ ।<br>➧ आर्थिक, सामाजिक र पूर्वाधार क्षेत्रको सन्तुलित विकासमा जोड दिईनेछ । | | √ | | (न्यून रहेको) |
| १४ | **दिगोपना**<br>प्राकृतिक श्रोत सम्पदा र वातावरणमा नोक्सान/आघात नपुर्‍याई विकास कार्य संचालन गरिनेछ । | | | | न्यून |
| १५ | स्थानीय समुदायको सहभागितामा प्राकृतिक, जैविक विविधताको संरक्षण र सम्वर्द्धन गरी वातावरणीय सन्तुलन कायम गरिनेछ । | | | | न्यून |
| १६ | **संस्थागत विकास**<br>स्थानीय निकाय, सामुदायिक संस्था, सहकारी संस्था, गैसस साथै नीजि क्षेत्रको संस्थागत क्षमता विकासमा जोड दिईनेछ । | | √ | | |

*मिति २०७१ पैष १२ गते जिविस उदयपुरमा भएको समीक्षामा प्राप्त जानकारीको आधारमा उल्लेख भएको ।*

सरोकारवालाहरु संगको छलफल तथा वदलिंदो राजनैतिक परिवेश र आगामी दिनहरुमा जिल्लाको समग्र विकासका लागि साझेदारहरु मार्फत लिइएको जानकारी अनुसार प्रथम आजिवियो (२०५८/५९–२०६३/०६४) ले तय गरेका जिल्ला बिकासका लागि निर्देशक सिद्धान्तहरुमा निम्न विषयहरु थप गर्नु पर्ने देखियो ।

- संवैधानिक प्रावधान र राष्ट्रिय आवधिक योजना अनुरुपका विषयहरु समावेश गर्ने ।
- सहस्राव्दि विकास लक्ष्यका सूचकहरु र सन् २०१५ पश्चात् दिगो विकासका लक्ष्य एवं सूचकहरुलाई समेत ध्यान राख्नु पर्ने ।
- बिगतका जिल्ला परिषद्हरुवाट तय गरिएका सिद्धान्तहरुलाई समेत मध्यनजर गरी आवश्यकता अनुसार थपघट गर्नुपर्ने ।
- स्थानीय संस्था र समुदायको क्षमता विकासलाई ध्यान दिनुपर्ने ।
- बालमैत्री स्थानीय शासन पद्धतिको अवलम्बन गरिनुपर्ने ।
- सुरक्षित, गुणस्तरीय र प्रभावकारी सेवा प्रवाहमा ध्यान दिनुपर्ने ।
- सामाजिक सद्भाव, दिगो शान्ति, वातावरणमैत्री शासन तथा विपद व्यवस्थापनलाई समावेश गर्नुपर्ने ।
- भू-उपयोग प्रणालीमा आधारित व्यवस्थित सहरीकरणलाई जोड दिनुपर्ने ।

- सामाजिक समावेशीकरण, अवसरमा समता, स्थानीय सुशासन र जवाफदेहितामा ध्यान पुऱ्याउनु पर्ने ।
- जिल्लाको विकासमा स्थानीय समुदाय, नीजि क्षेत्र एवं गैर सरकारी संस्था (गैसस) हरुको साझेदारीलाई प्रोत्साहित गर्नु पर्ने ।
- प्रतिफलमा आधारित अनुगमन, तथ्यांकमा आधारित योजना तर्जुमा गर्नु पर्ने ।

### २.२.३ जिल्ला विकासका प्रमुख रणनीतिहरुको समीक्षा

समीक्षाको क्रममा विगत आजिवियोमा उल्लेख गरिएका जिल्ला विकासका प्रमुख रणनीतिहरुको कार्यान्वयनको अवस्था निम्न अनुसार रहेको पाईयो ।

| क्र.सं. | रणनीतिहरु | पूर्ण रुपमा लागु | आंशिक रुपमा लागु | लागु नभएको | कैफियत |
|---|---|---|---|---|---|
| १ | योजना तर्जुमा, कार्यान्वयन तथा अनुमन/मूल्यांकन गर्दा सहभागितात्मक पद्धतिको अवलम्वन गर्ने । | √ | | | |
| २ | स्थानीय निकायहरुले विकास कार्यमा समन्वयकर्ताको भूमिका निर्वाह गर्ने । | √ | | | |
| ३ | सवै विकासका क्षेत्रहरुमा लैगिक सम्वेदनशीलताका पक्षहरुलाई अवलम्बन गर्ने । | | √ | | |
| ४ | पछाडी परेका जाति, जनजाति र वर्गवीचको आर्थिक र सामाजिक असमानता घटाउन लक्षित कार्यक्रमहरु संचालन गर्ने । | | √ | | |
| ५ | विकास कार्यका लागि रकम विनियोजन गर्दा भागवण्डाका आधारमा नभई प्राथमिकताका आधारमा गर्ने । | | √ | | |
| ६ | भौतिक पूर्वाधार सम्बन्धी योजनाहरुको सम्भाव्यता अध्ययन गर्दा योजनाको आकार तथा संवेदनशीलतालाई हेरी वातावरणीय प्रभाव अध्ययन र मुल्यांकन गरी लागु गर्ने । | | | | न्यून |
| ७ | सरकारी, नीजि, सामुदायिक र गैससहरुको साझेदारी र सहकार्यमा विकास कार्यहरु संचालन गर्ने । | | √ | | |
| ८ | आन्तरिक श्रोत र साधनहरुको अधिकतम उपयोग गर्ने । | √ | | | |
| ९ | जिल्लास्तरबाट संभव नहुने ठूला योजनाहरुका लागि केन्द्रियस्तर र दातृसंस्थाहरुको लगानी आकर्षित गर्न प्रयत्न गर्ने । | √ | | | |
| १० | जिल्लाको आर्थिक विकासका संभावित क्षेत्रहरुमा गरिवी निवारणमुखी कार्यक्रम संचालन गर्न विषेश जोड दिने । | | √ | | |
| ११ | जिल्लाको वन सम्पदालाई प्रभावकारी व्यवस्थापन गर्न सामुदायिक वन कार्यक्रमलाई प्राथमिकता दिई समूहले आर्जन गरेको कोष सामाजिक तथा विकासका काममा लगानी गर्न प्रोत्साहित गर्ने । | | √ | | |
| १२ | स्थानीय निकाय, विषयगत कार्यालयहरु, गैसस र सामुदायिक संस्थाहरुले आम्दानी र खर्चको पारदर्शीताको लागि सार्वजनिक लेखापरीक्षण पद्धति अवलम्बन गर्ने । | | √ | | |
| १३ | गा.वि.स., सामुदायिक संस्था/समूह, गैसस मार्फत सामाजिक परिचालन गरी विकासका गतिविधिलाई अगाडि बढाउने । | | √ | | |

*मिति २०७१ पौष १३ गते जिल्ला विकास समितिमा भएको समीक्षा कार्यक्रमबाट प्राप्त जानकारीको आधारमा*

### २.२.४ आजिबियो र बार्षिक योजना बीच अन्तर सम्बन्ध

विभिन्न कार्यालय, संघ संस्थाहरुवाट प्राप्त जानकारी तथा वार्षिक कार्यक्रम, समीक्षा प्रतिवेदन तथा जिल्ला तहमा तर्जुमा गरिएका विभिन्न रणनैतिक योजनाहरुको आधारमा आजिबियो र बिगत बार्षिक योजनाहरुको सम्बन्ध ६० देखि ८५ प्रतिशत बीच रहेको देखिन्छ । तथापि सवै कार्यालयहरुमा फरक फरक खालको प्रवृत्ती रहेको पाईयो । यसको प्रमुख कारण आजिबियोको अन्तिम समयतिर द्वन्द्वको असर कम रहेकोले आजिवियोले तय गरेका कार्यक्रम र क्षेत्र सवैतिरका कार्यक्रमहरु प्राथमिकतामा पर्न गएकोले यसमा सकारात्मक असर देखिएको हो । आजिबियोका सुरुका बर्ष भन्दा अन्तिम बर्षहरुमा बार्षिक कार्यक्रम संग तुलनात्मक रुपले बढी सम्बध रहेको पाईयो ।

विषयगत कार्यालय तथा संघसंस्थाहरुका बार्षिक कार्यक्रम भन्दा जिबिसको आफ्नो बार्षिक कार्यक्रमहरुसंग आजिबियोको सम्बन्ध कम रहेको देखिन्छ । यसो हुनुको मुख्य कारण जिल्ला बिकास समितिवाट सिधै निर्णयका आधारमा कतिपय योजनाहरुको विनियोजन हुने गरेको हो भने अर्को तर्फ पटके निकासाका आधारमा कतिपय योजनाहरु विनियोजन हुने गरेको हुंदा यस्तो प्रवृत्ति देखिएको हो । आगामी बर्षहरुमा आजिबियोसंग बार्षिक कार्यक्रमलाई सतप्रतिसत जोडेर लैजाने प्रयास जरुरी देखिन्छ । जिल्लाका विकास कार्यालयहरु तथा जिल्ला विकास समितिको कार्यालयबाट प्राप्त सूचनाको आधारमा प्रथम आवधिक जिल्ला विकास योजना अवधिमा आजिवियो र जिल्लाको वार्षिक कार्यक्रमहरुका वीच अन्तर सम्बन्ध कायम गर्ने प्रयास गरिएको पाईएको छ ।

### २.२.५ आजिवियो (२०५८।०५९-२०६३।०६४) को कार्यान्वयनमा देखा परेका केहि समस्याहरु

- आजिवियो तयार भए पश्चात् स्थानीय निकायमा जनप्रतिनिधिहरुको पदावधि समाप्त हुनाले आजिवियो पूर्ण रुपमा कार्यान्वयन हुन नसकेको ।
- आजिवियो कार्यान्वयनको लागि अनुगमन गर्ने निकायको अभाव ।
- वार्षिक योजना तर्जुमाको समयमा आजिवियो दस्तावेजलाई प्रयोगमा ल्याउने परिपाटीको विकास हुन नसकेको ।
- दस्तावेजमा उल्लेख गरिए बमोजिम आजिवियो कार्यान्वयनको नियमित रुपमा प्रगती समीक्षा हुन नसकेको ।
- विषयगत कार्यालयहरुले आजिवियो भन्दा विषयगत कार्यक्रमहरुलाई बढी महत्व दिने गरेको ।
- विषयगत कार्यालय लगायत जिल्लामा कार्यरत कर्मचारीहरुको बराबर सरुवा भईरहने कारणले आजिवियो कार्यान्वयनको अभिलेख समेत व्यवस्थित हुन नसकेको पाईयो ।

### २.२.६ आजिबियोसंग सम्वन्धित सुचक एबं बर्तमान अवस्थामा तथ्याङ्कले देखाएको अवस्था

जिल्लाको प्रथम आजिवियो २०५८।०५९-२०६३।०६४ अवधिको लागि तयार गरिएको र तत्काल उपलब्ध तथ्यांक एवं सो को आधारमा निर्मित सूचक योजना अवधि समाप्त भएको पनि करीव ९/१० वर्ष व्यतित भईसकेको कारण योजना दस्तावेजमा उल्लेख गरिएका कुनै पनि तथ्यांक वा सूचक हालको अवस्थामा मेल नखाने र सान्दर्भिक समेत नदेखिने भन्ने समीक्षा कार्यक्रमका सहभागीहरु समेतको राय प्राप्त भएकोले तुलना नभएको ।

### २.२.७ प्रथम आजिबियोको प्रक्षेपित बजेट समीक्षा

हाल जिल्लामा तत्कालिन पदाधिकारीहरु नरहेको र अधिकांश कार्यालय प्रमुखहरुको हेरफेर भईसकेको हुंदा प्रथम आजिवियोको प्रक्षेपित वजेटको विषयगत अवस्थाको जानकारी प्राप्त गर्न नसकिएको ।

### २.२.८ आगामी आजिवियोको लागि समीक्षाबाट प्राप्त सुझावहरु

- आवधिक योजना तर्जुमाको कार्य शुरु गर्नु अगाडि आवश्यक सूचना तथा तथ्यांक संकलन गर्नु पर्ने ।
- आजिवियो तयार पार्दा विस्तृत अनुगमन तथा मूल्यांकन सम्बन्धी योजना तयार पार्नु पर्ने ।

- आजिवियो तयारीको समयमा गठित निर्देशक समितिलाई आजिवियो अवधिभर (५ वर्ष) सम्म कार्यान्वयनको अनुगमन समेतका लागि क्रियाशिल बनाईनु पर्ने ।
- आजिवियोको प्रथम वर्षका लागि विस्तृत योजना तथा कार्यान्वयन तालिका तयार गर्नु पर्ने ।
- आजिवियोको योजना तर्जुमा गोष्ठिमा जिल्ला विकासका सम्पूर्ण सरोकारवालाहरु, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, नागरिक समाज, विषयगत कार्यालयका प्रमुखहरु, गैसस र नीजि क्षेत्रका प्रतिनिधिहरु र जिविसका आवश्यक कर्मचारीहरुलाई अनिवार्य उपस्थित गराईनु पर्ने ।
- आजिवियोको समीक्षा निरन्तर रुपमा गर्ने व्यवस्था मिलाउने । स्थानीय विपद जोखिम व्यवस्थापन योजना (Local Disaster Reduction Master Plan (LDRMP) तयार गरी क्रमशः लागू गर्दै जाने ।
- राष्ट्रिय प्राथमिकतामा परेको वालमैत्री स्थानीय शासन पद्धति (Child Friendly Local Governance-CFLG) लाई जिल्लास्थित सरकारी तथा गैससहरुसँगको सहकार्यमा कार्यक्रमहरु वनाई सञ्चालन गर्ने ।
- सवै विकास निर्माणका कार्यहरुमा विद्युतीय वोलपत्रहरु (E-Bidding) को माध्यमबाट आव्हान गर्ने र यस विषयमा स्थानीय निर्माण व्यवसायीहरुको क्षमता विकास गर्न उनीहरुसँगको सहकार्यमा कार्यक्रम सञ्चालन गर्न जोड दिने ।
- जिविसमा उपलब्ध हुने यातायात पूर्वाधारका स्रोतहरु जिल्ला यातायात गुरु योजना (District Transport Master Plan) को उच्च प्राथमिकतामा परेका सडकहरुमा मात्र लगानी गर्ने ।
- वातावरणमैत्री स्थानीय शासन पद्धतिलाई कार्यान्वयनमा ल्याउन आयोजना छनौट गर्दा वातावरणमैत्री आयोजनाहरुलाई प्राथमिकता दिने ।
- आन्तरिक र वाह्य मागलाई सम्वोधन गर्न र कृषि क्षेत्रमा रोजगारी प्रवर्द्धन गर्न One Village One Products (OVOP) कार्यक्रम छनोट गरी कार्यान्वयन गर्न पहल गर्ने ।

**२.२.९ समीक्षाका उपलव्धीहरु**

क) जिल्लाको दीर्घकालिन सोचको समीक्षा भई परिमार्जन गर्ने सहमती भएको,

ख) जिल्ला विकासका लक्ष्य, उद्देश्यको प्रगती तथा निर्देशक सिद्धान्तहरुको कार्यान्वयन अवस्थाको समीक्षा भएको,

ग) विषयगत लक्ष्य, उद्देश्य र कार्यक्रम प्राप्त भएका केही कार्यालयहरुको कार्यान्वयनको प्रगती स्थिति समीक्षा भएको,

घ) गत आजिवियो कार्यान्वयनको समयावधि समाप्त भएको ६/७ वर्ष व्यतित भईसकेको हुंदा विषयगत कार्यालयहरुबाट आजिवियो कार्यान्वयन र सो को प्रगती स्थिति प्रस्तुत हुन नसकेको,

ङ) जिल्लाको आवश्यकता र राष्ट्रिय प्राथमिकताका क्षेत्रहरुलाई ध्यानमा राखी आगामी आजिवियोमा थप गर्नु पर्ने विषयमा छलफल र निर्णय भएको ।

**२.२.१० बार्षिक कार्यक्रम संचालन गर्दा ध्यान दिनुपर्ने विषयहरु**

१. वस्तीस्तरबाट माग भएका, वडा नागरिकमञ्चबाट सिफारिस भएका, गाउँ परिषदले स्वीकृत गरेका, ईलाका वैठकले प्राथमिकता तोकी सिफारिस गरेका योजनाहरु कार्यान्वयन गर्नु पर्ने ।

२. जिल्लाको पिछडिएका गाविसहरुको आर्थिक र सामाजिक विकासका लागि स्वास्थ्य, शिक्षा, सडक, पूर्वाधार, विद्युतीकरण र प्रकोप व्यवस्थापनका सुविधा प्रवाह गर्न उच्च प्राथमिकता दिंदै साझेदार तथा सरोकारवाला संस्थाहरुसँगको समन्वय र सहकार्यमा कार्य सञ्चालन गर्नु पर्ने ।

३. समुदायको क्षमता अभिवृद्धि गरी ग्रामीण विकासमा टेवा पुऱ्याउन सामुदायिक संस्थाहरु, उपभोक्ता समितिहरु, पिछडिएका महिला, दलित, आदिवासी, मधेसी मुस्लिम समुदायहरुको रुपान्तरणका लागि सामाजिक परिचालन

मार्फत सशक्तिकरणका कार्यक्रम संचालन गर्नु पर्ने ।

४. समाजमा आर्थिक, सामाजिक अवसरहरुबाट वञ्चितीकरणमा परेका समुदायहरुलाई मूलप्रवाहिकरण गर्न लक्षित वर्ग उत्थान कार्यक्रम अन्तरगत सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गर्ने । महिला, बालवालिका, दलित, मधेशी, आदिवासी, जनजाती, अपाङ्ग, द्वन्द्वपीडित, एकल महिला, लोपोन्मुख तथा विपन्न वर्गहरुको लागि सञ्चालित कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गर्न लक्षित वर्गका समन्वय समितिहरुलाई क्रियाशील बनाउने ।

५. वित्तिय जोखिमलाई न्यूनीकरण गरी सुशासनलाई सशक्त बनाउन, सेवाग्राहीहरुलाई छिटो छरितो एवं पारदर्शी रुपले प्रभावकारी सेवा प्रदान गर्ने कार्यमा सहयोग पुऱ्याउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, रेडियो गतिविधि, वुलेटिन प्रकाशन, सहभागितात्मक र नतिजामूलक अनुगमन र मूल्याङ्कन प्रणालीलाई निरन्तरता दिने ।

६. जिल्लामा कार्यरत सम्पूर्ण संघसंस्था तथा विषयगत निकायहरुले आफ्नो वजेटको केही प्रतिशत जलवायु परिवर्तन अनुकूलन सम्बन्धी क्रियाकलापहरुमा खर्च गर्न प्रोत्साहन गर्ने ।

७. जिल्लाका स्थानीय निकायहरु, विषयगत कार्यालयहरु, गैसस तथा अन्य संघसंस्थाहरुबाट सञ्चालन हुने कार्यक्रमहरु प्रभावकारी रुपमा अनुगमन गर्न सशक्त संयन्त्रको विकास गर्ने ।

८. आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा सहयोग पुग्ने गरी कृषि उपजलाई प्रोत्साहन गर्दै कृषि वजारको क्रमशः विकास र विस्तार गर्दै जाने ।

९. सरकारी भवनहरु अपाङ्गमैत्री बनाउने नेपाल सरकारको नीतिलाई जिल्लास्तरमा लागू गर्न अब निर्माण हुने भवनहरुको नक्सा सोही मापदण्ड बमोजिम गर्न लगाउने र हालसम्म निर्माण सम्पन्न भएका भवनहरुमा आवश्यक सुधार गर्ने व्यवस्था मिलाउने ।

१०. सन् २०१७ सम्ममा निरक्षरता उन्मूलन गर्ने नेपाल सरकारको नीति वमोजिम गाविसहरुलाई पूर्ण साक्षर गराउन जिल्ला शिक्षा कार्यालयसंग समन्वय गरी कार्यक्रम संचालन गर्ने ।

११. जिल्ला विकासको दीर्घकालीन सोच अनुरुप जिल्लाको वार्षिक योजना तर्जुमा कार्यमा सहजता ल्याउन सवै गाविसहरुको आवधिक योजना तर्जुमा गर्ने कार्य चालु आ.व. देखि नै अगाडि बढाउने ।

**२.२.११ आजिबियो अबधिमा योजना कार्यक्रम संचालनमा परेका समस्याहरु**

सहभागीहरुसंगको छलफल र अभिलेखका आधारमा बिगत आजिबियोको कार्यक्रम संचालनमा उदयपुर जिल्लामा परेका सामन्यतया निम्न समस्याहरु उल्लेखनीय रहेका छन् ।

- सूचना तथ्यांकको अभाब र उपलब्ध तथ्यांक समेत त्यति भरपर्दो नहुनु ।
- बार्षिक जिल्ला विकास कार्यक्रम तयार गर्दा आजिबियोको प्रयोग अपेक्षाकृत रुपमा कम हुनु ।
- स्थानीय निकायमा निर्वाचित जनप्रतिनीधिहरु नहुनु ।
- दक्ष जनशक्ती, स्रोत र साधनको अपर्याप्तता रहनु ।
- जिल्लामा रुढीबादी परम्पराका कारण जनसहभागितामा कमी आउनु ।
- समन्वय तथा  प्रभावकारी अनुगमनको कमी हुनु ।
- राजनैतिक अस्थिरता हुनु ।
- जिल्लाले प्राथमिकता तोकेर पठाएका केन्द्रिय योजनाहरु राष्ट्रिय स्तरका योजनाहरुको सूचीमा नपर्नु ।
- विनियोजित बजेट समयमा निकासा नहुनु र रकम समेत घटेर आउनु ।
- पटके योजनाको लागि केन्द्रबाट वजेट स्वीकृत गरी असमयमा प्राप्त हुने र जिल्ला विकास योजनाको कार्यान्वयनमा यसबाट प्रभाव पर्नु ।

# खण्ड - ३

# जिल्ला विकासको अवधारणा

## ३.१ भूमिका

योजनाबद्ध विकास प्रक्रियाले मात्र व्यवस्थित, जनकेन्द्रित, दीगो तथा प्रभावकारी रुपमा समग्र सामाजिक तथा आर्थिक विकासका उपलब्धीहरु हासिल गर्न सकिने विश्वासका साथ नेपालमा वि.सं.२०१३ साल देखि योजनावद्ध विकास प्रक्रियाको थालनी भएको हो, जुन हाल १३औं राष्ट्रिय योजनाका रुपमा संचालित भईरहेको छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ र तत्सम्बन्धी नियमावलीहरु जारी गरी कार्यान्वयनमा आए पश्चात् स्थानीय निकायहरु जिविस, गाउँ विकास समिति (गाविस) र नगरपालिकाहरु पनि आफ्नो आवधिक, बार्षिक तथा रणनीतिक योजनाहरु बनाई लागू गर्दै आएका छन् । उदयपुर जिल्लाले प्रथम आजिवियोको तर्जुमा र सोको कार्यान्वयन आ.व.२०५८/०५९ देखि गरेको थियो । तथापी, देशमा चलेको राजनैतिक द्वन्द्व अन्य विविध परिस्थितिका कारण त्यसको प्रभावकारी कार्यान्वयनले मूर्तरुप लिन सकेन, जुन वि.सं. २०५९ पछि स्थानीय निकायहरुमा जनप्रतिनिधि विहीनताले यस कार्यमा थप असहजता पैदा हुन पुग्यो ।

स्थानीय स्वायत्त शासन ऐन, नियममा आजिवियो तर्जुमा गर्ने प्रष्ट व्यवस्था भएको र न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको एक आधार र जिल्लाको लागि विकासको दीर्घकालिन रणनीतिका रुपमा रहेकोले आजिवियो तर्जुमा गर्नु आवश्यक रहेको छ । आगामी दिनमा स्थानीय निर्वाचन भएको अवस्थामा समेत यस्को आवश्यक पुनरावलोकन सहित नयां नेतृत्वलाई तुरुन्त विकास काममा अग्रसरता लिन सजिलो होस् भन्ने अपेक्षाका साथ  सहभागितामूलक रुपमा यो आजिवियो तर्जुमा गरिएको छ । उदयपुर जिल्ला परिषदबाट समेत आजिवियो बनाउने स्वीकृति भएको तथा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट सबै स्थानीय निकायहरुलाई आवधिक योजना बनाई अगाडि बढ्न प्रेरित गरेको सन्दर्भमा आजिवियो तर्जुमा कार्यको थप महत्व झल्किन्छ । नेपालको विकासको सन्दर्भमा सबै बिषयक्षेत्र समेट्दै केन्द्रिय सरकारबाट लिइएका विकासका नवीनतम् अवधारणा (लैङ्गिक समता एवं समाजिक समावेशीकरण, वालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, विपद व्यवस्थापन, अनुसन्धान र विकास समेत) लाई मूर्तरुप दिन पनि यस आजिवियोले योगदान पुऱ्याउनेछ भन्ने विश्वासका साथ आजिवियो तर्जुमा गरिएको हो ।

जिल्लाको व्यवस्थित विकासको यस अभ्यासले एकीकृत विकास प्रयासको प्रबर्द्धन भई विकास प्रतिको जिल्लावासीको बढ्दो जनआकांक्षा, राज्यले लिएका समसामयिक नीतिहरुको प्रभावकारी कार्यान्वयन, स्थानीय निकायको संस्थागत विकास, भौगोलिक समानताको प्रबर्द्धन, विकासका लागि आवश्यक वित्तिय परिचालन हुन सक्नेछ । स्थानीय तह- जिल्ला, नगरपालिका र गाविसहरुमा संचालन हुने सबै प्रकारका विकास कार्यक्रमहरुलाई निर्देशित गर्नका लागि सेवा प्रदायक निकाय, सेवाग्राही, सहयोगी निकाय, पर्यवेक्षण गर्ने निकाय सहित सबै सरोकारवालाको सहभागिता र सहमतिमा चिन्तन, मनन्, मूल्याङ्कन, विश्लेषण, परामर्श गरी तयार भएको दस्तावेज नै दोस्रो आजिवियो हो ।

## ३.२ विगतको प्रयास र उपलब्धीहरु

### आर्थिक विकास

विकाससंग सम्वन्धित विभिन्न विषयगत निकायहरुको प्रतिवेदनका आधारमा उदयपुर जिल्लामा कूल जनसंख्याको ७० प्रतिशत जनसंख्या कृषि पेशामा आधारित रहेको छ । त्यस्तै, विदेशी नोकरीमा ९ प्रतिशत र स्वदेशी नोकरीमा १० प्रतिशत र व्यापार व्यवशायमा ११ प्रतिशत जनसंख्या केन्द्रित रहेको छ । खाद्य कृषि तथा वजार सेवा विभागको २०११/०१२ को प्रतिवेदन अनुसार जिल्लाको कूल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ५१.४६ प्रतिशत मात्र रहेको छ भने वांकि अन्य ४८.३६ प्रतिशत गैर कृषि क्षेत्रको योगदान रहेको छ । जिल्लाको आर्थिक विकासमा महत्वपूर्ण टेवा पुऱ्याउने क्षेत्रहरुमा कृषि, सिंचाई, पशु सेवा, उद्योग, व्यापार-व्यवसाय, पर्यटन तथा बैंक एवम् वित्तीय क्षेत्र रहेका

छन् ।

यस जिल्लामा पनि पशुपालन र पशुजन्य पदार्थको उत्पादन तथा वजार विस्तार क्रमिक रुपमा भएको देखिन्छ । पशुजन्य उत्पादन तर्फ आ.व.२०७०/७१ मा दूध ६१७१.१ मे.ट., मासु १७२५.५ मे.ट., कुखुराको फुल ९२५४ हजार उत्पादन भएको छ । नश्ल सुधार, विभिन्न तहमा तालिम तथा प्रसार सेवा, पशु आहार तथा स्वास्थ्य सेवा, व्यवसायिक फर्म बिस्तार तथा सुधार, पशुजन्य उत्पादन बजारीकरण पशु विकासका लागि जिल्लामा संचालन भैरहेका कार्यक्रमहरु हुन् । घरेलु तथा साना उद्योग विकासका क्षेत्रमा जिल्लामा विभिन्न व्यवसायिक सीप विकास तालिम, उद्योग तथा वाणिज्य प्रशासन सेवा, प्राविधिक परामर्श सेवा जस्ता कार्यक्रमहरु संचालन भैरहेका छन् । यसबाट जिल्लाबासीहरुमा घरेलु तथा साना उद्योग विकासका लागि आवश्यक ज्ञान सीप हस्तान्तरण भैरहेको छ । हालसम्म साना उद्योगहरुले ६४५० जना र घरेलु उद्योगहरुले ४८५ जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरेको छ ।

यस जिल्लामा प्रमुख उत्पादन मध्ये धान, मकै, चामल, चिउरा, फर्निचर, चिरानी काठ आदिको बजार पूर्ण प्रतिस्पर्धाको आधारमा रहेको र आन्तरिक र बाह्य जिल्लामा बिक्री वितरण हुने गरेको देखिन्छ । आम्दानीको हिसावले यहां उत्पादित वस्तुहरुले जिल्लाको कूल आम्दानीमा नगण्य मात्र योगदान पुर्‍याएको पाईन्छ । आयात तर्फ खाद्यान्न, तरकारी, फलफूल, इन्धन तथा निर्माण सामग्रीहरु आयात गर्ने गरिन्छ । यसका अलावा जिल्लामा प्राकृतिक सौन्दर्य, धार्मिक एवं ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण क्षेत्रहरु रहेता पनि आवश्यक पर्यटकीय पूर्वाधारको अभावमा यहांको पर्यटन विकास ज्यादै पछाडि परेको पाईन्छ ।

स्वदेशी तथा विदेशी पाहुनाहरुको वसाँईलाई वढी सुविधाजनक वनाउन नीजि क्षेत्रको सहभागितामा सुविधा सम्पन्न होटल तथा लजहरु सञ्चालनमा ल्याउन जरुरी छ । पर्यटन क्षेत्रसंग सम्वन्धित व्यवसायमा संलग्न ६३१४ व्यक्तिहरुले हाल प्रत्यक्ष वा अप्रत्यक्ष रोजगारी पाएका छन् । पर्यटकहरुबाट जिल्लाले हालसम्म कुनै समस्या भोग्नु परेको देखिदैन । बरु धार्मिक, सास्कृतिक तथा ऐतिहासिक कुराहरुको संरक्षण सम्वर्धन र प्रचार प्रसार गर्न सकेको खण्डमा पर्यटकहरुलाई अझ आकर्षण गर्न सकिने कुरामा ध्यानाकर्षण हुन थालेको देखिन्छ ।

## भौतिक पूर्वाधार विकास

जिल्लाको समग्र विकास कृयाकलापहरु संचालन गर्न यातायात एक महत्वपुर्ण पूर्वाधार हो । सडक यातायात घोरेटो, गोरेटो आदि नै यस जिल्लाको मुख्य यातायातको साधन हो । यस जिल्लाका प्राय: सवै गाविसहरुमा मौसमी सडक यातायातको सुविधा रहेको छ । प्रमुख सडकहरुमा पक्की पूलहरु तथा कल्भर्ट आदिको व्यवस्था गरिएको छ भने घोडेटो तथा गोरेटो वाटोहरुमा झोलुङ्गे पुलको व्यवस्था भएको पाइन्छ । यद्यपी यी सवै साधनहरु प्रयाप्त नरहेको अवस्था विद्यमान छ ।

सडक यातायात तर्फ यस जिल्लामा ओखलढुङ्गा–कटारी–मिर्चैया राजमार्ग, लाहान-गाईघाट, खुर्कोट-घुर्मी-ओखलढुङ्गा राजमार्ग, गाईघाट देखि वेलटार हुँदै इटहरी सम्मको राजमार्गहरुमा प्राय: वर्षैभरी यातयातका साधनहरु नियमित रुपमा सञ्चालन भइरहेका छन् । समाजको हरेक क्षेत्रको विकासको लागि आजको संसारमा संचार सुविधाले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । संचार साधन अन्तरगत हुलाक, टेलिफोन, रेडियो, टेलिभिजन र पत्र-पत्रिका पर्दछन् । हुलाक सुविधातर्फ यस जिल्लामा जिल्ला हुलाक, टेलिफोन सुविधा उपलव्ध रहेका छन । हाल जिल्लाभरिमा डिजिटल, भि.एच.एफ, मार्टस र सि.डट एक्सचेन्ज मार्फत टेलिफोन सुविधा उपलव्ध छ । वितरण गरिएको टेलिफोन लाइन मध्ये नगर तथा ग्रामीण क्षेत्रका सवै वासिन्दालाई सेवा पुर्‍याएको पाइन्छ ।

जिल्लाको सवै क्षेत्रमा रेडियो नेपालको सेवा पुगेको छ । यसरी नै नेपाल टेलिभिजनको सेवा पनि प्राय: जिल्लाको सवै क्षेत्रमा पुगेको अवस्था छ । यसको अलावा सहरी क्षेत्रमा केबुलको माध्यमबाट विभिन्न अन्तर्राष्ट्रिय टिभी स्टेशनहरुको

प्रशारणले पनि संचारको कार्य गरेको पाइन्छ । यसका अलावा जिल्लामा संचालित एफ एम रेडिया सर्भिस संचार कार्यमा सहयोग गरेको पाइन्छ । यस जिल्लाबाट हाल राष्ट्रिय तथा स्थानीय दैनिक पत्रिका, साप्ताहिक पत्रिका, अर्ध साप्ताहिक पत्रिकाले निरन्तर संचार क्षेत्रमा सेवा पुऱ्याइरहेका छन् । यसको अलावा इमेल, इन्टरनेट, फ्याक्सको सुविधा पनि यस जिल्लामा उपलब्ध छ । तर इमेल, इन्टरनेट सेवाको उपयोग सरकारी र नीजी क्षेत्रमा भन्दा खासगरी अन्तर्राष्ट्रिय गैरसरकारी संघ/संस्थाहरुले बढी मात्रामा गरेका छन् ।

## सामाजिक विकास

परिवर्तित समयको विकाससंगै नेपालको शैक्षिक विकास भएको पाइन्छ । सामाजिक परिपाटीको परिवर्तनले शैक्षिक पद्धतिमा पनि प्रशस्त परिवर्तन भइसकेको छ । ऐतिहासिक कालखण्ड देखी उदयपुर जिल्लामा शिक्षाको ज्योति अनौपचारिक तवरले राणाकालिन समयमा सुरुवात भएको थियो । तत्पश्चात्त क्रमिक रुपमा जिल्लाका अन्यत्र स्थानहरुमा सरकारी तथा नीजि क्षेत्रको सहयोगमा विद्यालयहरु संचालन हुदै आएका छन् ।

उदयपुर जिल्लाको सन्दर्भमा हेर्दा जिल्लाका अधिकाशं बजार तथा ग्रामीण घरहरुमा शौचालय नहुनु, फोहोर संकलन गर्ने ठांउ नहुनु तथा व्यक्तिगतरुपमा सरसफाइ सम्बन्धी ज्ञानको कमी हुनु जस्को प्रत्यक्ष शिकार विशेषगरी पाँच वर्षमूनिका बालबालिकाहरु भइरहेका छन् । अझ ठूलो संख्यामा सूत्केरी आमाहरु, वृद्धहरु तथा अशक्तहरु सरसफाईको अभावकै कारणले गर्दा रोगबाट ग्रसित छन् । अधिकांश विद्यालयहरुमा समेत शौचालयको अभावका कारण वातावरणीय सरसफाईमा प्रतिकूल असर परेको देखिन्छ । यद्यपी जिल्लामा केही गाविसहरुलाई खुला दिसामुक्त क्षेत्रको रुपमा घोषणा गरिएको छ । यसवाट सम्वन्धित गाविसका सतप्रतिशत घरधुरीहरुमा पक्कि तथा व्यवस्थित शौचालय निर्माण गरी वातावरणलाई स्वच्छ वनाउने अभियान संचालन गरिएको छ ।

जिल्लाको कूल जनसंख्याको ठुलो हिस्सा ओगटेको महिला वर्ग तथा बालबालिकाहरुको विकासका लागि विशेषगरी तिनीहरुको आर्थिक तथा स्वास्थ्यको स्थितीलाई सुधार गर्दै सक्षम नागरिकको विकास गर्ने सोचलाई प्रमुख प्राथमिकतामा राखी उदयपुर जिल्लाले विभिन्न गतिविधिहरुलाई प्राथमिकताका साथ अगाडि वढाएको छ । यस जिल्लाको विकासको क्रमलाई नियाल्दा अन्य जिल्लाहरु सरह नै यहां पनि महिला र वालवालिकाको अवस्था नाजुक नै देखिन्छ । करिव वरावर संख्यामा रहेका महिला पुरुषको तथ्यांकलाई आधार मानी २०५६ सालमा १ कक्षा देखि ५ कक्षा सम्म अध्ययनरत विद्यार्थीको संख्यालाई हेर्ने हो भने संख्यामा खासै फरक नरहेको महिला पुरुषको शिक्षा आर्जन गर्ने वाल्यवस्थाको अवसरमा ठूलो भिन्नता देखिन्छ । २०५६ सालमा ५ कक्षासम्म अध्ययनरत वालक २५७८५ रहेका देखिन्छन् भने वालिका १७००६ मात्र रहेको देखिन्छ । यस तथ्यांक अनुसार कक्षा ५ सम्म अध्ययन गर्ने वालक वालिका मध्ये करिव ६०% वालक र ४०% वालिका रहेको देखिन्छ । जुन प्रतिशतले पनि महिला र पुरुषमा वाल्यवस्था देखि नै विभेद रहेको पुष्टि गर्दछ ।

जिल्लाका अधिकांश वासिन्दाहरु छोरा, छोरीलाई समान अवसर प्रदान गर्नु पर्ने कुरा महसुस गर्न थालेको पाइन्छ । तर पनि यस्ता जानकार तथा आर्थिक हैसियत भएका अभिभावकहरुले छोराहरुलाई नीजि विद्यालयमा पठाउने र छोरीलाई सरकारी विद्यालयहरुमा पठाउने गरेका थुप्रै उदाहरणहरु अन्य जिल्लामा जस्तै यस जिल्लामा पनि देख्न सकिन्छ । यसो गरिनुमा अझै पनि महिलाहरु प्रतिको मानिसहरुको परंपरागत दृष्टिकोण पूर्णरुपमा हटि नसकेको पाइन्छ ।

## वातावरण संरक्षण र विकास

यस जिल्लाको कूल भू-भाग मध्ये बनको बाहुल्यता रहेको छ । अन्य प्रजातिहरुमा साल, साज, बाँझ, कटुस, लालीगुराँस, काफल, उत्तिस, चिउरी, पैंयु कोइरालो, आदिको बन रहेको छ । दक्षिण पश्चिम भागमा घना सालको

जंगल रहेको छ । त्यस्तै, खयर तथा शिशौको जंगल पनि यस जिल्लामा  प्रशस्त मात्रामा उपलव्वध छ । जिल्लाको पश्चिमी भेगमा नदी खोला वरिपरीको नया माटोमा यी प्रजातिहरु पाइन्छन् । यसका अलावा यस जिल्लामा सामुदायीक बन स्थानीय घरधुरीहरुलाई हस्तान्तरण गरिएको छ ।  यस बाहेक अन्य चट्टान, चरण ग्रस्त क्षेत्र, झाडि बुट्यान तथा नाङ्गा जमिनहरु पर्दछन । यी क्षेत्रहरु पनि कबुलियती बनको रुपमा हस्तान्तरण हुने प्रक्रियामा रहेका छन् ।

विभिन्न किसिमका विपदको दृष्टिकोणले जिल्लाको ठूलो हिस्सा उच्च जोखिममा रहेको छ । यस जिल्लामा बाढी तथा पहिरो र भू-क्षय विपद उत्पन्न गर्ने प्रमुख प्रकोपको रूपमा देखिएको छ । यसका साथै आगलागी, खडेरी, हुरीबतास र महामारी क्रमश रहेको पाइएको छ । यस विश्लेषणका क्रममा भूकम्प प्रकोपको स्तरीकरणमा परेन । तर, नेपाल भूकम्पीय जोखिममा रहेको मुलुक भएकोले सरकारले विपद व्यवस्थापनका कार्यक्रम तय गर्दा भूकम्पीय जोखिम व्यवस्थापनलाई पहिलो प्राथमिकता दिने निर्णय गरेको सन्दर्भमा क्रममा उदयपुर जिल्लामा हुने प्रकोपप्रति जिल्लाको संकटासन्नताको स्थितिलाई जिल्ला विपद व्यवस्थापन योजनाले तीन स्तरमा स्तरीकरण गरेको छ ।

### संस्थागत विकास

१५ देखि २० वटा गैससहरुले सरकारी निकायहरुसंग सहकार्यमा कार्य गरिरहेको, ७ देखि १० संस्थाले परिषदबाट बजेट तथा कार्यक्रम स्वीकृत गर्ने गरेको, महिला, वालवालिका, किशोरी, युवा, एकल महिला, अपांग, दलित, जनजाति आदिका जिल्ला तथा गाविसस्तरीय संरचनाको निर्माण भएको, प्रत्येक गाविसमा सामुदायिक संस्थाहरु गठन भई सीप तथा वचतको कार्य गरी आयआर्जन क्रियाकलाप गरिरहेको, रेमिट्यान्स मार्फत बार्षिक लगभग ३ करोड रेमिटान्स भित्र्याएको, प्रत्येक गाविसमा महिला अधिकार मञ्च, वाल अधिकार मञ्चको गठन, प्रत्येक वस्तीमा सामुदायिक संस्थाहरु गठन, जिल्लामा महिला अधिकार मञ्च, वाल अधिकार मञ्च, किशोरी सञ्जाल, युवा सञ्जाल, दलित नेटवर्क, आदि नेटवर्कहरुको स्थापना, जिल्ला क्षमता विकास योजना निर्माण भएको, प्रायः सबै सरकारी कार्यालयहरुको वेभसाईट निर्माण भएको, लेखा सफ्टवेयर संचालन भएको अवस्था छ ।

### ३.३ जिल्ला विकासका प्रमुख समस्याहरु

दीर्घकालिन सोच अनुसार योजनावद्ध विकास प्रक्रियालाई संस्थागत गर्ने, स्थानीयस्तरमा उपलब्ध सेवामा नागरिकहरुको पहुँच वृद्धि गरी सरल र सहज रुपमा सेवा प्रवाहको सुनिश्चितता गर्ने, स्थानीय भौतिक पूर्वाधार र विकास निर्माणका कार्यहरुलाई गुणस्तरीय रुपमा सम्पन्न गरी दिगोपना राख्ने, स्थानीय सुशासन कायम गरी नागरिक सहभागिताको आधारमा समावेशी स्थानीय शासन पद्धतिको अवलम्वन गर्ने, सामाजिक परिचालन, सामुदायिक सशक्तिकरण र सहभागितामूलक योजना तर्जुमा कार्यान्वयन र अनुगमन गर्ने, बढ्दो जनअपेक्षा सम्वोधन हुने गरी स्थानीयस्तरमा योजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण गरी तर्जुमा र कार्यान्वयन गर्ने, स्थानीय निकायहरुको संस्थागत क्षमता र मानव संशाधन विकासका कार्यलाई समय सापेक्ष ढंगबाट अगाडि बढाउने, स्थानीय स्रोतको प्रभावकारी परिचालन, राजश्व वृद्धि र वित्तीय जोखिम न्यूनीकरण गर्ने, स्थानीय स्तरमा प्राप्त हुने स्रोतलाई योजना तथा कार्यक्रमको प्राथमिकताको आधार तयार गरी सोही अनुसार योजना तथा कार्यक्रम संचालन गर्ने जस्ता कुराहरु उदयपुर जिल्ला विकासमा देखिएका चुनौतीहरु हुन् ।

यसका अलावा, स्थानीय निकायको क्षमता वृद्धिमा केन्द्रिय निकायको प्रर्याप्त ध्यान नजानु, जिल्लामा संचालित सामाजिक विकासका लक्षित कार्यक्रमहरु लक्षित वर्गमा सहजै नपुगी सम्भ्रान्त वर्गका समूहले नै फाइदा लिनु, जिल्लामा आन्तरिक स्रोतको परिचालन पर्याप्त मात्रामा हुन नसकी वाह्य स्रोतमा बढी निर्भर हुनु, जिल्लाको विकास निर्माणमा क्षेत्रगत र स्थानगत असन्तुलन बढ्नु, गाउँ तथा इलाकास्तरबाट माग भई आएका आयोजना तथा कार्यक्रमहरुलाई उचित सम्वोधन गर्न नसकिनु, विभिन्न विषयगत कार्यालय, संघसंस्थाहरुबाट संचालन हुने योजना

तथा कार्यक्रम बीच समन्वय नहुनु जस्ता समस्याहरुले उदयपुरको विकासलाई चुनौती दिइरहेका छ । लैंगिक विभेदिकरण, गुणस्तरहीन शिक्षा, विकास तथा निर्माणमा नीजि क्षेत्रको न्यून लगानी जस्ता समस्या विद्यमान रहेका छन् । जिल्ला विकासका समस्या र चुनौतीहरुलाई देहाय वमोजिम प्रस्तुत गरिएको छ :

- दीर्घकालीन सोचको आधारमा योजनावद्ध रूपमा प्राथमिकता प्राप्त कार्यक्रमहरूको छनौट गरी सोही अनुसार श्रोत साधनको परिचालन गर्ने तर्फ जिल्लाको ध्यान जान नसक्नु,
- समय सापेक्ष रूपमा स्थानीय निकायहरूको संगठनात्मक संरचना र क्षमतामा सुधार हुन नसक्नु,
- एउटै किसिमको कार्यक्रम संचालन गर्ने निकायहरूबीच प्रभावकारी रूपमा सहकार्य हुन नसक्नु,
- अधुरा योजनाहरू सम्पन्न गर्ने र सम्पन्न योजनाहरूको मर्मत संभारमा भन्दा हरेक वर्ष नयाँ नयाँ योजना छनौट गरिने प्रवृत्ति हावी हुनु,
- उपलब्ध श्रोत र साधनलाई जिल्लाको विभिन्न स्थानमा वितरण गर्ने प्रवृत्ति बढन गई ठूला र महत्वपूर्ण योजनाहरू छायाँमा पर्नु,
- कार्यक्रमहरू संचालन गर्दा उपलव्ध संसाधनको अधिकतम उपयोग गर्ने तर्फ ध्यान नजानु,
- भौतक पूर्वाधार विकासमा जोड दिइएको भए पनि योजनावद्ध सोचको अभावका कारण लगानीको उच्चतम उपयोग हुन नसक्नु,
- जिल्लामा उपलव्ध स्थानीय श्रोत, साधन र सीपको उपयोग गर्नु भन्दा बाह्य क्षेत्र र श्रोतमा निर्भर रहनु,
- उपेक्षित, उत्पीडित, जनजाति तथा पिछडिएको वर्गको उत्थानको लागि प्रभावकारी कार्यक्रम संचालन नहुनु,
- वन तथा भू-संरक्षणको व्यवस्थापन प्रभावकारी हुन नसक्दा वन विनास तथा अतिक्रमण वढन जानु,
- औद्योगिक नीतिको अस्पष्टताका कारण स्थानीय कच्चा पदार्थमा आधारित उद्योग व्यवसायमा लगानी हुन नसक्नु र अपेक्षित मात्रामा उद्योग धन्दाहरू फष्टाउन नसक्नु,
- कच्चा पदार्थको अभावले वन पैदावारमा आधारित उद्योगहरु फष्टाउन नसक्नु,
- पर्यटन पूर्वाधार र पर्यटन सूचना केन्द्रको अभावमा जिल्लाका संभाव्य पर्यटकीय क्षेत्रमा पर्यटन उद्योगहरू फष्टाउन नसक्नु,
- जिल्लाभित्र रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्वका स्थानहरूको उचित संरक्षण हुन नसक्नु,
- अज्ञानता र गरिवीको कारण अधिकांश जिल्लावासीले शौचालयको प्रयोग तथा सरसफाइमा चासो नदेखाउनु,
- स्वास्थ्य सुविधाको लागि आवश्यक भौतिक पूर्वाधारतथा स्वास्थ्य विशेषज्ञ (डाक्टर, स्वास्थ्य सहायकहरु) को पदपूर्ति नहुनाले स्तरीय स्वास्थ्यसेवा उपलव्ध हुन नसक्नु,
- वित्तीय संस्थाहरू सहरमुखी हुनाले ग्रामीण क्षेत्रमा कृषि तथा ग्रामीण कर्जा सर्वसुलभ नहुनु,
- धार्मिक, अन्धविश्वास तथा परम्परागत धारणाको कारण शिक्षामा लैंगिक विभेद रहनु,
- जिल्लामा आर्थिक सामाजिक विकास कार्यक्रम संचालन गर्दा जिल्लाका वालवालिका, महिला, अपांग तथा अन्य समाजका कमजोर वर्गको हितलाई ध्यान दिन नसक्नु,

<u>चुनौतीहरु</u>

- भौतिक पूर्वाधार र विकास निर्माणका कार्यहरुमा गुणस्तरीयता र दीगोपना कायम गर्नु,
- सुशासनका लागि नागरिक सहभागिताको आधारमा समावेशी विकास र शासन पद्धतिको अवलम्वन गर्नु ।
- स्थानीयस्तरमा योजना तर्जुमा गर्दा बढ्दो जनअपेक्षा सम्वोधन हुने गरी योजनाहरुको प्राथमिकीकरण, छनौट र कार्यान्वयन गर्नु ।

- स्थानीय निकायहरुको संस्थागत क्षमता र मानव संशाधन विकासलाई समय सापेक्षरुपमा अगाडि बढाउनु,
- स्थानीय स्रोतको प्रभावकारी परिचालन, राजश्व वृद्धि र वित्तीय जोखिम न्यूनीकरण गर्नु,
- उपलब्ध श्रोत साधनलाई योजनाको प्राथमिकताको आधारमा परिचालन गर्नु,
- लक्षित वर्गका लागि संचालित कार्यक्रमहरुबाट लक्षित वर्ग नभई सम्भ्रान्त वर्ग लाभान्वित हुनु,
- जिल्ला विकासका कार्यक्रमहरुमा भौगोलिक र क्षेत्रगत सन्तुलन कायम गर्नु,
- बस्ती, गाउँ र इलाकास्तरबाट माग भई आएका आयोजना र कार्यक्रमहरुलाई उचित तवरले सम्वोधन गर्नु,
- विषयगत निकाय र अन्य संघसंस्थाहरुका कार्यक्रमहरु वीच समन्वय गर्नु ।

## ३.४ जिल्ला विकासका प्रमुख अवसर र सम्भावनाहरू

- यस जिल्लाको पूर्वी क्षेत्र (८७५ हे.) कोशी टप्पु वन्यजन्तु आरक्षमा पर्दछ । राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमै Wetland का लागि प्रसिद्ध यो आरक्ष Ramsar Wetlands Convention क्षेत्रमा समेत अंकित भएको छ । २५६ जातिका चराहरू र दुर्लभ अर्ना पाइने यो आरक्षको क्षेत्रफल १७५ वर्ग कि.मी.मात्र रहेको छ । यो क्षेत्रलाई पर्यटकीय स्थलको रुपमा विकास गरी पर्यटन उद्योगबाट यस क्षेत्रका जनताहरूको जीवनस्तर उठाउन सकिने सम्भावना देखिएको छ ।
- समुद्री सतहदेखि ७८ मि. देखि २३१० मि.सम्मको उचाइमा रहेको यो जिल्ला जैविक विविधताको लागि धनी मानिन्छ । यहांका पूर्व-पश्चिम र उत्तर-दक्षिण जोडिएका राष्ट्रिय तथा सामुदायिक वन/जंगलहरूलाई जैविक विविधता संरक्षणका लागि Corridor को रूपमा स्थापित गर्न सकिन्छ । यो जिल्लाको सामुदायिक र संरक्षित वन मात्र नभई जैविक विविधताको लागि पनि महत्वपूर्ण हुन सक्दछ । जैविक विविधताको संरक्षण द्वारा यस जिल्लाको आन्तरिक तथा बाह्य पर्यटन प्रबर्द्धन गर्न सकिने देखिन्छ ।
- जिल्लाको पूर्वी क्षेत्र कोशी पारी बराह क्षेत्र पर्ने भएकोले सो क्षेत्रमा आउने आन्तरिक पर्यटकलाई यसतर्फ आकर्षण गर्न कोशी चतरा पुल र हाल सुन्दरपुरमा निर्माणाधीन त्रियुगा पुलले मद्दत गर्ने सक्ने देखिन्छ ।
- जिल्लामा वन जंगलको क्षेत्रफल धेरै भएको र यसको वैज्ञानिक ढंगवाट व्यवस्थापन गर्न सकिएमा वन पैदावरको उत्पादन र बिक्री वितरणका साथै वन पैदावरमा आधारित उद्योगको स्थापना र विकास गरी जिल्लाको आर्थिक स्तरमा सुधार ल्याउन सकिने देखिन्छ ।
- जिल्लाको हावापानी र घांसको उपलब्धता पशुपालन व्यवसायको लागि उपयुक्त भएको हुंदा व्यवसायिकरुपमा पशुपालन व्यवसाय गरी दूध तथा मासु निर्यात गर्न सकिने सम्भावना देखिएको छ ।
- यस जिल्लामा तरकारी खेतीको सम्भावना रहेको र यसतर्फ किसानहरु पनि आकर्षित भएको हुँदा तरकारी खेतीको माध्यमवाट किसानहरुको आर्थिक अवस्थामा सुधार ल्याउन सकिने सम्भावना देखिएको छ ।
- जिल्लाको विभिन्न क्षेत्रमा प्रशस्त जडिबुटी पाइने हुंदा जडिबुटी प्रशोधन उद्योग स्थापना गर्न र व्यापारिक उत्पादन गरी यहाँका वासिन्दाहरूको आयस्रोत बृद्धि गर्न सकिने सम्भावना देखिएको छ ।

## ३.५ जिल्ला विकासको दीर्घकालिन सोच

उदयपुर जिल्लाको समग्र विकासलाई निर्देशित गर्न बनाइएको **पहिलो आवधिक जिल्ला विकास योजना**ले लिएको दीर्घकालीन सोच **"दूध, मासु, तरकारी र वन, आर्थिक विकासका लागि सामाजिक परिचालन"** ले जिल्लाबासीहरुको अपेक्षालाई आशातित रुपमा सम्वोधन गर्न कठिनाई भएको र समयको परिवर्तन संगै विकासका नयां सिद्धान्त, संभावना र समस्याहरुलाई समेत सम्वोधन गर्ने उद्देश्यले नयां दीर्घकालीन सोंचको (Long term Vision) तर्जुमा गरिएको छ । सोच साकार पार्न लिईएका निश्चित उद्देश्यहरु हासिल गर्न विगतका वर्षहरुमा भएका कार्यक्रमहरुको कार्यान्वयन प्रयासबाट मिश्रित तथा सिमित सफलता प्राप्त भएको प्रसंग समीक्षामा उल्लेख भइसकेको छ । जिल्लाबासीको समग्र उत्थानका लागि लिईएका लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीतिहरुमा सामयिक परिवर्तन गर्नु पर्ने आवश्यकता औंल्याइ जनताको आकांक्षालाई पुरा गर्दै जाने क्रमलाई निरन्तरता दिनु पर्ने सान्दर्भिक सुझावहरु प्राप्त भएका छन् । जिल्लाको राजनैतिक नेतृत्व, स्थानीय निकायको संचालन, नागरिक समाज र सरोकारवाला सबै पक्षबाट यो कुरा अंगिकार गरेको पाइएको छ। तथापी, दीर्घकालीन सोच तुलनात्मक रुपमा छोटो समयमै

आकारमा बदलिने परिकल्पना गर्न नसकिने भएकोले विगतमा तर्जुमा गरिएको सोचमा केहि परिवर्तन गरी अगाडि बढ्दा निर्माण हुँदै गरेका एवं खडा भएका सकारात्मक संरचना र संस्थागत क्षमताको पूर्ण उपयोग हुने सम्भावनाको बारेमा सबैको मतैक्यता रहेको पाइयो । यसै कुरालाई मनन गरी उदयपुर जिल्लाको पहिलो आवधिक जिल्ला विकास योजनाले लिएको दीर्घकालीन सोचमा समसामयिक परिवर्तन गरी विकासका नयां सिद्धान्त, सम्भावना र समस्याहरुलाई समेत सम्वोधन गर्नका लागि र राष्ट्रिय योजना आयोगबाट तयार गरिएको तेह्रौं योजनाको दीर्घकालीन सोंच *"वि.सं. २०७९ (सन् २०२२) भित्र नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नती गर्ने"* लाई समेत ध्यानमा राखी दोस्रो आवधिक जिल्ला विकास योजनाले निम्न अनुसारको दीर्घकालीन सोचको आधारमा जिल्लाको समग्र विकासलाई निर्देशित गर्ने लक्ष्य लिईएको छ ।

**"व्यवसायिक कृषि, पशु र बन ।**
**सन्तुलित विकास समुन्नत जीवन ॥"**

## ३.६ जिल्ला विकासका लागि निर्देशक सिद्धान्तहरु

नयां नेपालको बदलिदो राजनैतिक, सामाजिक र कानूनी आधार र तेह्रौं (त्री-वर्षिय) योजनालाई समेत ध्यानमा राखी जिल्लाको **दोस्रो आवधिक जिल्ला बिकास योजनामा** निम्न निर्देशक सिद्धान्तहरुलाई अवलम्बन गर्ने निर्णय गरिएको छ । साथै, आवधिक जिल्ला विकास योजना कार्यान्वयन गर्दा सवै सरोकारवाला निकाय/संस्था तथा समूहहरुले यी निर्देशक सिद्धान्तहरुलाई अनिवार्य रुपमा अवलम्वन गर्नुपर्ने छ :

**१. जनकेन्द्रीत तथा प्रतिफलमुखी विकासः** जिल्लाको विकासका लागि भूगोल, स्थानीय आवश्यकता र प्राथमिकताका आधारका साथै जनसंख्याको सापेक्षतामा प्रतिफलमुखी विकास हासिल गर्ने सिद्धान्त हुनेछ । जनकेन्द्रित विकास गर्दा जिल्लावासी र विशेष गरी पछाडि परेका महिला, दलित, वालवालिका, अपाङ्गता भएका व्यक्ति र परिवार, जेष्ठ नागरिक, आदिवासी जनजाति, युवाहरु लक्षित विकास कार्यक्रमहरुलाई प्राथमिकतासाथ अगाडि बढाइनेछ ।

**२. वालमैत्री शासन, लैंगिक तथा सामाजिक समावेशीकरणः** जिल्लाका बालवालिकाको सर्वाङ्गिण विकासका लागि वालमैत्री स्थानीय शासन पद्धति अवलम्बन गरिने छ । साथै अपाङ्गमैत्री स्थानीय शासन अवलम्वन गर्दै महिला तथा दलित वर्गको उत्थानका लागि लैंगिक तथा सामाजिक समावेशीकरण प्रक्रिया स्थापित गरिनेछ ।

**३. अवसरमा समानताः** लक्षित वर्गलाई विकासको प्रमुख भागिदारका रुपमा स्थापित गर्न पछाडि पारिएका लक्षित वर्ग समुदाय (महिला, दलित, वालवालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक)लाई स्थानीय विकास र शासन प्रक्रियामा प्राथमिकता दिने गरी सकारात्मक विभेदको व्यवस्था गरिनेछ ।

**४. दीगोपना, वातावरण सरक्षण र जलवायू परिवर्तनको असर न्यूनीकरणः** जिल्ला विकास योजनामा दिगोपना, वातावरणमैत्री तथा विपद व्यवस्थापनको संवेदनशीलतालाई ध्यानमा राखी सबै योजनाको अभिन्न अंगका रुपमा समावेश गराइनेछ । प्राकृतिक स्रोत साधनको दोहनलाई प्रभाव मूल्यांकनका आधारमा परिचालन गरिनेछ । स्थानीय योजनाहरुलाई जलवायू अनुकूलन बनाउन ध्यान दिइनेछ ।

**५. विपद व्यवस्थापनमैत्री विकासः** जिल्लाको विकास प्रक्रियामा वातावरणमैत्री स्थानीय शासन अवलम्बन गरी दीगोपनमा जोड दिनुका साथै विकास गतिविधिलाई विपद उत्थानशील समाज सिर्जनातर्फ केन्द्रीत गरिनेछ ।

**६. स्थानीयता तथा विश्वव्यापीकरणः** स्थानीय सम्भाव्यता, साधन स्रोतको उपलब्धता अनुसार प्राथमिकतासाथ स्थानीय स्रोत, साधन र सीपको अधितम उपयोग गरिनेछ साथै विश्वव्यापीकरणका लाभहरुलाई स्थानीय विशिष्टता अनुसार अधिकतम उपयोग गरिनेछ ।

**७. संस्थागत विकास तथा सुशासनः** स्थानीय शासनमा जवाफदेहिता, पारदर्शिता, सार्वजनिक सेवा सुविधाको प्रभावकारी वितरणका लागि गाउँ, नगर र जिल्ला विकासका नेतृत्वकर्ता स्थानीय निकायहरु र साझेदार निकाय (बिषयगत निकाय र गैसस) समेतको क्षमता विकास कार्यलाई सँगसँगै अगाडि बढाइ उपयुक्त लगानी गरिनेछ । विकास साझेदारहरु बीचको समन्वय र सहकार्यलाई प्रबर्द्धन गर्दै स्थानीय विकासमा नागरिक समाज र सञ्चार क्षेत्रको साझेदारीलाई प्रोत्साहित गरिनेछ ।

**८. स्थानीय स्रोत परिचालन र व्यवस्थापनः** स्थानीय विकासका लागि आवश्यक मानवीय तथा वित्तीय साधन स्रोतको स्थानीयस्तरमा अधिकतम परिचालन गरिनेछ । विभिन्न बिषयक्षेत्रमा दक्ष, सिपयुक्त जनशक्ति उत्पादन तथा क्षमता विकासका लागि विशेष लगानी गरिनेछ । स्थानीय विकासमा उपभोक्ता समितिको परिचालन र उपभोक्ता समितिलाई निश्चित आचारसंहिताको पालना गर्न प्रेरित गरिनेछ ।

**९. नीजि क्षेत्र प्रबर्द्धनः** स्थानीय विकासमा नीजि क्षेत्रको संलग्नतालाई प्राथमिकतासाथ लिइनेछ । स्थानीय कच्चा पदार्थको अधिकतम उपयोग, स्तरीकरण बजारिकरण, प्रबिधि तथा सीपको हस्तान्तरणका क्षेत्रमा नीजि क्षेत्रलाई काम गर्न उपयुक्त वातावरण तयार गरिनेछ र सार्वजनिक नीजि साझेदारीका आधारमा नीजि क्षेत्रको लगानीको संरक्षणमा ध्यान दिइनेछ ।

**१०. अभियानात्मक विकास र सामाजिक न्यायः** जिल्लाको द्रुततर विकासका लागि नियमित विकास प्रक्रियाभन्दा अभियानात्मक विकास गतिविधिलाई अगाडि बढाइनेछ । यसका लागि प्रमुख प्राथमिकताका आधारमा नमूना स्थानीय निकायको विकास, महिला उपर हुने भेदभाव विरुद्धका अभियान, दलित उपरका सामाजिक भेदभाव विरुद्धको अभियान, वालविकास र उचित शिक्षाको अभियान, वातावरण संरक्षण, कृषि तथा पशुपालन प्रणालीमा व्यवसायिकरण तथा सुधार गरी घरेलु उद्योग तथा रोजगारीका अवसर सिर्जना गर्ने क्षेत्रमा केन्द्रित गरिनेछ ।

**११. समन्वयात्मक विकासः** जिल्ला विकासका साझेदार निकायहरु (सरकारी, गैरसरकारी, नीजिक्षेत्र, निर्वाचनक्षेत्र विकास कार्यक्रम, केन्द्रिय योजना) बीच समन्वय गरी आजिवियोका प्राथमिकताका क्षेत्रमा लगानी गर्ने तथा स्थानीय निकायहरुको नेतृत्वमा एकद्वार विकास पद्धतिलाई थप सुदृढ गर्दै लगिनेछ ।

**१२. आजिवियो तथा बार्षिक योजनाबीच तालमेलः** आजिवियोका प्राथमिकताका क्षेत्र र बिषयहरुलाई सम्वोधन गर्ने गरी जिल्लाको बार्षिक योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियालाई अगाडि बढाइनेछ । योजनाको बार्षिक समीक्षामा आजिवियोले लक्षित गरेका विषयमा के कति उपलब्धी हासिल भए भन्ने बिषयमा अनिवार्यरुपमा समीक्षा गरिने छ । साथै, जिविसले गाविस तथा नगरपालिकाहरुलाई बार्षिकरुपमा बजेट सिलिंग र मार्गदर्शन प्रदान गर्दा आजिवियोको के कुन बिषयक्षेत्रलाई सम्वोधन गर्ने भन्ने समेत खुलाई पठाईनेछ ।

## ३.७ जिल्ला विकासका समष्टिगत लक्ष्य, उद्देश्य, सूचक तथा रणनीतिहरु

### जिल्ला विकासका लक्ष्य

तेह्रौं राष्ट्रिय योजनाको दीर्घकालीन सोंच *“वि.सं. २०७९ (सन् २०२२) भित्र नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नती गर्ने”* लाई समेत ध्यानमा राखेर आवधिक जिल्ला विकास योजनाले तर्जुमा गरेको दीर्घकालीन सोचलाई समेत मध्यनजर गरी जिल्लाको समग्र विकासलाई निर्देशित गर्न देहाय बमोजिमका लक्ष्य निर्धारण गरिएको छ :

**“जिल्लाको सामाजिक, आर्थिक, मानवीय विकासमा अभिबृद्धि भई उदयपुर जिल्लाबासीको जीवनस्तरमा गुणात्मक सुधार भएको हुनेछ” ।**

उक्त लक्ष हासिल गर्न देहायका उपलब्धि, प्रतिफल तथा सुचकहरुले प्रमाणित गर्दछन् ।

| विवरणात्मक संक्षेप | सुचक तथा मापनका आधारहरु | आधारवर्ष ०७०।७१ | आ.व. | | | | | पुष्ट्याईका आधारहरु | मान्यताहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| **उपलब्धि:** जिल्लावासीको समन्यायिक रुपमा सामाजिक तथा आर्थिक विकास हुनुका साथै गरिबी न्यूनीकरण र सम्बृद्धि स्तरमा गुणात्मक सुधार आएको हुनेछ । | **सूचकहरु** | | २०७२/०७३ | २०७३/०७४ | २०७४/०७५ | ०७५/०७६ | २०७६/०७७ | जिल्ला वस्तुगत पार्श्वचित्र स्थानीय निकाय तथा विषगत निकायहरुका प्रतिवेदन | सरकारी प्राथमिकतामा परिवर्तन नभएमा |
| | खाद्य प्रयाप्तता (१२ महिना भन्दा वढी खान पुग्ने परिवार प्रतिशत) | ३२.४४ | ३४.४३ | ४०.५० | ५०.५० | ६०.५० | ७५.०० | | |
| | जिल्लाको कृषि क्षेत्रका (कृषि सेवा तर्फ) कूल गार्हस्थ उत्पादन (रु. अर्वमा) | ५.६६ | ७.५ | ८.० | ८.५ | ९.५ | १० | | |
| | विद्यार्थीको भर्नादरमा वृद्धि (प्रतिशत) | ९४ | ९६ | ९७ | ९८ | ९९ | १०० | | |
| | पूर्ण खोप प्राप्त बालबालिका (प्रतिशत) | ८१ | ९१ | ९२ | ९४ | ९६ | ९९ | | |
| | स्वास्थ्य सेवामा पहुँच (प्रतिशत) | ६८ | ८० | ८४ | ८८ | ९३ | ९७ | | |
| | वन पैदावार र जडीवुटी खेतीका माध्यमवाट रोजगारीमा वृद्धी गर्ने ( संख्या) | १२५ | १३२ | २५० | ३५० | ४५० | ५०० | | |
| | असहाय विपन्न जेष्ठ नागरिकहरुको सामाजिक सुरक्षाको प्रत्याभूति ( प्रतिशत) | ४२ | ४६ | ४८ | ५१ | ५३ | ५६ | | |
| | महिला साक्षरता (प्रतिशत) | ६३ | ६४ | ६५ | ६७ | ६८ | ७० | | |
| | सामाजिक परीक्षण गर्ने स्थानीय तथा विषयगत निकायहरु ( संख्या) | ० | ३ | ५ | १० | १५ | २५ | | |
| **प्रतिफल १:** कृषि तथा पशुजन्य वस्तु र खाद्यान्नमा जिल्ला आत्मनिर्भर हुनुका साथै उद्योग, सहकारी तथा पर्यटन क्षेत्रको विकास भई गरिवी न्यूनिकरणमा टेवा पुगेको हुनेछ । | औषत ज्याला प्रति दिन (रु.) | ३३१ | ३५० | ४५० | ५५० | ७५० | १००० | जिल्ला कृषि विकास कार्यालयको प्रतिवेदन जिल्ला वस्तुगत पार्श्वचित्र | • दातृ निकायको सहयोग निरन्तर भई केन्द्रको वजेट विनियोजन भएमा |
| | प्रति व्यक्ति प्रति बर्ष खाद्यान्न उपलब्धता (के. जी.) | १९२ | २०० | २३६ | २७८ | ३२९ | ३८८ | | |
| | जिल्लाको कृषि क्षेत्रको (कृषि सेवा तर्फ) वृद्धिदर (प्रतिशतमा) | ६ | ८ | ९ | ११ | १३ | १६ | | |
| | जिल्लाको कृषि क्षेत्रका (कृषि सेवा तर्फ) कूल गार्हस्थ उत्पादन (रु. अर्वमा) | ७.२५ | ७.५ | ८.० | ८.५ | ९.५ | १० | | |
| | उद्योगहरु स्थापना (संख्या) | १६५ | १७० | १९७ | २२९ | २६५ | ३०८ | | |
| | उत्पादनमा बिबिधिकरण गर्ने (प्रतिशतमा) | ४ | ७ | १० | १३ | १५ | १७ | | |
| | वित्तिय संस्थाहरुमा जनताको पहुंच (प्रतिशत) | १५ | २२ | २६ | ३० | ३४ | ४० | | |
| **प्रतिफल २:** गुणस्तरिय शिक्षा तथा स्वास्थ्य सेवाको प्रभावकारिता वृद्धि भई जिल्लावासीले प्रभावकारी सामाजिक सेवा प्राप्त गरेका हुनेछन् । | प्राथमिक तहको GER घट्ने (प्रतिशत) | ११२ | ११२ | ११० | १०५ | १०२ | १०० | • जि.शि.का. को प्रतिवेदन<br>• District Profile | सरकारी अनुदानमा वृद्धि तथा स्थानीय निकायहरुका सहयोग प्राप्त भएमा |
| | प्राथमिक तहको NER वढ्ने (प्रतिशत) | ९४ | ९५ | ९६ | ९७ | ९९ | १०० | | |
| | प्राथमिक तहको सिकाइ उपलब्धीमा वृद्धी (प्रतिशत) | ४६ | ४७ | ५० | ५२ | ५५ | ६० | | |
| | विचैमा विद्यालय छोडने दरमा न्यूनता (प्रतिशत) | १५ | १२ | ८ | ५ | २ | ० | | |
| | पूर्ण खोप प्राप्त बालबालिका (प्रतिशत) | ८१ | ९१ | ९२ | ९४ | ९६ | ९९ | | |
| | झाडापखाला रोग लाग्ने दर (प्रतिहजार) | १०७४ | ९१० | ८६५ | ८२१ | ७८० | ७४१ | आजिवियो, अन्तिम मद्यावधि र बार्षिक समीक्षा प्रतिवेदन | • दातृ निकायको सहयोगको निरन्तरता तथा सरकारले प्राथमिकता राखेको हुनेछ । |
| | श्वासप्रश्वास रोग लाग्ने दर (प्रतिहजार) | १२७८ | १५५८ | १४८० | १४०६ | १३३६ | १२६९ | | |
| | चारैपटक पूर्वप्रसुती सेवा लिने गर्भवती महिला (प्रतिशत) | ६८ | ८० | ८४ | ८८ | ९३ | ९७ | | |
| **प्रतिफल ३:** :समुदायको स्वास्थ्य र वातावरणीय अवस्थामा सुधार ल्याउन खानेपानी तथा सरसफाईको संस्थागत बिकास तथा आधारभुत सर्तहरु पुरा गरी वर्षायाममा हुने डुवानीको समस्यावाट मुक्त भएको हुनेछ | सार्वजनिक शौचालय (स्थान) | २ | ४ | ४ | ४ | ५ | ६ | NMIP प्रतिवेदन | श्रोतको निरन्तरता |
| | स्वच्छ पिउने पानीको प्रयोग (प्रतिशत) | ७१ | ८१ | ८४ | ८७ | ९२ | ९४ | | |
| | एक घर एक शौचालय (प्रतिशत) | ३६ | ४० | ६० | १०० | १०० | १०० | | |
| | शहर/ग्रामिण क्षेत्रमा फोहोर व्यवस्थापन (प्रतिशत) | १९ | २२ | २५ | २८ | ३१ | ३५ | | |
| | महिला साक्षरता (प्रतिशत) | ६३ | ६४ | ६५ | ६७ | ६८ | ७० | | |

| विवरणात्मक संक्षेप | सुचक तथा मापनका आधारहरु | आधारवर्ष ०७०।७१ | आ.व. | | | | | पुष्ट्याईका आधारहरु | मान्यताहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| । | | | | | | | | | |
| **प्रतिफल ४:** सशक्तिकरण मार्फत महिला, वालवालिकाका, जेष्ठ नागरिक, असहाय, एकल महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थामा सुधार आएको हुनेछ । | वडा नागरिक मञ्च/विषयगत समितिमा महिला तथा लक्षित समुदायको प्रतिनिधित्व (प्रतिशत) | ३० | ३३ | ३५ | ३६ | ३८ | ४० | | |
| | हरेक क्षेत्रमा महिलाको निर्णायक भूमिकामा सहभागिता (प्रतिशत) | ३० | ३३ | ३५ | ३६ | ३८ | ४० | | |
| | ३ देखि ५ वर्ष उमेर समका बालबालिका प्रारम्भिक बालविकास केन्द्रमा भर्ना (प्रतिशत) | ३६ | ४० | ४२ | ४४ | ४६ | ४९ | | |
| **प्रतिफल ५:** आवश्यक सार्वजनिक पूर्वाधार निर्माण र व्यवस्थापन सम्वन्धी नीतिहरु सरोकारवालाहरुको सहकार्यमा निर्माण गरी प्रभावकारी ढंगमा लागु गर्ने । | एकीकृत वस्ती विकासको अवधारणा अनुसार भौतिक योजना तर्जुमा भई लागू भएका आवास क्षेत्र (हे.) | ० | ० | ५ | ७ | १० | १५ | | |
| | योजनावद्ध वस्ति तथा वसोवास, क्षेत्रको निर्माण (संख्या) | २ | २ | ५ | ६ | ७ | ८ | | |
| | वन क्षेत्रको पहिचान भई वैज्ञानिक वन व्यवस्थापन लागू (हे.) | ० | ० | ५० | १०० | १५० | २०० | | |
| **प्रतिफल ६:** समुदायको संलग्नतामा थप वृद्धि गर्दै दिगो वन व्यवस्थापन तथा जैविक विविधताको संरक्षण तथा कृषि पशुपालन एवं वन पैदावार, जडीवुटी खेती र पर्या-पर्यटनको विकासद्वारा जिल्ला भित्र रोजगारीको वृद्धी गर्ने । | वनजन्य कच्चा पदार्थको प्रशोधनका लागि उद्योग स्थापना (संख्या) | ० | ० | २ | ५ | ८ | १० | जि.व.का.को वार्षिक प्रगति प्रतिवेदन<br>जिल्ला वस्तुगत प्रोफाईल | सरकारी सहयोग निरन्तर रहेमा र समुदायको सरोकार रहेमा<br>• स्थानीय निकायको निर्वाचन भई निर्वाचित प्रतिनिधि वहाल भएका भएमा |
| | वन पैदावार र जडीवुटी खेतीका माध्यमवाट रोजगारीमा वृद्धी गर्ने ( संख्या) | १२५ | १३२ | २५० | ३५० | ४५० | ५०० | | |
| | समुदायस्तरमा कृषि वन प्रणालीको प्रभावकारीतामा वृद्धि (हे.) | ३० | ३२ | ५० | १०० | २०० | ३०० | | |
| | सामाजिक परीक्षण गर्ने स्थानीय तथा विषयगत निकायहरु ( संख्या) | ० | ३ | ५ | १० | १५ | २५ | | |
| **प्रतिफल ७:** स्थानीय स्तरमा प्रवाह हुने सवै संघसंस्थाका सेवाहरुलाई समावेशी, प्रतिफलमूलक र प्रभावकारी वनाउने । | जिल्लामा सुशासनका क्षेत्रमा क्रियाशील नागरिक समाजका संस्था ( संख्या) | ११ | १२ | २० | २५ | ३० | ४० | • संचारमाध्यममा प्रकाशित सामग्रीहरु | |
| | सामुदायिक संस्थामा आवद्ध नभएका परिवार (प्रतिशत) | २४ | २५ | २२ | २८ | १६ | १५ | | |

### ३.८ जिल्ला विकासको उद्देश्य, सुचक तथा प्रमाणित गर्ने आधारहरु

यस योजनाबाट निम्न उल्लेखित उद्देश्य हासिल हुने अपेक्षा गरिएको छ ।

**"उदयपुर जिल्लाको सामाजिक, आर्थिक, मानवीय विकासमा समावेशी, गुणस्तरीय र वातावरणीय रुपमा सन्तुलित भई जिल्लावासीको जीवनयापन गतिशील तथा सुरक्षित भएको हुनेछ ।"**

### ३.९ एकीकृत नतिजा

यस आवधिक जिल्ला विकास योजना (आ.व.२०७२/७३–२०७६/७७) को एकीकृत नतिजा खाका देहाय अनुसार प्रस्तुत गरिएको छ ।

| योजना साराँश | सूचक | | | | पुष्ट्याईंका आधार | पूर्वानुमान |
|---|---|---|---|---|---|---|
| | सूचक | इकाई | आधाररेखा (०७०/७१) | लक्ष्य (०७६/७७) | | |
| **लक्ष्य**<br>जिल्लाको सामाजिक, आर्थिक, मानवीय विकासमा अभिबृद्धि गरी उदयपुर निबासीको जीवनस्तरमा गुणात्मक सुधार गर्ने | मानव विकास सूचकाङ्क | अंकमान | ०.४७५ | ०.५२० | • आजिवियोको अन्तिम मूल्याङ्कन<br>• मानव विकास प्रतिवेदन<br>• विषयगत गुरुयोजना र समीक्षा प्रतिवेदन | ▪ सरकार, विकास साझेदार, गैसस र निजी क्षेत्रको लगानी वृद्धि हुनेछ<br>▪ नीति, नियम तथा कार्यक्रममा समयानुकूल परिवर्तन हुनेछ । |
| | मानव गरिवी सूचकांक (HPI) | प्रतिशत | २९.७ | १५.० | | |
| | औषत आयु | उमेर | ६६.६ | ६९ | | |
| | साक्षरता दर | प्रतिशत | ६८.८ | ८०.० | | |
| **उद्देश्य**<br>सामाजिक, आर्थिक, मानवीय विकासमा समावेशी, गुणस्तरीय र वातावरण सन्तुलन गरी जिल्लावासीको जीवनयापन गतिशील तथा सुरक्षित गर्ने । | प्रतिव्यक्ति आय | अमेरिकी डलर | ९२० | १०५० | • आजिवियोको अन्तिम मूल्याङ्कन<br>• मानव विकास प्रतिवेदन<br>• विषयगत गुरुयोजना र वार्षिक समीक्षा प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन | • सरकार, विकास साझेदार, गैसस र निजी क्षेत्रको लगानीमा वृद्धि हुनेछ ।<br>• नीति, नियम तथा कार्यक्रम समयानुकूल परिवर्तन हुनेछ ।<br>• राजनीतिक स्थिरता कायम हुनेछ ।<br>• जिल्ला विकासको प्रयास प्रभावकारी हुनेछ । |
| | कूल बार्षिक खाद्यान्न उत्पादन | मे.टन | ११०७९४ | ११६४४६ | | |
| | गैर कृषि क्षेत्रमा संलग्न जनसंख्या (१० वर्ष भन्दा माथिको) | प्रतिशत | ३०.९९४ | ३५.०० | | |
| | विद्युतमा पहुँच पुगेका परिवार | प्रतिशत | ४० | ४७ | | |
| | औसत प्रौढ (१५+) साक्षरता दर | प्रतिशत | ४९.३० | ६० | | |
| | कुपोषणबाट ग्रस्त ५ वर्ष मुनिका वालवालिका | प्रतिशत | ३० | २५ | | |
| | १ घण्टाको दुरीमा स्वास्थ्य चौकीसम्म पहुँच | प्रतिशत | ६० | ७० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | भएका परिवार | | | | | |
| | १९ वर्ष भन्दा कम उमेरमा विवाह हुने जनसंख्या | प्रतिशत | २२ | ५ | | |
| **उपलव्धिहरु** | | | | | | |
| १. कृषि, पशुको व्यवसायीकरणले रोजगार सृजना भई जिल्लाबासीको आयमा वृद्धि हुनेछ । | कृषि तथा रोजगारीबाट १२ महिना खान पुग्ने परिवार | प्रतिशत | ७६ | ९० | • आजिवियोको अन्तिम मूल्याङ्कन<br>• अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन<br>• वार्षिक प्रतिवेदन | • आथिक क्षेत्रमा लगानी वढ्नेछ ।<br>• नीति, नियम तथा कार्यक्रम समयानुकूल परिवर्तन हुनेछ । |
| | वार्षिक पारिवारिक आम्दानी | रु. | | | | |
| २. सामाजिक सेवा तथा सुविधाको सहज उपलव्धता र गुणस्तरयुक्त उपयोग सुनिश्चित भएको हुनेछ । | एसएलसी उत्तिर्ण दर | प्रतिशत | ४५.० | ८०.० | • आजिवियोको अन्तिम मूल्याङ्कन<br>• अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन<br>• वार्षिक प्रतिवेदन | • सामाजिक क्षेत्रमा लगानी वढ्नेछ ।<br>• नीति, नियम तथा कार्यक्रम समयानुकूल परिवर्तन हुनेछ । |
| | सुत्केरी दर | प्रतिशत | ४५.० | ७०.० | | |
| | सुरक्षित खानेपानी प्रयोग | प्रतिशत | ८1.० | १००.० | | |
| | बालमैत्री गाविस | वटा | ० | २५ | | |
| | लैंगिक हिंसामुक्त गाविस | वटा | ० | ५ | | |
| ३. वन, वातावरण, जलाधार क्षेत्रको समुचित व्यवस्थापन भई जिल्लाबासीको आयमा वृद्धि हुनेछ । | वन क्षेत्रफल | हेक्टर. | १६३००० | १६३५०० | • आजिवियोको अन्तिम मूल्याङ्कन<br>• अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन<br>• वार्षिक प्रतिवेदन | • सामाजिक क्षेत्रमा लगानी वढ्नेछ ।<br>• नीति, नियम तथा कार्यक्रम समयानुकूल परिवर्तन हुनेछ । |
| | वनबाट प्राप्त राजश्व | हजारमा | ४६००० | ५०००० | | |
| | जलाधार संरक्षण | स्थान/हेक्टर | २९/९० | १००/२०० | | |
| ४. भौतिक विकासको विस्तार, पहुँच, सुरक्षित र दिगो भएको हुनेछ । | गाविस केन्द्र सम्म मोटरबाटो | वटा | ३५ | ४४ | • आजिवियोको अन्तिम मूल्याङ्कन<br>• अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन<br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन<br>• वार्षिक प्रतिवेदन | • भौतिक विकासमा सरकार, विकास साझेदार संस्थाको योगदान बढ्नेछ ।<br>• नीति, नियम तथा कार्यक्रममा समयानुकूल परिवर्तन हुनेछ । |
| | बजार केन्द्र र पर्यटकीय क्षेत्र सम्म वर्षैभरी मोटर बाटो | स्थान | ३ | १० | | |
| | सिंचित क्षेत्र | हेक्टर | १७६३.०८ | ४८३५.०८ | | |
| | इन्टरनेट सुविधा लिने जनसंख्या | प्रतिशत | २०.० | ८०.० | | |

| | | | |
|---|---|---|---|
| ५. सेवा प्रदायक र सेवाग्राहीको क्षमता अभिवृद्धि भई जवाफदेही, जिम्मेवार र कर्तव्यवान हुनेछन् । | • सबै सरकारी कार्यालयहरुमा नागरिक वडापत्रको प्रयोग भएको हुनेछ । <br>• स्थानीय निकायहरुको कार्य सम्पादन (MCPM) न्यूनतम ८० प्रतिशत पुगेको हुनेछ । <br>• जिल्लाको क्षमता विकास योजना अद्यावधिक भई कार्यान्वयन भएको हुनेछ । <br>• स्थानीय निकायको आन्तरिक आम्दानी वार्षिक न्यूनतम १० प्रतिशतका दरले वृद्धि भएको हुनेछ । | • आजिवियोको अन्तिम मूल्याङ्कन <br>• अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन <br>• अध्ययन तथा सर्वेक्षण प्रतिवेदन <br>• वार्षिक प्रतिवेदन | • सेवा प्रदायक र सेवाग्राहीको सोच र क्षमतामा सकारात्मक परिवर्तन भएको हुनेछ । |

## ३.१० जिल्ला विकासका पूर्वानुमानहरु

जिल्ला विकास योजनाको सफल कार्यान्वयनका पूर्वानुमानहरु देहाय वमोजिम उल्लेख गरिएका छन् ।

- मुलुकमा दिगो शान्ति कायम भई सबै सरोकारवालाहरु विकास निर्माणमा एकजुट भएका हुनेछन् ।
- योजनाले अपेक्षा गरे अनुसार नेपाल सरकार तथा दातृनिकायहरुबाट सहयोग प्राप्त हुनेछ ।
- पिछडिएको क्षेत्र, वर्गका लागि विशेष कार्यक्रमहरु सञ्चालन भएका हुनेछन् ।
- स्थानीय तहको निर्वाचन सम्पन्न भई निर्वाचित प्रतिनिधिहरुले जिल्ला विकासको नेतृत्व लिएका हुनेछन् ।

## ३.११ जिल्ला विकासको रणनीतिहरु

- केन्द्रीय प्राथमिकता र क्षेत्रगत कार्यक्रमहरुसँग स्थानीय कार्यक्रमको तादात्म्यता हुने गरी योजना तर्जुमा कार्यलाई निरन्तरता दिने ।
- जिल्लाका विकास सम्बन्धी नीति तथा योजना तर्जुमा कार्यान्वयन, अनुगमन तथा मूल्यांकनमा स्थानीयस्तरको सहभागिता अभिबृद्धि गर्ने ।
- जिल्लामा गुणस्तरीय भौतिक पूर्वाधारहरुको विकास तथा व्यवस्थापनमा जोड दिने ।
- सामाजिक सेवाका क्षेत्रहरु (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ) मा सबैको पहुँच सुनिश्चित गरी गुणस्तरीयतमा जोड दिने ।
- स्थानीयस्तरबाट प्रवाह गरिने सार्वजनिक तथा अन्य क्षेत्रका सेवाहरुमा सुशासन अभिवृद्धि गर्ने ।
- जिल्ला विकासको लक्ष्य र उद्देश्य प्राप्तीका लागि सरकारी, नीजि, सहकारी तथा गैससहरुको समन्वय र सहभागितामा स्थानीय विकासको एकिकृत योजना र कार्यक्रमहरु संचालन गर्ने ।
- जलवायु परिवर्तन अनुकुलनका कार्यक्रम एवं विपद् जोखिम न्यूनीकरणका उपायहरुको अबलम्वन गर्दै वातावरणको संरक्षण र दिगो विकास गर्ने ।
- परम्परागत एवं निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक, आधुनिकीकरण र विविधिकरण गरी दिगो कृषि विकासमा जोड दिई कृषि, पशुपंक्षी पालन, वन तथा वनजन्य वस्तुको उत्पादन एवं उत्पादकत्व बढाउने ।
- लैङ्गिक समानता, सामाजिक समावेशीकरण र सामाजिक परिचालन मार्फत लक्षित वर्ग, क्षेत्र र समूहको आर्थिक क्षमताको अभिवृद्धि र सामाजिक सशक्तिकरण गर्ने ।
- जिल्लाका भौतिक पूर्वाधार सम्वन्धी योजनाहरुको प्राथमिकता र संभाव्यताको आधारमा मात्र विकासका आयोजना तथा कार्यक्रमहरु संचालन गर्ने ।
- स्थानीय करको दायरा बृद्धि र करका थप क्षेत्रको पहिचान गरी कर संकलन र व्यवस्थापन प्रक्रियालाई सूचना र प्रविधिमैत्री बनाई आन्तरिक स्रोत बढाउने ।

- स्थानीय स्रोत, साधन र क्षमताले मात्र संचालन गर्न नसकिने प्राथमिकता प्राप्त आयोजनाहरु केन्द्रीय र बैदेशिक सहायता प्राप्त गरी संचालन गर्ने ।
- जिल्लाको आर्थिक तथा सामाजिक विकासका लागि कार्यक्रम संचालन गर्दा गरिवी न्यूनिकरण, रोजगारीमूलक, खाद्य सुरक्षा र लक्षित वर्ग उन्मुख क्रियाकलापहरुमा विशेष जोड दिने ।
- स्थानीयस्तरको सेवा प्रवाहमा प्रभावकारिता ल्याउन स्थानीय निकायहरुको संस्थागत क्षमता र दक्ष जनशक्तिको विकास गर्ने ।
- जिल्लाका संभाव्य पर्यटकीय स्थलहरुको पहिचान र अध्ययन गरी एकिकृत र समन्वयात्मक रुपमा पर्यटन पूर्वाधारको विकास गर्ने ।
- स्थानीस्तरका योजना तर्जुमा गर्दा वातावरणमैत्री, रोजगारमूलक र स्थानीय सिप प्रयोग हुने कार्यक्रमहरुको छनौट र कार्यान्वयनको सुनिश्चितता गर्ने ।
- जिल्लामा संचालित योजनाहरुको कार्यान्वयनमा गुणस्तरीयता कायम राख्न प्रभावकारी अनुगमन तथा मूल्यांकनको संस्थागत व्यवस्थालाई अक्षरस लागू गर्ने ।

## ३.१२ जिल्ला विकासका प्राथमिकता र साझेदारीका क्षेत्रहरु

उपलब्ध आर्थिक, भौतिक, मानवीय तथा प्राकृतिक श्रोत साधन, जिल्लाको भू-भौतिक अवस्था, राजनैतिक तथा सामाजिक अवस्था आदिको विश्लेषण गरी विकासका प्राथमिकताहरु निर्धारण गरिएकोछ । यस अनुसार आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, वातावरणीय विकासका विभिन्न पक्षहरुलाई प्राथमिकताको आधारमा राखिएको छ । प्राथमिकताको क्षेत्र अन्तर्गत परेका यी विभिन्न विकास योजनाहरु स्थानीय निकायहरुको आन्तरिक श्रोत, नेपाल सरकारबाट प्राप्त हुने विकास अनुदान, दातृ निकायहरु र नीजि क्षेत्रको सहयोग परिचालनबाट संचालन गर्ने रणनीति लिइएको छ । सञ्चार विकास तथा विस्तार, शैक्षिक विकास, पर्यटन विकासका विभिन्न क्षेत्रहरुको विकासमा दातृनिकाय र स्थानीय निकाय, स्थानीय निकाय र निजी क्षेत्रको साझेदारीको खाँचो योजनाले औंल्याएको छ ।

जिल्ला विकास योजनाको लक्ष्य तथा उद्देश्य आर्थिक तथा सामाजिक विकासको माध्यमबाट जिल्लाबासीहरुको जीवनस्तरमा सुधार ल्याउनु हो । यस उद्देश्य प्राप्तीको लागि पूर्वाधारहरुको विकास अनिवार्य शर्त हो भने आर्थिक विकासको मेरुदण्ड कृषि, पशुपालन र घरेलु उद्योगहरुको विकास हो । सामाजिक विकास योजनाको सफलताको आधार हो । वातावरणीय सन्तुलन तथा जैविक विविधताको संरक्षण विकास योजनामा ख्याल राख्नु पर्ने अर्को महत्वपूंर्ण पक्ष हो । विषयगत विकास प्राथमिकता निर्धारणमा यी क्षेत्रहरुलाई ध्यान दिइएको छ ।

- पूर्वाधार विकासका लागि सडक, विद्युत, सिंचाई, खानेपानी जस्ता पूर्वाधारको विकास तथा विस्तार,
- कृषि, पशु क्षेत्रको विकास र रोजगारीको प्रवर्द्धन
- भौतिक पूर्वाधारहरुको विकास (जस्तैः सडक, सिंचाई, विद्युत)
- सामाजिक विकास (शिक्षा, स्वास्थ्य तथा पोषण खानेपानी तथा सरसफाइ)
- वन तथा भू-संरक्षण, प्राकृतिक श्रोत वातावरण संरक्षण
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन
- सुशासन प्रवर्द्धन र सेवा प्रवाहमा प्रभावकारीता
- लक्षित वर्ग, महिला सशक्तिकरण र लैंगिक समानता
- पर्यटन पूर्वाधारको विकास र लघु उद्यमको प्रवर्द्धन
- साना जलविद्युत तथा वैकल्पिक उर्जा,
- वालमैत्री स्थानीय शासन पद्धतिको अवलम्वन,

- प्रविधि मैत्री सूचना तथा संचार प्रणालीको प्रर्वद्धन,
- युवा तथा खेलकुद विकास ।

नोट : *जिल्लामा उपलब्ध श्रोत साधनको आधारमा उल्लेखित प्राथमिकता वमोजिम योजना तथा कार्यक्रमहरुको तर्जुमा तथा कार्यान्वियनले आवधिक योजनाको उद्देश्य हांसिल गर्न सहयोग गर्नेछ ।*

# खण्ड - ४
# विषयगत क्षेत्रका योजनाका सूचक तथा कार्यनीतिहरु

## जिल्ला विकासको विषयगत उद्देश्य, सुचक तथा प्रमाणित गर्ने आधारहरु

जिल्ला विकासका विषयगत क्षेत्रहरुलाई आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन वातावरण र संस्थागत विकास पाँच वृहत क्षेत्रमा वर्गिकरण गरी त्यस अन्तर्गतका विषय क्षेत्रहरुको विषयगत उद्देश्य, सूचक, प्रमाणित गर्ने आधारहरु, विषयगत कार्यक्रम र वजेट व्यवस्था समेत गरिएको छ ।

## ४.१ आर्थिक विकास

कृषि उत्पादन तथा उत्पाकत्व बढाउनका लागि विभिन्न बालीहरुको पकेट क्षेत्रको विस्तार, सिंचाई सुविधा विस्तार, कृषि सामाग्री (विउ, मल उपकरण) तथा उपजहरुको खरिद विक्रीको लागि बजारको व्यवस्था, दक्ष प्राविधिक जनशक्ति विकास गरी ग्रामिण क्षेत्रमा परिचालन, वैंक ऋण तथा सहुलियत व्याजदरको ऋणमा कृषकहरुको पहुँच अभिवृद्धि, प्रभावकारी अनुगमन तथा मूल्यांकन र सूचना सम्प्रेषण जस्ता कार्यक्रमहरु कृषि विकासमा समावेश गरिएको छ । यी कार्यक्रमहरुको सफल कार्यान्वयन संगै जिल्लामा कृषिजन्य वस्तु तथा खाद्यान्नमा आत्मनिर्भर बढ्न जाने आशा गरिएको छ ।

## ४.१.१ कृषि विकास

उष्ण र समशितोष्ण हावापानी पाइने उदयपुर जिल्लामा विभिन्न किसिमका खाद्यान्नवाली, नगदेवाली, फलफुल वाली, तरकारी वाली, मसलावालीहरु साथै माछा उत्पादन हुन्छ । खाद्यान्न, तरकारी तथा नगदेवाली व्यवस्थापनमा उन्नत प्रविधि तर्फ कृषकहरुलाई आकर्षित गराई उत्पादन तथा उत्पादकत्व, बृद्धि गर्ने, उन्नत जातको वोट विरुवा तथा विभिन्न उत्पादन सामग्री कृषकहरुलाई समयानुकुल उपलब्ध गराउने, स्थानीय श्रोत, सीप, साधन तथा रुचीको पहिचान गरी आयमूलक तथा उत्पादनशील प्रविधिका विविध क्षेत्रमा तालिम दिने, कृषि उत्पादन र वातावरणमा समन्वय ल्याउन एकीकृत वाली संरक्षण सेवा उपलब्ध गराउने, कृषि प्रसार कार्यक्रम र कृषि पेशालाई मर्यादित र दिगो बनाउन कृषि विकास कार्यक्रम कृषक समूह मार्फत संचालन गर्ने र समूहलाई क्रमशः सहकारीमा आबद्ध गराउदै जाने, उपलब्ध श्रोत, संसाधन र निकट भविष्यमा उपलब्ध हुन सक्ने पूर्वाधारको आधारमा वार्षिक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने जस्ता कृषिसंग सम्बन्धित विविधि कामहरु जिल्ला कृषि विकास कार्यालय उदयपुर र अन्तर्गतका ६ वटा सेवा केन्द्र र ४ वटा सम्पर्क केन्द्र, विभिन्न गैरसरकारी संघसंस्थाहरु, नीजि क्षेत्र र कृषक समूहहरु मार्फत हुँदै आएका छन् ।

आधुनिक कृषि प्रविधिहरु कृषक समक्ष पुऱ्याई खाद्य वस्तुको आन्तरिक माग पुर्ति गर्न खाद्यान्न वाली, नगदेवाली, फलफूल तथा तरकारी वालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने तथा स्थानीय रुपमा उपलब्ध श्रोत, संसाधन र सीपको अधिकतम उपयोग गरी कृषि व्यवसायलाई तुलनात्मक लाभको आधारमा विविध भौगोलिक क्षेत्रको उपयोग गरी व्यवसायीकरण गर्ने र रोजगारका अवसरहरु सृजना गर्दै कृषिजन्य उद्योगलाई आवश्यक कच्चा पदार्थको आपूर्ती गर्नुको साथै राष्ट्रिय विकासमा टेवा पुऱ्याउने विषयगत उद्देश्य तथा लक्ष्यका साथ जिल्लामा कृषि विकासका क्षेत्रमा कामहरु भैरहेका छन् । यसका लागि भएका प्रयासहरुको परिणाम स्वरुप विभिन्न कृषिजन्य वस्तुहरुको ६७ स्थानमा पकेट क्षेत्र भित्र ४० हजार ५४ जनामा कृषि प्रविधि सम्वन्धि सेवा प्रबाह भएको छ । बाली सघनता १६६ (प्रतिशत) बाट १९० (प्रतिशत) पुगेको, खाद्यान्न बीउ प्रतिस्थापन दर (Seed Replacement Rate %), धान १२.७७%, मकै १९.०९%, गहुँ ४.४७% र कोदो २.५०% पुगेको छ । आ.व. २०७०/७१ सम्म ९३४ कृषक समूह दर्ता भएका मध्ये २८४ समूहहरु सकृय रहेका छन् । यी सक्रिय कृषक समुहहरुको हितकोषमा हालसम्म १ करोड १२ लाख ८ हजार

रकम छ । स्यालो ट्यूवेलबाट १५० हे., साना सिंचाई कार्यक्रमबाट १०९५.६८ हे. सहकारी खेती कार्यक्रमबाट ४२ हे. र नीजिस्तरमा गरिने कुलाहरुबाट ५११५.३२ हे. गरी ५४०३ हे. क्षेत्रफलमा सिंचाईं सुविधा पुगेको छ । २४८ वटा भकारो सुधार निर्माण भएका छन् । कृषि उपज विक्री तथा प्रवर्द्धनका लागि ११ वटा स्थानमा हाटबजार संचालन गरिएको छ भने ६ स्थानहरुमा कृषि उपज संकलन केन्द्र संचालन भएका छन् । जिल्लामा १ वटा रष्टिक स्टोरको स्थापना भएको छ । बीउविजनमा ८ वटा र रसायनिक मलखाद्मा ८९ वटाले व्यवसायी ईजाजत प्राप्त गरेका छन् ।

आ.व. २०७०/७१ मा खाद्यवाली तर्फ धान बाली १४,७५६ हे., मकै बाली १७,३७९ हे., गहुँ बाली ५,१२५ हे. र कोदो बाली २,५८१ हे. मा खेती भएकोमा क्रमशः ५८९५८.५, ३४६५७.१, १२३५१.३ र ४८२७ मे.टन गरी जम्मा ११०७९४ मे.टन्. उत्पादन भएको छ । विउ, विभिन्न नोक्सानीहरु सबै कटाएर प्रशोधन पश्चात् खानयोग्य खाद्यान्न जम्मा ६६०४१.००१ मे.टन हुन आउनेमा प्रति व्यक्ति ०.२०३ मे.टन/प्रति वर्ष का दरले ३,२१,९६२ जनसंख्यालाई ६५,३५८.२८६ खाद्यान्न आवश्यक हुँदा ६८२.७१५ मे.टन वार्षिक रुपमा बचत भएको छ । खाद्यान्न उत्पादनको भण्डारको रुपमा विकास हुन सक्ने उदयपुरमा खाद्यान्नको हालको उपलब्धता, बचतको परिमाण नगन्य मान्नु पर्छ । यसो हुनुका पछाडि कृषि क्षेत्रमा धेरै समस्याहरु रहेका छन् । जसलाई तालिकामा प्रस्तुत गरिएको छ ।

## आर्थिक क्षेत्रको समष्टिगत उद्देश्य

| योजना साराँश | सूचक | | | | पुष्ट्याईंका आधार | पूर्वानुमान |
|---|---|---|---|---|---|---|
| | सूचक क्षेत्र | इकाई | आधाररेखा ०७०/७१ | लक्ष्य ०७६/७७ | | |
| **विषयगत उद्देश्य** कृषि, पशु, साना उद्योग, पर्यटन, वित्तिय सेवा तथा सुविधामा पहुँच वृद्धि गरी व्यवसायिकरण गर्ने । | कृषि क्षेत्रको प्रति परिवार वार्षिक औषत आम्दानी | रु. | ५,६२५ | १०,००० | • आजिवियो को अन्तिम मूल्याङ्कन<br>• अध्ययन सर्वेक्षण प्रतिवेदन | ▪ सरकार, विकास साझेदार, गैसस र नीजि क्षेत्रको लगानीमा वृद्धि हुनेछ । |
| | उद्योग क्षेत्रको प्रति व्यक्ति राष्ट्रिय आय | रु. | ८९२ | १,२०० | | |
| | पर्यटन व्यवसायबाट स्वरोजगार | जना | ६० | २०० | | |

## कृषि विकासका सूचकहरु

| योजनाको सारांश | सूचकहरु |
|---|---|
| **प्रतिफल १** कृषिजन्य बस्तुहरुको उत्पादन र उत्पादकत्वमा बृद्धि गरी खाद्यान्नमा आत्मनिर्भर एवं खाद्य सुरक्षाको सुनिश्चितता भएको हुनेछ । | • **निम्न अनुसार कृषि बालीको उत्पादनमा (मे.टन मा) बृद्धि भएको हुनेछ :** |

| सूचकको क्षेत्र | इकाई | आ.व. ०७०/७१ | आ.व. | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ |
| खाद्यान्नबाली | मे.टन | ११०७९४ | १११९०२ | ११३०२१ | ११४१५१ | ११५२९३ | ११६४४६ |
| तेलहनबाली | मे.टन | ४०९२ | ४१३३ | ४१७४ | ४२१६ | ४२५८ | ४३०१ |
| दलहनबाली | मे.टन | १७७९ | १७९७ | १८१५ | १८३३ | १८५१ | १८७० |
| आलु | मे.टन | ८३६५ | ८४४९ | ८५३३ | ८६१८ | ८७०५ | ८७९२ |
| फलफूल | मे.टन | १९०६५ | १९२५६ | १९४४८ | १९६४३ | १९८३९ | २००३८ |
| तरकारी | मे.टन | १६६७३ | १६८४० | १७००८ | १७१७८ | १७३५० | १७५२३ |
| मसला | मे.टन | ४२४० | ४२८२ | ४३२५ | ४३६८ | ४४१२ | ४४५६ |
| माछा | मे.टन | ७२ | ७५ | ८० | ८० | ८५ | ९० |
| च्याउ | मे.टन | ४ | ६ | ८ | १० | १२ | १५ |
| मह | मे.टन | ०.५ | १ | २ | ३.५ | ५ | ८ |

- हालको ६७६ मे.टन खाद्यान्नको बचत अवस्थावाट ५ वर्षको अवधिमा ७११ मे.टन भएको हुनेछ ।
- मौसमी तथा वेमौसमी तरकारी वालीको उत्पादकत्व १३.५ वाट १३.७ पुऱ्याईनेछ ।
- हालको खाद्यान्न वालीको SRR दर मकै – १९.०९ % धान–१२.७७% र गहुको–४.४७% वाट क्रमस २३%, १५%, ८% पुऱ्याईनेछ ।

| योजनाको सारांश | सूचकहरु |
|---|---|
| **प्रतिफल २ :** विभिन्न बालीहरुको पकेट क्षेत्रको विस्तार भएको हुनेछ । | • **निम्न अनुसार पकेट क्षेत्रको विस्तार भएको हुनेछः** |

| सूचकको क्षेत्र | इकाई | आ.व. ०७०/७१ | आ.व. | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ |
| खाद्यान्नबाली | पकेट क्षेत्र | ११ | ११ | १२ | १३ | १३ | १४ |
| तेलहनबाली | पकेट क्षेत्र | २ | ३ | ४ | ४ | ५ | ५ |
| दलहनबाली | पकेट क्षेत्र | ३ | ४ | ४ | ५ | ५ | ६ |
| आलु | पकेट क्षेत्र | ४ | ५ | 14 ५ | ६ | ६ | ७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| फलफूल | पकेट क्षेत्र | १८ | १८ | १९ | १९ | २० | २० |
| तरकारी | पकेट क्षेत्र | १६ | १७ | १७ | १८ | १८ | १९ |
| मसला | क्षेत्र | ९ | ९ | १० | १० | ११ | ११ |
| माछा | क्षेत्र | ६ | ७ | ७ | ८ | ८ | ९ |

**प्रतिफल ३:**
सिंचाईं सुविधा विस्तार भएको हुनेछ ।

- **सिंचाई (बाह्रै महिना) क्षेत्रफल हे.मा निम्न अनुसारले विस्तार भएको हुनेछ :**

| सूचकको क्षेत्र | इकाई | आ.व. | आ.व. | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ०७०/७१ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ |
| नयां (के.त.वि.) | हे. | ८७६० | ८७६७ | ८७७४ | ८७८१ | ८७८८ | ८७९५ |

जिल्ला कृषि विकास कार्यालय र पूर्वाञ्चल सिंचाई सव डिभिजन नं.४ को वार्षिक तथ्यांक

- बजेटको सुनिश्चितता
- स्थानीय निकाय र सरोकारवालाहरुको प्रतिवद्धता

**प्रतिफल ४:**
कृषि उपज भण्डारको व्यवस्था भएको हुनेछ ।

- **निम्न अनुसार कृषि उपज भण्डारणको पूर्वाधार निर्माण भएको हुनेछ :**

| सूचकको क्षेत्र | इकाई | आ.व. | आ.व. | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ०७०/७१ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ |
| रस्टीक स्टोर | संख्या | १ | १ | ० | १ | ० | १ |
| सेलार स्टोर | संख्या | ० | ० | १ | ० | १ | ० |
| शीत भण्डार | संख्या | ० | ० | ० | १ | ० | ० |

जिल्ला कृषि विकास कार्यालयको वार्षिक तथ्यांक

- बजेटको सुनिश्चितता स्थानीय निकाय तथा सरोकारवालाहरुको प्रतिवद्धता
- उत्पादनमा बृद्धि

**प्रतिफल ५:**
कृषि उपज बजार संकलन केन्द्र निर्माण भएको हुनेछ ।

- **निम्न अनुसार कृषि उपज संकलन केन्द्र विस्तार भएको हुनेछः**

| सूचकको क्षेत्र | इकाई | आ.व. | आ.व. | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ०७०/७१ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ |
| संकलन केन्द्र | संख्या | ६ | ० | २ | २ | २ | २ |
| बजार विकासका लागि पूर्वाधार तथा सामग्री | गोटा | ० | ० | १ | ० | १ | ० |

जिल्ला कृषि विकास कार्यालयको वार्षिक तथ्यांक

- आवश्यक बजेटको सुनिश्चितता
- स्थानीय निकाय तथा सरोकारवालाहरुको प्रतिवद्धता
- उत्पादनमा बृद्धि

**प्रतिफल ६:**
प्रांगारिक कम्पोष्ट/गोठेमल सहजरुपमा उपलब्ध भएको हुनेछ ।

- **भकारो सुधारको लागि गोठ एवं मलमुत्र संकलन पूर्वाधार निर्माण भएको हुनेछ :**

| सूचकको क्षेत्र | इकाई | आ.व. | आ.व. | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ०७०/७१ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ |
| भकारो सुधार | वटा | २४८ | २९८ | ३७८ | ४७८ | ५९८ | ७४८ |

जिल्ला कृषि विकास कार्यालयको वार्षिक तथ्यांक

खास कृषकहरु उत्सुकता स्थानीय निकाय तथा सरोकारवालाहरुको प्रतिवद्धता

**प्रतिफल ७:**
खाद्यान्न बीउ प्रतिस्थापन दरमा SRR %बृद्धि भएको हुनेछ ।

**खाद्यान्नबाली उन्नत बीउले ढाकेको हुनेछ :**

| सूचकको क्षेत्र | इकाई | आ.व. | आ.व. | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ०७०/७१ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ |
| धान | प्रतिशत | १२.८ | १४.६ | १६.६ | १८.९ | २१.६ | २४.६ |
| मकै | प्रतिशत | १९.१ | २०.०० | २१.०० | २२.१ | २३.२ | २४.४ |
| गहुँ | प्रतिशत | ७.५ | ९.३ | ११.७ | १४.६ | १८.२ | २२.८ |
| कोदो | प्रतिशत | २.५ | ३.३ | 15४.२ | ५.५ | ७.१ | ९.३ |

जिल्ला कृषि विकास कार्यालयको वार्षिक तथ्यांक

- कृषकहरु उत्सुकता
- स्थानीय निकाय तथा सरोकारवालाहरुको प्रतिवद्धता

| | | | | | | |
|---|---|---|---|---|---|---|
| तोरी | प्रतिशत | ८.६ | १०.८ | १३.४ | १६.८ | २१.०० | २६.२ |

**प्रतिफल ८:**
बाली सघनतामा बृद्धि भएको हुनेछ ।

- **खेती योग्य जमिनको उच्चतम उपयोगितामा बृद्धि भएको हुनेछ :**

| सूचकको क्षेत्र | इकाई | आ.व. ०७०/७१ | आ.व. | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ |
| सघनता | प्रतिशत | १९०.० | १९९.०० | २०७.०० | २१७.० | २२७.० | २३७.० |

जिल्ला कृषि विकास कार्यालयको वार्षिक तथ्यांक

- अनुकुल वातावरण
- जमिनको उच्चतम उपयोगिता
- समयमै मलबीउको आपुर्ति

**प्रतिफल ९:**
बीउविजन तथा मलखाद सहज आपूर्ति भएको हुनेछ ।

- **बीउविजन तथा मलखाद कारोबार गर्नेको संख्यामा क्रमश बृद्धि हुदै जानेछ :**

| सूचकको क्षेत्र | इकाई | आ.व. ०७०/७१ | आ.व. | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ |
| ईजाजत प्राप्त | संख्या | ९७ | १०२ | १०७ | ११२ | ११८ | १२४ |

जिल्ला कृषि विकास कार्यालयको वार्षिक तथ्यांक

- समयमै बीउविजन तथा मलखादको उपलब्धता

**प्रतिफल १०:**
सकृय कृषक समूह/सहकारी गठनमा बृद्धि भएको हुनेछ ।

- **जिल्लाको प्रत्येक वडाहरुमा बाली विशेष सकृय रुपले कृषक समूहहरु गठन भई दर्ता भएका हुनेछन् :**

| सूचकको क्षेत्र | इकाई | आ.व. ०७०/७१ | आ.व. | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७ |
| गठित समूह | संख्या | ९२७ | १०३५ | ११२५ | १२२४ | १३२३ | १४२२ |
| सहकारी | संख्या | ९३ | १०७ | १२३ | १४१ | १६३ | १८७ |

- जिकृविकाको समुह दर्ता रजिष्टर
- सहकारी कार्यालयको दर्ता रजिष्टर

- कृषकहरुमा सक्रियता
- कार्यान्वयन निकायको अनुगमन तथा मुल्यांकन

**प्रतिफल ११:**
कृषि प्रसार/प्राविधिक सेवामा खास कृषकहरुको सहज पहुँच भएको हुनेछ ।

- **निम्नानुसार कृषकहरुले सेवा प्राप्तिमा सहज महशुस गरी लाभान्वित भएका हुनेछन् :**

| सूचकको क्षेत्र | इकाई | आ.व. ०७०/७१ | आ.व. | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ |
| सेवावाट लाभान्वित किसान | संख्या | ४००५४ | ४१६५६ | ४३३२२ | ४५०५५ | ४६८५८ | ४८७३२ |

- जि.कृ.वि का. सेवा/केन्द्र र
- सम्बन्धित स्थानीय निकायहरुको रजिष्टर

- प्रभावकारी अनुगमन तथा मुल्यांकन
- आवश्यक बजेट विनियोजन

**प्रतिफल १२:**
कर्मशील खास कृषकहरु सम्मानित भएका हुनेछन् ।

- **कृषि पेशा सम्मानित पेशाको रुपमा महशुस गराउँदै कृषकहरुको आत्मबलमा क्रमश बृद्धि भएको हुनेछ :**

| सूचकको क्षेत्र | इकाई | आ.व. ०७०/७१ | आ.व. | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ |
| पेशामा संलग्न व्यक्ति | संख्या | ८८ | ९९ | ११० | १२१ | १३२ | १४३ |

- जि.कृ.वि.का/सेवा/सम्पर्क केन्द्रको सिफारिस पत्र तथा विभिन्न रजिष्टर

- कृषकहरुमा व्यवसायिक सक्रियता
- कार्यान्वयन निकायको अनुगमन तथा मुल्यांकन

**प्रतिफल १३:**
माछा भुरा तथा नर्सरी स्थापना भई सहज रुपमा आपूर्ति भएको हुनेछ ।

- **केन्द्र तथा थप नर्सरीहरुको स्थापना भई कृषकहरुलाई सरलीकरण भएको हुनेछ :**

| सूचकको क्षेत्र | इकाई | आ.व. ०७०/७१ | आ.व. | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/ |
| माछा भुरा | केन्द्र/नर्सरी | १ | ० | १ | ० | ० | १ |
| फलफूल | केन्द्र/नर्सरी | ४ | २ | २ | २ | २ | २ |

- जिल्ला कृषि विकास कार्यालयको वार्षिक तथ्यांक

- कृषकहरुमा व्यवसायिक सक्रियता

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तरकारी | केन्द्र/नर्सरी | ५७ | १ | १ | १ | १ | १ | | | |
| | | पुष्प (फूल) | केन्द्र/नर्सरी | ० | ० | १ | ० | १ | ० | | | |
| | | अलैंची | केन्द्र/नर्सरी | १ | ० | ० | १ | ० | १ | | | |

**कृषि विकासका कार्यनीतिहरू**

- व्यवसायिक कृषिका लागि पकेट क्षेत्र विस्तार गरी नगदेवाली र सिंचाईको व्यवस्थामा जोड दिइनेछ ।
- खाद्यान्न बालीमा उन्नत जातको विउ विजन आपूर्तिका लागि नीजि क्षेत्र तथा सहकारी संस्थाहरुको सहभागितामा जोड दिई गुणस्तरीय विउको प्रयोग गर्दै क्षेत्र विस्तार गरिनेछ ।
- कृषक समूहहरुको संस्थागत विकास गरी कृषि रोजगारी र आम्दानी बढाउन तर्फ जोड दिइनेछ ।
<tr><td>लोकसेवा आयोग तयारी कक्षा</td><td>१० जना</td><td>१० जना</td><td>१० जना</td><td>१० जना</td><td>१० जना</td></tr>
<tr><td>छात्रवृत्ति सहयोग</td><td>१० जना</td><td>१० जना</td><td>१० जना</td><td>१० जना</td><td>१० जना</td></tr>
</table>
</td>
<td>तालिम, छात्रबृत्ति र तयारी कक्षा संचालन भएको संख्या</td>
<td>कार्यक्रम र वजेटको व्यवस्था</td>
</tr>
<tr>
<td><u>प्रतिफल १०:</u><br>आय आर्जन, सामाजिक कुरिती विरुद्ध जनचेतना र पत्रकारिता तालिम कार्यक्रम संचालन भएका हुनेछन् ।</td>
<td>● १२५ जनालाई आयआर्जन र सीपमूलक तालिम,<br>● ३७५ जनालाई १५ वटा जनचेतना तालिम र<br>● ७५ जनालाई ५ वटा पत्रकारिता तालिम ।</td>
<td>आयआर्जन कार्यक्रम, सहभागी संख्या, तालिमको संख्या</td>
<td>कार्यक्रममा प्राथमिकता र वजेट व्यवस्था</td>
</tr>
</table>

*मधेसी, मुस्लिम तथा पिछडा वर्ग सम्बन्धी कार्यनीति :*

- मधेशी, मुस्लिम पिछडावर्गका समुदायको क्षमता अभिबृद्धि र चेतनामूलक कार्यक्रम सञ्चालन गरी विकासमा मूलप्रवाहीकरण गरिनेछ ।
- स्थानीय शासनका सबै तह र प्रक्रियामा विपन्न तथा वञ्चितिमा परेका मधेसी, मुस्लिम तथा पिछडा वर्गको प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।
- मधेसी, मुस्लिम तथा पिछडा वर्गको उत्थानका लागि सरकारी एवम् गैरसरकारी क्षेत्रसँगको समन्वयमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- मधेसी, मुस्लिम तथा पिछडा वर्गको सामाजिक, आर्थिक, साँस्कृतिक, राजनितिक क्षमता बृद्धिका कार्यक्रमहरु अभियानकै रुपमा सञ्चालन गरिनेछ ।
- निर्देशिकाले मधेसी, मुस्लिम तथा पिछडा वर्गका लागि निश्चित गरेको अनुदान रकम विनियोजन सुनिश्चित गरी कार्यक्रम सन्चालन गरिनेछ ।
- मधेसी, मुस्लिम तथा पिछडा वर्गको सामाजिक परम्परागत सीप, भाषा र संस्कृतिको संरक्षण, सम्वर्द्धन तथा विकासका लागि सम्वन्धित समुदायकै अग्रसरतामा विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्राथमिक तहको शिक्षामा मधेसी, मुस्लिम तथा पिछडा वर्गको मातृभाषा शिक्षणलाई प्रवर्द्धन गरिनेछ ।
- स्थानीय निकाय, संघ-संस्था र नीजि क्षेत्रमा मधेसी, मुस्लिम तथा पिछडा वर्गलाई स्थानीय रोजगारीमा प्राथमिकताका लागि पहल गरिनेछ ।
- मधेसी, मुस्लिम तथा पिछडा वर्गका महिला समूहहरुलाई संगठित गर्दै विकास तथा चेतनामूलक गतिविधिमा संलग्न गरिनेछ ।

## ४.२.८ दलित वर्ग उत्थान

उदयपुर जिल्लामा रहेका दलित समुदायको यस अघिको दलित वर्ग उत्थान जिल्ला समन्वय समितिको तथ्यांक अनुसार करिव ३९ हजार घरधुरीहरु रहेका छन, जसमा विश्वकर्मा, परियार, सार्की, डोम, चमार, सदा, पासवान आदि जातिको वसोवास रहेको छ । पहाडी र तराई गरी दुई प्रकारका दलितहरु वसोवास गर्ने यस जिल्लामा पहाडी दलितका तुलनामा तराई दलितको अवस्था हरेक दृष्टिकोणले नाजुक रहेको छ । जल्लाको विकाससँग सम्वन्धित सरकारी तथा गैर सरकारी संस्थाहरुवाट हालसम्म जातिय विभेद छुवाछुत अन्त्यको लागि सचेतनामूलक कार्यक्रम सामुदायिक भवन निर्माण सानातिना आयआर्जनका कृयाकलापहरु सानातिना सिप विकासमा सहयोगी कार्यक्रमहरु संचालन भएको पाईन्छ । परम्परागत पेशाबाट उन्मुक्ति लिदै व्यवसायिक र आधुनिकीकरणमा क्रमशः लागिरहेको यो समुदाय जिल्लाको सबै भेगमा बसोबास गरेको छ । व्यवसायको लागि, शिक्षा आर्जनको लागि र भेदभाव एवं छुवाछुत मुक्तको लागि तिव्र बसाइसराई गर्ने यो वर्ग थातथलो नछोडेका भने अझै भिरालो र खोलाको छेउमा गरिवीको चपेटामा परिरहेको छ । दलित समुदायको उत्थान र विकासको विषयलाई मध्यनजर गरी यस जिल्लामा सवै राजनीतिक विचारमा आवद्ध भएका दलित अधिकारकर्मीहरु सम्मिलित साझा दलित अधिकार संजाल गठन गरी २०७० साल देखि कृयाशिल रहेको छ ।

## दलित वर्ग उत्थानका सुचकहरु

| उद्देश्य | सूचक | पुष्ट्याईंको आधार | जोखिमपक्ष |
|---|---|---|---|
| **विषयगत उद्देश्य:**<br>दलित,समुदायको सामाजिक,आर्थिक तथा राजनैतिक स्थितिमा सुधार गर्ने । | • दलितहरुको राजनीतिक, आर्थिक, सामाजिक अवस्था देखिने जिल्ला प्रोफाईल तयार ।<br>• दलित समुदायको आर्थिक अवस्थामा सुधार ।<br>• खाद्य सुरक्षामा सुधार,<br>• विद्यालय जाने उमेरका सबै बालबालिकाहरुको विद्यालय शिक्षामा पहुँच,<br>• राजनैति दलहरुको जिल्ला समितिहरुमा नेतृत्वमा १० प्रतिशत प्रतिनिधित्व । | सम्वन्धित निकायको प्रगती प्रतिवेदन, अनुगमन प्रतिवेदन, सम्पन्नता स्तरीकरणको प्रतिवेदन | सरकारी, गैरसरकारी निकायवाट पर्याप्त वजेट व्यवस्था भएमा |
| **प्रतिफल १:**<br>जातिय विभेद तथा छुवाछुत प्रथामा कमी आएको हुनेछ । | • चेतनामूलक, सामाजिक अन्तरघुलन तथा नेतृत्व विकास तालिम ।<br>• सार्वजनिक स्थलहरुमा हुने भेदभाव अन्त्य ।<br>• २५० जना दलित (महिला पुरुष) को नेतृत्व क्षमता विकास ।<br>• जतिय भेदभाव छुवाछुत कसुर र सजाय ऐन २०६८ को प्रभावकारी कार्यान्वयन । | प्रगती र अनुगमन प्रतिवेदन, तालिमको उपस्थिति । | सरकारी, गैरसरकारी निकायवाट पर्याप्त वजेट व्यवस्था भएमा |
| **प्रतिफल २:**<br>उच्च शिक्षा हाँसिल गर्न छात्र,छात्राको संख्यामा वृद्धि भएको हुनेछ । | • छात्रवृति प्राप्त गर्ने दलित छात्र, छात्राको संख्या ।<br>• छात्रवासको स्थापना र संचालन ।<br>• प्रा.वि. र मा.वि.तहमा दलित विद्यार्थीको भर्ना दर वृद्धि र ड्रपआउट दरमा कमी । | सम्वन्धित कार्यालयको प्रतिवेदन | पर्याप्त वजेट व्यवस्था भएमा । |
| **प्रतिफल३:**<br>रोजगार तथा स्वरोजगारमा पहुंच बृद्धि भई आर्थिक अवस्थामा सुधार आएको हुनेछ । | • प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त दलितहरुको संख्या ।<br>• कृषि तथा गैरकृषि व्यवसाय गर्ने व्यक्तिहरुको संख्या वृद्धि ।<br>• व्यवसायका लागि सरल कर्जा ।<br>• सरकारी, गैर सरकारी र नीजि क्षेत्रका रोजगारमा दलितहरुको प्रवेश । | | पर्याप्त वजेट व्यवस्था भएमा । |
| **प्रतिफल ५:**<br>स्वास्थ्य सेवामा दलितवर्गको पहुँच वृद्धि भएको हुनेछ । | • स्वास्थ्य संस्थामा सेवा लिन जाने महिला, पुरुष र धामी झांक्रीहरुको संख्या ।<br>• स्वास्थ्य सेवा लिन जान लाग्ने समायमा आएको कमी ।<br>• जटिल समस्यामा परेकाहरुको निशुल्क औषधोपचारको लागि अक्षय कोषको व्यवस्था । | | सरकारी, निकायवाट पर्याप्त वजेट व्यवस्था । |
| **प्रतिफल ६:**<br>परम्परागत पेशा र संस्कृतिको संरक्षण भएको हुनेछ । | • परम्परागत पेशा संचालनका लागि सुधारिएको केन्द्रको स्थापना संख्या ।<br>• हरेक निर्वाचन क्षेत्रमा विक्रि केन्द्र स्थापना । | | पर्याप्त वजेट व्यवस्था भएमा । |
| **प्रतिफल ७:**<br>दलित समूहको आन्तरिक विभेद कमीआएको हुनेछ | • आन्तरिक छुवाछुत कम गर्न सहभोजको आयोजना । | | सामूहिक सहमति |

| | | | |
|---|---|---|---|
| **प्रतिफल ८:**<br>राजनितीमा दलितहरुको अर्थपूर्ण प्रतिनिधित्व भएको हुनेछ । | ● राजनीतिमा संलग्न दलित महिला तथा पुरुषहरुको संख्या<br>● स्थानीय निकाय र अन्य संयन्त्रहरुमा दलितहरुको प्रतिनिधित्व ।<br>● राजनैतिक दलहरुका स्थानीय समितिहरुमा समावेशीता । | | राजनैतिक दलहरुको प्रतिवद्धता । |

## दलित वर्ग उत्थानका कार्यनीतिहरु

- कानूनको प्रभावकारी कार्यान्वयन, सामाजिक सचेतना अभिवृद्धी गर्ने, दलितमैत्री नीति तथा कार्यक्रम निर्माण गरिनेछ ।
- गरिवीको स्तरीकरण गरी व्यवसायमुखी वनाईनेछ ।
- छुवाछुत विरुद्धको कानूनको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- स्थानीय निकाय, सामाजिक संघ संस्था विचको समन्वयकारी भूमिका वढाई दलितवर्ग उत्थानका लागि विभिन्न कार्यक्रमहरु एकीकृत रुपमा स)चालन गरिनेछ ।
- सरोकारवालाहरु वीचको एकीकृत प्रयास, अर्थपूर्ण प्रतिनिधित्वको लागि जनवकालत र पैरवी गरिनेछ ।
- भूमीहिनहरुको लागि बसोबास र आयआर्जनका लागि जग्गाको व्यवस्था मिलाइनेछ ।

## ४.२.९ फरक क्षमता विकास (अपाङ्गता)

फरक क्षमता विकासका लागि लक्षित विकास कार्यक्रम अन्तर्गत सबै स्थानीय निकायहरुले कार्यक्रम र बजेट वार्षिक कार्यक्रममा समाविष्ट गरी कार्यक्रमहरु संचालन गर्दै आएका छन् । नेपाल सरकारबाट सिविआर कार्यक्रम अपांग विकास संस्था मार्फत संचालन भएको छ । प्लान नेपाल, एक्सनएड जस्ता संस्थाहरुले जिल्लामा अपांग विकासका गतिविधिहरुमा विगत वर्षमा सहयोग गर्दै आएका छन् । कूल जनसंख्याको करिब ३.५ प्रतिशत (१०,०००) जति जनसंख्या विभिन्न प्रकार एवं किसिमका अपांगता भएका व्यक्तिहरु यस जिल्लामा रहेकाछन् । केन्दीयस्तरका संघसंस्थाहरुसंग आवद्ध भएका एवं जिल्लामा नै फरक क्षमताका लागि विभिन्न कार्य गर्न संस्थात्मक विकास गर्दे ती संस्थाहरुले समन्वयात्मक रुपमा कार्य गर्दै आएकाछन् ।

## फरक क्षमता विकास (अपाङ्गता) का सूचकहरू

<table>
<tr><th>योजनाको सारांश</th><th>सूचकहरू</th><th>पुष्ट्याईंको आधार</th><th>जोखिम पक्ष</th></tr>
<tr><td>विषयगत उद्देश्य:<br>सबै भौतिक संरचना अपाङ्गमैत्री वनाई अपाङ्गहरुको सेवा र आर्थिक सामाजिक अवस्थामा सुधार ल्याउने ।</td>
<td>
<ul>
<li>जिल्लामा अपाङ्ग पुनर्स्थापन केन्द्रको भवन निर्माण र फिजियोथेरापी सेवा संचालन ।</li>
<li>जिल्लास्तरमा सूचना केन्द्रको स्थापना र साँकेतिक भाषा एवं दोभाषेको व्यवस्था ।</li>
<li>अपाङ्गता भएका व्यक्तिहरूको खोज अनुसन्धान तथ्याङ्क अद्यावधिक ।</li>
<li>अपाङ्गमैत्री सरकारी तथा सार्वजनिक भौतिक संरचनाहरू ।</li>
<li>वौद्धिक अपाङ्गता भएका वालवालिकाहरूको लागि दिवा सेवा केन्द्र संचालन ।</li>
<li>अपाङ्गता भएका वालवालिकाहरूका लागि खेलकुद, छात्रवृत्ति र उच्च शिक्षाको व्यवस्था ।</li>
<li>निजामती सेवामा अपाङ्गहरुको प्रवेश संख्या ।</li>
<li>जिल्लामा अपाङ्गता भएका व्यक्तिहरूको उत्पादन विक्री केन्द्र स्थापना ।</li>
<li>जिल्लामा अपाङ्गता भएका वालवालिकाहरूको लागि पुस्तकालय स्थापना ।</li>
</ul>
</td>
<td rowspan="4">जिल्ला वस्तुगत प्रोफाईल, नमुना सर्वेक्षण, महिला तथा वालवालिका कार्यालयको प्रतिवेदन</td>
<td rowspan="2">श्रोत, साधन र जनशक्तिको उपलव्धता ।</td></tr>
<tr><td>प्रतिफल १:<br>अपाङ्ग पुनर्स्थापना केन्द्रको भवन निर्माण भई संचालन भएको हुनेछ ।</td>
<td>
<table>
<tr><th rowspan="2">सूचकको क्षेत्र</th><th colspan="6">आ.व.</th></tr>
<tr><th>०७०/७१</th><th>०७२/७३</th><th>०७३/७४</th><th>०७४/७५</th><th>०७५/७६</th><th>०७६/७७</th></tr>
<tr><td>भवन निर्माण</td><td>०</td><td>०</td><td>१</td><td>१</td><td>०</td><td>१</td></tr>
<tr><td>फिजियोथेरापी सेवा लिनेको संख्या</td><td>०</td><td>१५</td><td>२५</td><td>५०</td><td>७५</td><td>१००</td></tr>
<tr><td>अभिभावक विहिनका लागि आवास सेवा</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>५</td><td>६</td></tr>
<tr><td>परामर्श सेवा</td><td>१०</td><td>२०</td><td>५०</td><td>१००</td><td>२००</td><td>३००</td></tr>
</table>
</td></tr>
<tr><td>प्रतिफल २:<br>वहिरा तथा सुस्तश्रवण भएका व्यक्तिहरूको लागि दोभाषेको व्यवस्था भई सेवा लिन सहज भएको हुनेछ ।</td>
<td>
<table>
<tr><th rowspan="2">सूचकको क्षेत्र</th><th colspan="6">आ.व.</th></tr>
<tr><th>०७०/७१</th><th>०७२/७३</th><th>०७३/७४</th><th>०७४/७५</th><th>०७५/७६</th><th>०७६/७७</th></tr>
<tr><td>वहिरा तथा सुस्तश्रवण संघ</td><td>०</td><td>१</td><td>१</td><td>२</td><td>२</td><td>३</td></tr>
<tr><td>महिला तथा वालवालिका कार्यालय</td><td>१</td><td>१</td><td>१</td><td>१</td><td>१</td><td>१</td></tr>
<tr><td>जिल्ला बाल कल्याण समिति</td><td>१</td><td>१</td><td>०</td><td>१</td><td>१</td><td>१</td></tr>
</table>
</td>
<td>दोभाषेका लागि तालिम प्राप्त मानवीय श्रोतको व्यवस्था ।</td></tr>
<tr><td>प्रतिफल ३:<br>घुम्ति शिवीर मार्फत अपाङ्गता भएका व्यक्तिहरूको पहिचान भई उनीहरुको नेतृत्वको विकास र कानुनी साक्षरता सम्वन्धी क्षमता विकास भएको हुनेछ</td>
<td>
<table>
<tr><th rowspan="2">सूचकको क्षेत्र</th><th colspan="6">आ.व.</th></tr>
<tr><th>२०७०/७१</th><th>०७२/७३</th><th>०७३/७४</th><th>०७४/७५</th><th>०७५/७६</th><th>०७६/७७</th></tr>
<tr><td>कानुनी साक्षरता तालिम</td><td>३०</td><td>२५</td><td>२५</td><td>३०</td><td>३०</td><td>३०</td></tr>
<tr><td>साँकेतिक भाषा तालिम अभिभावक सहित</td><td>१०</td><td>०</td><td>१५</td><td>१५</td><td>१५</td><td>२०</td></tr>
<tr><td>वौद्धिक अपाङ्गता भएका वालवालिकाहरुको स्वयम वकालत तालिम</td><td>०</td><td>०</td><td>१५</td><td>१५</td><td>१५</td><td>१५</td></tr>
</table>
</td>
<td>अपांगता सम्वन्धी नीतिगत व्यवस्थाहरू कार्यान्वयन भएमा ।</td></tr>
</table>

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| । | गा.वि.स. तहमा संजाल गठन र क्षमता विकास तालिम । | ० | १ | ५ | ५ | ५ | ५ | |
| | अपांग परिचय वितरण घुम्ति शिवीर | २ | ० | १ | १ | १ | १ | |
| | अपांगता सम्वन्धी प्रोफाइल प्रकाशन | ० | १ | १ | | | | |
| | यो आवधिक योजना भित्रमा सवै सरकारी तथा सार्वजनिक भवन पार्क खेल मैदानहरू अपांगमैत्री वन्नेछ ।<br>सार्वजनिक सेवा प्रवाहसंग सम्बन्धित भवनहरु अपाङ्गमैत्री बनेको हुनेछ । | | | | | | | |
| **प्रतिफल ४:**<br>अपांग सहायक सामग्री संकलन केन्द्र स्थापना भएको हुनेछ । | सूचकका क्षेत्रहरु | आ.व. | | | | | | सहायक सामग्रीका लागि विभिन्न निकायहरू वाट सहयोग । |
| | | ०७०/७१ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | |
| | ह्विल चियर वितरण (संख्या) | ३ | ५ | १ | ५ | ५ | ५ | |
| | वैशाषी संकलन र वितरण (संख्या) | २ | ५ | १ | ५ | ५ | ५ | |
| | सेतोछडी संकलन र वितरण (संख्या) | ३ | ५ | १ | ५ | ५ | ५ | |
| **प्रतिफल ५:**<br>दोभाषेको व्यवस्था र सहायताले वहिरा महिलाहरू माथी हुने अन्याय न्यूनिकरण भएको हुनेछ । | सूचकका क्षेत्रहरु | आ.व. | | | | | | सरकारी कार्यालयहरुमा सूचनाको पहुँच अभिवृद्धि गराउन दोभाषेको व्यवस्थाको आधारमा । |
| | | ०७०/७१ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | |
| | जिल्लाका न्यायिक निकाय, जिल्ला प्रशासन, जिल्ला अदालतहरुमा दोभाषे कर्मचारीको व्यवस्था गर्ने । | ० | ० | १ | १ | १ | १ | |

## ४.१.१० जेष्ठ नागरिक

अनुभव, व्यवहार र कर्तव्यले खारिएका ७० वर्ष माथिका पुस्ता जसलाई आजको पुस्ताले माया, सदभाव, हेरचाह, संरक्षण गर्नुपर्ने दायित्व एवं जिम्मेवारी छ । यही जिम्मेवारी स्थानीय सरकारले बोध गरी जेष्ठ नागरिक लक्षित कार्यक्रमहरु वार्षिक रुपमा संचालन गर्दै आएको छ । उहाँहरुलाई सम्मान गर्ने, स्वास्थ्यजाँच सेवा र औषधी वितरण, गाविस/नपास्तरीय संजाल निर्माण, विगतका कार्यको संस्मरण दौंतरीलाई सुनाउने विश्राम थलो व्यवस्था, दिवस जस्ता गतिविधिहरु संचालन भइरहेको छ । कूल जनसंख्याको २.८ प्रतिशत (९२००) जेष्ठ नागरिकको जनसंख्या रहेको छ ।

| योजनाको सारांश | सूचकहरू | | | पुष्ट्याईंको आधार | जोखिम पक्ष |
|---|---|---|---|---|---|
| | सूचक | २०७२/७३ | २०७६/७७ | | |
| **विषयगत उद्देश्य:**<br>ज्येष्ठ नागरिकहरुको आर्थिक | सामाजिक जीवनमा योगदान पुऱ्याएका जेष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रम (सख्या) | ५ | ५० | स्थानीय निकाय र महिला तथा वालवालिका | श्रोत र साधनको पर्याप्तता, अन्य संस्थाहरुको |

| उद्देश्य / प्रतिफल | सूचक | | | प्रमाणीकरणको आधार | पूर्वानुमान |
|---|---|---|---|---|---|
| सामाजिक जीवनमा सुधार गरी जीवनको उत्तरार्द्धलाई सुविधाजनक र व्यवस्थित बनाउने । | असहाय विपन्न जेष्ठ नागरिकहरुको सामाजिक सुरक्षाको प्रत्याभूति ( प्रतिशत) | ४६ | ५० | कार्यालयको प्रतिवेदन | संलग्नता । |
| | राज्यको सहयोग प्राप्त गर्ने जेष्ठ नागरिक (प्रतिशत) | ८४ | ६० | | |
| | राज्यको सहयोग प्राप्त गर्ने असहाय, एकल महिला (प्रतिशत) | ३२ | १०० | | |
| | जिल्ला नगर र गाविसमा स्थापना भएका जेष्ठ नागरिक सहयोग कोष (सख्या) | ० | १० | | |

**प्रतिफल १:**

ज्येष्ठ नागरिकहरुको सामजिक तथा आर्थिक अवस्थामा सुधार भएको हुनेछ ।

- ज्येष्ठ नागरिकहरुको लागि रोजगारी सिर्जना र आर्थिक सामाजिक सशक्तिकरण हुनेछ ।

| सूचकको क्षेत्र | आ.व. | | | | | |
|---|---|---|---|---|---|---|
| | ०७०/७१ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ |
| विनाधितो व्यवसायीक कर्जा लिनेको संख्या | ० | ५ | ५ | ७ | १० | २० |
| तरकारी खेति र पशुपालन गर्नेको संख्या | ० | ६ | ८ | १० | १५ | ५० |
| किराना पसल व्यवसाय संचालन गर्नेको संख्या | २ | ५ | १० | १५ | २० | २५ |
| सामाजिक सुरक्षा भत्तामा वृद्धि | ० | ५०० | १००० | १००० | १००० | ३००० |

पूर्वानुमान: स्थानीय स्तरमा वजेट विनीयोजन र नीतिगत व्यवस्था कार्यान्वयन भएमा ।

**प्रतिफल २:**

बुढ्यौली उमेरमा लाग्ने रोगहरुको न्यूनिकरण हुनेछ ।

| सूचकको क्षेत्र | आ.व. | | | | | |
|---|---|---|---|---|---|---|
| | ०७०/७१ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ |
| घुम्ति स्वास्थ्य शिवीर संचालन | १ | २ | ५ | ५ | ५ | ५ |
| बुढ्यौली उमेरमा लाग्ने रोगहरु सम्वन्धी जनचेतना कार्यक्रमरु | १ | ५ | ५ | ५ | ५ | ५ |
| नियमित स्वास्थ्य परीक्षण | १ | १ | ३ | ५ | ५ | ५ |

**प्रतिफल ३:**

ज्येष्ठ नागरिकहरुको बुढ्यौली जीवन व्यवस्थित भएको हुनेछ ।

| सूचकको क्षेत्र | आ.व. | | | | | |
|---|---|---|---|---|---|---|
| | ०७०/७१ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ |
| वुढ्यौली जीवन व्यवस्थापन तालिम | ० | ५ | ५ | ५ | ५ | ५ |
| सचेतनामूलक कार्यक्रम संचालन | २ | ५ | ५ | ५ | ५ | ५ |
| गृह भेट र परामर्श सेवा प्रवाह | ० | ५० | १०० | २०० | २५० | ५०० |
| संरक्षक र हेरचाह कर्तालाई तालिम | ० | २० | ३० | ४० | ५० | १०० |
| योगशिविर र व्यायमशाला स्थापना र संचालन | ० | १ | २ | ३ | ४ | ५ |
| आवस गृह संचालन | ० | १ | २ | ३ | ४ | ५ |

**प्रतिफल ४:** दिवा सेवाकेन्द्र र

| सूचकको क्षेत्र | आ.व. |
|---|---|

आवास गृह संचालन भएका हुनेछन ।

| | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ |
|---|---|---|---|---|---|---|
| दिवा सेवा केन्द्रको स्थापना र संचालन | ० | २ | ३ | ४ | ५ | ६ |
| सेवा केन्द्र भवन निर्माण | ० | १ | २ | ३ | ४ | ५ |
| आवस गृह व्यवस्थापन संचालन । | ० | १ | २ | ३ | ४ | ५ |
| जनशक्ति परिचालन | ० | ३ | ६ | ८ | ९ | १० |

**प्रतिफल ५:**

ज्येष्ठ नागरिकहरुले स्वास्थ्य सेवा र मनोपरामर्श सेवा प्राप्त गरेका हुनेछन्

| सूचकको क्षेत्र | आ.व. | | | | | |
|---|---|---|---|---|---|---|
| | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ |
| तालिम प्राप्त जनशक्ति परिचालन । | ० | ३ | ५ | १० | १५ | २० |
| उपचार खर्च व्यवस्थापन | ५ | १० | १५ | २० | २५ | ३० |

स्वास्थ्य सेवा केन्द्र संचालन भएमा ।

**प्रतिफल ६:**

ज्येष्ठ नागरिक मीलन केन्द्र र जिल्ला संघको भवन निर्माण भएको हुनेछ ।

| सूचकको क्षेत्र | आ.व. | | | | | |
|---|---|---|---|---|---|---|
| | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ |
| ज्येष्ठ नागरिक जिल्ला संघको भवन निर्माण | ० | ० | १ | ० | १ | ० |
| जेष्ठनागरिक मीलन केन्द्र स्थापना | ० | | १ | १ | | १ |

**प्रतिफल ७:**

जेष्ठ नागरिकहरुमा सद्भाव मेलमिलाप भएको हुनेछ ।

| .सूचकको क्षेत्र | आ.व. | | | | | |
|---|---|---|---|---|---|---|
| | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ |
| सामाजिक सुरक्षा भत्ताको अनुगमन (पटक) | ३ | ५ | १० | १५ | २० | ३० |
| ज्येष्ठ नागरिकहरुको प्रोफाईल तयार र अद्यावधिक (वार्षिक पटक) | ० | १ | १ | १ | १ | १ |

जेष्ठनागरिक सम्बन्धी कार्यनीतिहरुः

१. जेष्ठ नागरिक मीलन केन्द्र र जिल्ला संघको भवन निर्माण कार्यको थालनी गरिने छ।

२. जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई विभिन्न निकायको सयोगमा निरन्तरता दिईने छ।

३. जेष्ठ नागरिकहरुको स्वास्थ्यसेवा केन्द्रको लागि आवश्यक पूर्वाधार निर्माण तथा सेवा प्रवाहका लागि उचित व्य
मिलाईने छ।

४. सम्बन्धित विषयका विज्ञहरुको सहायतामा जेष्ठ नागरिक मनोपरामर्श सेवा नियमित रुपमा संचालन गर्न पहल

५. जेष्ठ नागरिकहरुको हक हित संरक्षणका लागि जिल्लास्तरमा जेष्ठ नागरिक संघ गठन गरिने छ।

६. जिल्लाभित्रका यातायात सेवामा जेष्ठ नागरिक सम्मान सिट आरक्षण र यातायात भाडामा थप छुटको व्यवस्था
।

## ४.१.११ युवा तथा खेलकुद विकास

युवा तथा किशोकिशोरी सामाजिक, सांस्कृतिक र आर्थिक रुपान्तरणलाई गतिशिल बनाउने उज
force) हो । देशको कुल जनसंख्याको ४१.८% युवा तथा किशोरकिशोरीहरु रहेका छन् । उदयपु
सन्दर्भमा जिल्लाको कुल जनसंख्याको सोही अनुपातमा युवा तथा किशोर किशोरीको जनसंख्या रहेव
तथा किशोरकिशोरीलाई सिर्जनशिल क्रियाकलापमा संलग्न गराई नेतृत्व विकास, खेलकुद विकास,
विकासका साथै सामाजिक सांस्कृतिक रुपान्तरणमा उल्लेखनिय योगदान गराउने लक्ष्य यस आवधि
राखेको छ । जिल्लामा हाल युवा तथा किशोरकिशोरीहरुको लागि युवा साझेदारी विकास
किशोरकिशोरीका लागि यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रम, किशोरी विकास कार्यक्रम, किशोर
स्वास्थ्य संस्थाको विकास तथा खेलकुद कार्यक्रम संचालन हुँदै आइरहेको छ । युवाहरुको संलग्न
गर्ने अभिप्रायले जिल्लायुवा परिचालन निर्देशिका, २०७० जारी गरेको छ । युवाहरुको समग्र विका
सिर्जनाको लागि थप जिल्ला एकिकृत युवा तथा किशाकिशोरी लगानी योजना तयार गरिनुका स
रोजगारमा जान चाहने युवाहरुको सीप र क्षमता वृद्धी गरी बैदेशिक रोजगारलाई सुरक्षित र मर्या
छ । खेलकुदको माध्यमबाट अनुशासित र राष्ट्रप्रेमी खेलाडी तयार गर्ने कार्यक्रम संचालन गर्न प्रया
विपदको अवस्थामा आपतकालिन उद्दारका लागि युवा तथा किशोरकिशोरीको परिचालन स्वयम सेव
गरिने छ।

## युवा विकासका सूचकहरु

<table>
<tr><th>योजनाको सारांश</th><th>सूचकहरु</th><th>पुष्ट्याईंको आधार</th><th>जोखिम पक्ष</th></tr>
<tr><td><u>विषयगत उद्देश्यः</u><br>उदयपुर जिल्लाका युवाहरुको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउने ।</td><td>
<ul>
<li>जिल्लाका युवाहरु सामुदायिक संस्थामा संगठित भएको संख्या ।</li>
<li>हालको १० वटा बाट बृद्धि भएको युवा सहकारी संस्थाहरु दर्ता भएका संख्या ।</li>
<li>आयआर्जनको तालिम प्राप्त गर्ने युवाहरुको संख्या ।</li>
<li>जिल्लाको राजनीतिमा युवाहरुको सहभागिता प्रतिशत ।</li>
<li>शिपमूलक प्राबिधिक शिक्षा प्राप्त गरेका युवाहरुको संख्या ।</li>
<li>गाविस र नपामा रहेको युवा संजालको संस्थागत क्षमता विस्तारको अवस्था ।</li>
</ul></td><td>युवा विकास संस्थाहरुको वार्षिक प्रतिवेदन</td><td>राज्यका कानूनहरुको प्रभावकारी कार्यान्वयन भएमा ।</td></tr>
<tr><td><u>प्रतिफल १ः</u><br>युवाहरुको आर्थिक तथा सामाजिक कृयाकलापहरुमा पहुँच बृद्धि भएको हुनेछ ।</td><td>
<ul><li>युवावर्गको आर्थिक कृयाकलापमा निम्नानुसार बृद्धि भएको हुनेछ ।</li></ul>
<table>
<tr><th rowspan="2">सूचकको क्षेत्र</th><th rowspan="2">इकाई</th><th colspan="6">आ.व.</th></tr>
<tr><th>०७०/७१</th><th>०७२/७३</th><th>०७३/७४</th><th>०७४/७५</th><th>०७५/७६</th><th>०७६/७७</th></tr>
<tr><td>समुह गठन र सञ्चालन</td><td>वटा</td><td>४५६</td><td>६००</td><td>८००</td><td>१०००</td><td>११००</td><td>१२००</td></tr>
<tr><td>सहकारी स्थापना वटा</td><td>वट</td><td>८</td><td>१०</td><td>१५</td><td>२४</td><td>३०</td><td>३५</td></tr>
</table></td><td>जिल्ला प्रोफाइल र सहकारीको प्रगति प्रतिवेदन ।</td><td></td></tr>
<tr><td><u>प्रतिफल २ः</u> युवाहरुको आय आर्जन र रोजगारका अवसरका बृद्धि भएको हुनेछ ।</td><td>
<table>
<tr><th rowspan="2">सूचकको क्षेत्र</th><th rowspan="2">इकाई</th><th colspan="6">आ.व.</th></tr>
<tr><th>०७०/७१</th><th>०७२/७३</th><th>०७३/७४</th><th>०७४/७५</th><th>०७५/७६</th><th>०७६/७७</th></tr>
<tr><td>आयआर्जनमा संलग्न युवाहरु</td><td>जना</td><td>२००००</td><td>२५०००</td><td>३२०००</td><td>४००००</td><td>५००००</td><td>६००००</td></tr>
<tr><td>तालिम प्राप्त आयआर्जनमा संलग्न</td><td>जना</td><td>६०००</td><td>८५००</td><td>१२०००</td><td>१७०००</td><td>२१०००</td><td>२५०००</td></tr>
<tr><td>व्यवसायिक कृषिमा संलग्न युवाहरु</td><td>जना</td><td>३५</td><td>६५</td><td>१२३</td><td>२७६</td><td>४३०</td><td>७००</td></tr>
</table></td><td>जिल्ला युवा संजाल को प्रतिवेदन, मानव अधिकार र युवा अधिकारको क्षेत्रमा काम गर्ने संस्थाहरुको प्रतिबेदन</td><td>युवा नीति र विद्यमान कानून तथा नीतिहरुको प्रभावकारी कार्यान्वययन भएमा</td></tr>
<tr><td><u>प्रतिफल ३ः</u><br>स्थानीय तहका सवै राजनैतिक समिति/ संयन्त्रहरुमा युवा सहभागिता ४० प्रतिशत पुगेको हुनेछ ।</td><td>
<table>
<tr><th rowspan="2">सूचकको क्षेत्र</th><th colspan="6">आ.व.</th></tr>
<tr><th>०७०/७१</th><th>०७२/७३</th><th>०७३/७४</th><th>०७४/७५</th><th>०७५/७६</th><th>०७६/७७</th></tr>
<tr><td>राजनैतिक दलहरुको स्थानीय तहका संयन्त्रहरुमा युवाको प्रतिनिधित्व (%)</td><td>१७</td><td>२०</td><td>२५</td><td>३०</td><td>३५</td><td>४०</td></tr>
</table></td><td>स्थानीय निकायहरुको अभिलेख, राजनैतिक दलका स्थानीय तहका अभिलेखहरु</td><td>राजनैतिक दलहरुको नीति तथा प्रतिबद्धता कार्यान्वयन भएमा</td></tr>
</table>

| प्रतिफल | सूचकको क्षेत्र | आ.व. ०७०/७१ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल ४:** बैदेशिक रोजगारमा जाने युवाहरुको अवस्था भरपर्दो, सुरक्षित र मर्यादित भएको हुनेछ। | बैदेशिक रोजगारको सूचनामा युवाको पहुँच। *(जिल्लामा सुचना केन्द्रको संख्या)* | १ | १ | २ | ३ | ३ | ३ | बैदेशिक रोजगार विभाग, बैदेशिक रोजगार प्रबर्द्धन बोर्ड, जिल्ला प्रशासन कार्यालय, जिबिस, संघसंस्था हरुको प्रतिबेदन | सरकारी नीति तथा कार्यक्रमको व्यवस्था भई प्रभावकारी कार्यान्वयन भएमा |
| | जिल्लामा नै तालिम लिन पाउने व्यवस्था (तालिम लिने संख्या) | ५० | १५० | २५० | ५०० | ७५० | १००० | | |
| | स्थानीय स्तरमा सचेतनामूलक कार्यक्रम (हाते पुस्तिकाको उपलब्धता) वटा | २ | १५ | १५ | १५ | १५ | १५ | | |
| **प्रतिफल ५ युवा** संजालको संस्थागत विकास भै स्थानीय तहका सबै संयन्त्रहरुमा युवाहरुको सार्थक प्रतिनिधित्व भएको हुनेछ। | युवा संजाल गठन र संस्थागत विकास (संख्या) | ३२ | ४३ | ४३ | ४३ | ४३ | ४३ | जिल्ला प्रोफाइल र युवा संजालको प्रतिवेदन | बजेट र कार्यक्रम स्वीकृत भएमा |
| | संस्थागत विकास एवं नेतृत्व विकास तालिम प्राप्त युवा (जना) | ३२० | ४३० | ६४५ | १००० | १५०० | २००० | | |
| | संस्थागत प्रतिनिधित्व (संस्था संख्या) | १० | ७० | १३० | २७० | ३५० | ५०० | | |
| **प्रतिफल ६** दूर्व्यसनमा लाग्ने युवाहरु पुनर्स्थापीत भई आयआर्जनमा संलग्न हुनेछन्। | पुनस्थापन केन्द्र स्थापना र संचालन (वटा) | ० | ० | १ | १ | १ | १ | सम्बन्धित निकायहरुको वार्षिक प्रगति प्रतिवेदन | सम्बन्धित निकायबाट कार्यक्रमको प्रभावकारी कार्यान्वयन। |
| | आयआर्जनमा संलग्न पुनर्स्थापित युवा (जना) | ० | २ | ५ | २० | ५० | १०० | | |
| **प्रतिफल ७:** जिल्लामा युवा विकास कोषको स्थापना भई संचालन भएको हुनेछ। | कोषको स्थापना र संचालन व्यवस्था | ० | ० | १ | निरन्तर | निरन्तर | निरन्तर | कोषको संरचना, बैंक खाता र कोष परिचालनको प्रतिवेदन। | बजेट तथा कार्यक्रम भएमा |

## युवा विकास सम्वन्धि कार्यनितिहरु

- स्थानीय शासनका सबै तह र प्रक्रियामा युवा वर्गको प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।
- युवा वर्गको आर्थिक, सामाजिक, राजनैतिक तथा सांस्कृतिक विकासका लागि सरकारी, निजी एवम् गैरसरकारी क्षेत्रसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- युवा सशक्तिकरण, क्षमता अभिबृद्धी, रोजगारी तथा चेतनामूलक कार्यक्रमहरु अभियानकै रुपमा सञ्चालन गरिनेछ ।
- युवा साझेदारी कार्यक्रममा लक्षित वर्गका युवाहरुको सहज पहुंचका लागि निर्देशिका तथा कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गरिनेछ ।
- सरकारी तथा गैर सरकारी क्षेत्र, स्थानीय निकाय, संघ-संस्था र नीजि क्षेत्रमा उपलव्ध रोजगारीमा लक्षित वर्गका युवाहरुलाई प्राथमिकता दिन जोड दिईनेछ ।
- युवा उत्तरदायी वजेट र कार्यक्रम तर्जुमा एवं संचालन गर्ने परिपाटीको थालनीका लागि युवा तथा खेलकुंद मन्त्रालय मार्फत नेपाल सरकारमा अनुरोध गरिनेछ ।

## ४.३ वन, वातावरण र विपद् व्यवस्थापन

भू-भागमा विस्तारित भएको यस जिल्लाको वन व्यवस्थापनका लागि क्षेत्रगत विभिन्न आवधिक योजनाहरु मार्फत विगत वर्ष देखि नै
ाएको छ । जिल्लाको वन व्यवस्थापन गर्ने निकायका जीर्ण र सिमित भौतिक संरचना र पूर्वाधारका बावजुद जिल्लामा एक जिल्ला वन
ार्यालय-३ र ईलाका वन कार्यालय-१५ विभिन्न भौगोलिकतामा रहेका छन् । हालसम्म गठित ३२६ वटा सामुदायिक वन उपभोक्ता
जल्लाको ७४,५१३.७१ हेक्टर (६१.७३%) वन क्षेत्र व्यवस्थित गर्ने ५७,२९० घरधुरीका २,८६,८०८ जनसंख्या लाभान्वित भएका छन् ।
ान व्यवस्थापन पद्धति मार्फत सामुदायिक वनहरुको सरदर २८८.५७ हेक्टर वन क्षेत्र र प्रति समूह १७६ घरधुरी रहेकोमा, प्रति घरधुरी
ईन्छ । यसरी परिचालित रहेका सामुदायिक वन उपभोक्ता समूहहरु मार्फत साल बसाली रु १५ करोड भन्दा बढीको आम्दानी तथा सो
भन्दा बढी स्थानीय रुपमा परिचालन गर्ने गरी विकास निर्माण कार्यमा स्थानीय स्वायत्तता प्राप्त भएको छ ।

समष्टिगत उद्देश्य

| | सूचक | | | | पुष्ट्याईंका आधार | पूर्वानुमान |
|---|---|---|---|---|---|---|
| | सूचक क्षेत्र | इकाई | आधाररेखा (०७०/७१) | लक्ष्य (०७६/७७) | | |
| | वन क्षेत्रफल | हेक्टर. | १६३००० | १६३५०० | • आजिवियोको अन्तिम मूल्याङ्कन<br>• विषयगत कार्यालयको वार्षिक प्रतिवेदन<br>• अध्ययन सर्वेक्षण प्रतिवेदन | ▪ सरकार, विकास साझेदार, गैसस र निजी क्षेत्रको लगानीमा वृद्धि हुनेछ ।<br>▪ समयानुकूल नीति, नियम र कार्यक्रम परिवर्तन हुनेछ । |
| ा | वनबाट प्राप्त राजश्व | हजारमा | ४६००० | ५०००० | | |
| | जलाधार संरक्षण | स्थान/हेक्टर | २९/९० | १००/२०० | | |
| | वातावरणमैत्री गाविस/नपा | वटा | ० | १५ | | |

चकहरु

| सूचक | पुष्ट्याईंको आधार | जोखिम पक्ष |
|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| मौजुदा वन क्षेत्रको संरक्षण, सम्बर्द्धन र दिगो व्यवस्थापनका साथै जैविक विविधताको विवेकपूर्ण उपयोग मार्फत जिल्लाबासीको समृद्धिमा योगदान गर्ने । | दीगो व्यवस्थापन मार्फत आपूर्ति व्यवस्था निरन्तर र सहज भएको हुनेछ । | | | | | | | सहज, वनको क्षेत्रको बृद्धि, खाली स्थानमा हरियाली विस्तार, वनजन्य रोजगारी । | व्यवस्थापन अभ्यास र विद्यमान नीतिको निरन्तरता |
| | **सूचकहरु** | २०७०/७१ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | | |
| | वन क्षेत्रको पहिचान र वैज्ञानिक वन व्यवस्थापन लागु (१०००हे.) | ० | ५० २०० | १०० २०० | १५० २०० | २०० २०० | २५० २०० | | |
| | समुदायस्तरमा कृषि वन प्रणालीको प्रभावकारीतामा वृद्धि (हे.) | ३२ | ५० | ७५ | १०० | २०० | ३०० | | |
| | व्यवस्थित घुम्ती चरिचरणको व्यवस्था हे.) | NA | १० | २० | ४० | ५० | १०० | | |
| | वनजन्य कच्चा पदार्थको प्रशोधनका लागी उद्योग स्थापना (संख्या) ४० | NA | २ | ५ | ८ | १० | १५ | | |
| **प्रतिफल १.** दीगो तथा वैज्ञानिक वन व्यवस्थापन मार्फत वनको उत्पादकत्व र हैसियतमा सुधार भई अतिक्रमित तथा नदी उकास क्षेत्रमा हरियाली वृद्धि भएको हुनेछ । | **सूचकहरु** | २०७०/७१ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | पुष्टयाईंको आधार | जोखिम पक्ष |
| | बिरुवा वितरण (संख्या) | १ लाख | २ लाख | २ लाख | २ लाख | २ लाख | २ लाख | जिल्ला वन कार्यालयको अभिलेख | सरकारी सहयोग निरन्तर रहेमा र समुदायको सरोकार रहेमा । |
| | सम्बर्द्धित वनको क्षेत्रफल विस्तार (हे.) | १०० | २००० | २००० | २००० | २००० | २००० | | |
| **प्रतिफल २:** काठ दाउराको आपुर्ति सहज हूनूका साथ वनमा आधारित रोजगारी र उद्यम विकास भई आयआर्जन बढेको हूनेछ | सामुदायिक वन र राष्ट्रियवन बाट उत्पादन हूने वन पैदावार ( प्रतिशतमा वृद्धि) | १ | १.०५ | १.१ | १.१५ | १.२ | १.२५ | | |
| | उद्यमको संख्यामा वृद्धि (संख्या) | १ | १ | १ | १ | १ | १ | | |
| **प्रतिफल ३:** वन क्षेत्रमा सुशासन स्थापित भएको हुनेछ । | उजुरीको संख्यामा कमी (प्रतिशतमा झार्ने) | १०० | ७५ | ६० | ५० | ४० | ३० | | |
| | वन ऐन तथा नियमहरुमा संसोधन (प्रतिशत) | ४० | ५० | ६० | ८० | ९० | १०० | जि.व.का. को वार्षिक प्रगति प्रतिवेदन, जिल्ला वस्तुगत प्रोफाईल । | |
| | वन संरक्षणका लागि रणनीतिक योजनाको कार्यान्वयन (प्रतिशत) | ५० | ६० | ७० | ८० | ९० | १०० | | |
| **प्रतिफल ४:** सामुदायिक वन क्षेत्रमा विरुवा रोपण कार्य हुनेछ । | संचालन हूने नर्सरी | NA | ६ लाख | ६ लाख | ६ लाख | ६ लाख | ६ लाख | | |
| | अनुगमन प्रतिवेदन | NA | २ लाख | २ लाख | २ लाख | २ लाख | २ लाख | | |
| **प्रतिफल ५:** चुरेक्षेत्रको जोखिमहरु न्यूनीकरण भएको हुनेछ | वन डढेलो न्यून, भूक्षय न्यून | NA | प्याकेज | प्याकेज | प्याकेज | प्याकेज | प्याकेज | | |
| | चरिचरण मुक्त गा.वि.स.र न.पा.संख्या | NA | ४ | ४ | ४ | ४ | ४ | | |
| **प्रतिफल ६:** | जैविक विविधता संरक्षण सम्वन्धी | NA | १ वटा | १ वटा | २ वटा | १ वटा | १ वटा | जि.व.का.को वार्षिक | सरकारी |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वन क्षेत्रको व्यवस्थापनबाट जैविक विविधता संरक्षण भएको हुनेछ । | योजना संख्या ५ | | | | | | | प्रगति प्रतिवेदन जिल्ला वस्तुगत प्रोफाईल । | सहयोग निरन्तर रहेमा र समुदायको सरोकार रहेमा । |
| | जैविक विविधता संरक्षण सामुदायिक वन उपभोक्ता समूह गठन (संख्या) | ६ | ४ | ४ | ४ | ४ | ४ | | |
| | वन्यजन्तु संरक्षणमा समुदायको संलग्नता (प्रतिशत) | ० | ५० | ५० | ५० | ५० | ५० | | |
| | ताल तलैया संरक्षण तथा सम्वर्द्धनमा समुदायको संलग्नता ( प्रतिशत) | ० | | | | | ८० | | |
| | सामुदायिक वन उपभोक्ता समूह गठन (संख्या) | ५४ | | | | | ५९ | | |
| | हस्तान्तरित सामुदायिक वन क्षेत्र ( हेक्टर) | ५३८० | | | | | ५५८० | | |
| | संलग्न गाविस (संख्या) | २० | | | | | २५ | | |
| | वन व्यवस्थापन सम्वन्धी तालिम प्राप्त समूह संख्या | ५४ | | | | | ६२ | | |
| | उपभोक्ता समूह सदस्य संख्या | १५१४ | | | | | १७१४ | | |
| | वनस्पति प्रजाति (संख्या) | १२२६ | | | | | १२२९ | | |
| | उपलब्ध कुल वन्यजन्तु प्रजाति ( संख्या) | १०२ | | | | | १०३ | | |
| | चराचुरुङ्गी (संख्या) | ४७४ | | | | | ४७७ | | |
| | घस्रने प्राणी (संख्या) | ३९ | | | | | ४० | | |
| | उभयचर प्राणी (संख्या) | २२ | | | | | २२ | | |

**<u>वन विकास सम्वन्धी कार्यनीतिहरु :</u>**

उदयपुर जिल्लाको वन व्यवस्थापन सम्बन्धमा निम्न कार्यनीतिहरु तय गरिएका छन् :

- जिल्लाको दुर्गम र विकट भेगका उपभोक्ताहरु केन्द्रित सा.व.उ.स. गठन, विधान र कार्ययोजना तयारीमा प्राविधिक सहयोग र सहजिकरण गरिने छ ।
- गठित सामुदायिक वन उपभोक्ता समूहहरुको उपलव्ध स्रोत परिचालन गरी संम्भाव्य वन व्यवस्थापन, अनुगमन, मूल्यांकन गरी सुशासनमा सहजिकरण गरिने छ ।
- स्वीकृत विधान र कार्य योजना अनुरुप विधिको शासन लागू गर्न आवश्यक थप कानूनी, नियामक र संरक्षण कार्यमा सहयोगी भै थप सहजिकरण गरिने छ ।
- जिल्लामा संचालित राष्ट्रपति चुरे, तराई, मधेश संरक्षण विकास समिति अन्तर्गत जिल्लाको चुरे क्षेत्रको संरक्षणार्थ संम्वद्ध साझेदार र स्थानीय निकायसंग सहकार्य गरी नदी कटान र भू-क्षय रोकथाम गर्न खुल्ला चरिचरन वन्दगरी बांस, घांस र कांस सहितको नदी तटिय वन पुनर्स्थापित गर्ने कार्यलाई निरंन्तरता दिईने छ ।
- जिल्लाको त्रिवेणी र जोगीदह गा.वि.स.बाट शुरुवात गरिएको वन क्षेत्रलाई खुल्ला चरिचरण र वन डढेलो मुक्त गर्ने गराउने अभियानलाई अन्य गा.वि.स.का सामुदायिक बन क्षेत्रमा समेत विस्तारित गरिनेछ ।
- जिल्लाका १४ पहाडी गा.वि.स.हरुमा शुरु गरिएको गैह्रकाष्ठ प्रजाति तेजपातको विकास र विस्तार गर्ने कार्यको व्यापक माँगलाई सम्वोधन गर्न मध्य पहाडी भेगका २६ गा.वि.स.हरुमा तेजपातका ८ वटा नर्सरीहरुलाई आवश्यक स्थानमा क्रमशः विस्तारित गरिने छ ।
- राष्ट्रिय वन संरक्षणको क्रममा नियामक निकायहरुद्वारा वनको संरक्षण गर्ने क्रममा वन पैदावारको चोरी कटानी र तस्करी लगायत वन तथा वन्यजन्तुको संरक्षणार्थ आवश्यक कानूनी कारवाही, वन जंगलको टुर गस्ती, अनुगमन निरीक्षण गर्ने र वन अतिक्रमणकारीलाई निरुत्साहन गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- यसै क्रममा सरदर हप्ताको यौटा वन मुद्दाको दायरी गरी कानूनी कारवाही गर्ने, वनजन्य अपराध न्यूनीकरणका कार्यमा जोड दिई, विकासका साझेदार संस्थाहरुसंग सुशासन स्थापित गर्न निरंन्तर सहकार्य र सहजिकरण गरिने छ ।
- डालेघांस लगायतका बहु उद्देश्यीय र महत्वपूर्ण प्रजातिका वन विरुवा उत्पादन गरी नीजि लगायत सबै किसिमका वनहरुको विकास र विस्तार गर्ने प्रशस्त संभावना रहेकोमा सालको वनमा प्राकृतिक पुनरुत्पादन संरक्षणका कार्यहरुलाई जोड दिई निजी, नदी उकास र नांगो क्षेत्रमा मात्र वृक्षारोपणका कार्यहरु गरिनेछ ।
- रौतामाई क्षेत्रको १४३० हेक्टर वनलाई संरक्षित वनको रुपमा व्यवस्थापन गरी तल्लो तटीय क्षेत्रमा पानीको स्रोत संरक्षण गरेर पानी, पर्या-पर्यटन, पर्यावरणीय सेवा संरक्षण र विस्तार गरिनेछ ।
- चुरे क्षेत्रका नदी नालामा संभव भएसम्म पानीको बहाव कमगर्ने स-साना क्रमानुगत संरक्षण पोखरी सहकार्यमा निर्माण गरी नदी उकास भई संरक्षणमा आएको क्षेत्रमा नयाँ नदी तटीय वनको विकास गरिनेछ ।
- संभाव्यताको आधारमा यस्ता नदी उकास क्षेत्रमा सिमांतकृत परिवारलाई कबुलियती वनको रुपमा व्यवस्थित गरी आय आर्जन तथा रोजगारका अवसरहर सृजना गरिनेछ ।
- प्राकृतिक विपद बाढी, पहिरो, वन डढेलो र आगलागी जस्ता जोखिम न्यूनीकरण गर्ने कार्यमा कार्यरत स्थानीय साझेदार सरकारी निकाय, प्रहरी, सेना तथा गैह्र सरकारी निकायसंग हातेमालो गरी स्थानीय निकायको साझेदारिमा राहत तथा पुनर्स्थापनाका कार्यक्रमहरु संचालन गरिनेछ ।
- विकास निर्माणका कार्यहरु संचालन गर्दा वन क्षेत्र बाहिर गर्ने, अनाधिकृत अतिक्रमण हुन नदिने, भएको अतिक्रमण क्रमशः हटाईने छ ।

### ४.३.२ भू-संरक्षण कार्यक्रम

जिल्लाको प्राथमिकता प्राप्त जलाधार क्षेत्र एवं चुरे क्षेत्रमा पानी तथा माटो (Water and Sediment yield)को व्यवस्थापन, गल्छी तथा पहिरो रोकथाम तथा उप-जलाधार क्षेत्रमा भूमी उत्पादकत्व संरक्षण गर्दै विकासका पूर्वाधारहरुको संरक्षणद्वारा जलाधार क्षेत्रमा बसोवास गर्ने जनताको जीवनस्तर उकास्ने ध्येयले भू-संरक्षणको कार्यक्रम संचालन हुँदै आएको छ । यस अन्तर्गत संचालित प्रमुख कार्यक्रमहरुमा जलाधार संरक्षण पोखरी निर्माण, खहरे नियन्त्रण, पहिरो रोकथाम, गल्छि रोकथाम, खोला किनार संरक्षण, सडक पाखो संरक्षण, गोरेटो बाटो संरक्षण, सिंचाई कुलो संरक्षण, सेल्टरवेल्ट/ग्रिनबेल्ट, खेतीवारी संरक्षण, डालेघाँस/घाँस रोपण, फलफुल रोपण, क्षतीग्रस्त भूमी पुनरुत्थान, सामुदायिक भू-संरक्षण, पानी मुहान संरक्षण, साझेदारी भू-संरक्षण, चेतना मुलक कार्यक्रम संचालन रहेका छन् । उपरोक्त कार्यक्रमहरु विशेषगरी त्रियुगा उप-जलाधार, तावा उप-जलाधार, तल्लो रसुवा उप-जलाधार, उपल्लो रसुवा उप-जलाधार, गिदेरी उप-जलाधार, लामा खोला उप-जलाधार र चुरे संरक्षण कार्यक्रम (कङ्ग, हडिया, सिवाई उप-जलाधार/नदि प्रणाली र रक्साहा खोला उप-जलाधार) संचालनमा रहेका छन् । यस मध्ये प्राथमिकता प्राप्त उप-जलाधारहरुको विवरण प्राथमिकताको आधारमा देहाय वमोजिम रहेको छ ।

| प्राथकिता नं. | उप-जलाधारहरुको नाम | प्राथकिता नं. | उप-जलाधारहरुको नाम | प्राथकिता नं. | उप-जलाधारहरुको नाम |
|---|---|---|---|---|---|
| १ | लामा खोला | १५ | उपल्लो त्रिजुगा | २९ | बहादुर खोला |
| २ | लोहाले खोला | १६ | बविया खोला | ३० | उपल्लो तावा खोला |
| ३ | सिसवारी धार | १७ | राकुला खोला | ३१ | कङ्ग खोला |
| ४ | खजुरी लालपता | १८ | तल्लो तावा खोला | ३२ | हडिया खोला |
| ५ | कोशी भंगाला | १९ | यारी खोला | ३३ | वेल्सोत खोला |
| ६ | मुक्सार खोला | २० | छतन खोला | ३४ | मतेरी सुनकाशी |
| ७ | ठाडी फर्से | २१ | रसुवा खोला | ३५ | बरुवा खोला |
| ८ | सरस्वती साही | २२ | धिर खोला | ३६ | बैधनाथ खोला |
| ९ | बगाहा भालमान्ती | २३ | ओडरे सुनकाशी | ३७ | गिद्धेरी खोला |
| १० | ज्यामीरे सुनकोशी | २४ | भनारा खोला | ३८ | सरस्वती वलान |
| ११ | कालीखोला | २५ | किसेपा कोशी | ३९ | काली सुनकोशी |
| १२ | सिवाई खोला | २६ | छनौटे सुनकोशी | ४० | देउजोर खोला |
| १३ | ककरु खोला | २७ | सुरन खोला | ४१ | गगन खुटी |
| १४ | द्धार खोला | २८ | बहालु सुनकोशी | | |

## भू-संरक्षण विकास कार्यक्रमका सूचकहरु

<table>
<tr><th>योजनाको सारांश</th><th>सूचक</th><th>पुष्टाईएको आधार</th><th>जोखिम पक्ष</th></tr>
<tr>
<td>विषगत उद्देश्यः एकीकृत भू-संरक्षण तथा जलाधार व्यवस्थापन द्वारा जमीनको उत्पादकत्व बृद्धी गर्दै विकासका पूर्वाधारहरुको संरक्षण र जनताको जिविकोपार्जनमा सुधार गर्ने ।</td>
<td>
<table>
<tr><th rowspan="2">.सूचकका क्षेत्रहरु</th><th rowspan="2">०७०/७१</th><th colspan="5">आ.व.</th></tr>
<tr><th>०७२/७३</th><th>०७३/७४</th><th>०७४/७५</th><th>०७५/७६</th><th>०७६/७७</th></tr>
<tr><td>चुरे क्षेत्रमा एकीकृत नदि प्रणाली व्यवस्थापन भएको संख्या</td><td>१</td><td>२</td><td>२</td><td>२</td><td>२</td><td>२</td></tr>
<tr><td>सहभागितात्मक एकीकृत उप-जलाधार व्यवस्थापन भएको उप-जलाधार संख्या</td><td>४</td><td>४</td><td>४</td><td>४</td><td>४</td><td>४</td></tr>
</table>
</td>
<td>जिल्ला भू-संरक्षण कार्यालयवाट प्रकासित उप-जलाधार व्यवस्थापन योजना तथा बार्षिक Avtivity profile</td>
<td>राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रमले नियमितता पाएको हुनेछ ।</td>
</tr>
<tr>
<td>प्रतिफल १ः उपजलाधार क्षेत्रमा विरुवाले ढाकेको क्षेत्र बृद्धी भएको हुने छ ।</td>
<td>
● भूसंरक्षणको क्षेत्रमा प्रत्येक वर्ष निम्न अनुसार सुधार भएको हुनेछः
<table>
<tr><th rowspan="2">सूचकका क्षेत्रहरु</th><th rowspan="2">०७०/७१</th><th colspan="5">आ.व.</th></tr>
<tr><th>०७२/७३</th><th>०७३/७४</th><th>०७४/७५</th><th>०७५/७६</th><th>०७६/७७</th></tr>
<tr><td>उपचार गरिएको उपजलाधार क्षेत्रमा विरुवाले ढाकेको क्षेत्रफल हे.</td><td>२५</td><td>२५</td><td>२५</td><td>२५</td><td>२५</td><td>२५</td></tr>
<tr><td>संरक्षण खेतीपातीमा संलग्न घरधुरी</td><td>१००</td><td>१००</td><td>१००</td><td>१००</td><td>१००</td><td>१००</td></tr>
<tr><td>गल्छी/पहिरो नियन्त्रण गोटा</td><td>१०</td><td>१०</td><td>१०</td><td>१०</td><td>१०</td><td>१०</td></tr>
<tr><td>नदि किनार संरक्षणकि.मी.</td><td>३</td><td>३</td><td>३</td><td>३</td><td>३</td><td>३</td></tr>
<tr><td>जलाधार संरक्षण पोखरीमा सेडीमेन्ट संकलन वटा</td><td>८</td><td>८</td><td>८</td><td>८</td><td>८</td><td>८</td></tr>
<tr><td>जलाधार संरक्षण पोखरीमा पानी संकलन वटा</td><td>८</td><td>८</td><td>८</td><td>८</td><td>८</td><td>८</td></tr>
</table>
</td>
<td>जिल्ला वन कार्यालय, जिल्ला भू-संरक्षण कार्यालय को वार्षिक प्रगति प्रतिवेदनहरु</td>
<td>मिचाहा प्रजातीको विरुवाले रोपिएको विरुवालाई मिचिने छैन जनताद्वारा भू उपयोग निति अनुशरण हुनेछ । पर्याप्त वजेट उपलव्ध हुने छ ।</td>
</tr>
<tr>
<td>प्रतिफल २ः जलाधार तथा भूसंरक्षण र आयआर्जनका कार्यक्रमहरु समानन्तर रुपमा संचालन गरिएको हुनेछ ।</td>
<td>
<table>
<tr><th rowspan="2">सूचकका क्षेत्रहरु</th><th rowspan="2">ईकाई</th><th rowspan="2">०७०/७१</th><th colspan="5">आ.व.</th></tr>
<tr><th>०७२/७३</th><th>०७३/७४</th><th>०७४/७५</th><th>०७५/७६</th><th>०७६/७७</th></tr>
<tr><td>आयमूलक कार्यक्रममा संलग्न</td><td>घरधुरी</td><td>५०</td><td>५०</td><td>५०</td><td>५०</td><td>५०</td><td>५०</td></tr>
</table>
</td>
<td>जि.भू.सं.का.को अध्ययन रिपोर्ट</td>
<td>भू संरक्षण तथा जधाधार व्यवस्थापन कार्यक्रम राष्ट्रिय प्राथमिकता भित्रै पर्नेछ ।</td>
</tr>
<tr>
<td>प्रतिफलः ३विकास पूर्वाधार संरक्षण तथा भूसंरक्षण मैत्री क्रियाकलापहरु</td>
<td>
आय आर्जनका क्षेत्रमा निम्न अनुसार प्रगति भएको हुनेछः
<table>
<tr><th rowspan="2">सूचकका क्षेत्रहरु</th><th rowspan="2">०७०/७१</th><th colspan="5">आ.व.</th></tr>
<tr><th>०७२/७३</th><th>०७३/७४</th><th>०७४/७५</th><th>०७५/७६</th><th>०७६/७७</th></tr>
<tr><td>विरुवा उत्पादन तथा वितरण (वटा)</td><td>१ लाख</td><td>१ लाख</td><td>१ लाख</td><td>१ लाख</td><td>१ लाख</td><td>१ लाख</td></tr>
</table>
</td>
<td>जि.भू.सं.का.को वार्षिक प्रगति प्रतिवेदन</td>
<td></td>
</tr>
</table>

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| समानन्तर रुपमा संचालन भएका हुनछन् । | अति सम्वेदनशील क्षेत्र उपचार (**प्याकेज** ) | २ | २ | २ | २ | २ | २ | | |
| | गोरेटो एवं सडक पाखो (**कि.मि.**) | ० | १ | १ | १ | १ | १ | | |
| | पानी मुहान संरक्षण (**वटा** ) | ८ | ८ | ८ | ८ | ८ | ८ | | |
| | सिंचाई कुलो सुधार (**कि.मि.**) | ४ | ४ | ४ | ४ | ४ | ४ | | |

*भू-संरक्षण सम्वन्धि कार्यनीतिहरु*

- उपल्लो तटीय क्षेत्रको उचित ब्यवस्थापनमा प्राथमिकता दिने ।
- संरक्षणमुखी क्रियाकलापका लागि स्थानीय समुदायलाई अभिप्रेरित गर्ने ।
- जनसहभागिताद्वारा कार्यक्रम संचालन गर्ने ।
- प्राथमिकता प्राप्त एवं संवेदनशील जलाधार क्षेत्रमा एकीकृत, समन्वयात्मक एवं सघन रुपमा कार्यक्रम संचालन गर्ने ।
- जलाधार क्षेत्रहरुको अवस्था र प्राथमिकताको आधारमा जनसहभागिता जुटाई एकिकृत धारणा अनुरुप कार्यक्रमहरु संचालन गर्ने ।
- जलाधार क्षेत्रलाई नै एकिकृत प्राकृतिक श्रोत संरक्षणको योजना तर्जुमा तथा व्यवस्थापन ईकाइ वनाउने ।
- चुरे क्षेत्रको संवेदशील भौगर्भिक बनौट र यसमा परेको चापको कारणले भावर तथा तराई क्षेत्रको जटील अन्तर सम्वन्धमा देखापरेको नकारात्मक असरलाई दृष्टिगत गरी चुरे क्षेत्रलाई उच्च प्राथमिकता दिई भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम संचालन गर्दै लैजाने ।
- संरक्षण कार्यक्रमलाई उत्पादनशिल, आयमुलक र बजारमुखी ढाँचामा संचालन गर्ने ।
- हरित क्षेत्र (जस्तै-कृषी, पशु विकास, वन, जलश्रोत आदि) को स्थानीय स्तरमा एकिकृत श्रोत व्यवस्थापनमा समन्वयात्मक सेवा प्रदान गर्ने ।
- उपयुक्त प्रविधिको विकास प्रदर्शन, तालिम, गोष्ठि, प्रचार प्रसार आदिको समन्वयद्धारा हरित क्षेत्रमा कार्यमूलक जनचेतना जगाउने र जनसहभागिताको आधारमा कार्यक्रम संचालन गर्ने ।
- नदि/खोला किनारहरुको संरक्षण गरी सम्भाव्य बाढि पहिरोको प्रकोपवाट जमीनलाई बचाउन उपल्लो जलाधारको आधारमा संरक्षणसंग आवद्ध गर्ने ।

### ४.३.३ विपद व्यवस्थापन

भौगोलिक विविधता, कमलो भु-वनोट रहेको चुरे क्षेत्र तथा अत्याधिक खहरे खोला तथा नदिहरुका साथै प्राकृतिक एवं जलवायु परिवर्तन र मानविय कृयाकलापबाट सृजित कारण विभिन्न विपदबाट यो जिल्ला पनि उच्च जोखिममा रहेको छ । यस जिल्लामा खासगरी बाढी, पहिरो, आगलागि, खडेरी, भुकम्प, आँधिबेहेरी , चट्टथाङ जस्ता प्रमुख प्रकोपबाट बिपदजन्य समस्याहरु घट्ने गरेको पाईन्छ । बिगतमा विकास पकृयामा विपद् जोखिम न्युनीकरणका कृयाकलापलाई आबद्ध गरी समन्वयात्मक रुपमा सञ्चालन गर्न नसक्दा पूर्वाधार विकासका योजना तथा कार्यक्रमहरुमा ठुलो क्षति पुगेको देखिन्छ । विपदलाई नियन्त्रण गर्न नसके पनि अल्पिकरण र पुर्व तयारीबाट सम्भाव्य विपदको क्षतिलाई न्युनीकरण गरी जनधनको क्षतिलाई कम गर्न सकिन्छ । विपद जोखीम न्युनीकरण कार्यमा समुदायको सहभागिता, नीजि क्षत्रको समन्वय, विकास साझेदार संस्थाहरुको भुमिकाको प्रवर्धन, पुर्वाधार विकासका योजना र कार्यक्रमहरुलाई जोखिम न्युनीकरणका कार्यक्रमसँग आबद्धता, समुदायमा आधारित पुर्व सूचना प्रणालीको विकास, खोज तथा उद्धार टोलीको क्षमता विकास गर्ने जस्ता कार्यहरु प्रमुख समस्या र चुनौतीको रुपमा रहेका छन् । विपद व्यवस्थापनको समग्र चक्रका कार्यक्रमहरुलाई प्रभावकारी ढंगले सञ्चालन गरी विपदबाट हुन सक्ने जनधनको क्षतिलाई कम गर्न यस आवधिक योजनाले तल उल्लेखित नीति तथा कार्यक्रमको कार्यान्वयनमा जोड दिएको छ । यस प्रकारका कार्यक्रमहरुमा विकास साझेदार संस्था, गै.स.स., एवं सरोकारवाला संस्थाहरुको सकृयता रहने गरी विभिन्न कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयनको लागि कार्यक्षेत्रगत जिम्मेवारी समेत तोकिएको छ ।

## विपद व्यवस्थान क्षेत्रका सूचकहरु

| योजनाको सारांश | सूचकहरु | पुष्ट्याईंको आधार | जोखिम पक्ष |
|---|---|---|---|
| **विषयगत उद्देश्यः** विपद जोखिम न्यूनीकरणका लागि क्षमता विकास गरी पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयन मार्फत क्षतिमा कमी ल्याउने । | • जिल्लाका गाविस र नगरपालिकाहरुमा स्थानीय विपद् जोखिम व्यवस्थापन योजना ।<br>• सामुदायिका विपद् व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकास ।<br>• विपद जोखिमयुक्त स्थानहरुको पहिचान र पूर्व सूचना प्रणालीको स्थापना ।<br>• विपद प्रतिकार्यका लागि खोज तथा उद्धार टोलीको गठन र क्षमता वृद्धि । | LDRMP, तालिमको संख्या र पूर्व सूचना प्रणाली । | बजेट र साधनको उपलव्धता |

**प्रतिफल १**
सरोकारवाला निकायको संस्थागत क्षमताको विकास भई विपद व्यवस्थापन सम्बन्धी नीतिहरुको प्रभावकारी कार्यान्वयन गरेका हुनेछन् ।

| सूचकका क्षेत्रहरु | इकाई | ०७०/७१ | आ.व. | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ |
| स्थानीय विपद व्यवस्थापन समितिको क्षमता सुदृढीकरण | पटक | ५ | ४ | ५ | ५ | ५ | ५ |
| LDRMP को तयारी र कार्यान्वयन | गा.वि.स./न.पा. | १२ | १४ | ५ | ५ | ४ | ३ |
| स्थानीय विपद व्यवस्थापन कोषको स्थापना र संचालन | वटा | २ | १० | २२ | १० | १ | |
| जिल्लास्तरीय विपद व्यवस्थापन तालिम | पटक | ० | १ | १ | १ | १ | १ |
| भवन निर्माण संहिताको पालना गर्ने न. पा र नगरोन्मुख गा.वि..स. | संख्या | | २ | १ | १ | २ | २ |

**प्रतिफल २:**
जिल्लाको विपद व्यवस्थापन योजना तयार भई कार्यान्वयन भएको हुनेछ ।

| सूचकका क्षेत्रहरु | इकाई | ०७०/७१ | आ.व. | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ |
| विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना | वटा | ० | ० | ० | १ | ० | ० |
| जिल्ला विपद जोखिम तथा न्यूनीकरण व्यवस्थापन योजना अद्यावधिक | वटा | ० | ० | ० | ० | ० | १ |

**प्रतिफल ३:**
विपद व्यवस्थापन सम्बन्धी पूर्व सूचना प्रणाली स्थापना गरी विपदको पूर्व सूचना प्राप्त भई भौतिक तथा मानवीय क्षतीमा कमी आएको हुनेछ ।

| सूचकका क्षेत्रहरु | इकाई | ०७०/७१ | आ.व. | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ |
| पुर्व सूचना प्रणालीको स्थापना | स्थान/वटा | २ | २ | २ | १ | १ | १ |
| समुदायमा पूर्व सूचना प्रणाली संचालन क्षमता विकास | जना | १० | ५ | १० | १० | १० | १० |

**प्रतिफल ४:**

विपद प्रतिकार्यका लागि खोज तथा उद्धार समूह गठन भई क्षमता विकास भएको हुनेछ ।

| सूचकका क्षेत्रहरु | इकाई | ०७०/७१ | आ.व. | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ |
| जिल्ला तहमा सामान्य खोज तथा उद्धार टोलीको सुदृढीकरण तालिम | पटक | ० | १ | १ | १ | १ | १ |
| समुदायस्तरमा खोज तथा उद्धार टोली निर्माण | वटा | ० | ५ | ५ | ६ | ६ | ५ |
| जिल्ला आपत्कालिन संचालन केन्द्र (DEOC) | | ० | ० | १ | ० | ० | |
| विपद पूर्वभ्यास कार्यक्रम (Simulation Exercise) | पटक | ० | १ | १ | १ | १ | १ |
| दमकल व्यवस्थापन | | १ | १ | ० | १ | ० | १ |
| लाईफ ज्याकेट व्यवस्था | | ० | २०० | ७० | ६५ | ८० | ९५ |
| रवर वोटको व्यवस्था | | ० | १ | ५ | ६ | ३ | ४ |
| गोदाम घर निर्माण | वटा | १ | ० | ० | १ | ० | ० |

**प्रतिफल ५.**

विपद उत्थानशील समुदायको निर्माण भएको हुनेछ ।

| सूचकका क्षेत्रहरु | ०७०/७१ | आ.व. | | | | |
|---|---|---|---|---|---|---|
| | | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ |
| समुदायमा आधारित विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रम | NA | १ | २ | ३ | ५ | ५ |
| विपद व्यवस्थापन कोषको स्थापना | NA | ० | १ | ० | ० | ० |
| सुरक्षावास निर्माण | NA | ० | १ | २ | ३ | २ |
| विद्यालयमा विपद जोखिम ल्यूनीकरण सम्वन्धि सचेतनामूलक कार्यक्रम र संदेशमूलक सामग्री वितरण | NA | ५ | ६ | ७ | ७ | ७ |

*विपद व्यवस्थान क्षेत्रका कार्यनीतिहरु*

- विद्यालय, अस्पताल, स्वास्थ चौकी, सरकारी कार्यालय लगायत जुनसुकै भवन निर्माण गर्दा वहुप्रकोपीय जोखिम न्यूनीकरणका उपायको अनिवार्य अवलम्वन गर्ने व्यवस्था मिलाईनेछ ।
- सहरी तथा नगरोन्मूख क्षेत्रमा अनिवार्य रुपमा भवन संहिताको पालना गर्ने गराउने ब्यवस्था मिलाई न्यून जोखिम र विपदमैत्री पूर्वाधार निर्माण गर्न जोड दिईनेछ ।
- विपद व्यस्थापनको क्षेत्रमा जिल्लामा कार्य गर्ने सरकारी निकाय, रेडक्रस, विकास साझेदार सस्था, गैरसरकारी तथा नीजि क्षेत्रहरु वीचको आपसी  समन्वय र सहकार्य स्थापित गरिनेछ ।
- औपचारिक शिक्षा तथा सामाजिक परिचालनको माध्यमबाट विपद जोखिम न्यूनीकरणको विषयमा सर्वसाधारणहरुमा व्यापक जनचेतना अभिवृद्धि गरिनेछ ।
- गाविसहरुको अगुवाईमा गाविस स्तरीय विपद ब्यस्थापन समितिको गठन र संस्थागत विकास गरी गाविस स्तरीय जोखिम अल्पीकरण, पूर्व तयारी, प्रतिकार्य तथा पूनर्लाभ जस्ता विपद व्यवस्थापनका सवै चरणहरुमा गाविस स्तरीय समितिको नेतृत्वदायी भूमिका स्थापित गर्न पहल गरिने छ ।
- जोखिम अल्पीकरण, पूर्व तयारी, प्रतिकार्यमा सहयोगका लागि गाविस तथा जिल्ला स्तरमा विपद व्यवस्थापन कोष स्थापना गरिनेछ ।
- विपद व्यवस्थापन प्रक्रियासँग सम्बन्धित सम्पूर्ण कार्यहरुमा महिला, वालवालिका, अपाङ्गता भएका व्यक्ति, वृद्धवृद्धा लगायत उच्च जोखिममा रहेका वर्गको हितलाई सुनिश्चित गर्ने व्यवस्था मिलाइनेछ ।
- आपतकालिन अवस्थामा न्यूनतम यौन तथा प्रजनन स्वास्थ्य सेवा (Minimum Initial Service Package - MISP) प्राप्त हुने सुनिश्चित ब्यवस्था मिलाईनेछ ।
- जिल्लामा संचालन गरिने विपद ब्यवस्थापन सम्बन्धी कार्यक्रमहरु एकद्धार प्रणाली (One-door system) को अवधारणा अनुरुप संचालन गरिनेछ ।
- विपद् सम्बन्धी तथ्य, तथ्याङ्कहरुलाई व्यवस्थित गर्न एकिकृत सूचना केन्द्रको विकास गर्दै योजना, कार्यान्वयन तथा अनुगमनसम्मका सबै चक्रहरुमा विपदका कारण हुन सक्ने क्षतिको भौतिक तथा आर्थिक मूल्य समेतको विश्लेषण गर्ने पद्धतिलाई संस्थागत गर्दै लगिनेछ ।
- भौतिक पूर्वाधार (सडक, खानेपानी, सिंचाई, भवन निर्माण आदि) निर्माण सम्बन्धी योजना सञ्चालन गर्दा वातावरण संरक्षण तथा जोखिम न्यूनीकरणका लागि आवश्यक बजेट सम्वन्धित योजनाको लागतमै अनिवार्यरुपमा समावेश गर्ने नीति अबलम्बन गरिनेछ ।
- एक करोडभन्दा बढी लागतका आयोजनाहरू सञ्चालन गर्दा प्रभावित क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षणलाई अनिवार्य गरिनेछ ।
- सवै गाविसमा विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- रु दश लाख भन्दा माथिका पूर्वाधार विकास योजनाहरूमा वातावरणीय व्यवस्थापन योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- विपद व्यवस्थापनका लागि विकास साझेदारहरूको सहयोगमा  परिचालन गर्दै  खोज तथा उद्धार टोलीको क्षमता विकास गरी जिल्ला तथा  स्थानीयस्तरमा विपद प्रतिकार्यलाई प्रभावकारी बनाइनेछ ।
- विपद सम्बन्धी सूचनाहरूलाई एकिकृतरुपमा संकलन, प्रशोधन र भण्डारण गरी विपद जोखिम व्यवस्थापनका लागि उपयोगमा ल्याइनेछ ।
- विपद व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि मार्फत् व्यक्तिगत, पारिवारिक तथा सामुदायिक पूर्वतयारीमा जोड दिइनेछ ।
- सबै सरोकारवालाको सहभागितामा समन्वयात्मक रुपमा एकद्वार प्रणालीबाट विपद जोखिम व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सबै गाविसहरुमा विपद व्यवस्थापन कोष स्थापना गरी आकस्मिक प्रतिकार्य (Emergency Response) गर्ने गाविसहरूको क्षमता अभिवृद्धि गरिनेछ ।
- विपद व्यवस्थापनमा क्रियाशिल संघसंस्थाहरूबीच समन्वय गरी योजना कार्यान्वयनमा विकास साझेदारहरूको सहयोग जुटाई नपुग रकम परिचालन गरिनेछ ।

### ४.३.४ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन

यस जिल्लाको करिव ६२ प्रतिशत भूभाग चुरे संरक्षित क्षेत्रभित्र परेको छ। चुरे क्षेत्रवाट बग्ने नदीनाला तथा खहरे खोलाहरु वाट वर्सेनी ठूलो परिमाणमा नदीजन्य सामाग्रीहरु जिल्लाको समतल भूभागमा थुप्रने गरेको छ। जसले खेतीयोग्य जमिनको उत्पादनमा क्रमशः ह्रास हुँदै गएको छ भने वस्तीहरु वाढी तथा पहिरोको जोखिममा रहेको छन। वन जंगलको विनास चुरे क्षेत्रको बढदो दोहन तथा क्षयिकरणवाट यस क्षेत्रका नदी तथा खोलाहरुमा पानीको मात्रा घटदै जाने, खानेपानीको मुहान सुक्ने जस्ता समस्या र चुनौतीहरु रहेका छन। भू तथा जलाधार क्षेत्रको संरक्षण गर्दै चुरे क्षेत्रको उचित संरक्षण र व्यवस्थापन एवं जलवायु परिवर्तनवाट पर्न जाने असरलाई न्यूनीकरण गर्ने कार्यलाई प्राथमिकता दिनु आवश्यक रहेको छ। जलवायु परिवर्तनका कारण वातावरण क्षेत्रमा पर्ने असरलाई न्यूनीकरण गर्न समुदायमा आधारित वातावरण संरक्षण र जलवायु परिवर्तन अनुकूलता कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ।

यस्ता समस्याहरु सम्बोधन गर्न यस आवधिक योजनामा वातावरण संरक्षण र जलवायुपरिवर्तन अनुकूलनका कार्यक्रमहरु खास गरी कृषि तथा तरकारी खेतीको दीगो विकासका कार्यहरु संचालन गरिनेछ। यस्तै चुरे क्षेत्र संरक्षण कार्यक्रम, भू तथा जलाधार व्यवस्थापन कार्यक्रम, वातावरणमैत्री स्थानीय कार्यक्रमहरुलाई जोड दिइएको छ। प्लाष्टीक झोलाहरुको प्रयोगलाई न्यूनीकरण गर्दै फोहोरमैलाको उचित व्यवस्थापन मा समुदायको परिचालन गर्ने, शौचालयको प्रयोग र पूर्ण सरसफाईका कार्यक्रमहरुलाई प्रवर्द्धन गर्दै जाने एवं विकास प्रक्रियामा वातावरण व्यवस्थापन जोखिम न्यूनीकरणका कार्यक्रमलाई समेटी विकास प्रक्रियालाई वातावरणमैत्री बनाउदै जाने कार्यलाई जोड दिइएको छ।

## वातावरण व्यवस्थापन तथा जलवायू परिवर्तनका सूचकहरु

| विवरणात्मक संक्षेप | सुचकहरु | | | | | | | | पुष्ट्याईका आधारहरु | जोखिम तथा मान्यताहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **उद्देश्य १:** जिल्लालाई वातावरण मैत्री बनाउन जलवायू परिवर्तन, जोखिम न्यूनीकरण तथा विपद व्यवस्थापनका लागि समुदायको क्षमता विकास गर्ने । | सूचकहरु | इकाई | ०७०/७१ | ०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | DPRP (२०७०) सुरक्षा निकाय र स्थानीय समुदाय सहित | |
| | जोखिमयुक्त क्षेत्रहरु (गाविस तथा न.पा.हरु) को संख्या पहिचान । | संख्या | | ४० | ४० | ४० | ४० | ४० | | |
| | खोज तथा उद्धारका लागि तालिम प्राप्त जनशक्ति/स्वयंसेवकहरु तयार (संख्या) | संख्या | १०५ | १४५ | २०० | २५० | ३०० | ४०० | | |
| | स्थानीय निकायहरुमा राहत कोषको स्थापना भएको हुने (संख्या) | संख्या | १० | १० | ३० | ४० | ४० | ४० | | |
| | मापदण्ड अनुसार उद्योग, कालकरखानाहरुको संचालन (प्रतिशत) | प्रतिशत | ० | २० | ४० | ६० | ७० | ८० | | |
| **प्रतिफल १:** जलवायु परिवर्तनको वारेमा स्थानीय स्तरमा सचेतना अभिबृद्धि भएको हुनेछ । | समुदायस्तरमा वातावरण संरक्षण र जलवायु अनुकुलन योजना CAPA तयार । | गाविस संख्या | ० | ३ | ७ | १० | १५ | २० | स्थानीय योजना पुस्तिका | स्थानीय निकायहरुको सक्रियता |
| | समुदाय स्तरमा वातावरणमैत्री योजनाहरु EFLG तर्जुमा र कार्यान्वयन । | गाविस संख्या | ० | ५ गाविस | १० गाविस | १५ | २० | २५ गाविस | | |
| **प्रतिफल नं २ :** वातावरण संरक्षणमा जिल्ला र समुदायको क्षमता अभिवृद्धि भएको हुनेछ । | सूचकहरु | | ०७०/७१ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | जिल्ला वन कार्यालय, दैवी प्रकोप उद्धार समिति र नेपाल रेडक्रस सोसाईटीको वार्षिक प्रतिवेदन | सरकारी तथा दातृ निकायको सहयोगमा निरन्तरता । |
| | नपा र गाविसहरुमा तयार भएका जलवायू परिवर्तन अनुकुलन योजना | संख्या | २ | ६ | १५ | २५ | ३५ | ४० | | |
| | विद्यालय र समुदायस्तरमा जलवायू परिवर्तन बारेमा जनचेतनामूलक गतिविधि संचालन | पटक | ३७ | ४० | ४५ | ५० | ५० | ५० | | |
| | नदी र खोलानालाको कटान क्षेत्रमा तटबन्ध निर्माण (किमि.) | कि.मी. | १० | ५ | ५ | ५ | ५ | ५ | | |
| **प्रतिफल नं. ३:** गाँउ घर नगर स्वच्छ सफा भएका हुनेछन । | सूचकहरु | | ०७०/७१ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | जि.व.का. को वार्षिक प्रगति प्रतिवेदन, नेपाल रेडक्रस | सरकारी तथा दातृ निकायहरु को सहयोग निरन्तर रहेमा । |
| | एक घर एक चर्पी निर्माण भएको हुनेछ | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | खुल्ला दिशा मुक्त घोषणा भएका गाविसहरु | संख्या | २५ | ४० | ४० | | | | | |
| | सुधारिएको चुलोहरु निर्माण भई प्रयोगमा | प्रतिशत | १85 | २० | २५ | ३५ | ५० | ७५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आएका घरधुरी | | | | | | | | सोसाईटीको प्रतिवेदन | |
| | फोहर व्यवस्थापन भई डम्पीडसाइडको निर्माण भएका नगरपालिका तथा नगरोन्मुख गाविस | प्रतिशत | ३३ | ६६ | १०० | १०० | १०० | १०० | | |
| | वातावरणबाट हुने स्वास्थ्य समस्यामा न्यूनीकरण | प्रतिशत | १५ | २० | ३० | ४० | ६० | ८० | | |
| **प्रतिफल नं. ४:** | **सूचकहरु** | **इकाई** | **०७१/७२** | **०७२/७३** | **०७३/७४** | **०७४/७५** | **०७५/७६** | **०७६/७७** | | |
| हरित गृह ग्यास उत्र्सनमा कमी भएको हुनेछ। | कृषि वन, नीजी र सामुदायिक वनको खाली क्षेत्रमा वृक्षरोपण | हे. | ५८ | १०० | २०० | ३०० | ४०० | ५०० | | |

## जलवायु परिवर्तन सम्बन्धी कार्यनीतिहरु

- भौतिक पूर्वाधार (सडक, खानेपानी, सिंचाई, भवन निर्माण आदि) निर्माणका योजना सञ्चालन गर्दा वातावरण संरक्षण तथा जलवायु परिवर्तन अनुकुलनका लागि आवश्यक बजेट सम्वन्धित योजनाको लागतमै अनिवार्य रुपमा समावेश गर्ने नीति अबलम्बन गरिनेछ ।
- जलवायु परिवर्तन अनुकुलन कार्ययोजना मार्फत योजना कार्यान्वयन गरी गरिव निवारणमा योगदान पुऱ्याईने छ ।
- जनस्तरमा वातावरणीय चेतना र सावधानी जगाउने कार्यक्रम संचालन गरिने छ ।
- वातावरणमैत्री तथा जलवायु परिवर्तन अनुकूलन हुने खालका पूर्वाधार विकासमा जोड दिईने छ ।
- जोखिमयुक्त फोहोर व्यवस्थापनका लागि स्थानीय स्तरबाटै सम्बन्धित निकायहरुसंग समन्वय गरी कार्यक्रम अगाडि बढाईने छ ।
- वातावरण संरक्षण ऐन, २०५३ तथा नियमावली, २०५४ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्यांकन (EIA) लाई सवै विकास योजनाहरुमा अनिवार्य गरिनेछ ।
- स्थानीय स्वायत्त साशन ऐन, २०५५ को दफा १११ अनुसारका सरोकारवाला सवैलाई उक्त प्रावधान अनिवार्य लागू गर्ने व्यवस्था मिलाईने छ ।
- स्थानीय योजना तर्जुमा गर्दा वातावरण संरक्षण एवं प्रदुषण नियन्त्रणका कार्यक्रमहरु एकिकरण गरी तयार गरिनेछ ।

## ४.४ भौतिक तथा पूर्वाधार विकास

भौतिक पूर्वाधार विकास जिल्लाको समग्र आर्थिक तथा सामाजिक विकासको मेरुदण्ड हो । विकासको अवस्थालाई सजिलै महसुस गर्ने, देख्न सकिने र त्यसलाई सहज उपयोग गर्न सकिने अवस्थाको सिर्जना पूर्वाधार विकासवाट मात्र संभव रहन्छ । स्थानीय पूर्वाधार  विकासका क्षेत्र भित्र समयानूसार विभिन्न विषयगत क्षेत्रहरु  सडक तथा यातायात, सिंचाई, खानेपानी, भवन निर्माण, ढल निर्माण, विद्युत तथा उर्जा , सूचना तथा संचार, आवास तथा सहरी विकास जस्ता विषयहरु समेटिएको हुन्छ । सडक तथा पुल, कल्भर्ट, खानेपानी, सिंचाई, विद्युत्, सूचना तथा सञ्चार प्रणाली आदि आर्थिक तथा सामाजिक क्षेत्रसंग प्रत्यक्ष रुपमा जोडिएका हुन्छन, जस्लाई समेटेर जिल्लाको पूर्वाधार क्षेत्रको योजना तर्जुमा गरिएको छ । जिल्लामा भौतिक पूर्वाधारको समग्र विकासका लागि स्थानीय निकायको भूमिका नेतृत्वदायी रहेको छ, सोको  व्यवस्था स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले साना पूर्वाधार विकासमा स्थानीय निकायहरुको भूमिकालाई औंल्याएको छ । स्थानीय तहमा आवश्यक पूर्वाधारहरूको निर्माण तथा मर्मत संभारमा सहजीकरण गर्न स्थानीय पूर्वाधार विकास नीति, २०६१ समेत कार्यान्वयनमा ल्याइएको छ ।

जिल्लामा विगतमा निर्माण गरेका तथा निर्माणाधिन रहेका सिंचाई योजनाहरुलाई निरन्तरता दिदै हालसम्म सतह सिंचाइ सम्बन्धी गतिविधि संचालन गर्दै आएको छ । यसका साथै साना सिंचाई तथा मझौला सिंचाइ आयोजना (Medium Irrigation Project-MIP), समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना (Community Managed Agriculture Sector Irrigation Project - CMIASP), नयाँ प्रविधिमा आधारित सिंचाइ आयोजना (NITP) तथा मर्मत सम्भार आयोजनाहरु (FMIS) तथा कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । यस जिल्लामा ४९५५ हेक्टर क्षेत्रफल सिंचाइ योग्य जमिन रहकोमा हाल १७६३.०८ हेक्टर अर्थात् ३५ प्रतिशत क्षेत्रफलमा सिंचाइ सुविधा उपलब्ध भएको छ । आगामी पञ्चवर्षिय योजनामा ४४३० हेक्टर क्षेत्रफल (८९ प्रतिशत) मा सिंचाइ सुविधा पुग्ने लक्ष्य लिइएको छ ।

जिल्लाका सवै क्षेत्रमा विद्युत सेवा पुऱ्याउन सकिएको छैन । हाल कुल जनसंख्याको करिव ४० प्रतिशत जनसंख्यालाई विद्युत सेवा पुगेकोछ । यस योजनाको अन्तसम्मा विद्युत सेवाको विस्तार तथा वैपल्पिक उर्जाको प्रयोग मार्फत करीव ५० प्रतिशत घरघुरीमा विद्युत सेवा सुविधा पुऱ्याउने लक्ष्य राखिएको छ । योजना अवधिमा खानेपानीको सुविधा नपुगेका क्षेत्रमा खानेपानी सेवा पुऱ्यागने लक्ष्य राखिएको छ भने आवास तथा वस्ति विकास योजना निर्माण गरी कार्यान्वयन गरिनेछ । सूचना तथा संचारको विकासका लागि नयाँ प्रविधिहरुको प्रयोगलाई जोड दिदै टेलिफोन सेवा नपुगेका क्षेत्रमा टेलिफोन सेवाको विस्तार गर्दै लानु आवश्यक देखिएको छ । सूचना, संचार र नयाँ प्रविधिको उपयोग गर्दै सेवा प्रवाहलाई सरल र पारदर्शी वनाई सुशासन

प्रवर्द्धन गर्न संस्थागत क्षमता र दक्षता अभिवृद्धि आवश्यक छ । जिल्लाको समग्र भौतिक पूर्वाधार क्षेत्रको विकासका लागि देहाय बमोजिमका उपक्षेत्र अनुसार नीति, कार्यनीति, सूचक एवम् कार्यनीतिहरु प्रस्तुत गरिएको छः।

## पूर्वाधार विकासको समष्टिगत उद्देश्य

| योजना साराँश | सूचक | | | | पुष्ट्याईंका आधार | पूर्वानुमान |
|---|---|---|---|---|---|---|
| | सूचक क्षेत्र | इकाई | आधाररेखा (०७०/७१) | लक्ष्य (०७६/७७) | | |
| **<u>विषयगत उद्देश्य</u>**<br>यातायात, विद्युत, सिंचाई, बजार र अन्य पूर्वाधार विकास तथा सेवा सुविधामा पहुँच, गुणस्तर र उपयोगमा वृद्धि गरी जीवनयापन सहज र गुणस्तरीय बनाउने। । | गाविस केन्द्रसम्म मोटरबाटो | वटा | ३५ | ४४ | • आजिवियोको अन्तिम मूल्याङ्कन<br>• विषयगत कार्यालयहरुको वार्षिक प्रतिवेदन<br>• अध्ययन सर्वेक्षण प्रतिवेदन | ▪ सरकार, विकास साझेदार, गैसस र निजी क्षेत्रको लगानीमा वृद्धि हुनेछ<br>▪ नीति, नियम तथा कार्यक्रममा समयानुकूल पचिवर्तन हुनेछ। |
| | बजार केन्द्र र पर्यटकीय क्षेत्रसम्म (रामपुर, बेल्टार, चौदण्डीगढी, रौता, नेपालटार, उदयपुरगढी, माझखर्क, ताप्लीपोखरी, घुर्मी, रुपाटार) वर्षैभरी मोटर बाटा | स्थान | ३ | १० | | |
| | सिंचित क्षेत्र | हेक्टर | १७६३.०८ | ४८३५.०८ | | |
| | इन्टरनेट सुविधा लिने जनसंख्या | प्रतिशत | २०.० | ८०.० | | |

## ४.४.१ यातायात तथा शहरी विकास

**<u>यातायात तथा शहरी विकास क्षेत्रका सूचकहरु</u>**

<table>
<tr><th>विवरणात्मक संक्षेप</th><th>सूचक</th><th>पुष्ट्याईंको आधार</th><th>जोखिमपक्ष</th></tr>
<tr><td><u>विषयगत उद्देश्य:</u><br>गुणस्तरीय यातायात सुविधामा जनताको पहुँच बृद्धि गर्ने।</td><td>• पहाडी भेगमा ४ घण्टा र तराई भेगमा २ घण्टाको पैदल दूरीमा सडक सुविधा प्राप्त।</td><td>जिल्ला सूचना केन्द्रको अभिलेख</td><td>निर्माण सम्बन्धी कानून यथावत रहने।</td></tr>
<tr><td><u>प्रतिफल नं. १:</u><br>सडक सञ्जाल तयार भई सबै गाविसहरुमा यातायात सेवा पुगेको हुनेछ।</td><td>• ३५ गाविसहरुमा मोटरबाटो पुगेकोमा योजना अवधिमा निम्न अनुसार सडक विस्तार भएको हुनेछ।
<table>
<tr><th>सूचक</th><th colspan="6">आ.व.</th></tr>
<tr><td></td><td>२०७०/७१</td><td>२०७२/७३</td><td>२०७३/७४</td><td>२०७४/७५</td><td>२०७५/७६</td><td>२०७६/७७</td></tr>
<tr><td>गाविस संख्या</td><td>३५</td><td>१</td><td>१</td><td>१</td><td>१</td><td>१</td></tr>
</table></td><td></td><td></td></tr>
<tr><td><u>प्रतिफल नं. २:</u></td><td>• १६ वटा “क” वर्गका वर्ष भरी मोटर चल्ने रोड।</td><td></td><td></td></tr>
</table>

<table>
<tr>
<td>सडकको स्तरोन्नती तथा नियमित मर्मत सम्भार भएको हुनेछ ।</td>
<td>
<table>
<tr><th>सूचक</th><th>२०७०/७१</th><th colspan="5">आ.व.</th></tr>
<tr><th></th><th></th><th>२०७२/७३</th><th>२०७३/७४</th><th>२०७४/७५</th><th>२०७५/७६</th><th>२०७६/७७</th></tr>
<tr><td>कालोपत्रे (कि.मी.)</td><td>०.९८</td><td>१०</td><td>१०</td><td>१०</td><td>१०</td><td>१०</td></tr>
<tr><td>ग्राभेल (कि.मी.)</td><td>९९.१८</td><td>२०</td><td>२०</td><td>२०</td><td>२०</td><td>२०</td></tr>
<tr><td>पुल पुलेसा (संख्या)</td><td>१</td><td>२</td><td>१</td><td>१</td><td>१</td><td>१</td></tr>
</table>
“क” वर्गका १६ वटा (२९८.६ कि.मि.) सडकहरुमा नियमित मर्मत सम्भार भएको हुनेछ
</td>
<td></td>
<td></td>
</tr>
<tr>
<td><u>प्रतिफल नं. ३:</u><br>जिल्ला भित्रबाट हवाई यातायात सेवा उपलब्ध भएको हुनेछ</td>
<td>
<ul>
<li>जिल्लामा हवाई मैदान निर्माणका लागि जग्गा उपलब्ध ।</li>
<li>जिल्ला भित्र एयरपोर्ट निर्माण ।</li>
</ul>
</td>
<td></td>
<td></td>
</tr>
<tr>
<td><u>प्रतिफल नं. ४:</u><br>आधुनिक सेवा, सुविधा सम्पन्न शहरको विकास र विस्तार भएको हुनेछ ।</td>
<td>
<table>
<tr><th>सूचक</th><th>२०७०/७१</th><th>२०७२/७३</th><th>२०७३/७४</th><th>२०७४/७५</th><th>२०७५/७६</th><th>२०७६/७७</th></tr>
<tr><td>योजनावद्ध वस्ति तथा वसोवास निर्माण (संख्या)</td><td>NA</td><td>२</td><td>४</td><td>६</td><td>८</td><td>१०</td></tr>
<tr><td>स्पष्ट मापदण्ड अनुरुप व्यापारिक तथा औद्योगिक क्षेत्रहरुको स्थापना (संख्या)</td><td>NA</td><td>०</td><td>१</td><td>०</td><td>१</td><td>०</td></tr>
<tr><td>स्पष्ट मापदण्ड अनुरुप सवारी पार्किङ्ग, सार्वजनिक यातायातको पार्किङ्ग क्षेत्र, वस विसौनीहरु निर्माण (संख्या)</td><td>NA</td><td>२</td><td>४</td><td>६</td><td>८</td><td>१०</td></tr>
<tr><td>पर्यटकिय तथा धार्मिक क्षेत्रहरु निर्धारण (संख्या)</td><td>NA</td><td>२</td><td>४</td><td>६</td><td>८</td><td>१०</td></tr>
</table>
</td>
<td rowspan="2">सहरी विकास तथा भवन कार्यालयको प्रतिवेदन ।<br>जिल्ला वस्तुगत प्रोफइल</td>
<td rowspan="2">सरकारी निकाय तथा दातृ निकायको सहयोग प्राप्त भएमा</td>
</tr>
<tr>
<td><u>प्रतिफल नं. ५:</u><br>नगर क्षेत्रको योजनावद्ध रुपमा विकास भएको हुनेछ</td>
<td>
<ul>
<li>सवै नगरपालिकामा विस्तृत नगर योजना तर्जुमा ।</li>
<li>सवै नगरपालिकामा भवन आचार संहिता लागू ।</li>
<li>सवै नगरपालिकामा खुल्ला मञ्च सहितको सिटिहल निर्माण ।</li>
<li>सवै नगरपालिकामा आपतकालिन अवस्थामा व्यवस्थापनको लागि खुल्ला क्षेत्र ।</li>
</ul>
</td>
</tr>
</table>

## कार्यनितिहरु

- भवन निर्माण आचारसहिंता परिपालना र नियमित अनुगमन गरिनेछ र यस सम्बन्धी जनचेतना बृद्धि गरिनेछ ।
- व्यवस्थित सहरी विकासका लागि जिल्लाका सहरोन्मुख गाविसहरुमा सहरी विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- जिल्लाका प्रमुख बजारकेन्द्रहरुलाई विशेष आर्थिक सम्भावना क्षेत्रको रुपमा विकास गर्न वस्ती योजना एवं पूर्वाधारमा लगानी गरिनेछ ।
- निर्माण कार्यहरुलाई सुरक्षीत, किफायती, वातावरणमैत्री बनाउन ध्यान दिइनेछ ।
- छरिएर रहेका घर गाउँहरुलाई एकीकृत ग्रामीण बजारको रुपमा विकास गर्ने कार्य व्यवस्थित गरिनेछ ।
- नगरोन्मुख बजारहरुमा फोहोरमैला व्यवस्थापन गरी फोहोरलाई स्रोतमानै छुट्याई कुहिने र नकुहिने फोहोरको रुपमा वर्गिकरण गर्ने व्यवस्था मिलाईने छ ।
- केन्द्रस्तर र स्थानीयस्तरका भौतिक पूर्वाधारको स्पष्ट वर्गिकरण गरी स्थानीय पूर्वाधार संबन्धी कार्यहरु स्थानीय निकायबाट संचालन गरिनेछ ।
- स्थानीय पूर्वाधार विकासमा जनसहभागिताको माध्यमबाट स्थानीय श्रोत, साधन र सीप परिचालन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ ।
- संभाव्यता अध्ययन, विस्तृत डिजाइन र लागत अनुमानका आधारमा वातावरणमैत्री भौतिक पूर्वाधारको निर्माण गरिनेछ ।
- निर्माणमा प्रयोग हुने सामग्री, निर्माण गरिने समय र त्यसमा संलग्न हुने मानव संसाधनको गुणस्तर सुनिश्चित गरी पूर्वाधार निर्माणको गुणस्तर पक्षमा सुधार गरिनेछ ।
- आयोजना मर्मत संभार र संचालनमा उपभोक्ता भेलाबाट छनौट भएको उपभोक्ता समितिलाई परिचालन गरी परियोजनामा स्थानीय समुदायको अपनत्व वृद्धि गरिनेछ ।
- उपभोक्ता समूहको नेतृत्व तहमा महिला तथा लक्षित वर्गको संलग्नता बृद्धि गरी उनीहरूको भूमिकालाई प्रभावकारी बनाइनेछ ।
- सामाजिक परिचालनको माध्यमबाट पूर्वाधारहरूको दीगो प्रयोगका लागि चेतनामूलक कार्यक्रमहरू संचालन गरिनेछ ।
- पूर्वाधार विकास आयोजनामा सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण मार्फत पालना अनुगमन तथा जवाफदेहीता बृद्धि गरिनेछ ।
- सडक निर्माण कार्यमा स्तरोन्नति तथा मर्मत संभारमा प्राथमिकता दिइनेछ र कोर नेटवर्कका मुख्य सडकहरुलाई बाह्रै महिना यातायात सन्चालन योग्य अवस्थामा ल्याइनेछ ।
- सडक किनारा र तलमाथि वायोइन्जिनियरिङ्गको कार्य अनिवार्य रुपमा संचालन गरिने छ । यसको लागि आयोजनाको कम्तीमा २ प्रतिशत रकम वायोइन्जिनियरिङ्ग कार्यमा छुट्याई खर्चगर्ने नीति लागू गरिनेछ ।
- सडक तथा झोलुङ्गे पुलहरुको निर्माण गर्नु पूर्व अनिवार्य रुपमा सर्भे, डिजाईन, ड्रईङ, लागत इष्टिमेट गरी सोको बारेमा स्थानीय समुदाय एवं सरोकारवालामा अभिमुखिकरण र सु-सुचित गरिनेछ ।
- ठूला मेशीनको प्रयोगलाई कम गर्दै सडक यातायात निर्माण कार्यमा श्रममूलक एवं स्थानीय रोजगारमूलक प्रविधि अपनाइनेछ ।
- संचालनमा रहेका झोलुङ्गे पुलहरुको अवस्था नियमित अनुगमन गरी सुरक्षित अवस्थामा राख्न नियमित मर्मत सम्भारका कार्य गरिनेछ ।

## ४.४.२ खानेपानी तथा ढल निकास

**खानेपानी तथा ढल निकासका सूचकहरु**

| विवरणात्मक संक्षेप | सूचक | २०७०/७१ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | पुष्ट्याईंको आधार | जोखिमपक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| **विषयगत उद्देश्य:** आधारभूत खानेपानीमा जिल्लाबासीहरु सबैको पहुँच पुऱ्याई सरसफाईको स्तर बृद्धि गर्ने । | प्रति घर शौचालय (प्रतिशत) | २० | ३० | ५० | ७५ | ९० | १०० | NMIP, MIS, प्रतिवेदन, सरसफाइ गुरुयोजना २०६८ को मापदण्ड | श्रोतको निरन्तरता |
| | सार्वजनिक शौचालय (प्रतिशत) | ० | ३० | ५० | ७५ | ९० | १०० | | |
| | स्वच्छ पिउने पानीको प्रयोग (प्रतिशत) | ८१.५ | ८५ | ९० | ९५ | ९८ | १०० | | |
| | गाबिस र न.पा. खुला दिसामुक्त ( प्रतिशत) | १८ | ३० | ४० | ६० | ८५ | १०० | | |
| | शहर/ग्रामिण क्षेत्रमा चर्पिको प्रयोग भएको (प्रतिशत) | ४० | ५० | ६० | ७५ | ८५ | १०० | | |
| | सहर/ग्रामिण क्षेत्रमा फोहोर व्यवस्थापन (प्रतिशत) | २० | ३० | ४५ | ६० | ८० | १०० | | |
| | सहरी क्षेत्रमा बृक्षारोपण (प्रतिशत) | ५ | ७ | १० | १५ | २५ | ४० | | |
| | D-wash/M-wash/V-wash समितिहरुको क्षमता तथा संस्थागत बिकास (प्रतिशत) | ३० | ४५ | ६० | ७५ | ९० | १०० | | |
| | वातावरणमैत्री गाविस(प्रतिशत) | १० | २० | ३५ | ५० | ७० | ८० | | |
| | सहर/ग्रामिण क्षेत्रमा चर्पिको प्रयोग भएको (प्रतिशत) | ४० | ५० | ७५ | ८५ | ९० | ९० | | |
| **प्रतिफल नं १ :** खानेपानी तथा सरसफाईको सस्थागत बिकास भई समुदायको स्वास्थ्य र वातावरणीय अवस्थामा सुधार आएको हुनेछ । | **सूचक** | **२०७०/७१** | **२०७२/७३** | **२०७३/७४** | **२०७४/७५** | **२०७५/७६** | **२०७६/७७** | जिल्ला खानेपानी कार्यालयको वार्षिक प्रगति प्रतिबेदन | दातृ तथा सरकारी निकायबाट निरन्तर बजेट प्रवाह । नेपाल सरकार तथा दातृ निकायको सहयोग । |
| | स्वच्छ पिउने पानीको प्रयोग ( प्रतिशत) | ८१ | ८५ | ९० | ९५ | ९८ | १०० | | |
| | सवै गाबिस र नगरपालीका मध्ये खुला दिसामुक्त थप (प्रतिशत) | १० | २५ | ५० | ७५ | ९० | १०० | | |
| | सहर/ग्रामिण क्षेत्रमा चर्पिको प्रयोग भएको (प्रतिशत) | ५० | ६० | ७५ | ८५ | ९० | १०० | | |
| | सहर/ग्रामिण क्षेत्रमा फोहोर व्यवस्थापन (प्रतिशत) | ३० | ४५ | ५० | ६० | ७५ | ८५ | | |
| | सहरी क्षेत्रमा बृक्षारोपण (प्रतिशत) | ५ | ७ | १० | १५ | २५ | ४० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | D-wash/M-wash/V-wash समितिहरुको क्षमता र संस्थागत बिकास (प्रतिशत) | ३० | ४५ | ६० | ७५ | ९० | १०० | | |
| | वातावरणमैत्री गाविस (प्रतिशत) | १० | २० | ३५ | ५० | ७० | ८० | | |
| | रणनैतिक योजना आद्यावधिक (प्रतिशत) | १० | २५ | ३५ | ४५ | ४५ | ८० | | |
| | रणनैतिक कार्ययोजनाको कार्यान्वयन गाविस (प्रतिशत) | १० | २५ | ३५ | ४५ | ६५ | ७५ | | |
| | D-wash/M-wash/V-wash बाट नियमित अनुगमन | #) | ४५ | ६० | ७५ | ९० | १०० | | |
| | सरोकारवालाहरुसगं समन्वय | ० | २५ | ३५ | ५० | ७५ | ८० | | |

खानेपानी तथा सरसफाई क्षेत्रका कार्यनितिहरु

- सरसफाइमा जनचेतनामूलक कार्यक्रमहरूको विस्तार गर्दै खुला दिसामुक्त गा.वि.स. घोषणाको अभियान जिल्लाभरी विस्तार गरिनेछ ।
- स्थानीय जनसभागितामा स्यानेटेरी ल्यान्डफिल साइट खोजी गरी उत्पादित फोहोरमैलालाई 3R (Reduce, Reuse, Recycle) पद्धतिमा आधारित रही व्यवस्थापन गरिनेछ ।
- जिल्लास्थित प्राविधिक शिक्षालयसँगको सहकार्यमा हेरालुहरूको क्षमता अभिवृद्धि गरी खानेपानी आपूर्ति सेवालाई प्रभावकारी बनाइनेछ ।
- खानेपानी तथा सरसफाइ सेवालाई अभियानका रुपमा सञ्चालन गर्न खानेपानी, सरसफाइ तथा स्वच्छता समितिलाई थप क्रियशील बनाइनेछ ।
- न्यूनतम खर्चमा सार्वजनिक शौचालयको व्यवस्थापन गर्ने विधि पहिचान गरी आवश्यक खर्चका लागि स्थानीय निकायसँग सहकार्य गरिनेछ ।
- खानेपानीका परम्परागत स्रोतहरूको संरक्षण गरी दीगो व्यवस्थापन र नपुग स्रोत पूर्ति गर्न नीजि, गैरसरकारी र समुदायिक संस्थालगायत सरोकारवालाहरूसँग योजना तर्जुमाको चरणमा समन्वय गरिनेछ ।
- खानेपानी तथा सरसफाइ निर्माण र उपयोगमा वातावरणमैत्री एवम् जलवायु परिवर्तन अनुकूलन हुने व्यवस्थालाई प्रोत्साहन गरिनेछ ।
- खानेपानी र सरसफाईलाई अभियानको रुपमा संचालन गर्न विभिन्न तहमा रहेका खानेपानी सरसफाई समितिहरुको क्षमता विकास गरिनेछ ।
- घरेलु शौचालय निर्माणलाई खानेपानी आयोजनासँग आवद्ध गरी सरसफाई कार्यक्रम संचालन गरिनेछ ।
- खानेपानी तथा सरसफाई आयोजना निर्माण र उपयोगमा वातावरणमैत्री एवं जलवायु परिवर्तन अनुकूलन हुने व्यवस्थालाई प्रोत्साहन गरिनेछ ।

### ४.४.३ सिंचाई

<u>सिंचाइ विकास सम्वन्धी सूचकहरु</u>

| योजनाको सारांश | सूचकहरु | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **विषयगत उद्देश्यः**<br>जलश्रोतको व्यवस्थापन गरी सिंचाई योग्य जमिनमा बर्षै भरी सिंचाई सेवाको विस्तार गर्ने । | ● निम्न अनुसार सिंचित क्षेत्र (हेक्टरमा) बढेको हुनेछ : | | | | | | |
| | सूचकको क्षेत्र | ०७०/७१ | आ.व. | | | | |
| | | | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ |
| | सिंचित क्षेत्र | १७६३.०८ हे. | २३३०.०८ | ३०२९.०८ | ३५९५.०८ | ४२४३.०८ | ४८३५.०८ |
| **प्रतिफल नं. १:**<br>क्रमागत मझौला सिंचाई आयोजना सम्पन्न भएका हुनेछन् । | सम्पन्न योजनाहरु | १६ | ७ | - | - | - | - |
| **प्रतिफल नं. २:**<br>पहिचान भएका ठुला सिं.यो.हरुको सर्वेक्षण र निर्माण भएका हुनेछन । | ठूला योजनाको पहिचान | | - | ६ | १२ | १८ | २४ |
| **प्रतिफल नं. ३:**<br>क्रमागत नयाँ प्रविधिमा आधारित आयोजनाहरु सम्पन्न भएका हुनेछन् । | सम्पन्न क्रमागत योजना संख्या | ६ | | ३ | - | - | - |
| **प्रतिफल नं. ४:**<br>पहिचान भएका नयाँ प्रविधिमा आधारित ठुला सिं.यो.हरु निर्माण भएका हुनेछन । | निर्माण भएका ठूला योजना संख्या | ० | - | ४ | ८ | १२ | १६ |

***नोटः*** आवधिक जिल्ला विकास योजना तर्जुमा कार्याशाला गोष्ठी, २०७१ माघ १५ – १९ मा उठेका माग अनुसार, त्रियुगा नगरपालिकाको उत्तरी र दक्षिणी भेगम दुईवटा नहर प्रणाली निर्माण गर्न आवश्यक रहेको हुँदा उक्त कार्यलाई प्राथमिकताका साथ अगाडी बढाउने प्रयास गरिनेछ ।

## सिंचाइ सम्बन्धी कार्यनीतिहरु

- पहाडी भेगमा फलफूल तथा बेमौसमी तरकारी समेतलाई टेवा पुग्ने गरी सिंचाइ सेवा उपलब्ध गराईनेछ
- समथर जग्गा भएको भित्री मधेश र तराई भेगमा अन्न बाली तथा नगदे बालीलाइ टेवा पुग्ने गरी पुऱ्याईने छ ।
- उपभोक्तालाई सक्षम बनाई उपभोक्ता संस्थाको संस्थागत विकास गरी सम्पन्न भएका योजनाहर हस्तान्तरण गरिने छ ।
- सम्पन्न योजनाहरुको मर्मत सम्भार कार्य गर्न स्थानीय कोष व्यवस्थाको लागि सिंचाइ सुविधा सेवा शुल्क प्रत्येक उपभोक्ता संस्थालाई लगाई स्थानीय श्रोत साधन र जनसहभागीताबाट सम्भव भए सम्म यो सम्भार गराई संस्थागतरुपमा स्थायित्व बनाउने प्रयास गरिनेछ ।
- साना तथा मझौला सिंचाई योजना छनौट, संचालन र व्यवस्थापनमा स्थानीय उपभोक्ताहरुको सहभागि लगिनेछ ।

## ४.४.४ नदि नियन्त्रण तथा तटवन्ध

**सूचकहरु**

| योजनाको सारांश | सूचकहरु | | | | | | | पुष्ट्याईंको आधार | जोखिमपक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| **विषयगत उद्देश्य :** नदी नियन्त्रण र तटबन्ध निर्माण गरी बाढीबाट हुने धन जनको क्षती न्युनीकरण गर्ने । | सुचक क्षेत्र | आ.व. | | | | | | बार्षिक र आवधिक प्रगति प्रतिवेदन | कार्यक्रमको निरन्तरता र आवश्यक वजेट निकासा |
| | | ०७०/७१ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | | |
| | नदि नियन्त्रण (प्रतिशतमा) | NA | १० | २० | २५ | ३० | ३५ | | |
| **प्रतिफल १:** नदी कटानको रोकथाम भई समुदायमा वाढी पहिरोको समस्या समाधान भएको हुनेछ । | सुचक क्षेत्र | आ.व. | | | | | | जिल्ला तटबन्ध कार्यक्रमको प्रतिवेदन | नियमित कार्यक्रम संचालन हुने । |
| | | ०७०/७१ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | | |
| | तटवन्ध निर्माण (कि.मी.मा) | ४० | ५० | ६० | ७० | ८० | १०० | | |
| | नदी Canneligation निर्माण (कि.मी.) | ३ | ० | १ | १ | १ | १ | | |
| **प्रतिफल : २** जलउत्पन्न प्रकोप पूर्व सूचना प्रणाली स्थापना भएको हुनेछ । | सुचक क्षेत्र | आ.व. | | | | | | जलउत्पन्न प्रकोप नियन्त्रण आयोजनाको प्रतिवेदन | कार्यक्रमको नियमितता |
| | | ०७०/७१ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | | |
| | सूचना प्रणाली स्थापना (५ स्थान) | NA | ० | १ | २ | २ | ० | | |
| **प्रतिफल : ३** स्थानीय समुदायहरु तालिम प्राप्त भएका हुनेछन् । | सुचक क्षेत्र | आ.व. | | | | | | जिल्ला तटबन्ध कार्यक्रमको प्रतिवेदन | कार्यक्रमको नियमितता |
| | | ०७०/७१ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | | |
| | तालिम कार्यक्रमको संख्या (२५ स्थान) | NA | ५ | ५ | ५ | ५ | ५ | | |

**नदी नियन्त्रण समबन्धी कार्यनीति:**

१) जिल्लाका नदी कटान र बाढी पहिरोको जोखिम क्षेत्रहरुको पहिचान गरिनेछ ।

२) नदी नियन्त्रणका लागि अत्यावश्यक स्थानहरुको पहिचान गरी सर्भेक्षण एवं लागत अनुमान तयार गरिने छ ।

३) वार्षिक कार्यक्रम छनौट गर्दा नदी कटान हुने क्षेत्र तथा पहिरो रोकथाम गर्न आवश्यक स्थानमा कार्यक्रम संचालनगर्ने गरी योजना छनौट गरिनेछ ।

४) प्रकोप नियन्त्रयणका लागि पूर्व तयारी सूचना प्रणाली स्थापनाका लागि आवश्यक पहल गरिने छ ।

५) स्थानीयस्तरमा समुदायहरुलाई प्रकोप व्यवस्थापन र प्रतिकारात्मक उपाहरुबारे जानकारी गराउन आवश्यक सचेतनामूलक कार्यक्रम र तालिमको व्यवस्था गरिने छ ।

६) प्रकोप नियन्त्रण कार्यक्रमलाई सहभागितामूलक रुपमा संचालन गर्ने पद्धति अवलम्बन गरिने छ ।

### ४.४.५ विद्युत विकास

**विद्युत तथा बैकल्पिक उर्जाका सूचकहरु**

<table>
<tr><th>विवरणात्मक संक्षेप</th><th>सूचक</th><th>पुष्ट्याईंको आधार</th><th>जोखिमपक्ष</th></tr>
<tr><td>विषयगत उद्देश्य: जिल्लाका सबै क्षेत्रमा विद्युत सेवा उपलब्ध गराउने ।</td><td>• बांकी २४ वटा गाविसहरुमा विद्युतीकरण ।</td><td>योजनाको अन्तिम प्रगति प्रतिवेदन</td><td>वजेटको उपलब्धता ।</td></tr>
<tr><td>प्रतिफल नं १ : राष्ट्रिय प्रसारण लाइन बिस्तार भएको हुनेछ ।</td><td>
<table>
<tr><th rowspan="2">सुचक क्षेत्र</th><th colspan="6">आ.व.</th></tr>
<tr><th>०७०/७१</th><th>०७२/७३</th><th>०७३/७४</th><th>०७४/७५</th><th>०७५/७६</th><th>०७६/७७</th></tr>
<tr><td>राष्ट्रिय प्रशारणबाट विद्युत वितरण (१६,००० घरधुरीमा)</td><td>NA</td><td>२८००</td><td>३०००</td><td>३२००</td><td>३४००</td><td>३६००</td></tr>
</table>
</td><td>ने.वि.प्रा.को वार्षिक प्रगति विवरण</td><td>पर्याप्त वजेट र समुदायको सहभागिता</td></tr>
<tr><td>प्रतिफल नं २ : बैकल्पिक उर्जा (सौर्य उर्जा र वायोग्याँस प्लाण्ट) को विकास भएको हुनेछ ।</td><td>• निम्न अनुसार सोलार सिस्टम र बायोग्याँस प्लाण्ट विकास भएको हुनेछ :
<table>
<tr><th rowspan="2">सूचकको क्षेत्रहरु</th><th></th><th colspan="5">आ.व.</th></tr>
<tr><th>हालको संख्या</th><th>०७२/७३</th><th>०७३/७४</th><th>०७४/७५</th><th>०७५/७६</th><th>०७६/७७</th></tr>
<tr><td>लघुजलविधुत आयोजना संख्या</td><td>NA</td><td>५०</td><td>१००</td><td>१२५</td><td>१५०</td><td>२००</td></tr>
<tr><td>बायोग्याँस प्लाण्ट स्थापना संख्या</td><td>NA</td><td>१५०</td><td>२००</td><td>२५०</td><td>२५०</td><td>२००</td></tr>
<tr><td>जैविक उर्जा (सुधारिएको चुलो)</td><td>NA</td><td>६०००</td><td>१२०००</td><td>१२५००</td><td>१५०००</td><td>१२५००</td></tr>
<tr><td>सौर्य उर्जा प्रणाली स्थापना संख्या</td><td>NA</td><td>२०</td><td>४०</td><td>६०</td><td>८०</td><td>१००</td></tr>
</table>
</td><td>आयोजना संख्या वार्षिक प्रगति विवरण</td><td>उपभोक्ताको सहभागिता, स्थानीय निकायको लगानी</td></tr>
</table>

## विद्युत विकासका कार्यनितिहरु

- नेपाल सरकारको **“सन् २०१७ सम्ममा देशका सम्पूर्ण घरधुरीहरूमा स्वच्छ ऊर्जाका प्रविधिहरू पुऱ्याई घरभित्रको धुवाँमुक्त गर्ने”** अभियानमा आधारित भई वैकल्पिक ऊर्जाको कार्यक्रम संचालन गरिनेछ ।
- विद्युत तथा वैकल्पिक उर्जाका माध्यमबाट ग्रामीण जनताको आर्थिक तथा सामाजिक अवस्थामा सुधार तथा वातावरणीय दीगोपनामा सहयोग पुग्ने खालका एकिकृत कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।
- जिल्लालाई उर्जा उत्पादनमा आत्मनिर्भर तुल्याउन आन्तरिक तथा बाह्य स्रोतको व्यवस्था गरिनेछ ।
- उपभोक्ता समिति मार्फत उर्जा उत्पादन गराई उपभोक्ताहरुलाई बढि उत्तरदायी तथा जिम्मेवार बनाईनेछ ।
- वैकल्पिक उर्जा उत्पादन तथा वितरणमा सार्वजनिक, नीजि साझेदारी कार्यक्रमलाई अघि बढाईने छ ।
- सौर्य उर्जा उत्पादन प्रणाली जडान तथा विस्तार आयोजना संचालनमा सरकार, स्थानीय निकाय र उपभोक्ताहरुको सहभागिता बृद्धि गर्दै लगिने छ ।
- जलविद्युत उपभोक्ता समितिको सञ्जाल बनाई परिचालन गरिनेछ ।

## ४.४.६ संचार

| विवरणात्मक संक्षेप | | सूचक | | | | | | | पुष्ट्याईंको आधार | जोखिमपक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **विषयगत उदेश्य :** जिल्लाका सवै क्षेत्रमा सूचना, संचार र प्रविधिको पहुँच र उपयोगमा अभिबृद्धि गर्ने । | **सूचक** | **इकाई** | ०७०/७१ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | नेपाल टेलिकमको अभिलेख | |
| | इन्टरनेटको सुविधा लिने जनसंख्या | प्रतिशत | २० | ३५ | ४५ | ६० | ७५ | ८० | | |
| | मोबाइल प्रयोगकर्ता जनसंख्या | प्रतिशत | ३९ | ४५ | ५५ | ७५ | ८० | ९० | | |
| | टेलिभिजन प्रयोग गर्ने घरधुरी | प्रतिशत | ३० | ४५ | ५५ | ६५ | ७५ | ८० | | |
| **प्रतिफल नं. १:** विद्युतीय संचार र सूचना प्रविधिको विकास र विस्तार भएको हुनेछ । | गुणस्तरीय टेलिफोन सेवा उपलब्ध स्थान | संख्या | ६ | ३ | ५ | ५ | ५ | ७ | | |
| | ईन्टरनेट सेवा उपलब्ध गाविस | संख्या | १० | २० | २२ | २५ | २८ | ३० | नेपाल टेलिकम, एनसेलको अभिलेख | |
| | ल्याण्डलाइन टेलिफोन प्रयोगकर्ता | संख्या | ११३६८ | १५००० | १८००० | २५००० | ३०००० | ३२००० | नेपाल टेलिकमको अभिलेख, सर्भेक्षण, | |
| | मोबाइल सेवा प्रयोगकर्ता | प्रतिशत | ३९ | ४५ | ५५ | ७५ | ८० | ९० | | |

| विवरणात्मक संक्षेप | | सूचक | | | | | | | पुष्ट्याईंको आधार | जोखिमपक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जिल्लाबाट प्रकाशित पत्रपत्रिका | संख्या | | | | | | | जनगणना | |
| | जिल्लामा एफएम रेडियो संख्या | संख्या | | | | | | | | |
| <u>प्रतिफलनं. २:</u><br>संचार माध्यम र सूचनामा नागरिकको पहुँच बृद्धि भएको हुनेछ। | जिल्लामा क्रियाशील पत्रकार | संख्या | | | | | | १००० | नेपाल पत्रकार महासंघको अभिलेख | |
| | व्यवस्थित टेलिसेन्टर | संख्या | ० | ५ | १० | २५ | ४० | ५० | जि.हु.का.को अभिलेख | |
| | चिठ्ठीपत्र पुऱ्याउन लाग्ने औसत समय | घन्टा | ३ | २.५ | २ | १.५ | १ | .३० | जि.हु.का.को अभिलेख | |
| | विकास बुलेटिन प्रकाशन | संख्या | ५ | ५ | ७ | ७ | ८ | १० | जिविस, सूचना केन्द्रको अभिलेख | |

<u>सूचना तथा संचार क्षेत्रका कार्यनितिहरु</u>

- सूचना तथा संचारलाई विकास व्यवस्थापन र सुशासन प्रवर्द्धनको प्रमुख माध्यमको रुपमा परिचालन गरिनेछ ।
- सुशासन, सामाजिक समावेशीकरण र सामाजिक उत्तरदायित्व सम्बन्धी जनचेतनामूलक कार्यलाई विशेष समय र प्राथमिकतामा राखिनेछ ।
- खोज तथा अनुसन्धानमूलक र सुशासन प्रवर्द्धन कार्यक्रम संचालनमा विशेष जोड दिइनेछ ।
- सञ्चार सेवाको क्षमता विस्तार र गुणस्तर बृद्धि गर्न जोड दिईनेछ ।
- हुलाक सेवालाई आधुनिकीकरण गर्दै यसको क्षमता विकास र विस्तार गरी विद्युतीय हुलाक सेवामा रुपान्तरण गरिनेछ ।
- नीजि क्षेत्रलाई प्रोत्साहन गर्दै सार्वजनीक नीजि साझेदारीको आधारमा संचार क्षेत्रमा लगानी बृद्धि गरिनेछ ।
- संचार क्षेत्र र संचारकर्मीको क्षमता अभिबृद्धि गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।
- जिल्लास्थित संचारमाध्यमबाट जिल्लाको ऐतिहासिक, धार्मिक र पुरातात्विक क्षेत्रको प्रचार, प्रसार र सम्वर्द्धन हुने किसिमका सामाग्रीको उत्पादन तथा प्रसारण एवं प्रकाशनमा जोड दिईनेछ ।
- जिल्लाका ग्रामीण क्षेत्रमा संचार प्रणाली स्थापना, विकास र विस्तार गर्न स्थानीय विकासका योजनाहरुमा अभिन्न अंगको रुपमा समावेस गर्दै लगिने छ ।
- ग्रामीण दुरसञ्चार कोषको परिचालन गरी सामुदायिक विद्यालयहरुमा ब्रोडव्याण्ड इन्टरनेट सेवा उपलब्ध गराइनेछ ।

## ४.५ संस्थागत विकास

सहभागितामुलक योजना तर्जुमाका पाँचवटा विषयगत क्षेत्रमध्ये संस्थागत विकास पनि एक हो । स्थानीय सवायत्त ऐन, २०५५ र नियमावली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४, स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ लगायत सम्वन्धित विषयगत ऐन, नियम, निर्देशिकाले जिविसलाई जिल्लाको समग्र विकासको नेतृत्व र समन्वय गर्ने जिम्मेवारी दिएको देखिन्छ । जिल्लाका विकासका प्रयासहरुलाई व्यवस्थित, नतिजामुलक र प्रभावकारी बनाउन जिल्ला विकास समितिको समग्र नेतृत्व र विषयगत निकायहरुको विषयगत नेतृत्वमा योजना तर्जुमा, कार्यान्वयन, नतिजामुलक अनुगमन तथा मुल्यांकन प्रकृयालाई संस्थागत गर्न आवश्यक छ ।

जिल्ला विकासको लागि जिल्लामा कृयाशील सरकारी, गैर सरकारी, नीजि र नागरिक समाज विच समन्वय, सहकार्य तथा साझेदारीमा अभिवृद्धि भई जिल्ला विकासका प्रयासहरु व्यवस्थित, नतिजामुलक र प्रभावकारी हुन सक्दछ । सुशासन ऐन, २०६४ र नियमावली, २०६५ ले सार्वजनिक निकायहरुले क्षतिपुर्ती सहितको नागरिक बडापत्र, गुनासो सुनुवाई, पारदर्शिता र जवाफदेहिता सहित सेवाग्राहीमैत्री कार्य प्रणाली अपनाउनु पर्ने व्यवस्था गरेको छ । साथै स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ ले जिल्ला विकासका सम्पुर्ण गतिविधी तथा सेवालाई जनप्रतिनिधी बिहिनताको अवस्थामा पनी सरल, सुव्यवस्थित, सेवाग्राहीमैत्री र जवाफदेही बनाई स्थानीय निकायलाई नागरीक प्रती उत्तरदायी वनाउने व्यवस्था गरेको छ । त्यसैगरी जिविसको आम्दानी, खर्च, बजेट, कार्यक्रम, तथा प्रगति विवरणहरु (WBRS) सार्वजनिक गर्न विभिन्न सूचना प्रविधिको प्रयोग गरिएको छ । सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता सुशासनका औजारमार्फत सेवा प्रवाहलाई पारदर्शी, व्यवस्थित , सरल र सुचना प्रविधिमैत्री बनाउदै लगिएको छ ।

## संस्थागत विकासका सूचकहरु

| उद्धेश्य | सुचक | पुष्ट्याईका आधार | जोखिम पक्ष |
|---|---|---|---|
| **विषयगत उद्देश्य:**<br>सेवा प्रदायक संस्थाहरुको क्षमता विकास गरी प्रभावकारी सेवा र सुशासनको प्रत्याभूति गराउने । | • सबै गाविस र नगरपालिका आफ्नै कार्यालय भवन ।<br>• सवै सरकारी कार्यालयहरु र जिविसमा कम्प्यूटर नेटवर्किङ ।<br>• सबै सेवाप्रदायक निकायहरुमा अद्यावधिक नागरिक वडापत्रको प्रयोग ।<br>➧ जिविस, न.पा. र गाविसरुको कार्यसम्पादन (न्यूशकास) स्तरमा सुधार ।<br>➧ जिल्लाको क्षमता विकास योजना तर्जुमा र कार्यान्वयन । | • आजिवियो समीक्षा प्रतिवेदन,<br>• ग्राहक सन्तुष्टी सर्वेक्षण प्रतिवेदन<br>• सामाजिक परीक्षण प्रतिवेदन | • स्थानीय निकायको निर्वाचन<br>• उपलब्ध ऐन, नियम तथा निर्देशिकाको परिपालना |
| **प्रतिफल १:**<br>जिल्लाको क्षमता विकासका लागि आवश्यक योजना र कार्यविधि तयार भई कार्यान्वयनमा आएको हुनेछ । | निम्न अनुसारको क्षेत्रगत योजना, कार्याविधिहरु तयारी र कार्यान्वयन भएको हुनेछ : (तालिका तल) | | |
| **प्रतिफल २:**<br>सेवा प्रदायक निकायहरुमा सुचना संयन्त्रको संस्थागत विकास भएको हुनेछ । | • सेवा प्रदायक निकायहरुमा निम्न अनुसार विद्युतीय प्रणालीमा सूचना अद्यावधिक भएको हुनेछ : (तालिका तल)<br>• एकद्वार सूचना प्रणाली मार्फत सूचना उपलब्ध । | | |

प्रतिफल १: निम्न अनुसारको क्षेत्रगत योजना, कार्याविधिहरु तयारी र कार्यान्वयन भएको हुनेछ :

| सूचकको क्षेत्र | आ.व. | | | | | |
|---|---|---|---|---|---|---|
| | ०७०/०७१ | ०७२/०७३ | ०७३/०७४ | ०७४/०७५ | ०७५/०७६ | ०७६/०७७ |
| यातायात गुरु योजना (अद्यावधिक गर्ने) | NA | | | | १ | |
| कृषि गुरु योजना | NA | | १ | | | |
| पर्यटन गुरुयोजना | NA | | १ | | | |
| जिल्ला शिक्षा गुरु योजना | NA | | १ | | | |
| उ.स. सम्बन्धी कार्यविधि | NA | | १ | | | |
| सिंचाई गुरुयोजना | NA | | १ | | | |

प्रतिफल २: सेवा प्रदायक निकायहरुमा निम्न अनुसार विद्युतीय प्रणालीमा सूचना अद्यावधिक भएको हुनेछ :

| सूचकको क्षेत्र | आ.व. | | | | | |
|---|---|---|---|---|---|---|
| | ०७०/०७१ | ०७२/०७३ | ०७३/०७४ | ०७४/०७५ | ०७५/०७६ | ०७६/०७७ |
| जिविस | १ | | १ | | | |
| गाविसहरु (वटा) | NA | १० | ५ | ५ | १० | १० |
| नगरपालिकाहरु (वटा) | NA | १ | २ | | | |
| विषयगत कार्यालयहरु (वटा) | NA | २५ | १५ | | | |
| गैर सरकारी संस्थाहरु ( वटा) | NA | २० | २० | २० | २० | २० |

• एकद्वार सूचना प्रणाली मार्फत सूचना उपलब्ध ।

- जिविस मार्फत भू-सूचना प्रणालीमा आधारित सूचना उपलब्ध ।
- जिल्लाका विविध क्षेत्रका अद्यावधिक सूचनाहरु उपलब्ध ।

**प्रतिफल ३:**
आन्तरिक तथा बाह्य श्रोतहरुको पहिचान तथा परिचालन भएको हुनेछ ।

- आन्तरिक तथा वाह्य श्रोत परिचालनमा निम्न अनुसार प्रगति भएको हुनेछ :

| सूचकको क्षेत्र | आ.व. | | | | |
|---|---|---|---|---|---|
| | ०७२/०७३ | ०७३/०७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ |
| नीजि क्षेत्रका सेवा प्रदायक व्यक्ति तथा संघसंस्थाहरुको रोष्टर तयारी | १ | १ | १ | १ | १ |
| आन्तरिक श्रोतमा वृद्धि (प्रतिशतमा) | वार्षिक १० प्रतिशतका दरले | | | | |
| स्थानीय निकायहरुको वेरुजु फर्छौट दर (वृद्धि %) | ५० | ६० | ७० | ८० | ९० |
| सरकारी कार्यालयहरुको वेरुजु फर्छौटदर ( प्रशित) | ६० | ७० | ८० | ९० | १०० |
| विकास वजेट खर्च गर्ने दर (वृद्धि %) | ९० | ९२ | ९५ | ९७ | १०० |

- आन्तरिक श्रोत संकलनका नयाँ क्षेत्रहरुको पहिचान भई स्रोत बृद्धि भएको हुनेछ ।

| सूचकको क्षेत्र | आ.व.(रकम रु. हजारमा) | | | | |
|---|---|---|---|---|---|
| | ०७२/०७३ | ०७३/०७४ | ०७४/०७५ | ०७५/०७६ | ०७६/०७७ |
| जिविस | १२००० | १५००० | १७५०० | २०००० | २२००० |
| नगरपालिकाहरु | २५००० | २७५०० | ३०००० | ३३००० | ३७००० |
| गाविसहरु | ७०० | ७५० | ८५० | ९३० | १०२५ |

- गाविस, न.पा. र जिविसको बेरुजू अभिलेख तयार र विवरण प्रकाशन ।
- जिविस, नपा, गाविस र विषयगत कार्यालयको लेखापरीक्षण प्रतिवेदन सार्वजनिक ।
- स्थानीय निकायको राजश्व प्रक्षेपण ।

**प्रतिफल ४:**
सेवा प्रदायक निकायहरु बीच समन्वय र सहकार्य भएको हुनेछ ।

- गैसससमन्वय डेस्क स्थापना ।
- संयुक्त अनुगमन तथा मूल्यांकन समिति गठन ।
- अनुगमन समितिको प्रतिवेदन

**प्रतिफल ५:**
स्थानीय निकायहरुमा विद्युतीय सेवाका लागि पूर्वाधारको व्यवस्था भएको हुनेछ ।

- भौतिक पूर्वाधारको क्षेत्रमा निम्न अनुसार प्रगति भएको हुनेछः

| सूचकको क्षेत्र | आ.व. | | | | |
|---|---|---|---|---|---|
| | ०७२/७३ | ०७३/७४ | ०७४७५ | ०७५/०७६ | ०७६/७७ |
| गाविसहरुको भवन | | | | | |
| गाविसहरुमा कम्प्यूटर, इमेल, इन्टरनेट तथा फ्याक्स सुविधा | १० | ५ | ५ | १० | १० |
| नगरपालिकाहरुको भवन व्यवस्था | | | २ | १ | |
| नपा वडा कार्यालय स्थापना र संचालन | २ | ५ | १० | १० | १२ |

**प्रतिफल ६:**
सेवा प्रवाहमा सरलता र सेवा प्रदायकहरु

**आ.व. २०७२।७३ भित्र,**

- नागरिक वडापत्र अनुसारको सेवा प्रवाह ।

| | | | |
|---|---|---|---|
| सेवाग्राही प्रति उत्तरदायी भएका हुनेछन् । | ● गुनासो सुन्ने अधिकारीको व्यवस्था ।<br>● कार्यान्वयन स्थलमा योजना सूचना बोर्डको व्यवस्था ।<br>● ईलेक्ट्रोनिक हाजिरी मेसिनको व्यवस्था । | | |
| <u>प्रतिफल ७:</u><br>स्थानीय निकायको अनुगमन र मूल्यांकन प्रणालीमा सुधार भएको हुनेछ । | <u>आ.व. २०७२।७३ भित्र,</u><br>➧ अनुगमन निर्देशिका परिमार्जन, नियमित अनुगमन र समीक्षा बैठक।<br>➧ विषयगत क्षेत्रका कार्यक्रमहरुको संयुक्त अनुगमन ।<br>➧ कम्तिमा ३०% आयोजना/कार्यक्रमहरुको अनुगमन प्रतिबेदन सार्बजनिक ।<br>➧ आयोजना/कार्यक्रमहरुको सामाजिक/सार्वजनिक परीक्षण प्रतिवदेनहरु सार्वजनिक ।<br>➧ समीक्षा प्रतिवेदन सार्बजनिक । | ➧ सूचना केन्द्रका अभिलेखहरु<br>➧ स्थानीय निकाय, विषयगत कार्यालय, गैसस र दातृ संस्थाका बार्षिक प्रगति प्रतिवेदनहरु | ➧ अनुगमन समिति र नागरिक समाज सक्रिय भएमा । |

## संस्थागत विकासका कार्यनीतिहरु

- स्थानीय शासनका साझेदारहरु स्थानीय निकाय, सेवा प्रदायक, नागरिक समाजका संस्था तथा सरोकारवालाको क्षमता विकास गरी विकास व्यवस्थापन, निर्णय प्रक्रिया तथा सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।
- सार्वजनिक सेवा र वस्तुको उत्पादन र वितरणमा संलग्न नीजि तथा नागरिक समाजका संस्थाहरुको नियमन, अनुगमन र क्षमता विकास सम्बन्धी नीतिको तर्जुमा तथा आवश्यक संयन्त्रको निर्माण गरिनेछ ।
- जिविसको संस्थागत भूमिका कार्यान्वयनकर्ताबाट सहजकर्ता, समन्वयकर्ता, नियमनकर्ता, अनुगमनकर्ता तथा मूल्याङ्कनकर्ताको रुपमा केन्द्रित गरिनेछ ।
- संगठन विकास रणनीतिलाई क्षमता विकास योजनामा समायोजन गरी कार्यान्वयन गरिनेछ ।
- जिविसको सेवा प्रवाह, कार्यसम्पादन र कामकार्वाहीलाई चुस्त र प्रभावकारी बनाउन संगठन विकास अध्ययन गरिनेछ र प्रतिवेदन अनुसार संगठन पुनर्संरचना, मानव संसाधन विकास तथा संगठन सुधार योजना कार्यान्वयन गरिनेछ ।
- कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई मापनीय सूचकका आधारमा गर्ने प्रणालीको विकास गर्न मूल्याङ्कनका उपयुक्त सूचकहरुको पहिचान गरी मूल्याङ्कन परिणामलाई पूर्वानुमानयोग्य बनाइनेछ ।
- स्थानीय निकाय तथा गैससहरुमा रिक्त पदहरुमा कर्मचारी नियुक्ति गर्ने कार्य उपलब्ध कानूनी व्यवस्था र लैङ्गिक समता तथा सामाजिक समावेशीकरणको रणनीति अनुसार तदारुकताका साथ सञ्चालन गरिनेछ ।
- गाउँ विकास समितिको अनुदानलाई कार्यसम्पादन मापनका आधारमा गर्ने नेपाल सरकारको नीति अनुरुप गाविसको संस्थागत तथा क्षमता विकासमा विशेष जोड दिइनेछ र क्षमता विकास कार्यक्रममा साझेदारको सहयोग परिचालन गरिनेछ ।
- जिविसमा NGO/CBOडेस्क स्थापना गरी क्रियाशील बनाइनेछ तथा नियमित रुपमा गैसस तथा समुदायमा आधारित संस्थाले सम्पादन गरेका कार्यहरुको समीक्षा गरिनेछ ।
- गाविसको संगठन संरचना र कर्मचारीको कार्यविवरण तयार गरी कार्यान्वयन गरिनेछ । विद्युत् सेवा उपलब्ध गाविसहरुमा लेखा सम्बन्धी सफ्टवेयर स्थापना, सम्बन्धित कर्मचारीलाई यस सम्बन्धी तालिम प्रदान गरी गाविसहरुको लेखा व्यवस्थापनलाई आधुनिक भरपर्दो बनाइनेछ ।
- स्थानीय निकायलाई स्रोत, साधन र अधिकारको व्यवस्था गरी क्षमता अभिबृद्धि गरिनेछ ।
- जिविस तथा गाविसको आन्तरिक स्रोतको संकलन तथा परिचालन बारे आवधिक रुपमा अध्ययन गरी प्राप्त सुझावहरुको कार्यान्वयन गरिनेछ ।
- स्थानीय विकास निर्माणका आयोजना तथा कार्यहरुमा स्थानीय स्रोतसाधनको अधिकतम प्रयोग तथा परिचालनको लागि प्रयास गरिनेछ ।
- वित्तीय जोखिम न्यूनीकरणका लागि पारदर्शिता तथा सुशासनसम्बन्धी व्यवस्थाहरु कार्यान्वयनका लागि विशेष स्रोत साधनको परिचालन गरिनेछ ।
- संस्थागत विकास, क्षमता विकास र स्थानीय सुशासन योजनाको लागि आवश्यक स्रोत, साधन र लगानी तथा स्रोत विनियोजनमा डालो प्रणाली अपनाइनेछ ।
- विषयगत निकाय, गै.स.स., गाविस तथा राजनीतिक पार्टी र नागरिक बीचको सम्बन्धलाई सुमधुर बनाउन आवश्यक अन्तरक्रिया तथा वहस कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय सुशासन अभिबृद्धि तथा सेवा प्रवाहको गुणस्तरियता तथा प्रभावकारितका लागि क्षतिपूर्ति सहितको नागरिक वडापत्रको व्यवस्था र पालना अनुगमन, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, स्थानीय निकायको खर्च पुनरावलोकन, सेवा प्रवाहको पालना अनुगमन, स्थानीय शासन तथा निर्णय प्रक्रियामा नागरिकहरुको संलग्नता सर्वेक्षण, नागरिक अनुगमन लगायत उपलब्ध तथा प्रचलित सामाजिक जवाफदेहिता अभिबृद्धि कार्यक्रम प्रभावकारी कार्यान्वयन गरिनेछ । यस्ता कार्यक्रमको संचालन तथा सहजीकरणमा नागरिक समाजका संस्था एवं समुदायमा आधारित संस्थाहरुलाई परिचालन गरिनेछ ।

- स्थानीय निकाय तथा अन्य सरकारी कार्यालयहरु र गैरसरकारी निकायहरुमा सेवाग्राहीहरु तथा जनगुनासोको अभिलेख राखिनेछ र गुनासो सुनुवाई संयन्त्रलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
- जिल्लास्तरीय सेवाहरु सूचना प्रविधिमा आधारित भई छिटो छरितो ढंगले प्रवाह गरिनेछ । कार्यालय सम्बन्धी विभिन्न समसामयिक सूचनाहरु सम्बन्धित कार्यालयको वेबसाइटमा राखी नियमित अद्यावधिका गरिनेछ । साथै, गाविस तथा सेवा केन्द्रस्तरको सेवा प्रवाहलाई समेत क्रमशः सूचना तथा प्रविधिमा आधारित बनाउँदै लगिनेछ ।
- योजना तथा बजेट तर्जुमा, बजेट तथा खर्च र प्रगति विवरण मासिक रुपमा विद्युतीय तथा छापा संचार माध्यमद्वारा सार्वजनिक गरिनेछ र प्रतिवेदन प्रणाली एकद्वार प्रणाली अनुसार व्यवस्थित गरिनेछ ।
- जिविस वेवसाइटको क्षमता विस्तार गरी जिल्लास्तरको वेवहव (Web Hub) को रुपमा विकास गरी नियमित अद्यावधिक गरिनेछ ।
- सूचनामा आधारित स्थानीय योजना तर्जुमा प्रक्रियालाई व्यवस्थित गर्न स्थानीय निकायको नेतृत्वमा हुने सहभागितामूलक योजना पद्धतिमा सबै विकास सेवा प्रदायक निकायहरु सहभागी हुने व्यवस्था मिलाईनेछ ।
- जिल्लाबाट सञ्चालन गरिने विकास कार्यक्रम/आयोजनाहरुको विस्तृत वार्षिक कार्यान्वयन तालिका बनाई कार्यान्वयन गरिनेछ । यसको अनुगमनको जिम्मेवारी स्थानीय स्वायत्त शासन ऐनको दफा २१० अनुसार गठन हुने अनुगमन सुपरिवेक्षण समितिको हुनेछ ।
- विकास आयोजना तथा कार्यक्रमहरुको प्रतिफल अनुगमन तथा प्रभावकारीता अध्ययन/मूल्याङ्कनका लागि विद्यमान अनुगमन सुपरिवेक्षण संरचनालाई प्रभावकारी र क्रियाशील बनाइनेछ ।
- योजना तर्जुमा तथा अनुगमन प्रणालीलाई पारदर्शी, प्रतिफलमुखी र प्रभावकारी बनाउन जिल्ला सूचना केन्द्रलाई व्यवस्थित र प्रभावकारी बनाइनुका साथै प्रतिफलमा आधारित अनुगमन सम्बन्धी कार्यविधि तर्जुमा गरी आवधिक योजनाका सूचकका आधारमा योजना तर्जुमा र अनुगमन, मूल्याङ्कन कार्य सञ्चालन गरिनेछ ।
- सरकारी-नीजि, सरकारी-गैरसरकारी-समुदाय, नीजि-समुदाय साझेदारी नीति तथा कार्यविधि तर्जुमा गरी सो बमोजिम आयोजना तथा सेवा सञ्चालन गरिनेछ ।

# खण्ड - ५:
# कार्यक्रम तथा अपेक्षित उपलब्धि

## ५.१ प्रमुख कार्यक्रम तथा आयोजनाहरुको विवरण

विषयगत योजनाहरु अनुसार नै त्यस विषय क्षेत्रका कार्यक्रमहरुलाई पनि आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वातावरण संरक्षण तथा विपद व्यवस्थापन र संस्थागत विकासको उप-शिर्षकहरुमा विभाजन गरी प्रत्येक विषय क्षेत्रको कार्यक्रमहरुलाई छुट्टाछुट्टै रुपमा प्रस्तुत गरिएको छ । आर्थिक विकास शिर्षकमा कृषि, पशु, उद्योग, पर्यटन र सहकारी विकास कार्यक्रमहरु समावेश गरिएको छ । सामाजिक विकास शिर्षकमा शिक्षा, स्वास्थ्य, महिला बालबालिका, युवा तथा खेलकूद र भौतिक पूर्वाधार विकासमा सडक यातायात, खानेपानी, विद्युत र वैकल्पिक उर्जा, सिंचाईलाई समावेश गरिएको छ । त्यसैगरी वातावरण संरक्षणमा वन तथा वातावरण, जलवायू परिवर्तन प्रभाव अनुकूलन र विपद व्यवस्थापन कार्यक्रम राखिएका छन् । संस्थागत विकासमा जिल्लाको समग्र विकासका संस्थागतका कार्यक्रमहरु समावेश गरिएको छ । खासगरी स्थानीय निकाय सम्बद्ध क्षेत्र तथा सेवाप्रदायकहरुको संस्थागत क्षमता अभिवृद्धि, विभिन्न विषय क्षेत्रको गुरु योजना, कार्यविधि तयारी र अध्ययन अनुसन्धान जस्ता कार्यक्रमहरु यस उप-शिर्षकमा समावेश गरिएका छन् ।

# खण्ड – ६ :

# संगठनात्मक संरचना र विकास व्यवस्थापन

## ६.१ भूमिका

आजिवियो कार्यान्वयनका लागि प्रभावकारी संगठन तथा विकास व्यवस्थापन अत्यन्तै अवश्यक पक्ष हो । यस प्रकारको पद्धति निर्माण र स्थापना द्वारा कर्मचारीहरुले उच्च मनोवल लिएर काम सम्पन्न गर्दछन । यी कामका लागि कर्मचारीलाई छुट्टै प्रोत्साहन उपलब्ध गराउन नसकेको अवस्थामा यो पद्धति स्थापना गर्न छुट्टै कार्यक्रमका रुपमा वार्षिक योजना स्वीकृत गर्न सकिन्छ । कर्मचारीलाई यस प्रकारको काममा रुची समेत जगाउने उेश्यले खास खास तालिम दिनु उपयुक्त हुन्छ । सोच तालिका (Logical Framework), अनुगमन तथा मूल्यांकन, र MIS सम्बन्धी तालिमहरु Focal person लाई दिइनु उपयुक्त हुन्छ । प्रारम्भमा केही कार्यशाला संचालन सेवा विशेषज्ञबाट लिन सकिन्छ । तत्पश्चात त्यो स्तरको ज्ञानसीप कर्मचारी आफु मै प्राप्त हुने र सोहीबाट संचालन हुने गरेको अनुभव छ । आवधिक जिल्ला विकास योजना जिल्लाको ठूलो धनराशी र जनशक्ति खर्च गरेर निर्माण भएको जिल्ला विकास दस्तावेज हुनाले यसको कार्यान्वयनमा समग्र जिल्लाको ध्यान जानु आवश्यक छ भने जिल्ला विकास आवधिक योजना निर्माण गर्न अनिवार्य गर्ने गराउने केन्द्रिय निकायहरुले पनि समय समयमा यसको कार्यान्वयन पक्षको अनुगमन गर्ने परिपाटीको थालनी हुन जरुरी देखिन्छ । यस्तो अनुगमन निश्चित सूचक निर्धारण गरी सो को आधारमा उहि निकायका कर्मचारीबाट नभई तेश्रो पक्षबाट गराई प्रतिवेदन लिने र सो प्रतिवेदनको गुणस्तरीयता जांच हुनु युक्तिसंगत देखिन्छ ।

# खण्ड – ७
# अनूगमन तथा मूल्याङ्कन योजना

## ७.१ अनुगमन तथा मूल्याङ्कन पद्धति

राष्ट्रिय योजना आयोगले २०७० असारमा जारी गरेको राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनले योजना, नीति, कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ/छैन र कार्यतालिका अनुसार क्रियाकलापहरूको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त भएको छ/छैन भनी विभिन्न तहका व्यवस्थापन वा व्यवस्थापनले तोकेको व्यक्ति तथा निकायबाट निरन्तर र आवधिक रूपमा निगरानी राख्ने कार्यलाई अनुगमन भनी व्याख्या गरेको छ। विकास कार्यक्रमहरुमा अनुगमन तथा मूल्याङ्कन कमजोर भएको राष्ट्रिय रुपमै स्वीकार भएको सन्दर्भमा उदयपुर जिल्लाको आवधिक जिल्ला विकास योजनाको प्रतिफलमा आधारित अनुगमन तथा सहभागितामूलक लेखाजोखा पद्धति अवलम्बन गरी प्रतिफल मापन तथा योजना प्रभावकारिताको मूल्याङ्कन गरिनेछ । आवधिक जिल्ला विकास योजनाको अनुगमनलाई नियमित कार्यक्रमका रुपमा स्थापित गरी स्थानीयस्तर देखि राष्ट्रिय स्तर सम्मका विभिन्न तहका सरोकारवालाहरु र तेस्रो पक्षसमेतको सहभागिता गरिनेछ। यस अन्तर्गत प्रतिफलमा आधारित प्रस्तावित अनुगमन खाँका अनुसार पटके तथा नियमित अनुगमन, बार्षिक समीक्षा, मद्यावधि तथा अन्तिम मूल्यांकन गरिनेछ। योजनाको स्वतन्त्र तथा तटस्थ तेस्रो पक्षबाट समेत लेखाजोखा गरिनेछ।

## ७.२ अनुगमन मूल्याङ्कन संरचना

आवधिक योजनाको अनुगमन तथा मूल्यांकन प्रयोजनका लागि विद्यमान कानुनी व्यवस्था तथा प्रचलनका आधारमा देहायका संरचना प्रस्ताव गरिएको छ।

### ७.२.१ सुपरिवेक्षण तथा अनुगमन समिति

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१० मा व्यवस्था भएअनुरुप गठन हुने सुपरीवेक्षण तथा अनुगमन समितिलाई सक्रिय तुल्याई जिविस लगायत अन्य विषयगत कार्यालयहरुले योजना वा कार्यक्रम तर्जुमा गर्दा अनुमान गरिएका स्रोत साधनहरुको परिचालन लक्ष्य अनुरुप भए नभएको, आयोजनाको कार्यान्वयन तालिका अनुसार भए नभएको यकिन गरी आयोजनाहरुलाई अपेक्षित गति र दिसा प्रदान गर्न यस समितिलाई सक्रिय तुल्याइने छ।

### ७.२.२ सुपरिवेक्षण तथा अनुगमन उपसमिति

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१० मा व्यवस्था भएअनुरुप गठन हुने सुपरीवक्षेण तथा अनुगमन समिति समितिलाई आवश्यक सहयोग प्रदान गर्न तथा आवश्यक प्रतिवेदन दिने प्रयोजनको लागि स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को दफा २०२ मा व्यवस्था भएअनुरुप गठन हुने सुपरीवेक्षण तथा अनुगमन उपसमितिलाई सक्रिय तुल्याइनेछ। यस उपसमितिले जिल्लामा सञ्चालित आयोजनाहरुको नियमित अनुगमन तालिका तर्जुमा र कार्यान्वयन गरी तथ्यांक व्यवस्थापन, नियमित अद्यावधिक तथा प्रशोधन गर्ने व्यवस्था गरी आ.व. २०६९/०७० को स्थितिबाट जिल्लाको प्रगति कति अगाडि बढ्यो भन्ने विश्लेषण गर्ने आधार तयार प्रस्तुत गर्नेछ । उपसमितिबाट हुने अनुगमनलाई बढी सहभागितामूलक बनाउन अनुगमन तथा सुपरिवेक्षण क्रियाकलापहरुमा जिल्लाका अन्य सरोकारवालाहरुलाई समेत आमन्त्रण गरिनेछ।

### ७.२.३ संयुक्त अनुगमन समिति

आवधिक योजना कार्यान्वयनको प्रतिफल अनुगमनका लागि जिविस मातहत रहने गरी विभिन्न सरोकारवालाहरु रहेको संयुक्त अनुगमन समिति गठन गरिनेछ । उक्त संयुक्त अनुगमन समितिमा स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा उल्लेख भएका पदाधिकारीहरुका अतिरिक्त आदिवासी, जनजाती महिला समन्वय समिति, दलित वर्ग उत्थान समिति, गैसस महासंघ जिल्ला शाखाका प्रतिनिधि, उद्योग बाणिज्य संघ तथा नेपाल पत्रकार महासंघ जिल्ला शाखाका प्रतिनिधि समेतको प्रतिनिधित्व हुने व्यवस्था गरिनेछ। जिविसबाट हुने अनुगमनको समन्वय गर्ने सम्पूर्ण जिम्मेवारी योजना तथा अनुगमन शाखाको हुनेछ । योजना तथा अनुगमन शाखासँग प्रत्यक्ष समन्वयमा रहेर अन्य

विषयगत निकायहरुले सम्बन्धित विषय क्षेत्रको अनुगमनको कार्य गर्नेछन् । योजना तथा अनुगमन शाखालाई भौत्तिक एवं मानवीय श्रोत साधनले सम्पन्न बनाइनेछ । त्यस अतिरिक्त अनुगमन गर्ने कार्यालय, व्यक्तिको आचारसंहिता निर्माण तथा अनुगमन कार्यका लागि आवश्यक पर्ने क्षमता विकासको व्यवस्था जिविसले मिलाउनेछ ।

### ७.२.४ विषयगत समिति

स्थानीय स्वायत्त शासन ऐन अनुसार गठन हुने विषयगत समितिहरुले आ-आफ्नो विषय क्षेत्रअन्तर्गत स्थानीय निकाय, विषयगत कार्यालय तथा अ/गैससहरुबाट जिल्लामा सञ्चालित कार्यक्रमको स्थलगत भ्रमण, अवलोकन, अन्तर्वार्ता, प्रतिवेदन अध्ययन लगायतका विभिन्न विधिहरुबाट आवश्यकता अनुसार नियमित रुपमा अनुगमन गर्नेछन् ।

### ७.२.५ सम्बन्धित निकाय तथा परियोजना

कार्यक्रम कार्यान्वयन गर्ने निकाय वा संस्थाले हरेक कार्यक्रम, क्रियाकलाप कार्यान्वयन गर्ने विभिन्न चरणमा स्थलगत भ्रमण, अवलोकन, अन्तर्वार्ताका माध्यमबाट नियमित अनुगमन गर्नेछन् ।

## ७.३ अनुगमन प्रक्रिया

प्रतिफलमा आधारित प्रस्तावित अनुगमन ढाचा अनुसार आवधिक जिल्ला विकास योजनाको विषयगत रुपमा पटके तथा नियमित अनुगमन, बार्षिक समीक्षा, मध्यावधी तथा अन्तिम मूल्याङ्कन गरिनेछ । दोश्रो आवधिक योजनाको अनुगमन तथा मुल्याङ्कन प्रक्रिमा देहाय अनुसार प्रस्ताव गरिएकोछ

### ७.३.१ पटके तथा नियमित अनुगमन

प्रतिफलमा आधारित प्रस्तावित अनुगमन ढाँचा अनुसार विषयगत बार्षिक कार्यक्रम तथा बजेटको संबन्धित निकाय, विषयगत समिति, सुपरीवेक्षण तथा अनुगमन समिति तथा उपसमिति र संयुक्त अनुगमन समितिले पटके तथा नियमित अनुगमन गर्नेछन् ।

### ७.३.२ नागरिक अनुगमन

आवधिक योजना आधारित भए पश्चात सो अनुसार बार्षिक योजना तथा बजेट तर्जुमा भए नभएको, स्वीकृत योजना तथा बजेट र कार्ययोजना अनुसार कार्यक्रम संचालन, सेवा प्रवाह भए नभएको, योजनामा तोकिएको विधि तथा प्रक्रिया पुरा भए नभएको, आयोजना तथा कार्यक्रमबाट प्रतिफल तथा उपलब्धी हासिल भए नभएको नागरिक तथा समुदायमा आधारित संस्थाले अनुगमन गर्न सक्नेछन । यस प्रकारको अनुगमन कार्यलाई नागरिक समाजका संस्थाले आवश्यक सहजिकरण गर्ने तथा सम्बन्धित सेवा प्रदायक निकायहरुले सूचना उपलब्ध गराउने, अनुगमनमा प्राविधिक सहयोग गर्ने कार्य गर्नेछन् ।

### ७.३.२ प्रतिफलमा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा

अनुगमन तथा सुपरीवेक्षण समिति र संयुक्त अनुगमन समितिसँग समन्वय गरी जिविस, विषयगत समितिहरुद्वारा सहभागितामूलक प्रक्रिया बमोजिम प्रतिफलमा आधारित प्रस्तावित अनुगमन ढाँचा अनुगमन योजना तर्जुमा गरी वा सोही ढाँचा अनुसार आवधिक जिल्ला विकास योजनाको विषयगत रुपमा समीक्षा गरी योजनाको प्रतिफल तथा कार्यसम्पादनको मापन गरिनेछ । यस प्रकारको अनुगमनमा सहभागितामूलक अनुगमन प्रक्रिया तथा सरोकारवालाको संलग्नता रहनेछ । यसका साथै तेश्रो पक्ष वा विषय विज्ञले यस प्रक्रियामा सहजिकरण गर्नेछन ।

### ७.३.३ मध्यावधि मूल्याङ्कन

आवधिक योजनामा निर्धारित लक्ष्य, उद्देश्य, सूचक र नीतिहरुका आधारमा तेस्रो वर्षमा यसको मध्यावधि मूल्यांकन हुनेछ । मध्यावधि मूल्याङ्कन प्रतिफलमा आधारित प्रस्तावित अनुगमन ढाँचा अनुसार बार्षिक समीक्षा प्रतिवेदन तथा सूचनाको आधारमा सहभागितामूलक प्रक्रियाबाट गरिनेछ । मूल्याङ्कनमा जिविस, विषयगत कार्यालयहरु, संयुक्त अनुगमन र अनुगमन तथा सुपरीवेक्षण समितिको प्रमुख भूमिका हुनेछ । मूल्याङ्कको सहजिकरण योजना तर्जुमा तथा अनुगमनमा सम्बन्धी दख्खल भएका र अनुभवी पेशाविद्को समूह संलग्न हुनेछन् । मध्यावधि मूल्याङ्कन टोलीमा रहने अन्य सदस्यहरु र यसको कार्यविधि जिल्ला परिषद्ले निर्धारण गर्नेछ । यसमा खास गरी आजिवियोको दीर्घकालिन सोच, समष्टिगत उद्देश्य, विषयगत उद्देश्य र

सूचकहरुको कार्यान्वयन एवं नतिजा, आजिवियोको निर्देशक सिद्धान्त र रणनीतिको कार्यान्वयन अवस्थाको मूल्यांकन गरिने छ ।

### ७.३.४ अन्तिम मूल्याङ्कन

दोश्रो आवधिक जिल्ला विकास योजनाको समयावधि समाप्त भएपछि योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा विषयगत उपलब्धीहरु हासिल भए/नभएको प्रतिफलमा आधारित प्रस्तावित अनुगमन ढाँचा अनुसार मापन तथा लेखाजोखा गरिनेछ । योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कनमा दखखल भएका तेश्रो पक्षका अनुभवी पेशाविद/हरुको संलग्नता र सहजिकरणमा अन्तिम मूल्याङ्कन गरिनेछ । अन्तिम मूल्याङ्कन टोलीमा रहने पेशाविद् तथा अन्य सदस्यहरु र यसको कार्यविधि जिविसको सिफारिसमा जिल्ला परिषद्ले निर्धारण गर्नेछ । यस प्रकार गरिएको अन्तिम मूल्याङ्कनको प्रतिवेदन सार्वजनिक गरिनेछ । यो प्रतिवेदन तेश्रो आजिवियोको लागि आधारको रुपमा प्रयोग गरिनेछ । आजिवियोको यो अनिवार्य व्यवस्था भएको हुंदा जिल्ला विकास समितिले यसको कार्यान्वयनसंगै अन्तिम मूल्यांकन गर्ने गराउने प्रतिवद्ध निर्णय गर्ने छन् ।

### ७.३.५ प्रतिफलमा आधारित अनुगमन तथा मूल्याङ्कन कार्यान्वयन अवधारणा

विद्यमान सन्दर्भमा अनुगमन पद्धतिको प्रभावकारिताका लागि मूलतः अनुगमन तथा मूल्याङ्कन संयन्त्रहरुलाई सक्रिय तुल्याउने तथा उपरोक्त संयन्त्रहरुलाई काम गर्न उपयुक्त वातावरणको तयारी गर्नु आवश्यक हुन आउँछ । व्यवस्थित, भरपर्दो तथा अद्यावधिक तथ्याङ्क र यसको विश्लेषणले मात्र योजनामा तोकिएका उद्देश्य हासिल गर्नेतर्फ उन्मुख भए/नभएको सुनिश्चित गर्न सकिने भएकाले यस आवधिक योजना अन्तर्गत विद्यमान संरचनाहरुलाई सक्रिय तुल्याउने तथा योजना कार्यान्वयन लक्ष्यअनुरुप एवं कार्यान्वयन योजना मुताविक भए नभएको एवं योजनाको निर्दिष्ट लक्ष्य हासिल भए नभएको मापन गरिनेछ ।

यसका लागि स्वायत्त शासन ऐन तथा तत्सम्बन्धी नियमावलीले व्यवस्था गरे अनुरुपको सुपरिवेक्षण तथा अनुगमन समिति तथा उपसमितिलाई सक्रिय बनाउन आवश्यक व्यवस्था गरिनेछ । साथै, हरेक विषयगत योजनासँग सम्बन्धित तथ्याङ्कको नियमित संकलन, अद्यावधिक तथा विश्लेषण गरी प्रस्तावित आयोजनाहरुबाट आवधिक जिल्ला विकास योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य हासिल गर्ने दिशामा के कस्तो प्रगति भइरहेको हो निचोडमा पुगिनेछ । प्राप्त निचोडको आधारमा जिम्मेवार निकायलाई सचेत वा प्रोत्साहित गर्ने व्यवस्था गरिनेछ ।

यसका, साथै विषयगत समिति, सरोकारवाला तथा कार्यान्वयन निकायले समेत पटके, चौमासिक र वार्षिक रुपमा अनुगमन गर्नेछ भने आजिवियोको मद्यावधि र अन्तमा तेस्रो पक्षीय अनुगमनको व्यवस्था हुनेछ । साथै, यस आवधिक जिल्ला विकास योजनाका सूचकहरुमा आधारित रही जिल्लाका सबै विषयगत कार्यालयको वार्षिक योजना समीक्षा गर्ने पद्धतिको पालना गरिनेछ । मध्यावधी र अन्तिम मूल्यांकन आजिवियो कुन दिशामा गइरहेकोछ र सहि दीशा दिन के गर्न आवश्यक छ भन्ने सुझाव दिनेछ । अनुगमन मुल्यांकनको समयावधि, विभिन्न तह, संलग्न निकाय र परिणाम देहायअनुसारको हुनेछ ।

| समयावधि | तह / संलग्न निकाय | परिणाम |
|---|---|---|
| पटके तथा नियमित मूल्यांकन | सम्वन्धित कार्यालय जिल्लास्तरिय सुपरिवेक्षण तथा अनुगमन समिति, विषयगत समिति | • सुचकहरुको प्रगति अवस्थाको मापन<br>• पालनाको अनुगमन<br>• प्रभाव र असरहरुको मापन |
| वार्षिक मूल्यांकन | जिल्लास्तरीय सुपरिवेक्षण तथा अनुगमन समिति, उपसमिति | • वार्षिक योजनाको प्रगति र नतिजा मापन |
| मध्यावधि मूल्यांकन | सहभागितामूलक अनुगमन | • लगानीको मापन<br>• उपलब्धि मापन |
| अन्तिम मूल्यांकन | तेश्रोपक्षवाट | • प्रभावको मापन<br>• असरको मापन |

## ७.४ प्रतिफलमूलक अनुगमन खाका

विषयगत क्षेत्रअनुसारका कार्यक्रमको अनुगमन सम्बन्धित कार्यान्वयन गर्ने निकाय तथा विषयगत समिति, संयुक्त अनुगमन समितिले पटके र आवधिक (चौमासिक, अर्धवार्षिक र बार्षिक) अनुगमन गरी जिविसमा प्रतिवेदन पेश गर्नेछन् । सहभागितामूलक रुपमा वार्षिक समीक्षा कार्यक्रम र तेश्रो पक्षद्वारा समेत कार्यक्रमको गुणस्तरीयता, लागत प्रभावकारिता र प्रतिफलको मापन गरिनेछ । योजनाको तेश्रो पक्षद्वारा मद्यावधि तथा अन्तिम मुल्याङ्कन गरी प्रतिफल सार्वजनिक गरिनेछ । विषयगत क्षेत्रको कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी जिल्लास्थित विषयगत समितिको हुनेछ । साथै जिल्ला योजना, अनुगमन तथा विश्लेषण प्रणाली संचालन निर्देशिकामा उल्लेखित अनुगमनका सूचक र अनुगमन योजना समेत उपयोग गरिनेछ । विषयगत क्षेत्र अनुसारको विस्तृत अनुगमन तथा मूल्याङ्कन योजनाको खाँका देहाय अनुसार छ ।

**तालिका ७.१: वार्षिक अनुगमन तथा मूल्याङ्कन योजनाको खाँका**

| विषयगत क्षेत्र | उप क्षेत्र | कार्यक्रमहरुको नाम | कार्यक्रम कार्यान्वयन क्षेत्र | वजेट | अनुगमन गर्ने निकाय | अनुगमन विधि | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वगन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

**तालिका ७.२: विषयगत क्षेत्र अनुसारको अन्तिम नतिजामुखि अनुगमन तथा मूल्याङ्कन योजनाको खाँका**

| विवरण | सूचकहरु | आधार वर्ष | लक्षित वर्ष | पूष्टाईका आधारहरु | जोखिम तथा मान्यताहरु |
|---|---|---|---|---|---|
| **असर तथा प्रभावहरु** (लक्षित जनसंख्याले प्राप्त गरेको फाइदा) | फाईदालाई मापन गर्ने सूचकहरु | २०७०/२०७१ | २०७६/०७७ | | |
| **उपलब्धि** (संचालित कार्यक्रमवाट प्राप्त भएको मापन योग्य उपलब्धिहरु) | उपलब्धिहरुलाई मापन गर्ने सूचकहरु | २०७०/२०७१ | २०७६/०७७ | | |
| **प्रतिफल** (कार्यक्रम संचालन भए पश्चात कार्यक्रमहरुको प्रत्यक्ष प्रतिफल) | गतिविधि मापन गर्ने सूचकहरु | २०७०/२०७१ | २०७६/०७७ | | |
| **गतिविधि** (संचालित कार्यक्रमहरु) | गतिविधि मापन गर्ने सूचकहरु | २०७०/२०७१ | २०७६/०७७ | | |
| **लगानी** | | २०७०/२०७१ | २०७६/०७७ | | |

# खण्ड – ८ वजेट प्रक्षेपण

आधार

**ाजिवियो २०७२/०७३ –२०७६/०७७ का लागी प्रक्षेपीत वजेटको साराशं** (वजेट रु. ००० मा) रू. १७,५५,८७,८६,०००

| आ.व. (रु. हजारमा) | | | | | जम्मा रु. हजारमा | वजेटको श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | | नेपाल सरकार | स्थानीय निकाय | दातृसंस्था | जन सहभागिता |
| २९३८ | १७३९८ | १९७४९ | २२५७५ | २५९८८ | ९८६४८ | ७५७७१ | ६७५१ | ० | १६१२६ |
| ९७६० | १२०२५ | १२८८३ | १४००५ | १५५०५ | ६४१७८ | ६४६७८ | ० | ० | ० |
| १५५७ | ३७८४ | १८८२ | २११९ | २१५७ | ११४९९ | ९८९९ | ४०० | २५० | ९५० |
| ९३१० | ११४९५ | १३२२७ | ११३३२ | १३०३५ | ५८३९९ | ५८३९९ | ० | ० | ० |
| ४३०० | ९५०० | १४२५० | १३५५० | १२६०० | ५४२०० | ४०९०० | १२८०० | ५०० | ० |
| ६६७३८ | २५८०५९ | २९६१९२ | ३३०५८५ | ४००७७५ | १७५२३४९ | ७०७९७९ | ४४७५८८ | २९८३९१ | २९८३९१ |
| ८९३० | २०८१०८ | २२८६०२ | २५११५३ | २२६०३२ | ११७२८२५ | ११७२८२५ | ० | ० | ० |
| १६८० | ५५६५ | ५०८५ | ५६०० | ६१६० | २४०९० | २४०९० | ० | ० | ० |
| २०६५ | २२०६५ | २२०६५ | २२०६५ | २२०६५ | ११०३२५ | १९६८० | ५६५०० | ३४१४५ | ० |
| २०६२ | १२१७६ | १४२७१ | १६३८५ | १७३१० | ७२२०४ | ६३८०४ | ४४०० | ४००० | |
| ३०३० | १५०३० | १८९५० | १३८७० | १३३०० | ७४१८० | १९००० | ४९०८० | ५८५० | २५० |
| २०० | ९०७० | १३९७० | ९१७० | १०५२० | ४८९३० | २६७५० | ११५०० | ६५८० | ४१०० |
| १३५० | २६३५ | २३८५ | २८८५ | २८३५ | १२०९० | २३९० | ७३५० | १५५० | ८०० |
| ३७४० | ३७६० | ४५३० | ४७२५ | ४८०५ | २१५६० | ५१०० | ६१५० | ९०४० | १२७० |
| ३१०० | ३९५० | ६९५० | ३९५० | ३७५० | २१७०० | १३९५० | ४४५० | ३३०० | ० |
| ७६७० | ६२८० | १६१५० | १६५८० | १६७७० | ७३४५० | ५८४०० | १५०५० | ० | ० |
| ३२४५ | २७७२४ | २८९०७ | ३१९३७ | ३५१६५ | १४६९७८ | १०४७८३ | ४२१९५ | ० | ० |
| ७०० | १५८०० | १७८०० | १५८२० | १२१६० | ६७२८० | १६९५० | २४९२७ | २५४०३ | ० |
| ६१९२३ | ७००६० | ७८८०० | ७८४०० | ७८६५० | ३६७८३३ | ३३००५० | १३००० | १८७३३ | ६०५० |
| ७८४२ | १९६१४ | २१५६६ | २३७११ | २६०७१ | १०८८०४ | १०८८०४ | ० | ० | ० |

| क्रियाकलाप | आ.व. (रु. हजारमा) | | | | | जम्मा रु. हजारमा | वजेटको श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | | नेपाल सरकार | स्थानीय निकाय | दातृसंस्था | जन सहभागिता |
| सिंचाई | ८८२११ | ९३३५७ | ९६९१४ | १००९०४ | १०५५३५ | ४८४९२१ | २६६७९५ | ० | १८८३४६ | २९७८० |
| नदी नियन्त्रण | २१७०० | २६२०० | २९५९० | ३२९५४ | ३५८५० | १४६२९४ | १०९७२० | ० | ३६५७४ | |
| विद्युत | ६०८३० | ९८६३५ | ११८३३० | १३८६८५ | १६९४७० | ५८५९५० | ३४९८३३ | ८७३०० | ० | १४८८१७ |
| संचार | २३००० | ५०००० | ५३१०० | ५६५०० | ५९५०० | २४२१०० | ० | ० | २४२१०० | ० |
| खानेपानी | १२९३४५ | ११६६६० | २८५५७५ | ४१२१७० | ४७८६३० | १४२२३८० | ७००८३० | ७९९१५ | ३७०८०० | २७०८३५ |
| संस्थागत विकास | ३७९२७ | १०३६२५ | १०७४२५ | ८६९२५ | २५१०० | ३६१००२ | १२१००० | २३५२०२ | ४८०० | ० |
| **जम्मा** | **३२३०२७०** | **३१७२३७५** | **३६६२२४८** | **३८२२३५५** | **३६७१५३८** | **१७५५८७८६** | **९४४१९६७** | **५१९६५७८** | **२०२७४१२** | **८९२८२९** |

## ८.२ नपुग श्रोत तथा बजेट परिचालन रणनीति

दोश्रो आवधिक जिल्ला विकास योजना (आ.व. २०७२/०७३–२०७६/०७७) को लागि प्रस्तावित बजेट मध्ये रु.९,०१,५४,११,००० नपुग देखिन्छ । उक्त नपुग श्रोत तथा बजेट परिचालन गर्ने आन्तरिक श्रोत पहिचान र परिचालन गर्ने समेत देहायबमोजिमका रणनीति अबलम्बन गरिनेछ ।

### क. आन्तरिक श्रोत र साधन पहिचान तथा परिचालन

- आन्तरिक श्रोत (राजस्व, कर, सेवा तथा शुल्ल) का क्षेत्र पहिचान एवम् परिचालन गर्ने
- जिल्लाको संभावित कर, राजस्व र शुल्कका श्रोतहरूलाई करको दायरामा ल्याउने ।
- आवश्यकता अनुसार राजस्व संकलन केन्द्रको स्थापना गर्ने तथा साझेदारीमा राजस्व संकलन गर्ने
- विषयगत कार्यालयहरू (जस्तै जि.व.का., जिल्ला पशुसेवा कार्यालय, जिल्ला कृषि विकास कार्यालय) र अन्य व्यवसायिक निकायहसंग राजस्व सम्वन्धी समझदारी पत्रमा हस्ताक्षर गरी श्रोत परिचालनमा साझेदारी गर्ने
- ढुङ्गा, गिटी, बालुवा उपलव्ध हुने क्षेत्रसम्म पुग्ने लिङ्क बाटो निर्माण गरी थप राजस्व सङ्कलन गर्न सकिने ।
- जिविसले राजस्व अभिबृद्धि गर्ने सम्बन्धमा दीर्घकालीन तथा अल्पकालीन गरी दुई किसिमका नीति अख्तियार गर्ने
- बिस्तार हुँदै गरको नयाँ बजार केन्द्र (Growth Centres) को पहिचान गरी राजस्व परिचालनको योजना तर्जुमा गर्ने ।
- घर जग्गा रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व बाँडफाँडको रकममा बृद्धि गर्न मालपोत कार्यालयबाट तोकिने न्यूनतम मूल्यांकनलाई बढी व्यवहारिक बनाउने ।
- जिविस तथा गाविसबाट प्रदान गरिने विभिन्न किसिमका सिफारिसमा लिने दस्तुरको पुनरावलोकन गरी थप राजस्व प्राप्त गर्न सकिने ।
- स्थानीय सेवा शुल्क नीति तयार गरी लागू गर्ने ।
- स्थानीय सेवा, शुल्क तथा राजस्व संकलन तथा परिचालनलाई प्रभावकारी बनाउन अनुगमन र मूल्यांकनलाई प्रभावकारी बनाउने ।

### ख. अन्य श्रोत परिचालन तथा व्यवस्थापन

- संभाव्यताका आधारमा दीर्घकालीन आयोजनाहरू संचालनमा लगानी गर्न प्राथमिकता दिने
- विकास साझेदार, गैसस तथा नीजि क्षेत्रसँग साझेदारी बृद्धि गर्ने
- केन्द्र तथा विषयगत मन्त्रालयसँग थप श्रोतको लागि अनुरोध गर्ने
- स्थानीय श्रम, श्रोत र साधन परिचालन तथा जनसहभागिता बृद्धि गर्ने
- सेवा प्रवाहमा नीजि क्षेत्र, गैसस परिचालन तथा साझेदारीमा जोड दिने
- जिविस, गाविस र नीजिक्षेत्र बीच संयुक्त लगानीका क्षेत्रको खोजी गर्ने
- विषयगत क्षेत्र योजनाको लागि स्थानीय निकाय (जिविस र गाविस) को लगानी बृद्धि गर्ने
- एकिकृत क्षेत्र विकास कोष संचालन गर्ने
- भाषा, संस्कृति तथा पर्यटन प्रवर्द्धन तथा विकासको लागि स्थानीय निकायको लगानी बृद्धि गर्ने
- पर्यटन विकासको लागि नेपाल पर्यटन बोर्ड, सम्बन्धित मन्त्रालयहरु, छिमेकी जिविसहरुसँग सहकार्य गर्ने
- बाणिज्य क्षेत्रको विकास तथा पर्यटन क्षेत्रको प्रवर्द्धनको लागि नीजि क्षेत्रको लगानी बृद्धि गर्ने
- स्वास्थ्य क्षेत्र विकासको लागि सामुदायिक तथा नीजि क्षेत्रको लगानी बृद्धि गर्न प्रोत्साहन गर्ने
- प्राविधिक जनशक्ति उत्पादनका नीजि तथा केन्द्रिय लगानी बृद्धि गर्न पहल गर्ने
- प्राविधिक शिक्षालय संचालनमा नीजिक्षेत्रको लगानी बृद्धि गर्न प्रोत्साहन गर्ने
- खेलकूद विकास र प्रवर्द्धनमा नीजि क्षेत्रको लगानीलाई प्रोत्साहन गर्ने
- युवाहरुको क्षमता बृद्धि तथा स्वरोजगार प्रवर्द्धनको लागि विकास साझेदारसँग साझेदारी गर्ने

- वन पैदावरमा आधारित उद्योग व्यवसाय संचालनमा नीजि क्षेत्रलाई आकर्षण तथा प्रोत्साहन गर्ने
- गैसस तथा समुदायममा आधारित संस्थाहरुसँग साझेदारी र सहयोग परिचालन गर्ने
- स्थानीय श्रोत, साधन तथा जनसहभागिता बृद्धि गर्ने
- सेवा प्रवाहमा नीजि क्षेत्रको परिचालन तथा साझेदारीमा जोड दिने

## ८.४ अन्तर जिल्ला सम्बन्ध

जिल्लाको एकल प्रयासले मात्र जिल्ला विकासको उद्देश्य तथा उपलब्धी हासिल गर्न प्रायः असंभव छ । जिल्ला विकासको सम्बन्धित क्षेत्रको तुलनात्मक लाभका विषयगत क्षेत्रमा विकास र लगानी आवश्यक छ । यस प्रकारका तुलनात्मक लाभका क्षेत्रहरुमा सम्बन्धित जिल्लाहरुलाई समेत लाभ पुग्ने क्षेत्र तथा आयोजनामा केन्द्रिय लगानी जुटाउन आवश्यक छ । उदयपुर जिल्लाको सन्दर्भमा आवधिक योजनाको लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउन पर्यटन, उद्योग, संरक्षण क्षेत्र व्यवस्थापन, पूर्वाधार, सीप विकासका लागि छिमेकी जिल्लाहरुसँग निरन्तर सम्पर्क र समन्वय गरी योजना तर्जुमा, लगानी, कार्यान्वयन र अनुगमन गरिनेछ ।

## ८.५ आवधिक जिल्ला विकास योजना र अन्य योजना बीच अन्तरसम्बन्ध

आवधिक जिल्ला विकास योजनाको राष्ट्रिय योजना, राष्ट्रियस्तरमा विषयगत दीर्घकालिन योजनाहरु, जिल्लास्तरीय विषयगत गुरुयोजनासँग तादाम्यता, नीतिगत र कार्यगत समन्वय एवं उचित संबन्धमा कायम हुन आवश्यक छ । जिल्ला एकातर्फ स्थानीय चाहना, आवश्यकता र मागले योजनाको प्रारुप प्राप्त गर्ने र अर्कोतर्फ राष्ट्रिय नीति, लक्ष्य, प्राथमिकता र कार्यक्रमहरु वास्तविक रुपमा कार्यान्वयन हुने हुँदा स्थानीय योजना र राष्ट्रिय, नीति, योजना र कार्यक्रम भेट हुने साझा थलो हो । तसर्थ, स्थानीय र केन्द्रिय योजना बीच उचित तालमेल, सम्बन्ध र एकीकरण हुन जरुरी छ ।

दोश्रो आवधिक जिल्ला विकास योजनालाई राष्ट्रिय नीति, त्री-वर्षिय योजना, तेह्रौ योजनाको आधारपत्र, विभिन्न राष्ट्रिय विषयगत गुरुयोजना तथा जिल्लाका विषयगत गुरुयोजनाहरुको परिपुरक तथा परिपोषकको रुपमा प्रस्तुत गरिएको छ । आवधिक जिल्ला विकास योजना तर्जुमा गर्दा देहायका नीति, योजना तथा कार्यक्रम पुनरावलोकन एवं आधारको रुपमा लिईएको छ ।

- नेपालको संविधान
- स्थानीय स्वायत्त शासन ऐन, २०५५
- स्थानीय स्वायत्त शासन नियमावली, २०५६
- स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९
- संबन्धित ऐन, नियम, निर्देशिकाहरु (शिक्षा, जनस्वास्थ्य ऐन तथा नियमावली, वन ऐन, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन)
- गरिवी निवारण रणनीति पत्र (दशौ योजना)
- तेह्रौ योजना
- कृषि विकास रणनीति
- वन विकास गुरुयोजना
- दीर्घकालिन स्वास्थ्य योजना
- दिगो विकासका लक्ष (सहस्राव्दि विकास लक्ष्यको सट्टामा)
- सार्क विकास लक्ष्य
- विभिन्न राष्ट्रिय नीतिहरु (स्थानीय पूवार्धार, पर्यटन, जलश्रोत, वातावरण, विद्युत, भू-उपयोग, सार्वजनिक नीजि साझेदार, सिंचाई, उद्योग, खानेपानी र सरसफाई, उर्जा, लैंगिक तथा सामाजिक समावेशीकरण आदि)

- जिल्लास्तरीय विषयगत गुरुयोजनाहरु
- प्रथम आजिवियो समीक्षा प्रतिवेदन
- सामाजिक परीक्षण प्रतिवेदन
- बार्षिक समीक्षा तथा अनुगमन प्रतिवेदन आदि

# अनुसूचीहरु

# अनुसूची – १: समस्या विश्लेषण

| तत्कालिन असर | मुख्य कारणहरु | अन्तरनिहित कारणहरु | समाधानका सम्भावित उपायहरु |
|---|---|---|---|
| कृषि जन्य बस्तुको बीउ तथा रसायनको अभाव | कृषि क्षेत्रमा व्यवसायिकता र आकर्षणको कमी | गुणस्तरीय मलबीउ नहुनु, पर्याप्त सिंचाई नहुनु, उन्नत आधुनिक प्रविधिको विस्तार ग्रहणमा कमी, माटोमा प्रांगारिक/पोषक तत्वको कमी, भू-खण्डिकरण, आनुवाशिंक जातहरुको संरक्षण तथा प्रवर्द्धन नहुनु, खेती योग्य जमिन खास कृषकको अधिनमा नहुनु, बाली विशेषता अनुसार (हावापानी सुहाउँदो) भू उपयोग हुन नसक्नु | कृषि क्षेत्रलाई व्यवसायिकरण तर्फ जोड दिने । कृषि क्षेत्र तर्फ आकर्षित गर्न अनुदान तथा प्रोत्साहनको कार्यक्रम समावेस गरिनु पर्ने |
| आर्थिक समस्या | परम्परागत कृषि प्रणाली | व्यवसायिक कृषि क्षेत्र तर्फ जनचेतना, पहुँचमा कमी | आधुनिक कृषि व्यवसाय सम्बन्धि अभि मुखिकरण तालिम सकृय कृषक समुह गठन |
| कृषि पेशामा आकर्षण घट्नु | परम्परागत कृषि प्रणालीमा आश्रित आधुनिक प्रविधिलाई आत्मसात गर्न नसक्नु | प्रविधि विस्तर हुन नसक्नु, आधुनिक प्रविधिमा सर्वसाधरणको पहुँच हुन नसक्नु, आधुनिक प्रविधि र अभ्यासको प्रतिफल बारे जानकारी नहुनु बातावरण तथा माटो अनुकुल, बीउ बिजन लगाउन नसक्नु | कृषि क्षेत्रबाट उत्पादित बस्तुलाई बजारीकरण गर्नुपर्ने । |
| कृषकहरु कृषि पेशा प्रति निरुत्साहित | बजारमा प्रतिस्पर्धा गर्न नसक्नु । व्यवसायीकरण नहुनु । | कृषि सडक नहुनु, संकलन केन्द्र नहुनु, प्रतिस्पर्धात्मक बजारको अभाव, उत्पादन लागत बढि हुनु बाली उत्पादन उपरान्त भण्डारण र ढुवानी कमजोर हुनु | कृषिजन्य उत्पादनको बजार प्रर्वद्धन गर्ने जस्तै संकलन केन्द्र बिक्री कक्ष स्थापना |
| उत्पादनमा कमी | सिंचाईको पूर्वाधार नहुनु उपलब्ध श्रोत साधनको समुचित प्रयोग नहुन | पूर्वाधार निर्माण गर्न आर्थिक अवस्था कमजोर आधुनिक ज्ञान तथा प्रविधिको कमी | साना, मझौला तथा ठुला सिंचाई आयोजनाहरुको विस्तार गर्ने । |
| सहज रुपमा ताजा कृषि उपज उपलब्ध नहुनु | उचित भण्डारण सम्बन्धी ज्ञान, सीपमा कमी, पूर्वाधारको कमी | चेतनाको कमी, तालिम गोष्ठीको अभाव, आर्थिक पक्ष कमजोर, | पकेट क्षेत्रमा उत्पादीत बस्तुको पूर्वाधार निर्माण जस्तै, शीत भण्डार, सेलार स्टोर, रस्टिक स्टोर |
| उत्पादन तथा उत्पादकत्वमा कमी | अव्यवस्थित बसाईसराई तथा सहरीकरण भूउपयोग नीति नहुनु | विकासका पूर्वाधारको समान वितरण नहुनु, राज्यको नीतिको प्रभावकारी कार्यान्वयन नहुनु | भुउपयोग नीति (खेती योग्य जमिन र बसोबास योग्य जमिनको निर्क्यौल) को निर्माण तथा कार्यान्वयन गरिनु पर्ने |
| महंगी बढनु कुपोषण हुनु | उत्पादनमा कमी कालो बजारी बढ्नु | व्यवसायिक रुपमा उत्पादन गर्न नसक्नु, गुणस्तरीय मलबीउ नपाउनु, सिंचाई कमी हुनु | पकेट क्षेत्रहरुमा मलबीउ तथा यान्त्रिकरण व्यवस्था गर्ने, प्रयाप्त सिंचाई सुविधा |

| | | | | |
|---|---|---|---|---|
| सर्वसाधारणको पहुँच नहुनु | सेवासुविधाबाट वन्चित हुनु | प्रवर्द्धनमा कमी | सिमित बजेट | गर्ने, आवश्यकता अनुसारको बजेट विनियोजन गर्ने |
| कृषिजन्य उद्योगको विकास विस्तार हुन नसक्नु | बेरोजगारी | व्यवसायिकतामा उन्मुख नहुनु, यान्त्रिकरणको पहुँच तथा सर्वसुलभ नहुनु | आर्थिक अभाव, दक्ष जनशक्तिको अभाव, पर्याप्त कच्चा पदार्थको कमी | व्यवसायिकरण गर्नु पर्ने |
| सेवाकेन्द्रमा कृषकको पहुँच नपुग्नु | नयाँ नया प्रविधि बारे जानकारी नहुनु | पर्याप्त जनशक्तिको अभाव सेवा केन्द्र प्रति कृषकको चासो नहुनु | कृषि सम्वन्धि अध्ययन अध्यापन गराउने संघ संस्था कम हुनु | सेवाकेन्द्रमा कृषकको पहुँच पुऱ्याउनको लागि पर्याप्त जनशक्तिको विकास, जनचेतना अभिबृद्धी गर्ने |
| कृषिमा व्यवसायिकता नहुनु | उत्पादनमा कमी | खेती योग्य जग्गा बाँझो, यूवाहरु पलायन, सिंचाईको कमी, कृषि ऋणको उचित व्यवस्था नहुनु | कृषि परामर्शदाता प्राविधिकहरुको कमी तथा कृषिलाई हेलित दृष्टिले हेरिनु | प्रत्येक गाविस तथा न.पा. मा कम्तिमा १, १ जना कृषि प्राविधिकहरु राखिनु पर्ने प्रोत्साहन कार्यक्रम राखिनु पर्ने |

## पशु विकास

| समस्या सवालहरु | तत्कालिन असर | मुख्य कारणहरु | अन्तनिहित कारणहरु | समधानका सम्भावित उपायाहरु |
|---|---|---|---|---|
| पशुजन्य उत्पादनमा कमी | बालबालिकाहरुमा कुपोषण दर बढेको । घरपरिवारको आय आम्दानी बढ्न नसकेको | उत्पादनशील पशुको संख्यामा कमी | नश्लसुधार नहुनु, पशुआहारमा कमी, परम्परागत पशुपालन | उन्नत नश्लको आयात, घाँस खेतीको बिस्तार, कृषि व्यवसाय प्रवर्द्धन गर्नु पर्ने |
| गुणस्तरीय दूध उत्पादन नहुनु | मानव स्वास्थमा प्रतिकुल असर परेको | प्रसोधन केन्द्र नहुनु | गुणस्तरीय दूधको आपूर्ति नहुनु, नियमन कार्य फितलो | संकलन केन्द्र नहुनु, जनचेतना वृद्धिको कार्यक्रम संचालन, नियमन कार्यलाई प्रभावकारी बनाउने |
| कृयाशील जनशक्तिको कमी | पशुपालन पेशामा ह्रास आएको | युवा जनशक्ति विदेश पलायन | लगानी अनूसारको प्रतिफल नपाउनु | पशु फार्मलाई अनुदानको व्यवस्था गर्नुपर्ने |
| विभिन्न रोगको प्रकोप | पशुजन्य पदार्थको उत्पादन र उत्पादकत्वमा ह्रास आएको । | रोग एच.एस.वि.क्वी | जुनोटिक र अन्य रोगहरु | जुनोटिक रोग वारे जनचेतना फैलाउने, रोग नियन्त्रणको लागि खोपको विस्तार गर्नु पर्ने |
| उत्पादन लागत महंगो | बजारमा प्रतिस्पर्धा गर्न नसकेको | उत्पादकत्वमा कमी | परम्पारगत पशुपालन, पशुआहारमा कमी | हरियो घाँस खेतीको विस्तार गर्नुपर्ने, उन्नत पशुपालनमा जोड दिने |
| पशुपालनमा लगानीको अभाव | व्यवसायिक रुपमा पशुपालन हुन सकेन । | पशुपालन कर्जामा साना किसानहरुको सहज पहुँच नहुनु । | पशुपालनमा कर्जा प्रवाह गर्ने सम्बन्धमा वित्तीय संस्थाहरुमा झन्झटिलो व्यवस्था, वित्तीय सस्थाहरु नगरमुखी बन्नु । | कर्जा प्रवाह प्रकृयामा सरलीकरण गर्नु पर्ने, वितीय संस्था ग्रामिणमुखी हुनु पर्ने, विमा कार्यलाई व्यापकता दिनु पर्ने |
| प्रभावकारी पशुसेवा उपलब्ध नहुनु । | पशुधनको क्षति तथा पशुपालनबाट अपेक्षाकृत फाइदा नभएको । | गुणस्तरीय पशुसेवा प्रवाह ग्रामिण भेगसम्म नपुग्नु । | पशुसेवा प्रवाहको लागि आवश्यक जनशक्ति, उपकरण, सेवा केन्द्र आदिको कमी । | ग्रा.प.का. परिचालन गर्नु पर्ने, सेवा केन्द्र थप्नु पर्ने, दरवन्दी थप हुनु पर्ने, सवारी साधनको व्यवस्था हुनु पर्ने । |

## सहकारी विकास

| समस्या सवालहरु | तत्कालिन अवसर | मुख्य कारणहरु | अन्तर्निहित कारणहरु | समधानका सम्भावित उपायाहरु |
|---|---|---|---|---|
| प्रभावकारी सेवा प्रवाह नहुनु | काममा ढिलासुस्ती, सहकारी प्रति जनविश्वास घट्नु | डिभिजन सहकारी कार्यालयको मानवीय, वित्तीय, भौतिक श्रोतमा कमी | | सरोकारवाला निकायको सहकार्य र समन्वथमा आवश्यक श्रोत साधन जुटाउने |
| सहकारी संस्थामा संख्यात्मक वृद्धि भए पनि गुणात्मक नहुनु | गुणस्तरीय सेवा सुविधा नपाउने | अनुदानमुखी बन्नु | आत्मसहयोग र स्वावलम्वनमा कमी | सहकारीको मुल्यमान्यता र सिद्धान्त प्रति निष्ठावान वनाउने |
| उत्पादनमुलक क्षेत्रमा लगानी नहुनु | रोजगार सिर्जनामा कठिन, आर्यआर्जन र आर्थिक आत्मनिर्भरताको कमी | बचत र ऋणमा मात्र केन्द्रित हुनु | लगानीका उद्देश्य किटान तथा पहिचान गर्न नसक्नु | डिभिजन सहकारी मार्फत विभिन्न निकाय द्वारा गठित सहकारीलाई उत्पादनमुलक क्षेत्रमा प्रोत्साहान र सहजीकरण |
| सिमान्त वर्ग र लक्षित वर्गको पहुँच नहुनु | लक्षित वर्गले सेवा नपाउने | जनचेतनाको कमी | हुने खाने वर्गको हावी हुनु | सामाजिक परिचालन मार्फत सहजीकरण गर्ने |
| डिभिजन सहकारीमा श्रोतको कमी हुनु | कार्यक्रम संचालन तथा कार्यान्यवन गर्न अप्ठ्यारो | कार्यक्षेत्र वढी भएकाले सिमित जनशक्तिको माध्यमवाट कामको गति लिन गाह्रो | सिमित वजेट, सिमित जनशक्ति, उपलव्ध जनशक्तिको प्रभावकारी परिचालन नहुनु | सोतको पहिचान गर्नु पर्ने, उपलव्ध जनशक्तिलाई प्रोत्साहान गरी कार्यक्षमताको अधिकत्तम प्रयोग गर्नु पर्ने |
| सहकारी संस्थाको संस्थागत क्षमता कमजोर हुनु | गुणस्तरी वस्तु तथा सेवा प्रवाह नहुनु | व्यवस्थापकीय कमजोरी | श्रोतसाधनको कमी, फितलो ऐन कानुन | उपलव्ध श्रोत साधनको समुचित प्रयोग, तालिम तथा अभिमुखिकरण |
| सहकारी संस्थाको संस्थागत सुशासनको कमी | सहकारी संस्थाप्रती जन विश्वास घट्नु | वोलावालाहरुको हावी हुने प्रवृती बढ्नु | सहकारीका सिद्धान्त र मुल्य मान्यताको पालनाको कमी | आर्थिक पारदर्शिता कायम गर्ने, नियमित अनुगमनको व्यवस्था |

## घरेलु तथा साना उद्योग विकास

| समस्या /सवालहरु | तत्कालिन असर | मुख्य कारणहरु | अन्त्ररनिहित कारणहरु | समाधानका संभावित उपायहरु |
|---|---|---|---|---|
| समुदायमा उद्यमशिलताको कमी हुनु | औद्योगिक उत्पादनमा कमी, वेरोजगारी वढ्नु, आर्थिक सुधार नहुनु | उद्यमशिलता तर्फ आकर्षण नहुनु | उद्यम व्यवसाय सम्वन्धि चेतनाको कमी, जोखिम उठाउन नचाहने | उद्यमशिलता विकासका लागि सचेतना कार्यक्रम, तालिम कार्यक्रम संचालन गर्ने । व्यवसायिक विमाको व्यवस्था गर्नु पर्ने |
| उद्योग विकासको लागि स्थानीय स्तरमा उपलव्ध श्रोत साधन र सीपको पहिचान नहुनु | स्थानीय कच्चा पदार्थमा आधारित उद्योग विकास नहुनु | सम्भाव्यता अध्ययन नहुनु | स्थानीय तहबाट माग नआउने । | स्थानीय स्तरमा उपल्व्ध श्रोत साधन र सीप र वजारको अध्ययन गर्ने |
| उद्यम व्यवसायको क्षेत्रमा काम गर्ने सरोकारवालाहरु वीच समन्वयात्मक रुपमा | कार्यक्रममा दोहोरोपना हुनु | उद्यम व्यवसायमा एक द्वार प्रणाली नहुनु | यस क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरु वाट आ-आफ्नै तरिकाबाट कार्य गर्ने गरेको | संवन्धित सरोकारवालाहरुले घरेलु कार्यालयको संयोजनमा कार्यक्रम तर्जुमा गरी कार्यक्रम संचालन गर्ने नीतिगत व्यवस्था गर्ने |

| समस्या /सवालहरु | तत्कालिन असर | मुख्य कारणहरु | अन्तरनिहित कारणहरु | समाधानका संभावित उपायहरु |
|---|---|---|---|---|
| कार्यक्रम संचाल हुन नसक्नु | | | | |
| उद्यम व्यवसाय संचालनको लागि आवश्यक लघु वित्त वितरण व्यवस्था प्रभावकारी नहुनु | उद्यम व्यवसाय स्थापना तथा विस्तार हुन नसक्नु | स्थानीय स्तरमा वितीय संस्थाहरु नहुनु र भएको संस्थाहरुवाट सरल रुपमा उद्यमीहरुले ऋण नपाउनु | वित्तीय संस्थाहरु वजार केन्दिंत हुनु र लघु तथा साना उद्यमीहरुमा धितो राख्ने सम्पती नहुनु | वित्तीय संस्थाहरुको नीति नियम सुधार गरी ग्रामिण स्तरमा समेत सरल सुलभ तरिकाले उद्यमीहरुले ऋण प्राप्त गर्ने व्यवस्था हुनु पर्ने |
| लघु घरेलु तथा साना उद्योग सिर्जना तथा विकासमा न्युन लगानी | आवश्यकता अनुसार उद्योग व्यवसायको विकास नहुनु । युवा वैदेशिक रोजगारमा पलायन हुने र देशको आर्थिक गतिविधि नवढ्ने | आर्थिक विकासको लागि औद्योगिक नीति अनुसारको ऐन कानून परिवर्तन भई लगानी वढ्न नसक्नु | स्थायी सरकार नहुनु र राजनीतिक अस्थिरता | आर्थिक विकासको लागि औद्योगिक नीति अनुसार कार्यान्वयन गर्नु पर्ने ।<br>उद्योगको क्षेत्रमा लगानी वढाउनु पर्ने । |
| आधुनिक प्रविधिको व्यवस्थापन तथा प्रयोग नहुनु | उत्पादन कम हुनु, श्रममा वढी लगानी हुनु, नाफा कम हुनु र वजारमा प्रतिस्पर्धा गर्न नसक्नु | आधुनिक प्रविधि सम्वन्धि ज्ञानको कमी | आधुनिक सूचना प्रविधिको विकास बारे साक्षात्कार नहुनु । | आधुनिक प्रविधिहरुको विकास गरी वितरण तथा प्रयोगमा उत्साहीत गर्ने |
| उद्यम विकास कोषलाई जिल्लामा वास्केट फण्डको रुपमा स्थापित गर्न नसक्नु | उद्यम विकासको लगानी घट्नु वा उद्यमीहरुको सेवामा कमी हुनु | आन्तरिक आम्दानी घट्नु | स्पष्ट नीतिको व्यवस्था नहुनु | स्पष्ट नीतिको व्यवस्था गरी कार्यान्यनमा ल्याउने |
| उद्यमीको उत्पादनको वजारीकरण नहुनु | उद्यम व्यवसाय प्रति निरुत्साही हुनु, व्यवसायमा घाटा हुनु | गुणस्तरयुक्त उत्पादनमा ध्यान नपुग्नु । | लेवलिङ्ग र प्याकेजिङ्ग प्रति ध्यान नदिनु । | लेवलिङ्ग,प्याकेजिङ्ग गरी उत्पादन वजारमा ल्याउन सो संवन्धि तालिम,भ्रमणको आयोजगाा गरी प्रोत्साही गर्ने । |
| उर्जाको अभाव हुनु | संभावित उद्योग स्थापना हुन नसक्नु र भएका उद्योग पनि रुग्ण हुँदै जानु | उर्जाको नियमित आपूर्ति हुन नसक्नु | वैकल्पिक उर्जाको व्यवस्था गर्न नसक्नु ।<br>वैकल्पिक उर्जा महगो पर्ने । | उद्योगहरु लाई वैकल्पिक उर्जामा अनुदानको व्यवस्था गर्ने |
| सीपयुक्त जनशक्तिको कमी | उद्यम व्यवसाय स्थापनामा कठिनाई, वेरोजगारी वढनु, आयआर्जन नहुनु । | आवश्यक्ता अनुसारको सीपमूलक तालिमको अभाव | उद्यम विकासको क्षेत्रमा वजेट प्रर्याप्त नहुनु | माग तथा आवश्यक्ता अनुसार विभिन्न विषयमा तालिम संचालन गर्ने |
| उद्योग व्यवसाय दर्ता प्रक्रिया झन्झटिलो हुनु | दर्ता नै नगरी संचालन गर्ने गरेको । उद्योगको आधिकारीक तथ्यांक हुनु । | ऐन नियम वाभ्नु र दोहोरोपना हुनु ।<br>भौगोलिक समस्या हुनु । | नीतिगत तहमा समन्वयको अभाव हुनु । उद्यमीहरुमा ज्ञानको कमी हुनु । | दर्ता प्रक्रिया वारे सचेतना जगाउने ।<br>समन्वय वढाउने र वाझिएको ऐन नियम सुधारका लागि पहल गर्ने औद्यागिक नीति अनरसार ऐन ल्याउन सरोकारबालाले आवश्यक पहल गर्ने |
| उद्यम व्यवसायका लागि प्राविधिक परामर्श सेवाको कमी | उत्पादनमा कमी हुनु ।<br>उत्पादकत्व नवढ्नु । | प्रविधि जडान तथा संचालनमा कठिनाई हुनु । | प्रविधि सम्वन्धि ज्ञानको कमी हुनु | प्रविधिक तथा परामर्श सेवा कार्य लाई विस्तार गर्ने । |
| औद्योगिक क्षेत्रको स्थापना हुन नसक्नु | उद्योगहरुको स्थापनाले गति लिन नसक्नु | नीतिगत व्यवस्था नहुनु | जिल्ला तहवाट पहल नगरिनु | औद्योगिक क्षेत्रको स्थापनामा नीतिगत व्यबस्था गरी सवै सरोकार वालाको लगानी सहयोगमा औद्योगिक क्षेत्रको स्थापनाको प्रक्रिया लाई अगाडी वढाउने |

| समस्या /सवालहरु | तत्कालिन असर | मुख्य कारणहरु | अन्त्रनिहित कारणहरु | समाधानका संभावित उपायहरु |
|---|---|---|---|---|
| पूर्वाधारको कमी | सेवा प्रवाहमा कठिनाई | वजेट तथा कार्यक्रम नहुनु | प्राथमिक्ता नदिनु | आवश्यक वजेटको व्यवस्था हुनु पर्ने |
| प्राकृतिक श्रोत माथि जिल्लावासीको अग्राधिकार नहुनु | स्थानीय स्तरमा उपलब्ध श्रोत साधनको उपयोगवाट जिल्लावासीको आर्थिक सुधार नहुनु ।<br>श्रोत संरक्षणमा उदासिनता देखिनु । | प्राकृतिक श्रोत माथि जिल्ला वासीलाई अग्राधिकार दिने नीति नहुनु । | स्थानीयवासी मैत्री नीति अवलम्वन नगरिनु | प्राकृतिक श्रोतको उपयोग गर्दा जिल्ला वासी लाई प्राथमिक्ताका साथ सेयर दिने अनिवार्य व्यवस्था गरिनु पर्ने |
| आम नागरिकको सूचनामा पहुँच नपुग्नु | सूचना सुविधावाट वन्चित हुनु | संचार क्षेत्रसँग सवै नागरिकको पहुँच नहुनु | संचार क्षेत्रको पूर्णरुपमा विकास नहुँदा सवै भौगोलिक क्षेत्रलाई समेट्नु नसक्नु । | सवै भौगोलिक क्षेत्र समेट्ने गरी आम संचार माध्यमको व्यवस्था गरिने |

## पर्यटन विकास समस्या विश्लेषण

| समस्या/सवालहरु | तत्कालिन असर | मुख्य कारणहरु | अन्तरनिहित कारणहरु | समाधानका सम्भावित उपायहरु |
|---|---|---|---|---|
| कमजोर पर्यटन पूर्वाधार | गन्तव्यमा पुग्नु कठीनाई न्यून पर्यटन संख्या | पर्यटन विकास हुन नसक्नु | प्राथमिकतामा नदिईनु | पर्यटन पूर्वाधारका लागि वार्षिक बजेट जिविस मार्फत आउनु पर्ने |
| पर्यटन गुरुयोजनाको अभाव | वार्षिक कार्यक्रम नवन्नु । | जिल्लामा पर्यटन कार्यालय वा ईकाई नहुनु | पर्यटन विकास प्राथमिकतामा नपर्नु, | महत्वपूण क्षेत्रहरुको पूर्वाधार सहितको गुरु योजना तयार गर्ने । |
| पर्यटन विकास सम्वन्धि जनचेतनाको अभाव | आन्तरिक पर्यटक संख्या कमी | आन्तरिक पर्यटकीयस्थलहरुको प्रचार प्रसार नहुनु | पर्यटकीय स्थलहरुको पहिचानमा ध्यान नदिईनु | गाविस/जिविसले सम्भावित पर्यटकीय स्थलहरुको पहिचान गरी प्रचार प्रसार गर्ने । |
| पर्यटन कार्यालय र स्थानीय निकाय वीच समन्वयको अभाव | हचुवाको भरमा बजेट विनियोजन र खर्च हुनाले वजेट सदुपयोग नभएको | जिल्ला परिषदको निर्णयलाई केन्द्रबाट ध्यान नदिईनु | जिल्लाको माग र आवश्यकता भन्दा निवेदनमा वजेट निकासा हुने परिपाटी | जिल्लामा पर्यटन कार्यालय स्थापना गरी जि.वि.स.को निर्णयको आधारमा बजेट विनियोजन गर्ने |
| पर्यटकीय पूर्वाधारको न्यूनता | जिल्लाको संभावित पर्यटकीय स्थानहरु पर्यटकका लागि गन्तव्य हुन नसक्नु | पर्यटनको विकास जिल्लाको प्राथमिकतामा नपर्नु, केन्द्रिकृत निर्णय प्रकृया | जिल्लामा पर्यटन व्यवसायको महत्व बोध नहुनु । | पर्यटकीय शिक्षामा जोड दिने, गुरु योजना अनुसार कार्य सञ्चालन गर्न वजेट विनियोजन गर्ने |
| पर्यटन उद्योगको विकास नहुनु | पर्यटन व्यवसाय फस्टाउन नसक्नु | सम्भावित पर्यटकीय स्थलहरुमा सहज पहुंच र सुविधाको अभाव । | व्यवसायीहरुले पर्यटनलाई व्यवसायको रुपमा संचालन नगर्नु । | व्यवसायीहरुका लागि पर्यटकीय क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने |

# १.२ सामाजिक विकास

## शिक्षा विकास

| समस्या/सवालहरु | तत्कालिन असर | मुख्य कारणहरु | अन्तरनिहित कारणहरु | समाधानका सम्भावित उपायहरु |
|---|---|---|---|---|
| वालविकास केन्द्र सम्वन्धी समस्या | बालविकास शिक्षाबाट वालवालिकाहरु वन्चित हुनु | वालविकास उमेर समुहका सवै वालवालिकाहरुलाई वालविकास केन्द्रमा शत प्रतिशत भर्ना गर्न नसक्नु ( भौतिक पूर्वाधार, सुविधा, सिकाई सामग्री , तालिम, वालविकास केन्द्रको अभाव, न्युन पारिश्रमिक, अभिभावक शिक्षाको कमी, शिक्षा नियमावलीमा वालविकास केन्द्रको संरचना राख्न नसक्नु । | सबै स्थानमा भौतिक पूर्वाधार वालविकास केन्द्र स्थापना नहुनु | शिक्षा विभाग तथा मन्त्रालयबाट जिल्लामा वालविकास केन्द्रको संख्यामा  वृद्दि गरिनु पर्ने |
| आधारभूत शिक्षा : NER  शत प्रतिशत पुग्न नसक्नु, | वालवालिकाहरु उमेरगत रुपमा विद्यालयबाट वन्चित हुनु । | सवै वालवालिकाहरु विद्यालय भर्ना नहुनु। | सामाजिक सचेतनाको कमी, गरिवी, घरायसी समस्या | अनिवार्य तथा निःशुल्क शिक्षा र गरिव पहिचान र सहयोग |
| GER वढ्नु । | वालवालिकाहरु उमेरगत रुपमा विद्यालयबाट वन्चित हुनु । | भौतिक पूर्वाधारको कमी, शिक्षक दरवन्दी नहुनु ( विषयगत पनि ),अभिभावकको अंग्रेजी प्रतिको रुची पुरा नहुनु, निरन्तर विद्यार्थी मूल्याँकन प्रणाली प्रयोगमा प्रभावकारिता नहुनु, कमजोर वालमैत्री शिक्षण सिकाई | सामाजिक सचेतनाको कमी, गरिवी, घरायसी समस्या, | अनिवार्य तथा निःशुल्क शिक्षा , गरिवी न्युनिकरण गर्ने खालको शिक्षा । |
| माध्यामिक तह : पहुँच अभिवृद्धि सम्वन्धी समस्या | माध्यामिक तह उमेर समुहका वालवालिकाहरुको ठूलो समुह विद्यालय वाहिर देखिनु । | माध्यामिक तहमा पहुँच अभिवृद्धि समस्या, विषयगत शिक्षक दरवन्दी नहुनु, प्लस टु शिक्षाको उचित व्यवथापन गर्न नसक्नु । लाइव्रेरीको अभाव हुनु, आइसीटिको प्रभावकारी कार्यान्वयन नहुनु विद्यालय तहमा खेलकुदको व्यवस्थापन व्यस्थित नहुनु, उमावि तहमा विज्ञान, कम्प्युटर विज्ञान, व्यवस्थापन विषयमा सम्वन्धन कम हुनु । | अभिभावक सचेतना अभाव, गरिवी, वालविवाह, व्यवसायिक शिक्षा नहुनु । | सचेतना कार्यक्रम , गरिवी पहिचान र छात्रवृत्तिको उचित प्रवन्ध,व्यवसायिक शिक्षा कार्यक्रम संचालन । |
| सवै तहमा गुणास्तरीय शिक्षाको कमी । | कक्षा छाड्ने दर वृद्धि हुनु एस.एल.सी.मा अत्यधिक विद्यालय अनुत्तीर्ण हुनु । | कमजोर विद्यालय व्यवस्थापन र पठनपाठन, फितलो अनुगन प्रणाली, तहगत प्रधानाध्यापकको कमी, गणित, विज्ञान, अंग्रेजी र लेखा विषय शिक्षकहरुको सहज प्रवेशको अभाव, विषयगत औषत सिकाई उपलव्धी कम हुनु तथा न्युनतम सिकाई उपलव्धी नभई कक्षान्नोती गरिनु तालिमलाई कक्षाकोठामा प्रभावकारी कार्यान्वयन नगरिनु । | तालिमलाई कक्षाकोठामा प्रयोग हुनु, योजनावद्ध शिक्षण सिकाईको कमी भौतिक पूर्वाधारको कमी - महिलामैत्री शौचालयको कमी) | नियमित अनुगमन, निरीक्षण, छात्रवृत्तिको उचित प्रवन्ध, योजनावद्ध शिक्षण सिकाई, आइ सी टी को प्रयोग र इ लाइव्रेरीको व्यवस्थापन गर्ने । |
| छात्रवृत्ति वितरणमा समस्या | विद्यार्थीको नियमितता नहुनु | Blancket System को छात्रवृत्ति प्रणाली, गरिवीका रेखामुनी रहेका वालवालकिाहरुको पहिचान गर्न नसक्नु | गरिव विद्यार्थीको पहिचान नहुनु । | छात्रवृत्ति रकम वृद्दी र लक्षित समुह पहिचान गरी वितरण गर्ने । |
| विद्यालय व्यवसायिक शिक्षाधारको कमी । | प्राविधिक जनशक्तिको उत्पादन जहुनु । । | व्यवसायिक विद्यालयहरुको अभाव, (योग्यता प्राप्त गरेका शिक्षक, प्रशिक्षकको अभाव  । | भौतिक पूर्वाधारको समस्या सरकारी नीति तथा | व्यवसायिक शिक्षाधारका विद्यालयहरुको अनुमति माग, भौतिक |

| समस्या/सवालहरु | तत्कालिन असर | मुख्य कारणहरु | अन्तरनिहित कारणहरु | समाधानका सम्भावित उपायहरु |
|---|---|---|---|---|
| | | | कार्यक्रममा वढावा नदिने गरेको । | संरचनाका लागि माग गर्ने । |
| संस्थागत विद्यालयहरुसँग सम्वन्धित समस्याहरु | अव्यवस्थित अनुमती नलिई विद्यालयहरु संचालन । | संस्थागत विद्यालयहरुको मापदण्ड तथा संचालन निर्देशिका, २०६९ कार्यान्वयन हुन नसक्नु, तथ्य तथ्याँक उपलव्ध नगराउने प्रवृत्ति | राजनितिक आड भरोसा, अनियमित भर्ना र अन्य विद्यालयमा समेत अनियमित रजिष्ट्रेशन । | शिक्षा ऐन नियम र संस्थागत विद्यालय संचालन निर्देशिका, २०६९ को प्रभावकारी कार्यानवयनमा सरोकारवालाहरुको सहभागिता । |
| भौतिक पूर्वाधार निर्माण सम्वन्धी समस्या । | जोखिमपूर्ण वसाइ व्यवस्था । | भू-कम्प र प्रकोप रहित भौतिक पूर्वाधारहरु हुन नसक्नु, जोखिम न्युनीकरण सम्वन्धी क्रियाकलापहरु विद्यालय सुधार योजनामा पर्न नसक्नु । | | |
| प्रकोप जोखिम न्युनीकरण समवन्धी समस्या । | वालवालिकाहरु प्रकोप जोखिममा रहिरहनु । | जोखिमरहित भवन निर्माण नहुनु, सचेतनाको कमी | सरोकारवालहरुको ध्यान जान नसक्नु । | SIP मा जोखिम न्युनीकरण सम्वन्धी योजना कार्यान्वयन गरिनु पर्ने । |
| आधुनिक प्रविधिकमा आधारित शिक्षाको अभाव | आधुनिक प्रविधिप्रति अनभिज्ञ हुनु । | विद्यालयीय शिक्षामा आधुनिक प्रविधिको उपयोग नहुनु । | आधुनिक प्रविधिसँग परिचित जनशक्ति आपूर्ति नहुनु । | कम्प्युटर ल्याव, vertual लाईब्रेरी सुविधा सहितको विद्यालयको रुपमा विद्यालय विकास |
| व्यवसायिक तथा प्राविधिक धारका शिक्षालयहरुको अभाव । | सीपयुक्त शिक्षाबाट वन्चित हुनु । | भौतिक र आर्थिक वजेटको अभाव र सरकारी नीति तथा कार्यक्रममा नपर्नु । | स्थानीय श्रोत र सोच नहुनु, जिल्लाका योजनाको प्राथमिकतामा नपर्नु । | व्यवसायिक तथा प्राविधिक धारका विद्यालयहरुको स्थापना गर्नु । |
| विज्ञान संकाय संचालन भएका उ.मा.वि. हरुको कमी । | विज्ञान विषयहरु अध्ययन गर्न अन्यत्र जानु पर्ने । | सुविधा सम्पन्न भौतिक पूर्वाधार र जनशक्तिको अभाव । | अन्य विषयका मात्र जनशक्ति वढी उत्पादन हुनु, | प्रत्येक स्रोतकेन्द्र स्तरीय विज्ञान संकायमा उ.मा.वि.संचालन गर्नु । |
| वालउद्यानको कमी । | बालबालिकाहरुको उमेर अनुसारको विकासमा अवरोध | आवश्यक भौतिक पूर्वाधार विकासको अभाव । | वालवालिकाहरुको वजेट अन्त्र विनियोजन हुनु स्थानीय सोच र स्थानको खोजी नगर्नु । | सुविधा सम्पन्न वाल उद्यानको निर्माण गर्ने । |
| खेलकूद संचालनक लागि सुविधा सम्पन्न रंगशालाको अभाव । | वालवालिकाहरुको सिकाईमा आशातित उपलव्धी हाँसिल हुन नसक्नु । | भौतिक तथा आर्थिक पूर्वाधार नहुनु, । | खेलकूद विकास सम्वन्धी सोच नहुनु, भौगोलिक कठिनाई र उपयुक्त स्थानको कमी | जिल्लाको योजनामा खेलकूद विकास सम्वन्धी वजेट विनियोजन र स्थान छनौट गरी सुविधा सम्पन्न रंगशाला निर्माण गर्ने । |
| कमजोर भौतिक संरचना भित्र परंपरागत शिक्षणको वाहुल्यता । | फरक क्षमता भएका वालवालिकाहरु सिकाईमा पछि पर्नु । | एकै प्रकारको शिक्षण विधिको प्रयोग हुनु । | विपन्न समुदाय र परंपरागत प्रविधिमा अभ्यास्त शिक्षण । | भौतिक पूर्वाधारको निर्माण तथा शिक्षकको क्षमता विकास । |
| वालवालिकाहरको सिकाई क्षमताको बेवास्ता गरी एकै किसिमको शिक्षण सिकाई संचालन हुनु । | फरक क्षमता भएका विद्यार्थीहरु सिकाईमा पछि पर्नु । | फरक फरक सिकाई क्षमता भएका वालवालिकालाई शिक्षण गर्ने क्षमता शिक्षकमा विकास नहुनु | आधुनिक शिक्षण तरिकासंग शिक्षकहरु अपरिचित हुनु । | फरक क्षमता भएका विद्यार्थीहरुलाई शिक्षण गर्न सक्ने गरी क्षमता विकासका कार्यक्रम संचालन गर्नु । |

| समस्या/सवालहरु | तत्कालिन असर | मुख्य कारणहरु | अन्तरनिहित कारणहरु | समाधानका सम्भावित उपायहरु |
|---|---|---|---|---|
| जिल्लमा उच्च तहका दक्ष प्राविधिक जनशक्तिको अभाव । | जिल्लाका सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधार विकासका लागि पर्याप्त दक्ष जनशक्तिको आपूर्ति हुन नसकी विकास कार्य प्रभावित हुनु । | प्राविधिक शिक्षा प्रदान गर्ने शेक्षिक संस्था/क्याम्पस संचालन गर्न नसक्नु । | सरोकारवाला, जि.वि.स. र सरकारको ध्यान नपुग्नु | सरोकारवालाहरु र जि.वि.स. , जि.शि.का.सहितको संलग्नतामा उच्च शिक्षा कार्यदल गठन गरी एकिकृत पंयास थालिनु पर्ने । |
| साक्षता भएका नागरिकहरुका लागि निरन्तर शिक्षा प्रदान गर्न नसक्नु । | साक्षरता कक्षामा सिकेका सवै कुरा विस्मरण हुदै जाने । | निरन्तर शिक्षा सम्वन्धी केन्द्रीयस्तरबाट कार्यक्रम नदिनु, जिल्ला स्तरमा उक्त कार्यक्रम संचालन गर्न नसक्नु । | निरन्तर कक्षा तथा शिक्षण प्रवाह गर्ने स्थानको कमी र स्थानीय निकायहरुको ध्यान नपुग्नु । | सामुदायिक अध्ययन केन्द्र मार्फत निरन्तर शिक्षाका कार्यक्रमहरु प्रवाह गरिनु पर्ने । |
| जिल्ला तथा अन्य क्षेत्र स्थित सवैं शैक्षिक संस्थाहरुको संस्थागत क्षमता विकास न्यून हुनु । | कुनै पनि संस्थाले संस्थागत जिम्मेवारी वहन नगर्नु । | व्यक्तिगत जिम्मेवारीपन वढी हावी हुनु, संस्थागत रुपमा जवाफदेहीताको महत्वलाई वढावा दिनु । | व्यक्ति प्रधान निर्णय हावी हुनु, राजनैतिक दवावले निर्णय प्रक्रियामा असर । | जिल्ला तथा अन्य क्षेत्रमा शैक्षिक संस्थाहरुको क्षमता विकास गर्न सरोकारवालाहरुको संलग्नता वढाइ संस्थागत क्षमता विकास गर्ने । |
| शिक्षा प्रदान गर्ने माध्यम भाषा एउटै मात्र हुनु । | शिक्षणको माध्यम नेपालीमात्र हुनु | राष्ट्रको सामुदायिक विद्यालयमा शिक्षा प्रदान गर्ने भाषाको माध्यम नेपाली मात्र राखिनु । | प्राविधिक दक्ष जनशक्तिको अभाव, अन्य भाषाको प्रयोग गर्नका लागि आर्थिक वोध । | जनचाहना अनुसार अंग्रेजी भाषा शिक्षण प्राथमिक तहबाट नै लागू गरिनु पर्ने । |
| शिक्षामा लैंगिक विभेदलाई कम गर्न नसकिएको । | शिक्षामा असमानता | सामाजिक परंपरागत पितृ सतात्मक सोच कम हुन नसक्नु । | चेतनाको कमी, छोराछोरी वीचको विभेदलाई चिर्न नसक्नु । | लैंगिक विभेद सम्वन्धी सचेतना जगाई लैगिक सहभागितामुलक शिक्षा प्रदान गर्नु । |
| सवै वर्ग, लिङग, क्षमता र शारीरिक आवश्यकता भएका वालवालिकाहरुका लागि उपयुक्त र सहज सिकाई वातावरणको अभाव | सिकाई उपलव्धीमा ठूलो विविधता । | सवैलाई सिकाई क्षमता अनुसारको वातावरण उपलव्ध नहुनु । | तालिम प्राप्त जनशक्तिको अभाव, फरक क्षमताको सिकाई भएका वालवालिकाहरु पहिचान हुन नसक्नु, भौतिक आर्थिक समस्या । | विभिन्न वर्ग ,लिङ्ग,क्षमता र शारीरिक आवश्यकता भएका वालवालिकाहरु पहिचान गर्ने ।<br>उपयुक्त वातावरणको सिर्जना गर्न सवैसँग सहकार्य गर्दै लैजाने । |
| विद्यालय व्यवस्थापन गर्ने पक्षको क्षमता हुन नसक्नु । | विद्यालय अव्यवस्थित हुनु । | क्षमता विकासका अवसर प्राप्त नहुनु । | विद्यालय विकासमा सम्भावित व्यक्तित्वको विकास नहुनु । | तालिम, गोष्ठिको आयोजना गरी क्षमता अभिवृद्दि गर्ने । |
| जोखिममा रहेका विद्यालयका वालवालिकाको सामाजिक संरक्षण हुन नसक्नु | मनोसामाजिक कारणले वालवालिकाको सिकाइमा अवरोध आउनु । | वाल अधिकार अन्तर्गतको संरक्षणको अधिकार सुनिश्चित नहुनु । | समुदाय, शिक्षक, अभिभावकहरुमा चेतनाको अभाव । | वाल आश्रमहरुको निर्माण गरी जोखिममा रहेका वालवालिकाहरुलाई सम्वोधन गरिनु पर्ने । |
| विद्यालयमा आचारसंहिताको पालना र सम्मान नगर्नु । | विद्यालयमा आत्मअनुशासनको विकास हुन नसक्नु । | सरोकारवालाहरुमा चेतना र आत्मअनुशासनको कमी । | समुदाय, शिक्षक, अभिभावकहरुमा चेतनाको अभाव । | विद्यालय तहमा शिक्षक तथा विद्यार्थी तथा अभिभावकहरुको आचार संहिता वनाई पूर्ण रुपमा पालना गर्न लगाउने । |

| समस्या/सवालहरु | तत्कालिन असर | मुख्य कारणहरु | अन्तरनिहित कारणहरु | समाधानका सम्भावित उपायहरु |
|---|---|---|---|---|
| जिल्लमा उच्च तहका दक्ष प्राविधिक जनशक्तिको अभाव। | जिल्लाका सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधार विकासका लागि पर्याप्त दक्ष जनशक्तिको आपूर्ति हुन नसकी विकास कार्य प्रभावित हुनु। | प्राविधिक शिक्षा प्रदान गर्ने शैक्षिक संस्था/क्याम्पस संचालन गर्न नसक्नु। | सरोकारवाला, जि.वि.स. र सरकारको ध्यान नपुग्नु। | सरोकारवालाहरु र जि.वि.स., जि.शि.का.सहितको संलग्नतामा उच्च शिक्षा कार्यदल गठन गरी एकिकृत प्रयास थालिनु पर्ने । |
| जिल्लामा उच्च स्तरीय दक्ष जनशक्तिको अभाव। | जिल्लाका शैक्षिक, प्रशासनिक, व्यवसायिक र अन्य सामाजिक संस्थानहरुलाई आवश्यक पर्ने उच्च दक्ष मानव संसाधनको अपर्याप्ता | उच्च तहको (स्नातकोत्तर तहसम्मको वहुआयमिक) शिक्षण संस्था संचालन गर्न नसक्नु। | विश्वविद्यालय र सरकारको नीति राजधानी केन्द्रित हुनु, जिल्लामा भएको एक मात्र उच्च शिक्षण संस्थाको भौतिक र आर्थिक आधार कमजोर हुनु। | सरोकारवालाहरु र जि.वि.स., जि.शि.का.सहितको संलग्नतामा उच्च शिक्षा कार्यदल गठन गरी एकिकृत प्रयास थालिनु पर्ने । |
| जिल्लामा उच्च स्तरीय दक्ष जनशक्तिको अभाव। | जिल्लाका शैक्षिक, प्रशासनिक, व्यवसायिक र अन्य सामाजिक संस्थानहरुलाई आवश्यक पर्ने उच्च दक्ष मानव संसाधनको अपर्याप्ता | उच्च तहको (स्नातकोत्तर तहसम्मको वहुआयमिक ) शिक्षण संस्था संचालन गर्न नसक्नु। विश्वविद्यालय र सरकारको नीति राजधानी केन्द्रित हुनु, जिल्लामा भएको एक मात्र उच्च शिक्षण संस्थाको भौतिक र आर्थिक आधार कमजोर हुनु। | उच्च शिक्षा कार्यदल गठन गरी सम्भाव्यता र आवश्यकताका आधारमा जिल्लाका ३ वटा न.पा.क्षेत्रमा स्नातकोत्तर तहका वहुमुखी क्याम्पस संचालन गर्नु पर्ने। | उच्च शिक्षा कार्यदल गठन गरी सम्भाव्यता र आवश्यकताका आधारमा जिल्लाका ३ वटा न.पा.क्षेत्रमा स्नातकोत्तर तहका वहुमुखी क्याम्पस संचालन गर्नु पर्ने। |
| यस क्षेत्र/अंचलमा वहुआयमिक तथा गुणस्तरीय शैक्षिक कार्यक्रम संचालन गर्ने स्वायत्त प्राज्ञिक संस्थान (विश्वविद्यालय) को अभाव। | सगरमाथा अंचल तथा आसपासका जिल्लामा आवश्यकतानुसारका प्राविधिक र साधारण शिक्षाका उच्च शैक्षिक संस्थानको संचालन हुन नसक्नु। | सरकारले विश्वविद्यालय संचालन छाता ऐन तयार गर्न नसक्नु, सगरमाथा अंचलको केन्द्र भागमा रहेको उदयपुरका सरोकारवालाहरुको ध्यान पुग्न नसक्नु। | सरोकारवालाहरुको ध्यानाकर्षण हुन नसक्नु, गाइघाटलाई यस क्षेत्र/अंचलकै शैक्षिक गन्तव्य (हव) को रुपमा विकास गर्न सकिन्छ भन्ने चेतना विकास गर्न नसक्नु | सगरमाथा अंचल भरीका सामाजिक र शैक्षिक अभियन्ताहरुको सहकार्यमा विश्वविद्यालय स्थापना अभियान संचालन गरिनु पर्ने। |

## जनस्वास्थ्य

| समस्या सवालहरु | तत्कालिन असर | मुख्य कारणहरु | अन्तर्निहित कारणहरु | समधानका सम्भावित उपायाहरु |
|---|---|---|---|---|
| **भौतिक पुर्वाधार** | | | | |
| **भवनको अभाव :**<br>● अस्पताल भवन,<br>● स्वास्थ्य चौकी,<br>● बर्थिङ सेण्टर र<br>● आवास भवन | सेवा विस्तार र गुणस्तरमा कमी | प्राथमिकतामा कमी | सिमित कोटा हुनु । | केन्द्रीय स्तरमा पहल गर्नु पर्ने । |
| | तत्काल ड्यूटीमा कठिनाई | प्राथमिकतामा कमी | सिमित कोटा हुनु । | केन्द्रीय स्तरमा पहल गर्नु पर्ने । |
| | सेवा विस्तार र गुणस्तरमा कमी | सिमित संख्यामा मात्र स्वास्थ्य संस्थाको भवन निमार्ण हुनु | स्वास्थ्य संस्थाको अफनो जग्गा नहुनु | जग्गाको व्यवस्था गर्ने केन्द्रीय स्तरमा पहल गर्ने । |
| | सुरक्षित प्रसुति सेवा संचालनमा कठिनाई भई मातृ तथा नवशिशु मृत्यु । | श्रोतको कमी | प्रतिबद्धताको कमी | स्थानीयस्तरमा जनचेता, प्रतिवद्धता र पहल हुनु पर्ने । |
| **जनशक्तीको अभाव** | | | | |
| २४ घण्टे सेवाको लागि नर्सिङ स्टाफको  कमि | सेवामा कठिनाई | दरवन्दीको कमी | नितिगत कमजोरी | स्वास्थ्य चौकीमा कम्तीमा ३ जना नर्सिङ स्टाफ राख्ने नीति केन्द्रले लिनू पर्ने । |
| कार्यालय सहयोगीको दरवन्दी नभएको | अफिसको सरसफाईमा | दरवन्दी नहुनु | दरवन्दी कटौती | स्वास्थ्य चौकीमा का.स.को दरबन्दी राख्नु पर्ने |
| स्वास्थ्य कार्यक्रम | | | | |
| सर्पदंन्स उपचार केन्द्रको कमी | सर्पदंन्स उपचार नभई मृत्यु हने | तालिम प्राप्त जनशक्तिको कमी | प्राथर्मिकतामा कमी | तालिम तथा औषधीको व्यवस्था केन्द्रबाट हुनु पर्ने । |
| रेविज उपचार केन्द्रको कमी | रेविज उपचार नभई मृत्यु हने | ए.आर.भी.को अभाव | सिमीत कोटा अनुसार ए.आर.भी. आपुर्ति हुनु | तालिम तथा औषधीको व्यवस्था केन्द्रबाट हुनु पर्ने । |
| सुरक्षित प्रसुति सेवामा कमी | मातृ तथ नवशिशु मृत्यु | सवै संस्थामा सुरक्षित प्रसुति सेवा उपलव्ध नहुनु | भवन तथा जनशक्तिको कमी | स्थानीय स्तरबाट बर्थिङ्ग सेन्टरस्थापनाको लागि पहल गर्नु पर्ने । |
| सुरक्षित गर्भपतन सेवामा कमी | असुक्षित गर्भपतन भई मातृमृत्यु हुने गरेको । | तालिम प्रप्त जनशक्तिको कमी | तालिमको सिमित कोटा मात्र उपलव्ध भएको । | स्वास्थ्यकर्मीहरुलाई सुरक्षित गर्भपतन तालिम दिनु पर्ने । |
| ब्लड बैक सचालन नहुनु | उपचारमा कठिनाई विरामी प्रेषण गर्नु पर्ने | श्रोतको कमी | बजेटको व्यवस्था नभएको । | नेपाल रेडक्रस सोसाईटीसँग समन्वय गरी संचालनको लागि पहल गर्ने । |
| पाठेघर खस्ने समस्याको उपचार मा कमि | महिलाको स्वास्थ्यमा सूधार नहुनु | श्रोत तथा तालिम प्राप्त जनशक्तिको कमी | केन्द्रबाट सिमित कोटामा मात्र तालिम दिने । | स्थानीय स्तरबाट श्रोत जुटाई तालिम र औषधीको व्यवस्था गर्ने । |
| **स्वास्थ्य संस्थास्तरबृद्धि** | | | | |

| समस्या सवालहरु | तत्कालिन असर | मुख्य कारणहरु | अन्तर्निहित कारणहरु | समधानका सम्भावित उपायाहरु |
|---|---|---|---|---|
| उप स्वास्थ्य चौकीबाट स्वास्थ्य चौकीमा स्तर बृद्धि नभएको | सिमीत स्वास्थ्य सेवा मात्र उपलब्ध हुनु | सिमित कोटा मात्र उपलव्ध भएको । | केन्दीय स्तरबाट कोटा कम आउने । | नीतिगत रुपमा कोटा थप गर्नु पर्ने । |
| रामपुर र भुट्टार स्वा.चौ प्रा.स्वा.के.मा स्तरोन्नतीमा कमी | चिकित्सकको सेवा उपलब्ध नहुनु । | नीतिगत निर्णय समयमा नभएको । | केन्द्रीयस्तरमा निर्णयको अधिकार रहेको । | केन्द्रीय स्तरमा पहल गर्नुपर्ने । |
| **औजार तथा उपकरण** | | | | |
| एक्स-रे र भिडियो एक्स-रे | गुणस्तरीय सेवामा कमी आउने । | श्रोतको अभाव | बजेट विनियोजन नहुनु । | स्थानीय स्तरबाट श्रोत जुटाउनु |
| आयुर्वेद अस्पताल भवनको अभाव | प्रभावकारी स्वास्थ्य सेवा कमी । | बजेटमा कमी | बजेटको अभाव | केन्द्र स्तरमा पहल गर्ने |
| आयुर्वेद अस्पताल स्थापना प्रत्येक न.पा.मा हुनुपर्ने | सेवाबाट वन्चित | केन्द्र स्तरमा पहल गर्ने | बजेटको अभाव | केन्द्र स्तरमा पहल गर्ने |
| आयुर्वेद औषधालय प्रत्येक विस्तार | सेवावबाट वन्चित | केन्द्र स्तरमा पहल गर्ने | बजेटको अभाव | केन्द्रस्तरमा पहल गर्ने |
| स्थानीय जरीवुटी हरुको अनुसान्धान तथा प्रशोधन केन्द्र हुनुपर्ने | गुणस्तरीय औषधी पाउने । | बजेटमा कमी | | |
| उपकरणको अभाव | गुणस्तरीय सेवामा कमी आउने | गुणस्तरीयमा उपचारमा कमी | | |
| जडीवुटीको संरक्षण व्यवस्थापन नहुनु | स्तरीय गुण जडिबुटीको अभाव | समयमा उपलव्ध नहुनु । | लोप हुदै जानु | |

## महिला विकास

| समस्या/सवालहरु | तत्कालिन असर | मुख्य कारण | अन्तरनिहित कारण | समाधानका उपायहरु |
|---|---|---|---|---|
| क) लैगिक हिंसा : | | | | |
| मानव वेचविखन | पारिवारिक संकट आउने, मानसिक र शारीरिकं हिसा | गरिवी, बेरोजगारी | चेतनाको अभाव | सचेतना अभियान, रोजगारीको अवसर |
| वाल विवाह | मानसिक असर | गरिवी, सामाजिक संस्कार | चेतनाका अभाव | जागरण अभियान |
| कार्यवोभ्क | स्वास्थ्यमा असर, मानसिक असर | कामको बाँडफाँड नहुनु | सामाजिक रुपमा र नीतिगत रुपमा पनि लैगिंक भूमिकामा परिवर्तन नआउनु | लैंगिक समविकास कार्यक्रम |
| स्वास्थ्यमा समस्या | काम गर्न नसक्ने | हिंसामा पर्नु | अपहेलित हुनु, बहुबिवाह, आयस्रोत नहुनु | सुलभ स्वास्थ्य सेवा, श्रम बिभाजन सचेतना, आय आर्जनको सिप |
| परनिर्भरता हुनु पर्ने | निर्णय क्षमता कमजोर हुनु | लैगिक विभेद, पितृसत्तात्मक सोच | स्रोत साधनमा पहुँच र नियन्त्रण नहुनु, आयआर्जनका कार्यक्रम प्रयाप्त | चेतना अभिबृद्धि, शिक्षा र सम्पत्तिमा समान अधिकार |

| समस्या/सवालहरु | तत्कालिन असर | मुख्य कारण | अन्तरनिहित कारण | समाधानका उपायहरु |
|---|---|---|---|---|
| | | | नहुनु | |
| शिक्षामा कमजोर अवस्था | तहगत शिक्षाको अवसरबाट बञ्चित, रोजगारीको अवसरहरु वाट बञ्चित | लैगिक विभेद, पितृसत्तात्मक सोच | लैंगिकमैत्री भौतिक पूर्वाधार नहुनु, बिद्यालय टाढा भएको कारण, घरायसी काममा सहयोग गर्नु पर्ने | लैंगिकमैत्री भौतिक पूर्वाधार निर्माण, बिद्यालयको पहुँचमा सहजता ल्याउनु, अभिभावक शिक्षा |
| घरेलु हिंसा | मानसिक, शारीरिक असर, खान लाउन नपाउने,जन्म दर्ता, बिबाह दर्ता र नागरिकता मा कठिनाई, हत्या, आत्महत्या बढ्नु, बेचविखनमा पर्नु | लैगिक विभेद, पितृसत्तात्मक सोच, कानूनको प्रभावकारी कार्यान्वयन नहुनु, महिलाको सम्पतिमा अधिकार नहुनु, बालविवाह हुनु, शिक्षामा कमी, दाइजो प्रथा, बहुविवाह । | चेतना,भएका कानुनहरु कार्यान्वयनको अवस्था कमजोर, मादक पर्दाथ सेवन | चेतना बिकासको अभियान संचालन गर्ने, पिडकलाई कार्बाहि गर्ने प्रभावकारी कानुन निर्माण गर्ने, पुरुषहरुलाई सचेतनामूलक तालिम दिने, हिंसा न्यूनीकरण गर्नका लागि टोल सुधार समिति गठन गर्ने, गाविसमा मनोविमर्श सेवा प्रदान गर्ने व्यवस्था मिलाउने, महिला सुरक्षाबास सेवाको प्रवन्ध मिलाउने । |
| निर्णायक तहमा महिलाको कमी | अवसरबाट बञ्चित, महिलाको मुद्धाहरु ओझेलमा परेका | पिर्तसत्ता सोच, बिभेदकारी कानुन, | घरेलुकाम महिलाको मात्र ठानिने, कम संख्यामा महिलाको प्रतिनिधित्व | चेतना अभिबृद्धि, हरेक तहतप्कामा महिलाको ५०%सहभागीता अनिवार्य गरेर |
| राजनितिक घोषणा पत्र कार्यान्वयन नुहुन | निर्णायक तहमा महिलाहरुको कमी | पितृसत्ता कानुन | बहुसंसंख्यक पुरुषको सहभागिता, समावेसीतालाई आत्मसात नगर्नु | भिन्न भिन्न दलहरुले बोलेका कुरालाई राष्ट्रिय रुपमा लैजानु पर्ने, सबै राजनीतिकदलहरु लाई नियमन गर्ने |
| बिद्यमान नीतिगत व्यवस्थाको कायान्वयन नहुनु | सबै तहतप्कामा अर्थपूर्ण सहभागिता नहुनु | संक्रमणकालीन परिस्थिती, राजनीतिक फेरबदल, पितृसत्ता सोचको उपज | चेतनाको कमी, दण्डहिनता र कानुनको पूर्णरुपमा पालना नहुनु । | बिद्यमान नीतिगत व्यवस्थाको पूर्णरुपमा कार्यान्वयनमा ल्याउने । |
| यौनजन्य हिंसा | मानसिक, शारीरिक र सामाजिक असर | लैंगिक विभेद, पितृसत्तात्मक सोच, बिभेदकारी कानुन | सामाजिक मूल्य र मान्यता, पिडकलाई संरक्षण गर्ने सोच, कानुनको कडाई रुपमा पालना नगर्नु परनिर्भर हुनु | लैंगिक समानताका लागि पैरवी भएका कानूनहरुको प्रभावकारी कार्यान्वयन र अपुग कानूनको निर्माण |
| शिप तथा तालिमको अभाव | घरेलु महिला श्रमिकको बृद्धि बेरोजगारिमा बृद्धि | महिलाको क्षमता र चाहना अनुसारको सीप तथा तालिमको अभाव | घरायसी कामकाजमा व्यस्त, शिक्षित महिला संख्याको कमी, आर्थिक स्रोतको पहुँच तथा नियन्त्रण नहुनु | राज्यद्वारा महिलाको क्षमता र चाहना अनुसारको सरल र परल मूल्यको सीप तथा तालिमको व्यवस्था, |
| शिपलाई व्यवसायीकरण र बजारीकरण गर्न समस्या | घरेलु महिला श्रमिकको बृद्धि बेरोजगारीमा बृद्धि, आयआर्जनमा कमी | बजारको व्यवस्था नहुनु, बजारीकरणको लागि राज्यको नीति नहुनु | थोरै मात्रामा उत्पादन र उत्पादन भएका सामानहरुको उपयुक्त बजार नहुनु, भौगोलिक बिकटता र प्रचार प्रसारमा कमी | स्थानीय बजारको बिकास, मूल्य निर्धारण, संकलन तथा भण्डारण केन्द्रको स्थापना, बजारको खोजी |
| महिलाको वैदेशिक रोजगारलाई अधिकारको रुपमा नलिनु, सम्मान जनक रुपमा नहेर्नु | गैरकानूनी बाटो अपनाउनु | संरक्षणात्मक सोच र नीति | रोजगारीको अवसर नहुनु, महिला माथि हिंसा, पितृसत्तात्मक सोच | बैदेशिक रोजगारीलाई व्यवस्थित, सुरक्षित र सम्मानित बनाउनु पर्ने । तालिम तथा सीपको व्यवस्था |

| समस्या/सवालहरु | तत्कालिन असर | मुख्य कारण | अन्तरनिहित कारण | समाधानका उपायहरु |
|---|---|---|---|---|
| घरेलु कामलाई सम्मानजनक रुपमा नहेर्नु | महिलाहरु घरेलु हिंसामा पर्नु | आर्थिक रुपमा लेखाजोखा नहुनु | घरेलु काम महिलाको पेवा कामको रुपमा हेरिनु | घरेलु कामलाई श्रमको रुपमा लिई श्रम नीतिले समेट्नु पर्ने । |
| सार्वजनिक स्थलहरु (यातायात, विद्यालय, भेला, मनोरञ्जन स्थल) महिला मैत्री नहुनु । | यौनजन्य हिंसामा पर्नु | पितृसत्तात्मक सोच र सामाजिक मूल्य मान्यता | महिलालाई मनोरञ्जनको रुपमा हेरिनु, सार्वजनिक स्थलहरु निर्माण गर्दा महिलालाई ध्यानमा नराखिनु | सार्वजनिक स्थलहरुको संरचना महिलामैत्री हुनुपर्ने । |
| मनोविमर्श केन्द्र नहुनु | मानसिक अस्वस्थ हुनु | मानसिक असन्तुलन भएका महिलाहरुको संख्या बृद्धि | घर निकाला, आत्महत्या, बलात्कार, घरेलु हिंसा | मनोविमर्शकर्ता सहित मनोबिमर्श केन्द्रको स्थापना |
| द्वन्द पिडित महिलाका समस्या | सामाजिक रुपमा स्थापित हुन कठिन | द्वन्द पिडित महिलाको व्यवस्थित अभिलेख नहुनु, | द्वन्द पिडित महिलाले न्याय नपाउनु, हिंसामा पर्नु | द्वन्द पिडित महिलाको अभिलेख व्यवस्थित गरी सेवा सुविधाको व्यवस्था गर्नुपर्ने । |
| मानसिक सन्तुलन गुमाएकाहरुका लागि उपचार र पुर्नस्थापना नहुनु | सडकमा महिलाहरु बेवारिसे रुपमा रहनु | मानसिक सन्तुलन गुमाएका महिलाहरुलाई व्यवस्थित गर्ने नीतिगत व्यवस्था नहुनु | घरेलु हिंसा, मानसिक समस्यालाई रोगको रुपमा नलिनु, मनोविमर्श सेवा नहुनु, | मनोविमर्श सहितको सुरक्षा गृह, पारिवारिक मिलन र पुनर्स्थापना |
| सेवा प्रदायक संस्थाहरुमा महिला डेक्स नहुनु | सेवा सुबिधाबाट बञ्चित | नीतिगत व्यवस्था नहुनु | आवश्यक्ताको महशुस नहुनु, व्यवस्थित र अधिकारयुक्त नहुनु | सेवा प्रदायक संस्थाहरुमा महिला डेक्सको व्यवस्था र भएकोलाई व्यवस्थित गर्ने |
| महिलाहरुको सम्पतीमा पहुंच कम | महिलाहरुले पुरुषहरुसंग परनिर्भर हुनु पर्ने, हिंसा सहेर बस्नु पर्ने वाध्यता, स्वास्थ्यमा असर | पितृसतात्मक सोच, महिलाहरुमा आफ्नो अधिकार बारे थाहा नहुनु, | शिक्षाको कमी, अन्धविश्वास, धार्मिक विश्वास, परम्पराबादी सोच नीतिगत व्यवस्था कमजोर हुनु | महिलाहरुको क्षमता अभिबृद्धिका लागि चेतनामूलक कार्यक्रम गर्ने, शिक्षामा पहूंच बढाउने खालका कार्यक्रम गर्ने, महिला अधिकारबारे सचेतना कार्यक्रम गर्ने |
| महिलाको प्रजनन स्वास्थ्य सम्वन्धी समस्या (पाठेघर खस्ने समस्या) | शारीरिक रुपमा असहज तथा कमजोरी हुनु, मानसिक तनाव बढ्नु, श्रीमान श्रीमती बीचको सम्बन्धमा खटपटी आउनु, पारिबारिक हिंसा हुनु साथै दैनिक क्रियाकलापमा अवरोध आउनु । | बालविवाह, बलात्कार तथा बैवाहिक बलात्कार, सानो उमेर तथा वर्षेनी बच्चा जन्मनु, गर्भावस्था तथा सुत्केरी अवस्थामा राम्रो स्याहारसुसार नपाउनु । | महिलाहरुलाई गर्भावस्था तथा सुत्केरी अवस्थामा पोषणयुक्त खानेकुरामा रोकतोक गराउनु, बँश धान्नका लागि छोरा पाउनु पर्ने बाध्यता, शारीरिक तथा मानसिक हिंसा | बाल सचेतना कार्यक्रमहरु गर्ने, जन्मान्तर कायम गर्नका लागि परिवार नियोजनका अस्थायी साधनहरुको प्रयोगमा प्रेरित गर्ने, गर्भावस्थामा गर्भ जाँच गराउनका लागि महिलाहरुलाई उत्प्रेरित गर्ने |
| बेरोजगारी समस्या | युवा शक्ति रोजगारका लागि विदेश पलाइन, खेतीयोग्य जमिन बांझो रहेको, कुलतमा पर्नु | रोजगारीका अवसर नहनु, | व्यवसायिक शिक्षा तथा सीप नहुनु, आर्थिक रुपमा कमजोर तथा पहुंचमा कम, सुलभ ऋणको व्यवस्था नहुनु | व्यवसायिक शिक्षा लागू गर्नु पर्ने युवाहरुलाई सिपमूलक तथा आयमूलक तालिम दिई दक्ष बनाउने, सुलभ ऋणको व्यवस्था, कृषि पेशालाई मर्यादित र व्यवसायिक बनाउने । |
| नेतृत्व तहमा महिलाहरुको उपस्थिति कम हुनु | सभा समारोहमा महिलाको उपस्थिति कम हुनु । | स्थानीय स्तरमा महिलाहरुको नेतृत्व औपचारिक मात्र हुनु, महिलाले नेतृत्व गर्ने अवसर नपाउनु | महिलाहरुले सामाजिक संरचनालाई आधार मान्नु । | नेतृत्व तहमा महिलाहरुको सहभागिता र पहुँच विषयक अन्तरक्रिया गर्ने |

| समस्या/सवालहरु | तत्कालिन असर | मुख्य कारण | अन्तरनिहित कारण | समाधानका उपायहरु |
|---|---|---|---|---|
| किशोरी शिक्षाको कमी | स्वास्थ्यमा असर तथा शिक्षामा बंचित | सानो उमेरमा विवाह गर्नु, बलत्कार, छोरीलाई आश्रितको रुपमा मानिने | सामाजिकीकरण हुनु, संचार प्रविधीको दुरुप्रयोग गरिनु | सरकारी तथा नीजि विद्यालयमा किशोरी शिक्षालाई महत्व दिनु किशोरीका अभिभावकहरु पनि सचेतना कार्यक्रम गर्ने, सुचनामा पहुँच पुऱ्याउनु । |
| अपाङ्गता परिचय पत्र वर्गिकरणमा समस्या | काम गर्न कठिनाई | सरल ढंगबाट अपाङ्गताको सुचक निर्धारण हुन नसक्नु | प्राथमिकतामा नपर्नु, तालिम तथा विशेषज्ञ नहुनु | सरल तथा स्पष्ट ढंगबाट सुचक निर्धारण गरिनु पर्ने |
| तथ्याङ्कको  अभाव | वास्तविक अवस्था थाहा नहुनु, सही योजना बन्न नसक्नु, हालसम्मको उपलब्धीको लेखाजोखा गर्न नसक्नु | आर्थिक र मानवीय स्रोतको अभाव | | बजेटको व्यवस्था गरी जिल्ला भित्रका खण्डिकृत तथ्याङ्क संकलन गर्ने |

## वालवालिकाका

| समस्या तथा सवालहरु | तत्कालिन असरहरु | मुख्य कारणहरु | अन्तरनिहित कारणहरु | समस्याका सम्भावित उपायहरु |
|---|---|---|---|---|
| वाल विवाह | स्वास्थ्यमा जोखिम, व्यावहारिक समस्या, शिक्षा तथा मनोरञ्जनवाट वञ्चित | बाल विवाहलाई सामाजिक अपराधको रुपमा नहेरिनु | सामाजिक मूल्यमान्यता, चेतनाको कमी, कानुन कार्यान्वयन गर्ने निकायको वेवास्ता, वढदो संचारको दुरुपयोग | बाल विवाह निषेधित क्षेत्र घोषणा गर्ने अभियान संञ्चालन गर्ने, कानुनको प्रभावकारी कार्यान्वयन गर्न अभिप्रेरित गर्ने, बाल क्लव गाँउबाल संरक्षण समितिहरुलाई परिचालन गर्ने |
| वाल श्रम | स्वास्थ्यमा असर, मानसिक असर, शिक्षावाट वन्चित | गरिवी, सस्तो श्रम | संगत, पैसा कमाउनै पर्ने वाध्यता, अभिभावकको वेवास्ता, | अभिभावकलाई चेतनामूलक कार्यक्रम संचालन, गरिवी निवारणका लागि अभिभावकलाई व्यवसायिक तालिम, बालबालिकाका लागि पनस्थापना कार्यक्रम, |
| लागूपदार्थ दुर्व्यसन | स्वास्थ्यमा असर, मानसिक असर, | अभिभावकको वेवास्ता, | गलत संगत तथा वातावरण, आर्थिक प्रलोभन | सचेतनामूलक कार्यक्रम, मनोविमर्श सेवा शिक्षामा सवै वालवालिकाको पहुँच, सम्वन्धित निकायवाट प्रत्यक्ष निगरानी, |
| वाल दुर्व्यवहार (हिंसा, कुटपिट, यातना, यौन शोषण ) | स्वास्थ्यमा असर मानसिक समस्या,शिक्षावाट वन्चित | वयस्कमुखी सामाजिक अवधारणा, | पितृसतात्मक सोच, वालबालिकालाई सुधार्न यातना तथा हिंसा गर्न पर्छ भन्ने परम्परागत मूल्य र मान्यता | सचेतनामूलक कार्यक्रम, पुनस्थापना केन्द्रको सञ्चालन, बाल क्लव र किशोर किशोरी समूहको परिचालन, आचार संहिता निर्माण, बालहेल्प लाईनलाई व्यवस्थित गर्ने । |
| सम्वन्धित निकायमा वालवालिकाको अर्थपूर्ण सहभागिता नहुनु | वालवालिका लक्षित कार्यक्रम नवन्नु | नीतिको व्यवहारिक कार्यान्वयन नहुनु | बाल सहभागिताको महत्व थाहा नहुनु, बालबालिकाहरुलाई नागरिकको रुपमा स्वीकार नगरिनु | बालबालिका सम्वन्धित हरेक तह र निकायमा वालवालिकाको अर्थपूर्ण सहभागिता गराउने |
| खेलकुद तथा अतिरिक्त कृयाकलाप संचालन नहुनु | वलवालिकाको शारीरिक तथा मानसिक विकासमा असर पर्नु | खेलकुद तथा अतिरिक्त कृयाकलाप प्रति सम्वन्धित निकाय सकारात्मक नहुनु | वालवालिकालाई अतिरिक्त कृयाकलापमा भागलिन समय उपलव्ध नगराउनु, समुदाय खेलकुद मैत्री नहुनु | वालमैत्री विद्यालय, परिवार तथा समुदाय निर्माण गर्ने |
| वालक्लव व्यवस्थित नहुनु | वालमैत्री अवस्था सिर्जना नहुनु | बाल क्लवको महत्व सरोकारवालाहरुले नवुभ्नु | लक्षित वजेटको सही परिचालन नहुनु,/बालबालिकाको पढाइ र अन्य | बाल क्लव, समूह र संञ्जालहरुको उपयुक्त परिचालन गरिनु पर्ने |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यक्रमहरुका विचमा सामन्जस्यता नहुनु, | |
| सडक वालवालिका | स्वास्थ्य शिक्षावाट वन्चित भै भविष्य अन्यौल | नकरात्मक पारिवारिक वातावरण, | गरिवी, संगत, सहरीकरण, वेवास्ता, हेला हिंसा, दुर्व्यवहार | पुनस्थापना, पारिवारिक पुनःमिलन, मनोविमर्श तथा सिप विकासका तालिम दिई रोजगारीको अवसर सिर्जना गर्ने |
| जोखिममा परेका वालवालिकाहरुलाई पुर्नस्थापनाकेन्द नहुनु | जोखिममा रहेका वालवालिकाहरु अलपत्र अवस्थामा रहनु | सम्वन्धित पक्षले प्रभावकारी रुपमा वजेट विनियोजन गरी कार्यान्वयन नगर्नु | सरोकारवालाले ध्यान नदिनु, आर्थिक अभाव हुनु | जोखिममा रहेका वालवालिकाको उद्धार गर्न पुनस्थापना केन्दको स्थापना गर्ने, बाल संरक्षण कोषलाई व्यवस्थित वनाउने |
| द्वन्द प्रभावित बालबालिका | शारीरिक मानसिक असर | द्वन्दको प्रभाव कायमै रहनु | अभिभावकको माया नपाउनु सामाजिक रुपमा हेला तथा तिरष्कार, | निःशुल्क उपचारको व्यवस्था, निःशुल्क शिक्षाको व्यवस्था, संरक्षकत्वको व्यवस्था |
| कानुनी विवादमा परेका बालबालिकाहरु | शिक्षावाट वञ्चित, वाल विझ्याँइ, अपराधिक मनस्थिती | चेतनाको कमी, | वाल दायित्वको वोध नहुनु, नैतिक शिक्षाको कमी, अभिभावकको वेवास्ता | वाल सुधार गृहको स्थापना, सीपमूलक तालिमको व्यवस्था सामाजिक मनोविमर्श, अभिभावकको आय स्तरमा सधार |
| जेलमा आश्रित वालवालिका | संरक्षणको अभाव | संरक्षकको अभाव वालगृह नहुनु | शिक्षावाट वञ्चित, सामाजिक परिवेशवाट वञ्चित | शिसु स्याहार केन्द्रको व्यवस्था (पोषण सहित) शिक्षा स्वास्थ्यको व्यवस्था |
| अनाथ तथा असहाय वालवालिकाहरु | भविष्य अन्यौल | अभिभावकको माया नपाउनु, | सामाजिक रुपमा हेला हिंसा र दुर्व्यवहार र शोषण | संरक्षकको व्यवस्था, तथ्याकंहरु संकलन गर्ने, छात्रवृतिको व्यवस्थापन गर्ने |
| समग्र बालबालिकाको अवस्था थाहा नहुनु | योजना निर्माण र कार्यान्वयनमा असजिलो | खण्डीकृत तथ्याकं संकलनका लागि संयन्त्र र वजेटको अभाव | तथ्याकंहरु व्यवस्थित र एकिकृत नहनु | तथ्याकंहरुलाई एकीकृत गरी जिल्ला र गाविसहरुको अवस्था प्रतिवेदन प्रकाशन गर्ने |
| अपागंता भएका बालबालिका | अपागंता भएका बालबालिकाहरु शिक्षा, स्वास्थ्य जस्ता अवसरवाट वन्चित | शारीरिक कठिनाई | भैागोलिक, शारीरिक कठिनाई | पुनःस्थापना केन्द्र सञ्चालन गर्ने |

**आदिबासी जनजाती**

| समस्या तथा सवालहरु | तत्कालिन असरहरु | मुख्य कारणहरु | अन्तरनिहित कारणहरु | समस्याका सम्भावित उपायहरु |
|---|---|---|---|---|
| राष्ट्रिय तथा अन्तराष्ट्रिय अधिकारमुखि कानुन, सन्धि अभिसन्धीहरु स्थानीय तहमा कार्यान्वयन नहुनु | अधिकारवाट वन्चित हुनु | सरकारी निकायहरुले कार्यान्वयन नगर्नु | अधिकारवाला सचेत नहुनु । | सवैमा चेतनाको स्तर वृद्धि गर्नु पर्ने, स्थानीय स्तरमा कानूनतः प्रत्याभुत गरिएको अधिकार स्थापित गर्न कार्यान्वयन गर्ने । |
| मातृभाषा वोल्नेहरुले नेपाली भाषा नवुझ्नु | व्यवहारिक जीवन र दैनिक व्यवहारमा कठिनाई | मातृभाषा वोलिरहने भएकोले नेपाली भाषा वोल्न, बुझ्न कठिन हुने | आ-आफ्नो मातृभाषी वाहुल्यताको कारण । | सवै मातृभाषीलाई आफ्नो भाषामा पठनपाठन शैक्षिक व्यवस्था गर्नुपर्ने ।<br>मातृभाषा र नेपाली भाषालाई संगसंगै लैजानु पर्ने |
| राजनीति पहुँचमा कमी | अवसरवाट वन्चित | प्रतिस्पर्धात्मक क्षमतामा कमी | प्रतिष्पर्धा गर्न नसक्नु, राज्य प्रतिको दायित्व वोध नहुनु | समानुपातिक समावेशी चरित्र राष्ट्रिय नीति निर्माण गर्ने । |

| समस्या तथा सवालहरु | तत्कालिन असरहरु | मुख्य कारणहरु | अन्तरनिहित कारणहरु | समस्याका सम्भावित उपायहरु |
|---|---|---|---|---|
| लक्षित समुदायको विनियोजित वजेट सहि रुपमा सदुपयोग नहुनु | आफ्नो आधिकारवाट वन्चित हुनु | राजनीति हस्तक्षेप हुनु, बजेट अन्यत्र प्रयोग हुनु | राजनीति दलको प्राथमिकतामा नपर्नु | लक्षित वर्गको चेतना अभिवृद्धि, स्थानीय निकायहरुमा खवरदारी गरी लक्षित समुदायमा कार्यान्वयन गराउनु |
| मातृभाषा शिक्षा नीतिमा नेपाल सरकारको लापरवाही | मातृभाषामा सुचारु रुपले पठनपाठन हुन नसक्नु | पाठ्यपुस्तक उप्लव्ध हुन नसक्नु, स्थायी शिक्षकको व्यवस्था नहुँनु | नेपाली भाषालाई प्राथमिकता दिनु तर मातृभाषालाई नाम मात्रको शिक्षा नीति वनाउनु | मातृभाषाको पुस्तक र स्थायी शिक्षकको व्यवस्था नेपाल सरकारवाटै हुनुपर्ने । |
| रोजगारीको समस्या | गरिवी हुनु, अशिक्षित हुनु, विदेशिनु | पहुँचको कमी, प्रतिस्पर्धा गर्न नसक्नु | शिक्षाको कमीले अवसरवाट वन्चित हुनु | शिक्षा नीतिमा सुधार गराउनु पर्ने, राज्यको हरेक निकायमा, समावेशी प्रतिनिधित्व गराउनु पर्ने । परम्परागत पेशा संरक्षण तथा विकास गर्नुपर्ने । |
| जातिय पहिचान क्रमश लोप हुँदै जानु | भाषा संस्कार, संस्कृति, धर्म र मौलिक परम्पराहरु क्रमश लोप हुदै जानु | राज्यले संरक्षणमा ध्यान नदिनु । | आफ्नो संस्कृतिलाई जर्गेना नगरी अरुको संस्कृतिलाई अपनाउनु | आदिवासी जनजातीहरुको संस्कृती, भाषा, धर्म, लिपीहरुको पहिचानका निम्ति राज्यवाटै संरक्षणको लागि छुट्टै कोषको व्यवस्था गर्नु । समुदायलाई आफ्नो संस्कृति जगेर्नाका निम्ति सचेतना जगाउनु । |

## मधेसी, मुस्लिम तथा पिछडावर्ग

| समस्या/सवालहरु | तत्कालिन असर | मुख्य कारणहरु | अन्तरनिहित कारणहरु | समाधानकासम्भावित उपायहरु |
|---|---|---|---|---|
| बालविवाह, दाईजोप्रथा, मृत्युभोज, बोक्सी प्रथा, घुम्टो प्रथा र तलाक । | सामाजिक हिंसामा बृद्धि, आर्थिक अवस्था खस्किनु, अवसरहरुबाट बञ्चित हुनु । | सचेतनाको कमी, राज्यको नीति नियमहरु कार्यान्वयन फित्तलो, समुदायको सक्रियतामा कमी । | रुढीवादी सामाजिक पम्परा, संस्कार, अशिक्षा, गरिवी । | राज्यका कानुन, नीति, नियमहरुको कार्यान्वयनमा कडाई, सामाजिक रुपान्तरणका लागि सचेतनामूलक कार्यक्रम संचालन गर्ने । |
| मधेसी, मुस्लिम तथा पिछडावर्गको अवस्था बारे अनभिज्ञता तथा अन्यौलता | योजना तर्जुमाको क्रममा सही तथ्याङ्क संकलन नहुनु, कार्यान्वयन प्रभावकारी नहुनु, जिल्लाका यस समुदायको वस्ती अनुसार तथ्याङ्क संकलन हुन नसक्नु । | तथ्याङ्क संकलनमा हेलचेक्रयाई, २०६८ जनगनणामा पिछडावर्गमा पर्ने जातजातीहरुको गलत तथ्याङ्क संकलन गरिएको । | जातिय विभेद भएको । यस समुदायलाई उपेक्षा गरिएको । | स्थानीय निकायसँगको सहकार्यमा यस समुदायकै अगुवाईमा पुन : तथ्याङ्क संकलन गरिनु पर्ने । |
| राष्ट्रिय तथा अन्तराष्ट्रिय अधिकारमुखि सन्धि अभिसन्धीहरु स्थानीय तहमा कार्यान्वयन नहुनु । | यस समुदायका सिमान्तकृत जनताहरु अधिकारवाट वन्चित हुनु । | स्थानीय तथा सरकारी निकायहरुले कार्यान्वयन नगर्नु । | आधारभूत अधिकारबाट बन्चित हुनु । | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धि अभिसन्धीहरु बारे चेतनाको स्तर वृद्धि गर्नु पर्ने, स्थानीय स्तरमा कानुनत प्रत्याभुत गरिएको अधिकार स्थापित गर्न पहल अगाडि बढ्ाउनु पर्ने । |
| **शिक्षा :** मधेसी, मुस्लिम तथा पिछडावर्गका समुदायको शिक्षामा पहुँचको कमी | अशिक्षितको संख्या बढ्दै जानु, अशिक्षाका कारण गरिबी बढ्दै जानु, सामाजिक, आर्थिक, राजनितिक पहुँच बाट टाढिनु । | निशुल्क शिक्षा तथा छात्रवृति सम्बन्धी व्यवस्था नहुनु । शैक्षिक नीतिमा यस समुदायका लागि विशेष व्यवस्था नहुनु । | शिक्षा नीतिमा नीतिगत कम्जोरी, स्थानीय स्तरमा रहेका सम्बन्धित निकायहरुको स्पष्ट नीति नहुनु तथा यस समुदायका लागि विशेष कार्यक्रमको योजना तर्जुमा नहुनु । | सम्बसन्धत स्थानीय निकायहरुले पहल गर्नु पर्ने, नीतिगत रुपमा सुधार ल्याउनुपर्ने, अभियानहरु संचालन गर्नु पर्ने । |
| मातृभाषा वोल्नेहरुले नेपाली भाषा नवुभ्नु । मातृभाषाका पाठ्यपुस्तकहरु उपलब्ध हुन नसक्नु | शिक्षा हासिल गर्न तथा व्यवहारिक जीवन र दैनिक व्यवहारमा कठिनाई । | मातृभाषामा पठनपाठनको व्यवस्था हुन नसकेको । मातृभाषा वोलिरहने भएकोले नेपाली भाषा वोल्न, बुभ्न कठिन हुने । | आ-आफ्नो मातृभाषा अत्यधिक रुपमा प्रयोग गरिएको । र राज्यले पठनपाठनका लागि यस समुदायले बोल्ने भाषामा पाठ्यपुस्तक उपलब्ध गराउन नसकेको । | सवै मातृभाषीलाई आफ्नो भाषामा पठनपाठन शैक्षिक व्यवस्था गर्नु पर्ने । मातृभाषा र नेपाली भाषालाई संगसंगै लैजानु पर्ने । |
| **स्वास्थ्य :** स्वास्थ्य निकायमा पहुँच नहुनु, स्वास्थ्य सम्बन्धी परामर्श सहज रुपमा उपलब्ध नहुनु । महिला स्वास्थ्य सम्बन्धी समस्याहरु । | अकालमा मृत्यु, महिलाहरुको स्वास्थ्य स्थिती नाजुक हुनु, यस समुदायका बालबालिकाहरुको अकालमा मृत्यु हुनु । कुपोषण बढ्नु । | समयमा उपचार नपाउनु, उपचार महंगो हुनु, निशुल्क उपचार उपलब्ध नहुनु, स्वास्थ्य परामर्श समयमा उपलब्ध हुन नसक्नु । | यस समुदायका लागि विशेष स्वास्थ्य नीतिको अभाव, स्वास्थ्य संस्थामा प्रभावकारी परामर्श उपलब्ध हुन नसक्नु । यस समुदाय रहेको वस्तीहरुमा स्वास्थ्य सम्बन्धी अभियानहरु नपुग्नु | स्वास्थ्य सम्बन्धी अभियानहरु संचालन हुनु पर्ने, यस समुदायको वसोवास रहेको बस्तीहरुमा निशुल्क स्वास्थ्य शिविरहरु संचालन हुनुपर्ने, निशुल्क परामर्श केन्द्रहरुको व्यवस्था । निशुल्क औषधी वितरणको व्यवस्था हुनुपर्ने । |
| **संस्थागत :** यस समुदायका संघ, संगठन, संस्थाहरुको निर्माण नभएको अवस्था, संगठित हुन नसक्नु । | अभियानहरु संचालन गर्न नसक्नु, संगठित रुपमा समस्या समाधानका लागि ठोस पहल अगाडि बढाउन नसक्नु । स्थानीय निकायहरुसँग समन्वय गर्न नसक्नु । | जनचेतनाको कमी, आर्थिक अभाव, स्थानीय निकायहरुको समन्वयको कमी, | संगठन विस्तारका लागि अगुवाहरुको अभाव, नेतृत्वकर्ताहरु उत्पादन हुन नसक्नु । | स्थानीय निकायहरुले यस समुदायका अगुवाहरुलाई समेटी नेतृत्व विकास सम्बन्धी अभियानहरु संचालन गर्नु, गराउनु । भौतिक पूर्वाधारहरुको निर्माण तर्फ ध्यान दिनुपर्ने, राजनैतिक चेतना अभिबृद्धि गर्ने, स्थानीय स्तरमा हुने क्रियाकालापहरुमा |

| | | | | |
|---|---|---|---|---|
| | | | | सहभागिता बढाउने । |
| **रोजगारी :**<br>बेरोजगारी समस्या | यस समुदायका अधिकाँश युवाहरु वैदेशिक रोजगारमा लाग्नु, कुलतमा लाग्नु, गरिवी बढ्दै जानु, | आर्थिक अभाव,<br>रोजगारमुलक सिपको कमी,<br>व्यवसायीक ज्ञानको कमी,<br>सुलभ रुपमा ऋण उपलब्ध हुन नसक्नु, | औधोगिक सिप विकासको व्यवस्था नहुनु, सुलभ रुपमा ऋण उपलब्ध हुन नसक्नु, सिपमुलक तालिमहरुको उपलब्धता कमी हुनु । | नीतिमा सुधार गर्नुपर्ने, सिपमुलक, आयमुलक कार्यक्रमहरु योजना तर्जुमा गर्नु पर्ने । |
| **पूर्वाधार :**<br>हालसम्म मधेसी, मुस्लिम तथा पिछडावर्गको कुनै किसिमको संग्रहालय, धर्मशाला तथा कुनै किसिमको सागठानिक भवनको निर्माण नभएको । | संस्कृति लोप हुँदै जानु, संगठन निर्माण हुन नसक्नु, धार्मिक, संस्कृतिक तथा भाषिक विकास हुन नसक्नु । | आर्थिक अभाव | निकायहरुले बजेट व्यवस्थापनमा कन्जुस्याई गर्नु | उचित बजेटको विनियोजन हुनुपर्ने, |
| **राजनितिक :**<br>यस समुदायको राजनीति पहुँचमा कमी | सवै अवसरवाट वन्चित | राजनितिक चेतनास्तरको अभाव, प्रतिस्पर्धात्मक क्षमतामा कमी | राज्यको विभेदकारी नीति । ठुला दलहरुको यस समुदाय प्रतिको उपेक्षाकृत सोच । | समानुपातिक समावेशी चरित्र राष्ट्रिय नीति निर्माण गर्ने । ठुला दलहरुको नीतिमा सुधार गरी पछाडि पारिएका समुदायको सहभागिता बढाउनु पर्ने । |
| **सुचना तथा संचार :**<br>मधेसी, मुस्लिम तथा पिछडावर्ग सूचना केन्द्रको अभाव | सरकारले वनाएको नीती नियम र निर्देशिकाको वारेमा जानकारी नहुने । स्थानीय निकायका काम कारवाही, राज्यका काम कारवाही र सेवा बारे अनभिज्ञ हुनु । | सूचना तथा संचारमा पहुँच हुन नसक्नु । संचार माध्यमले समेत विभेदकारी भुमिका निर्वाह गर्नु ।<br>मातृभाषाका प्रकाशन तथा प्रशारण सामंग्रीको अभाव, | सार्वजनिक हितको विषयमा जानकारी गराउने निकायको अभाव । | सूचना तथा संचार केन्द्रको स्थापना । |

दलित उत्थान विकास

| समस्या | तत्कालिन असर | मख्य कारण | अन्तरनिहित कारण | समाधानका संभावित उपायहरु |
|---|---|---|---|---|
| जातिय विभेद तथा छुवाछत प्रथा | सामाजिक वैमनश्यता<br>साम्प्रदायिक द्वन्द, सामाजिक सदभाव विग्रने । | हिन्दुवादी सोच, रुढिवादि सोच | अशिक्षा, ब्राम्हणवादी सोच | चेतनामूलक कार्यक्रम, अन्तरघुलन कार्यक्रम,<br>छुवाछुत विरुद्धको कानुन। २०६८ को प्रभावकारी कार्यान्वयन |
| आर्थिक समस्या | शिक्षा, स्वास्थ्य, रोजगारवाट वञ्चित हुनु र विभिन्न रोगहरुको शिकार हुनु । | राज्यको दृष्टी नपग्नु, राज्यले उचित व्यवस्थापन गर्न नसक्न | सामाजिक कुरीती श्रम शोषण, | व्यावसायिक तालिम,रोजगारीको अवसर,सिपमलक तालिम, व्यवसायकालागि अनुदान (निश्चित अवधिको लागि), निर्व्याजी रिण उपलव्ध |
| वेरोजगारी समस्या | जीविकोपार्जनमा समस्या | उद्योग धन्दा कलकारखाना नखोलिनु, व्यवसायीमुखी शिक्षाको अभाव | राजनैतीक अस्थीरता, नेताहरुको आन्तरिक खिचातानी | व्यावसायिक तालिम, रोजगारीको अवसर, सिपमूलक तालिम, व्यवसायका लागि अनुदान (निश्चित अवधिको लागि), निर्व्याजी ऋृण उपलव्ध, उद्योग धन्दा खोलिनु पर्ने |
| तराइ दलितमा बाल विवाहको समस्या | धेरै सन्तानको भार, विभिन्न रोगको शिकार, अकालमा मृत्य | अशिक्षा, चेतनाको कमी, सामाजिक कुरुती | सामाजिक दवाव ,कडा कानुनको प्रभावकारी कार्यान्वयन नहुनु | शिक्षामा पँहुच वृद्धी, जनचेतनामूलक कार्यक्रम, सामाजिक कुरीतीको अन्त्य । |
| तराइ दलितमा दाइजो प्रथा | घरेलु हिंसा, महिला हिंसा र अकालमा मृत्य | रुढिवादी परम्परा, | कानूनको प्रभावकारी कार्यान्वयन नहुनु | चेतनामूलक र हिंसा विरुद्धको कार्यक्रम, कानुनको प्रभावकारी कार्यान्वयन । |
| बाल श्रम शोषण | बालबालिकाको ज्यान जोखिममा शिक्षा, स्वास्थ्यवाट वन्चित | नीति नियमको पालना नहन | आर्थिक कठिनाई, कानुन कार्यान्वयन गर्ने निकायको उदासिनता । | बालबालिकाहरुको पुनस्थापना गरी शिक्षा अवसर दिलाउने र अभिभावकहरुमा आयआर्जनका कार्यक्रमहरु संञ्चालन गर्ने । |
| नौमति, वाजाको लोप हुन सक्ने समस्या । | परम्परागत लोक संस्कृति लोप हने संभावना । | जातिय सङ्किर्णताका कारण दलितहरुले पेशा त्याग्दै | यो पेशा दलितको मात्र हो भन्ने मान्यता हुनु, यो परम्परागत सस्कृत भनेर अन्यले नस्वीकार्नु | चेतना अभिवृद्धी, संरक्षण,संम्वर्धन गर्नु पर्ने र तालिम दिनु पर्ने । |
| दलित भित्रको आन्तरिक छुवाछुत | हिनतावोध, | सामाजिक परम्परा, मूल्य मान्यता | चेतनाको कमी, पारिवारिक अशिक्षा, अरुभन्दा ठूलो हुनु पर्ने सोच, | अन्तरजातिय विवाहलाई प्रोत्साहन दिने, सहभोजको कार्याक्रम गर्ने तालिम अन्तरक्रिया पोष्टर पम्पलेटवाट । |
| भुमी र वसोवासको समस्या | जीविकोपार्जनमा कठिन, गरिवीको संख्या वृद्धि | श्रोत साधनमा दलितको पहुँच नहुनु | भू-उपयोग नीति दलितमैत्री नहुनु | भूमीहिन तथा अव्यवस्थित वसोवासको लगत लिई भूमीहिनलाई उचित वसोवासको व्यवस्था मिलाउनु पर्ने, नमूना दलित वस्तीको विकास |

## जेष्ठ नागरिक :

| समस्या/ सवालहरू | तत्कालिन असर | मुख्य कारणहरू | अन्तरनिहित कारणहरू | समाधानका सम्भावित उपायहरू |
|---|---|---|---|---|
| गरिवी | कुपोषण जस्ता रोग लाग्नु | पोषणयुक्त खानेकुराको अभाव | आर्थिक आर्जन नहुनु | औषधोपचार तथा पोषणयुक्त खाद्य स्तु |
| वृद्धयौलीमा लाग्ने रोग | कमजोर स्वास्थ्यका कारण पिडा | असन्तुलित आहार | शारीरिक तथा मानसिक समस्या | सन्तुलित खानपान र उपचार |
| एक्लोपन | डिप्रेशन तथा माईग्रेन | भावनात्मक कुराकानी गर्ने साथी नहुनु | परिवारका सदस्यसँगको सामिप्यता नहुनु | आफन्तजनसँग वातचित गराउने, आशावादी हुन प्रेरित गर्ने |
| वाथरोग | शरीरका मांसपेसी दुख्नु, हिड्न कठिनाई हुनु | शारीरिक तथा मांसपेसीमा विचलन हुनु | वँशानुगत तथा आहार विहारमा आएको प्रतिकुलता | आहार विहारमा स्वच्छता तथा औषधी सेवन |
| जेष्ठ नागरिकहरुको संरक्षण तथा सुरक्षाको अभाव | एक्लोपन, असुरक्षा | रोजगारीका शिलसिलामा सन्तती संरक्षक साथमा नहुनु | विभिन्न कारणले तिरस्कारमा पर्नु | जेष्ठ नागरिक दिवासेवा कार्यक्रम आवास गृह निर्माण |
| नैरास्यता | निरासा तथा मानसिक रोग | एक्लै वस्नु पर्ने साथमा कोही नहुने | भावना साटासाट गर्ने कोही नहुदा मानसिक तनाव हुने | जेष्ठ नागरिक मिलन केन्द्रहरुको स्थापना |
| लामो समयसम्म ओछ्यान पर्नु | खानपान तथा अन्य कृयाकलाप गर्न नसक्नु, शारीरिक तथा मानसिक पिडा वढ्दै जानु, हेरचाह नहुनु | वृद्धयौली जीवनमा आईपर्ने विभिन्न रोग तथा शारीरिक, मानसिक सिथिलता | गरिवी, कुपोषण, विभिन्न रोगको संक्रमण, शारीरिक मानसिक पिडा वढ्दै जानु | आर्थिक सुधार पोषण युक्त भोजन तथा स्वास्थ्य उपचार हेरचाह गर्ने व्यक्तिको व्यवस्था |
| जेष्ठ नागरिक आवास गृहको अभाव | कोही र केही नभएका तथा ईच्छुक नागरिकको हेरचाह हुन नसक्नु, आफन्तजनहरु विभिन्न शिलशिलामा घर वाहिर वा विदेशमा हुँदा हेरचाह गर्ने कोही व्यक्ति नहुनु | शारीरिक तथा मानसिक सिथिलताका कारण आफै केही गर्न नसक्नु, हेरविचार गर्ने कोही उपलव्ध नहुनु, आर्थिक समस्या हुनु | मानसिक शारीरिक र भावनात्मक पिडा हुनु, घरपरिवारका सदस्यवाट अपहेलित एवं तिरस्कृत हुनु, आफन्तजनवाटै अशान्त र असुरक्षित महसुस हुनु | जेष्ठ नागरिक आवास गृह संचालन गरी शारीरिक, मानसिक र भावनात्मक सुखको अनुभूती दिलाउनु, शान्तिपुर्ण वातावरणमा आनन्दसँग वस्न रमाउन पाउनु |
| अशान्ति र असुरक्षाको अवस्था (घर परिवार वाटै) | घर, परिवार, छोराछोरी वा आफन्तजनवाटै त्रास र भयको वातावरण सृजना भई अशान्त र असुरक्षित महसुस हुनु, पिडा भोग्नु | जीवनमा भए गरेका गल्ती कमजोरी वा कुलतवाट सृजित पारिवारिक विचलन वा तिरस्कार, आर्थिक प्रलोभनका कारण असुरक्षा | जीवनमा भए गरेका गल्ती कमजोरी वा कुलतवाट परिवारमा परेको असर र त्यसवाट उत्पन्न वदलाको भावना कुटपिट, गालिगलौज, धम्कीपुर्ण वोलीचाली (जस्तै ज्यान लिने, मार्ने, कुटपिट गर्ने, सम्पत्ती लुटने, चोर्ने आदि) | घरपरिवार तथा समुदायमा जेष्ठ नागरिक सम्वन्धि ऐन कानून र अधिकारका वारेमा चेतना अभिवृद्धि गर्ने, घरपरिवारमा प्रेम भावनाको विकास गराउने विश्वासको वातावरण तयार गर्ने, वैकल्पिक जेष्ठ नागरिक आवास गृहमा राख्ने व्यवस्था हुनु पर्ने |
| जेष्ठ नागरिक प्रति पारिवारिक तथा सामाजिक उपेक्षा एवं तिरस्कार | आफ्ना प्रीयजन तथा समाजवाट उपेक्षा र तिरस्कारपूर्ण वोली व्यवहारवाट मानसिक तथा भावनात्मक पिडा हुनु | वृद्धयौली जीवन, जीवनको उत्तरार्ध भएको वृद्ध अवस्थाका व्यक्तिहरुले कसैलाई सहयोग गर्न नसक्नु वरु जेष्ठ नागरिकहरुलाई नै सहयोग गर्नु पर्ने भएकाले अन्यजनवाट उपेक्षित हुनु पर्ने अवस्था | सहयोग मात्र गरिरहनु पर्ने तर जेष्ठनागरिकवाट केही प्राप्त हुन नसक्ने भएकाले स्याहार सुसार गर्ने व्यक्ति देखि लिएर प्रीयजनवाट पनि तिरस्कृत अपहेलित हुनु पर्ने अवस्था विद्यमान | जेष्ठ नागरिक मैत्री सरकारी आवास गृह र हेरचाह केन्द्रको आवश्यक, दिवा सेवा केन्द्र संचालन गर्नु पर्ने |
| नयाँ पिढीमा देखिने परम्परागत संस्कारको अभाव | नयाँ पुस्तामा आफू भन्दा सानालाई माया र ठुलालाई आदर सम्मान गर्ने परम्पराको ह्रास, अपमानजनक | पाठ्यसामग्रीमा जेष्ठ नागरिक सम्वन्धि पठनपाठन नहुनु, शिक्षा नदिनु | आधुनिक युग सँगै जेष्ठ नागरिक र सन्तती वीच सम्वन्ध सुमधुर हुन नसक्नु | पाठ्य सामाग्रीमा जेष्ठ नागरिक व्यवस्थापन वारे राख्नु पर्ने (कर्तव्य र आदर सम्मान वारे ज्ञान दिनु पर्ने) |

| समस्या/ सवालहरू | तत्कालिन असर | मुख्य कारणहरू | अन्तरनिहित कारणहरू | समाधानका सम्भावित उपायहरू |
|---|---|---|---|---|
| | व्यवहार | | | |
| वेरोजगारिता र अभाव ( ६० देखि ७५ वर्ष उमेर समूहका जेष्ठ नागरिक | आर्थिक समस्या, पारिवारिक विचलन, पारिवारिक कलह, पारिवारिक विछोड र लालनपालन एवं पढाईमा समस्या | आर्थिक कठिनाईका कारण उत्पन्न विभिन्न अभाव | दैनिक जीवनयापनका लागि आवश्यक पर्ने उयोग्य र उपभोग्य वस्तुको अभाव हुनु | काम गर्न सक्ने परिवारका सदस्यहरु र स्वयम जेष्ठ नागरिकहरुलाई योग्यता क्षमता सीप र अनुभव अनुसारको रोजगारीको व्यवस्था गुर्न । |
| ज्येष्ठ नागरिक भेला हुने सभा गर्ने स्थानको अभाव | ज्येष्ठ नागरिकहरुलाई आफ्नो उमेर समुहका व्यक्तिसँग भेटघाट गरी दु:खसुखका कुरा गर्ने, आराम गर्ने सुरक्षित जेष्ठ नागरिक गृहको अभावमा उक्त अवसरबाट ज्येष्ठ नागरिकहरु वन्चित हुनु । | संस्थागत भवन तथा ज्येष्ठ नागरिक आवास गृह र सेवा केन्द्र नहुनु । | सरकारी अवधारणा अनुसार वजेट विनियोजन हुन नसकनु, सोचको विकास हुन नसक्नु । | ज्येष्ठ नागरिक सम्वन्धी कार्य गर्ने सरकारी गैरसरकारी संस्थाहरुको समन्वयमा ज्येष्ठ नागरिक आवास गृह निर्माण र संचालन गर्नु । |
| नीति नियम सूचना एवं चेतनामुलक जानकारीमा पहुँच नहुनु | कानुनी हक अधिकार र आफ्नै क्षेत्रमा भए गरेको कार्यहरुको वारेमा जानकारी नहुँदा उपलब्ध हुन सक्ने सेवा सुविधा र अवसरबाट वन्चित हुनु | ज्येष्ठ नागरिकको क्षेत्रमा कार्य गर्ने संस्थाहरुको क्षमता विकास र सूचना केन्द्रको व्यवस्था हुन नसक्नु । | सरकारी केन्द्रिय योजना तथा कार्यक्रमहरुमा जिल्लाका ज्येष्ठ नागरिक सम्वन्धी योजना तथा कार्यक्रम समावेश हुन नसक्नु | सरकारी गैरसरकारी एवं नीति क्षेत्रबाट संचालित संचार माध्यमहरुबाट ज्येष्ठ नागरिक हक हित सम्वन्धी सूचना जानकारी र सन्देशमूलक सामग्री प्रकाशन प्रशारण सम्प्रेशन हुने कार्यक्रम संचालन गर्नु । |

## युवा तथा खेलकुद विकास

| समस्या/सवालहरु | तत्कालिन असर | मुख्य कारणहरु | अन्तरनिहित कारणहरु | समाधानका सम्भावित उपायहरु |
|---|---|---|---|---|
| युवा वेरोजगारीको समस्या | दुर्व्यशनी, युवा शक्तिको अभाव, सामाजिक बिकृति | उद्योग धन्दा नहुनु, व्यवसायिक शिक्षाको अभाव | उधोगधन्दा सम्वन्धि नीति नहुनु | व्यवसायमुखी शिक्षा, औधोगिक विकास, युवामुखी कार्यक्रमहरु, सचेतना वृद्धि र क्षमता विकास, युवा संजालहरुको गठन |
| युवा दुर्व्यसनीमा फस्नु | सामाजिक विकृति, | चेतनाको कमी | आर्थिक अभाव, शैक्षिक वेरोजगार बढ्ने, पहुँच नहुनु | सामाजिक काममा सकृय गराउने, रोजगारमुखी वनाउने, युवा नेटवर्क गठन र जिम्मेवारी प्रदान |
| युवामा चेतनाको अभाव | कुलतमा लाग्ने, घर झगडा हुने, अपहेलित हुने | सरोकारवाला समक्ष पहुँच नहुनु | सुचनाको अभाब, नीति निर्माणमा पहुँच नहुनु | युवा संघ संस्थाको सकृयता हुनु पर्ने, सरकारी चासो र वजेटको व्यवस्था, |
| स्थानीय निकायहरुमा युवा सहभागिताको अबसर नहुनु | विकास निर्माण तथा सामाजिक कार्यमा संग्लन नहुनु | केन्द्रिय स्तरबाट नै नीतिगत व्यवस्था नहुनु | नीति निर्माणमा प्रभाबकारी पहल तथा पहुँच नहुनु, निर्माण भएका नीतिहरुको प्रभाबकारी कार्यान्वायनको अभाब | केन्द्रिय स्तरमा नै नीति निर्माणको लागि प्रभाबकारी पहल गर्ने, |
| युवा संगठित नहुनु | रोजगारीको खोजीमा समस्या, सही र गलत छुट्याउन नसक्नु | अवसरहरु गुम्ने | युवा अधिकारकर्मीको क्षमता विकास नहुनु | जनशक्ति व्यवस्थापन, |
| कृषिमा युवाहरुको वितृष्णा | जमिन बाँझिनु, उत्पादन घट्नु, मंहगी बढ्नु र परनिर्भरता बढ्नु | कृषि व्यवसायीकरण नहुनु | नीतीको न्युन कार्यान्वयन, दक्ष जनशक्तिको अभाब, पुँजीको अभाब, चेतनाको कमी, कृषिमैत्री | नि:शुल्क प्राविधिक शिक्षाको व्यवस्था हुनु, कृषि प्रयोगशालाको निर्माण, लक्षित कार्यक्रमको उचित वितरण, कृषिमा लाग्न उत्प्रेरक |

| | | | | |
|---|---|---|---|---|
| | | | बाताबरणको अभाब | तालिमको व्यवस्था |
| युवा परिचालन निर्देशिका २०७० को प्रभावकारी कार्यान्वयन नहुनु | समन्वयमा कमी | सरकारी सेवा प्रदायकले चासो नदिनु | युवाहरु बिच एकता नहुनु, | सम्बन्धित निकायले कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु, युवा लक्षित कार्यक्रम बनाई निर्देशन गर्नु |
| युवा बैकको अभाव | सोचे अनुसार काम गर्न नपाउनु | नीतिगत व्यवस्था | सरोकारवालाहरुले यस सम्बन्धी चासो नदिनु | युवा संगठनहरुको प्रभावकारी दवाव दिने, राजनैतिक दल, युवा सम्बन्धी काम गर्ने निकायहरुलाई बैंक स्थापनाको लागि सचेत गराउने |
| खेलकुद विकासमा कमी | स्थानीय खेलहरु लोप हुनु | बजेट विनियोजन नहुनु | खेलकुंदको विषय प्राथमिकतामा नपर्नु | खेलकुंद नीति कार्यान्वयनमा ल्याउने, |
| खेल पूर्वाधारको अभाव | खेलकुंद स्थलको कमी | कभर्ड हल, खेलकुद मैदान र रंगशाला नहुनु | जिल्ला विकासको प्राथमिकतामा नपर्नु | खेल पूर्वाधार जस्तै रंगशाला, खेलमैदान, कभर्ड हल निर्माणका लागि वजेट व्यवस्था गर्ने । |
| विद्यालयमा खेलकुंदको विकास नहुनु | स्थानीयस्तरमा खेलकुंदको विकासमा कमी | खेल शिक्षक वा प्रशिक्षकको कमी | खेलकुंद प्रति चासो नहुनु | विद्यालयमा खेल शिक्षकको व्यवस्था र खेल सामग्रीको व्यवस्था गर्ने । |

## १.३ वन, वातावरण तथा विपद व्यवस्थापन

### वन विकास

| समस्या र सवालहरु | तत्कालिन असरहरु | मुख्य कारणहरु | अन्तरनिहित कारणहरु | समाधानका सम्भावित उपायहरु |
|---|---|---|---|---|
| १.वन क्षेत्रको संरक्षण | | | | |
| १.१ वन क्षेत्रको अतिक्रमण | जैविक, सामाजिक, सांस्कृतिक तथा आर्थिक वातावरणमा नकारात्मक असर<br>क) वनको हैसियतमा क्षयीकरण<br>ख) वन क्षेत्र घटेको<br>ग) जैविक विविधतामा ह्रास | राज्यको अस्थिर भू-स्वमित्व नीति, विगतको व्यवस्थापकीय कमजोरी र कमजोर सामाजिक/ आर्थिक अवस्था | क) गरिबी र बशाई सराई<br>ख) श्रोतमा सहज पहूंच र उपलब्धता,<br>ग) नीतिगत अस्पष्टता र राजनीतिक हस्तक्षेप<br>घ) कमजोर अनुगमन संयन्त्र । | क) राष्ट्रिय परिचयपत्र मार्फत गरिवीको अभिलेखन गरी नियमन र व्यवस्थापन गर्ने ।<br>ख) चेतनामूलक कार्यक्रम संचालन गर्ने ।<br>ग) दण्डात्मक क्षेत्राधिकारलाई पुनरावलोकन गर्ने ।<br>घ) राजनीतिक हस्तक्षेप शुन्य गर्ने । |
| १.२ चोरी निकासी र वन पैदावार तस्करी | भू-भौतिक, जैविक, तथा आर्थिक वातावरणमा नकारात्मक असर<br>क) वनको हैसियत र गुणस्तरमा क्षयीकरण<br>ख) राजश्व प्राप्तिमा नकारात्मक असर | व्यवस्थापकीय स्रोत, साधन र कमजोर जनशक्ती तथा समाजिक/ आर्थिक अवस्था<br>क) खुल्ला सम्पतिको बैंकको रुपमा रहेको<br>ख) कमजोर सामाजिक- आर्थिक अवस्था<br>ग) तत्काल प्राप्त हुने धेरै लाभको अवसर | क) अज्ञानता, गरिवी र श्रोतको अनुपलब्धता<br>ख) वैकल्पिक स्रोत र रोजगारको कमी<br>ग) कमजोर अनुगमन संयन्त्र<br>घ) फितलो कानुनी व्यवस्था<br>ङ) अपर्याप्त दण्ड जरिवाना | क) चेतनामूलक कार्यक्रमको संचालन ।<br>ख) समुदायसंग संरक्षण कार्यमा सहकार्य ।<br>ख) वन क्षेत्रबाट हरित र बैकल्पिक रोजगारीको सृजना ।<br>ग) विद्यमान कानूनमा समय सापेक्ष पुनरावलोकन गर्ने ।<br>घ) प्रभावकारी अनुगमन संयन्त्र ।<br>ङ) संवेदनशील क्षेत्रमा विषेश निगरानी चौकीको स्थापना । |
| १.३ वन्य जन्तुको चोरी शिकार | क) वन्य जन्तुको संख्या र प्रजाती घटेको<br>ख) कतिपय प्रजाति लोपोन्मुख स्थितिमा पुगिसकेको | व्यवस्थापकीय कमजोरी तथा कमजोर समाजिक सचेतनाको अवस्था<br>क) खुल्ला जैबिक स्रोत<br>ख) पैतृक आडम्वर<br>ग) कमजोर सामाजिक-आर्थिक अवस्था | क) गरिवी र अज्ञानता<br>ख) बैकल्पिक स्वाद र परंम्परागत आनिबानि<br>ग) कमजोर अनुगमन संयन्त्र | क) सचेतनामूलक कार्यक्रमहरु संचालन ।<br>ख) स्थानीय समुदायसंग संरक्षणमा सहकार्य<br>ग) वन क्षेत्रबाट बैकल्पिक हरित रोजगारीको सृजना ।<br>घ) कानूनमा समय सापेक्ष पुनरावलोकन ।<br>घ) प्रभावकारी अनुगमन संयन्त्रको स्थापना ।<br>ङ) संवेदनशील नाकामा विषेश सुरक्षा संरचनाको स्थापना । |
| १.४ वन डढेलो | क) जैविक विविधताको विनाश<br>ख) वातावरणीय एवं पर्यावरणीय पद्धतिमा असन्तुलन<br>ग) प्राकृतिक पुनरुत्पादन अवरुद्ध<br>घ) थप जनधन समेतको क्षति | अज्ञानता, मानवीय व्यवहार तथा व्यवस्थापकीय कमजोरी<br>क) स्वार्थपूर्ण मानवीय व्यवहार<br>ख) अज्ञानमा हुने मानवीय व्यवहार<br>ग) प्राकृतिक कारण | क) राम्रो घाँस, चरिचरणका लागि अनुकुल वातावरण सृजना गर्न<br>ख) चेतनाको अभाव<br>ग) तस्कर तथा शिकारीले निहित स्वार्थका लागि<br>घ) समयानुकूल बन व्यवस्थापकीय सावधानीको कमी | क) तोकेको समयमै सबै बनमा सफाईको काम गरी प्रज्वलनशस्ल वस्तु हटाउने।<br>ख) अग्नि रेखा निर्माण तथा सरसफाई गर्ने ।<br>ग) व्यापक प्रचारप्रसार कार्यक्रम संचालन गर्ने ।<br>घ) डढेलो सिजन अगावै नियन्त्रित आगलागी (Control burning)गर्ने । |
| १.५ खुल्ला | क) बनको पूनरुत्पादन र | क) अनुत्पादनशिल पशुपालनमा वृद्धि, | क) परम्परागत व्यवहार र चेतनाको | क) चेतनामूलक कार्यक्रम संचालन । |

| समस्या र सवालहरु | तत्कालिन असरहरु | मुख्य कारणहरु | अन्तरनिहित कारणहरु | समाधानका सम्भावित उपायहरु |
|---|---|---|---|---|
| चरिचरण | उत्पादकत्वमा ह्रास<br>ख) जैविक विविधतामा ह्रास<br>ग) भू तथा जल व्यवस्थापनमा समस्या | ख) भूमिहिन तथा अतिक्रमणकारीको बशोवास क्षेत्र<br>ग) भूमिको अव्यवस्थित उपयोग पद्दति | अभाव<br>ख) भूमि विहिनता<br>ग) वैकल्पिक अवसरको अभाव | ख) तारबार सहित पुनरुत्पादन तथा वृक्षारोपण क्षेत्र संरक्षण |
| १.६ वन क्षेत्रमा हुने विकासका पूर्वाधारको विस्तार | क) वनको क्षेत्रफल घटेको ।<br>ख) वनको विनास र क्षयीकरण<br>ग) भू क्षय, पहिरो<br>घ) बनको अन्य प्रयोग | क) सहज र निशुल्क उपलव्धता,<br>ख) नीतिगत अस्थिरता<br>ग) अन्य निकायको हस्तक्षेप । | क) सुशासनको अभाव<br>ख) कमजोर नेतृत्व<br>ग) कमजोर अनुगमन संयन्त्र | क) योजनावद्ध कार्यक्रम ख) विकल्प नभएमा मात्र निश्चित मापदण्ड तोक्ने ।<br>ख) प्राथमिक विकासका कामहरु समन्वयात्मक ढंगमा निर्धारित क्षेत्रमा मात्र गर्ने । |
| **व्यवस्थापनसंग सम्बन्धित समस्याहरु** | | | | |
| १ जंगली हात्तीको आतंक | क) जनधनको क्षती | क) उपयुक्त बासस्थानको अभाव | क) बासस्थानको अतिक्रमण<br>ख) संकुचन तथा खण्डीकरण<br>ग) आहारको कमी | क) बासस्थान विकास र संरक्षण<br>ख) राहत कार्यक्रममा प्रभावकारिता |
| २ भौतिक संरचना र साधनको अभाव | वन संरक्षणमा नकरात्मक असर | संम्वद्ध शिर्षकमा वजेट तथा कार्यक्रको अभाव | क) सम्बद्ध तालुक निकायले भौतिक संरचनाको आवश्यकतालाई महशुस नगर्नु । | क) संस्थाको स्थायित्व, आवश्यकता र औचित्यको आधारमा आवश्यक भौतिक संरचनाहरुको निर्माण र आवश्यक साधनको व्यवस्थापन गर्ने । |
| ३ सेवा प्रवाहको बढेदो मागलाई सम्बोधन गर्ने जनशक्तिको कमी | क) सेवाग्राही असन्तुष्ट<br>ख) प्रभावकारी वन संरक्षण र व्यवस्थापनमा नकरात्मक असर | क) समय सापेक्ष संगठन पुनर्संरचना हुन नसक्नु,<br>ख) समय सापेक्ष तालिमको अभाव<br>ग) रिक्त पदपूर्ति नहुनु | क) उचित उत्प्रेरणाको कमी<br>ख) काम गर्ने सबल वातावरणको अभाव<br>ग) बढदो कार्यबोझ | क) उचित उत्प्रेरणाको व्यवस्था<br>ख) काम गर्ने उपयुक्त वातावरणको सृजना<br>ग) कार्यबोझ अनुसार थप दरबन्दीको सृजना |
| ४ पेशागत नैतिकता र मर्यादामा ह्ास | क) ईमान्दार र काम प्रति प्रतिवद्ध राष्ट्रसेवकको कमजोर मनोबल | क) सुशासनको कमी<br>ख) अनुशासनहीनता र लापर्वाहीपन | क) दण्ड र पुरस्कारको व्यवस्थामा विभेद ।<br>२) बढदो पदीय एवं पेशागत मर्यादा अबज्ञा गर्ने प्रवृति | क) निजामती सेवा ऐन र नियमावलीको अक्षरशः कार्यान्वयन<br>ख) आचार संहिताको अक्षरशः पालना<br>ग) राजनीतिक संरक्षण र पेशागत संगठनको हस्तक्षेप कम गर्ने |
| ५ सामुदायिक वनको स्वामित्व ग्रहण र जिम्मेवारी | क) चुरे, मधेश र तराईमा वन संरक्षण कार्यमा अन्यौलता | क) सामुदायिक वन उपभोक्ता समुहहरु जिम्मेबारीबाट पन्छिन खोज्ने प्रवृति | क) राम्रो जति हाम्रो, नराम्रो सवै अर्काको टाउकोमा पञ्छाउने प्रवृति<br>ख) संरक्षणमुखी हुनु भन्दा बढी व्यवसायिक प्रवृति | क) सम्बद्ध सबै सामुदायिक वन उपभोक्ता समुहहरुलाई आ-आफ्नो जिम्मेबारीको बोध गराउने । |
| ६ स्रोत साधनको अभाव | क) प्रभावकारी वन संरक्षण र व्यवस्थापनमा नकरात्मक असर | क) स्वीकृत बजेट तथा कार्यक्रममा रकम विनियोजित नहुनु । भएकोमा ज्यादै न्यून वजेट हुने ।<br>ख) हातहतियारको कमी र खराव अवस्था | क) सम्बद्ध निकायले आवश्यक स्रोत साधनको तथ्यपरक परख नगर्नु ।<br>ख) नियमित एवं प्रभावकारी अनुगमनको अभाव | क) आवश्यकता र औचित्यको आधारमा स्रोत साधनको समुचित व्यवस्थापन गर्ने ।<br>ख) आवधिक अनुगमन र केन्द्रमा सो को पृष्ठपोषण |

## भू तथा जलाधार संरक्षण

| समस्या र सवालहरु | तत्कालिन असरहरु | मुख्य कारणहरु | अन्तरनिहित कारणहरु | समाधानका सम्भावित उपायहरु |
|---|---|---|---|---|
| **संवेदनशील एवं बिग्रदो जलाधारीय अवस्था ।** | | | | |
| गल्छी, पहिरो एवं भू-क्षय । | क) जनधन र जमिनको क्षती<br>ख) विकासका पूर्वाधार जोखिम । क्षति | क) जलाधारीय अवस्थामा क्षयीकरण | क) वन विनास, ख) ठाडो भिरालो र अस्थिर भू-बनोट<br>ग) तीब्र वर्षा<br>घ) अवैज्ञानिक खेती प्रणाली<br>ङ) पानीको उचित व्यवस्थापन हुन नसक्नु | क) वन विनासको क्रमलाई रोकथाम गरी हरियाली प्रवर्द्धन गर्ने ।<br>ख) क्षयीकरण भई सकेका तथा हैसियत बिग्रेका वन क्षेत्रमा मौज्दात वृद्धिका क्रियाकलाप गर्ने ।<br>ग) गरा सुधार गरी खेतीगर्न अभिप्ररित गर्ने<br>घ) क्षतिग्रस्त भूमि पूनरुत्थान गर्ने<br>ङ) गल्छी, पहिरो रोकथाम, सडक पाखो संरक्षणका क्रियाकलापहरु प्रभावकारी रुपमा संचालन गर्ने |
| जल तथा ढुंगा गिट्टी, वालुवा र माटोको व्यवस्थापन हुन नसक्नु | क) वाढीको प्रकोपमा वृद्धि,<br>ख) जन धनको क्षती<br>ग) उर्वर जमिनको कमी<br>घ) खोला सतह बढनु । | क) जलाधारीय अवस्थामा क्षयीकरण तथा उचित व्यवस्थापन नहुनु | क) वन विनास, ख) ठाडो भिरालो र अस्थिर भू-बनोट<br>ग) तीब्र वर्षा<br>घ) अवैज्ञानिक खेती प्रणाली<br>ङ) पानीको उचित व्यवस्थापन हुन नसक्नु | क) श्रृंखलावद्ध संरक्षण पोखरीको निर्माण । संरक्षण । सुधार गर्ने<br>ख) रनअफ हावेस्टिंग डयाम निर्माण<br>ग) पानी मुहान । श्रोत संरक्षण<br>घ) नदी उकास जग्गा संरक्षण एवं सदुपयोग<br>ङ) खोला किनार संरक्षण |
| जमिनको उत्पादकत्वमा ह्रास | क) खाद्यान्नको अभाव, उत्पादनमा ह्रास | क) अनुपयुक्त भूउपयोग प्रणाली अवलम्बन<br>ख) अवैज्ञानिक खेती प्रणाली | क) भू-उपयोगिताको व्यवहारिक कार्यान्वयन हुन नसक्नु<br>ख) गरिवी<br>ग) चेतनाको कमी | क) परंपरागत साना सिंचाई कूलो निर्माण, संरक्षण, सुधार<br>ग) कृषि वन प्रणालीको अवलम्बन गर्ने<br>घ) क्षतिग्रस्त भूमि पुनरुत्थान<br>ङ) फलफुल विरुवा रोपण, भूईघांस रोपण, डालेघांस रोपण<br>च) जैविक मलको प्रयोगमा वृद्धि गर्ने ।<br>छ) साल्ट (SALT) प्रविधिको प्रयोग |

विपद व्यवस्थापन

| समस्या/सवालहरु | तत्कालिन असर | मुख्य कारणहरु | अन्तरनिहित कारणहरु | समाधानका संभावित उपायहरु |
|---|---|---|---|---|
| विपद् व्यवस्थापनका क्रियाकलापमा सवैका निकायको संलग्नता हुनु पर्छ भन्ने कुराको बुझाईमा कमी | सरोकारवाला निकायहरुमा विपद जोखिम न्यूनीकरण सम्वन्धि योजना तथा कार्यक्रम न्यून हुनु | विपद मूलप्रभाहीकरण कसरी गर्ने भन्ने विषयमा साझा अवधारणा नहुनु, मूलप्रवाहीकरण गर्नको लागि संयन्त्र नहुनु र नीति समेत नहुनु । | • हरेक सरकारी तथा गैर सरकारी निकायहरुले कार्यक्रमको तर्जुमा तथा कार्यान्वयन गर्दा विपद मूलप्रभाहीकरण भए नभएको व्यवस्थाको सुनिश्चित गर्ने<br>• जिल्ला विपद व्यवस्थापन समितिले विपद मूलप्रवाहीकरणका भए नभएको अनुगमन गर्ने संयन्त्र निर्माण गर्ने ।<br>• वार्षिक रुपमा विपद मूलप्रवाहीकरणका क्षेत्रका क्रियाकलाप तथा वजेट अडिट गर्ने । | जिल्ला स्तरमा विपद सम्बन्धिका विभिन्न नीतिगत व्यवस्थाको वारेमा अनुशिक्षण तथा अन्तरक्रिया गर्नु पर्ने । जिल्लाका जिविस, विषयगत कार्यालय, विकास साझेदार संस्थाहरु मार्फत विपद व्यवस्थापनका क्षेत्रमा श्रोत परिचालन गर्ने । |
| विपद पूर्वका क्रियाकलापहरु भन्दा विपद वा विपद पछिका कार्यहरुमा बढी प्राथमिकता दिनु | जोखिमको सम्भावना बढ्यो, उद्धार तथा पुनस्थापना कार्यमा लागत वढ्यो | विपदको गहनता, संवेदनशीलताको विषयमा सरोकार निकायहरुको ध्यान आकर्षण हुन सकेको छैन । | • विपद व्यवस्थापन प्राथमिकता प्राप्त कार्यक्रम भित्र पर्न सकेको छैन । | पूर्व तयारी, पूर्व सूचना, समुदायमा सचेतना कार्यक्रम संचालन गर्ने, जोखिम न्यूनीकण अवधारणा समुदाय तह सम्म जानकारी गराउने |
| प्रभावकारी विपद व्यवस्थापन हुन सकेन, Synergy Effect देखिएन | विपद् सम्वन्धी कियाकलाप संचालन गर्ने निकायहरु बीच समन्वय नहुनु । | जिल्ला विपद व्यवस्थापन समितिमा योजना छलफल नहुनु | विपद व्यवस्थापनको क्षेत्रमा काम गर्ने विषयगत कार्यालय तथा गै.स.स.हरु जिल्ला विपद व्यवस्थापन समितिमा Endorse नहुनु, नियमित रुपमा बजेट विनियोजन नहुनु । | जिल्ला विपद व्यवस्थापन समितिमा योजना तथा गतिविधिहरु निर्णय तथा स्वीकृत गराएर मात्र योजना संचालन गर्ने |
| विपद् सम्बन्धि राष्ट्रिय नीति तथा ढांचाहरुलाई स्थानीयकरण गर्न नसक्नु | विपद व्यवस्थापन सम्वन्धि योजना नवन्नु, बजेट विनियोजन नहुन | नीति तथा रणनीतिको वारेमा जिल्ला स्तरमा सरोकारवालाहरुलाई पर्याप्त अभिमुखिकरण हुन नसक्नु | नीति कार्यान्वयनमा केन्द्र सरकार स्थानीय निकाय विच कार्यान्वयन संयन्त्रको अनुगमन तथा समन्वयको कमी | नीतिहरुलाई स्थानीयकरण गर्न समय सिमा भित्र अभिमुखिकरण तथा कार्यान्वयन योजना वनाई कार्यान्वयन गर्ने |
| पूर्व सूचना प्रणाली स्थापना गर्न नसक्नु | अप्रत्यासित मानवीय तथा भौतिक क्षति | प्राथमिकता प्राप्त क्षेत्र भित्र नपर्नु, स्थानीय स्तरमा पूर्व सूचना प्रणालीलाई व्यवस्थापन गर्न दक्ष जनशक्ति र श्रोतको न्यूनता | समुदायमा अभ्यस्त नहुनु तथा विस्वासको कमी | जोखिमयुक्त समूदायहरुको पहिचान गरी पूर्व सूचना प्रणाली स्थापना गर्नु पर्ने |
| जोखिमयुक्त स्थानहरुमा विपदको समयमा तत्काल उद्धार गर्न अति आवश्यक उद्धार सामग्रीको कमी हुनु । | विपदको घट्नावाट हुने क्षती तथा असरमा वृद्धि | स्थानीय विपद व्यवस्थापन समितिलाई सकृय वनाउन नसक्नु | विपद् व्यवस्थापनमा बजेटको अभाव हुनु | विकासमा काम गर्ने निकायहरुवाट सालवसाली निरन्तर रुपमा अत्याधुनिक किसिमको उद्धार सामग्रीहरु गरिद गरिनु पर्दछ ।<br>उद्धारकर्मीहरुलाई पुनःर्ताजगी (RefresherTraining) तालिम दिने साथै विपद व्यवस्थपन उद्धार सामग्रीहरुको एक स्थानमा भण्डारण गर्ने व्स्था गर्ने । |

| समस्या/सवालहरु | तत्कालिन असर | मुख्य कारणहरु | अन्तरनिहित कारणहरु | समाधानका संभावित उपायहरु |
|---|---|---|---|---|
| विपदका घट्नाहरुको आधिकारीक तथा तथ्यगत सूचना प्रवाहमा कमी । | विपदवाट प्रभावित हुनेहरुको संख्या तत्काल यकिन हुन नसक्नु । | समुदायहरु, स्थानीय निकाय तथा स्थानीय स्तरमा कार्यरत विपद सम्वन्धि संघसंस्था तथा सुरक्षा निकाय विच समन्वयको कमी । | जिम्मेवारीको वोध गर्न नसक्नु, जिम्मेवारी वाँडफाँड नहुनु, समुदायले सूचना दिने निकाय वारे जानकारी पाउन नसक्नु, प्रकोप सम्वन्धि निर्देशिकाहरुलाई सम्वन्धित निकायहरुले पूर्णरुपमा पालना गर्न नसक्नु । | संस्थागत तथा आधिकारिक सूचना संप्रेषण प्रणाली विकास गर्ने । द्रुत सूचना प्रणाली मार्फत सूचना प्रवाह गर्न संस्थागत संरचना तयार गर्ने सो को लागि समुदाय, स्थानीय निकाय, प्रकोप व्यवस्थापनको क्षेत्रमा काम गर्ने संघसंस्थाहरु र स्थानीय सुरक्षा विच समन्वय वैठक राख्ने । |
| क्षेत्रगत कार्य समुहहरु समान रुपमा क्रियाशील नहुनु । | प्रकोपको घटनाबाट प्रभावितहरुलाई तत्काल राहत तथा उद्धार नहुनु । राहत तथा उद्धार कार्यमा दोहोरोपना आउनु । | प्रकोपको क्षेत्रमा काम गर्ने विभिन्न सरकारी तथा प्रकोप व्यवस्थापनको क्षेत्रमा काम गर्ने गैरसरकारी संघसंस्थाहरु बीच समन्वयको कमी । | जिल्लामा प्रकोप व्यवस्थापनका लागि प्रकोप व्यवस्थापन रणनीतिको प्रभावकारी कार्यान्वयन नहुनु । | जिल्लामा प्रकोप व्यवस्थापनका लागि प्रकोप व्यवस्थापन रणनीतिको परिमार्जन तथा प्रभावकारी कार्यान्वयन हुनु पर्ने । |
| स्थानीय स्तरका विपद व्यवस्थापनका क्रियाकलापहरु प्रभावकारी हुन नसक्नु । | स्थानीय स्तरमा प्रकोपको जोखिमहरु वढ्दै गईरहेको । समुदाय आर्थिक तथा सामाजिकरुपमा झन झन पछाडि पर्दै गएको । | सवै गाविसमा गाविस स्तरीय वि.व्य.स. गठन हुन नसक्नु । गठन भएका समितिहरुको संस्थागत तथा व्यवस्थापकीय क्षमता कमजोर हुनु । विपद व्यवस्थापन कोष सवै गाविसमा जुटाउन नसक्नु । | गाविसस्तरमा वि.व्य.स. गठनको आवश्यकताको वोधमा कमी, क्षमता विकासका लागि आवश्यक सवलिकरण तथा पृष्ठपोषणको कार्यहरु हुन नसक्नु । विपद व्यवस्थापन कार्यलाई प्राथमिकतामा राख्न नसक्नु । | • गाविसमा विपद व्यवस्थापन समितिको गठन तथा उनीहरुको क्रियाशीलताको सुनिश्चितता गर्ने<br>• विपद व्यवस्थापन सम्वन्धि क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने<br>• गाविसमा जाने कूल पूँजिगत बजेट, प्रकोपको क्षेत्रमा काम गर्ने गै.स.स.वाट सहभागिता गर्ने वजेट विपद व्यवस्थापन कोषमा जम्मा गरी खर्च गर्न कार्य विधि वा निर्देशिका तयार गर्ने<br>• विकासमा काम गर्ने निकायहरुले कुल लागतको १० प्रतिशत वातावरण तथा विपद व्यवस्थापनमा खर्च गर्ने |

## वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन

| मुख्य समस्या | तत्कालिन असर | मुख्य कारण | कारणका पनि कारण | गर्नुपर्ने सम्भावित उपाय |
|---|---|---|---|---|
| १. जलवायु परिवर्तनको वारेमा स्थानीय स्तरमा सचेतनाको कमी | स्थानिय स्तरमा जलवायु परिवर्तनले गर्दा वातावरणमा ह्रास हुनु | वोटविरुवाहरुका साथै प्राकृतिक सम्पदाहरु मासिदै जानु, औधोगिक विकासमा वृद्धि | वनजंगल मासिदैजानु । उद्योग स्थापना गर्दा प्रारम्भिक वातावरणीय मुल्यांकन प्रभावकारीरुपमा नहुनु । | स्थानिय स्तरमा वातावरण जलवायु परिवर्तन सम्वन्धि सचेतना जगाउने । वस्ती,समुदाय र जिल्ला स्तरमा वोटविरुवा रोपण कार्यक्रम गर्ने । उद्योग स्थापना गर्दा प्रारम्भिक वातावरणीय मुल्यांकन प्रभावकारीरुपमा गर्ने । |
| २. स्थानीय योजना प्रक्रियामा वातावरण तथा जलवायु परिवर्तन सम्वन्धि विषयहरु | वातावरणीय ह्रासका कारणले दीगो विकासमा नकारात्मक प्रभाव | विकासका सरोकारवाला निकायहरुले वातावरण तथा जलवायु परिवर्तनको मुद्धालाई | वातावरण तथा जलवायु परिवर्तनको दुरगामी प्रभाव तथा असरवारे सरोकारवालाहरुले | योजना तर्जुमा गर्दा गा.वि.स.तथा नगरको विकास सन्तुलित र नियोजित तुल्याउन आवश्यक्ता अनुसार भू-उपयोग,भुएकिकरण र निर्देशित जग्गा विकास जस्ता |

| मुख्य समस्या | तत्कालिन असर | मुख्य कारण | कारणका पनि कारण | गर्नुपर्ने सम्भावित उपाय |
|---|---|---|---|---|
| मूलप्रवाहीकरण नहुनु | | प्राथमिकता नदिनु | गहिरिएर वुझ्न नसक्नु | योजना सन्चालन गर्ने |
| ३. स्थानीय तहदेखि केन्द्रसम्म वातावरणमैत्रि शासनको संस्थागत विकास नहुनु | स्थानीय तह देखि केन्द्र सम्मको वातावरणको अवस्था विग्रिदै जानु | वाध्यकारी व्यवस्था नहुनु | कार्यान्वयन गर्ने निकायमा यसवारे चासो कम दिनु | आधारभुत तहदेखि नै वातावरणीय सचेतनामा वृद्धि गर्नु वातावरण संरक्षण सम्वन्धि वहुपक्षिय कार्यहरुको थालनी गर्ने |
| ४. अव्यवस्थित वसोवास हुनु | वँतावरमा असन्तुलन हुनु | योजनावद्ध बसोवासको व्यवस्था नहुनु । | भू-उपयोग नीतिको अभाव | राष्ट्रिय भू-उपयोग नीति, २०६९ वारे विभिन्न तहमा अभिमुखिकरण गर्ने |
| ५. विकासका सुचकहरुमा वातावरणीय प्रभाव परीक्षण प्रभावकारी रुपमा लागू नहुनु | प्राकृतिक प्रकोपको सम्भावनाहरु वढ्दै जानु | यस सम्वन्धि दक्ष प्राविधिक जनशक्ति नहुनु, वातावरणीय प्रभाव परीक्षण नीतिको जिल्लामा प्रभावकारी रुपमा लागू नहुनु | परम्परागत कार्यहरुलाई तोड्न नसक्नु<br>स्थानीय निकाय जनप्रतिनीधि विहिन हुनु | विकासका कार्य गर्दा योजना सञ्चालन पूर्व अनिवार्य वातावरणीय प्रभाव परीक्षण गर्ने, स्थानीय निकायका जिम्मेवार व्यक्तिहरुलाई वातावरणीय प्रभाव परीक्षण सम्वन्धि क्षमता अभिवृद्धि गर्ने |
| ६. हरितगृह ग्याँसमा वृद्धि | जलवायु परिवर्तनको नकरात्मक प्रभावमा सहयोग | औधोगिकीरणमा वृद्धि | वनजंगल विनास हुनु, धेरै समुदायहरुको जीविकोपार्जनका लागि वन जंगलमा आश्रित हुनु | प्राकृतिक स्रोत संरक्षण तथा प्रवर्धनका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने |
| ७. औधोगिक प्रदुषण अव्यवस्थित हुनु | जनस्वास्थ्यमा प्रतिकूल असर, वातावरणीय प्रभाव (जस्तै औद्योगिक) | प्रदुषण नियन्त्रणका नीति नियमहरुको प्रभावकारी कार्यान्वयनको अभाव | जनस्वास्थ्यप्रति उदासिनता वातावरणीय प्रभाव सम्वन्धमा दीर्घकालीन सोचको अभाव । | प्रदुषण सम्वन्धी सचेतना कार्यक्रम सञ्चालन, नीति नियमहरुको प्रभावकारी कार्यान्वयन |
| ८. वन क्षेत्रमा क्षयीकरण बढनु | जडिवुटिहरुको विनास हुनु, प्रकोपको सम्भावनालाई बढाउनु | अव्यवस्थित पूर्वाधारहरुको विकास, विना योजना वन उपभोग गरिनु । | विकास योजना वनाउँदा वातवरणीय प्रभाव मूल्याकंन नहुनु, तत्कालिन आवश्यकतालाई मात्र परिपूर्ति गर्न जोड | सहभागितात्मक व्यवस्थित वन व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>जीविकोपार्जनमा समेत सहयोग गर्नेखालका वोट विरुवा लगाउने । |
| ९.वन क्षेत्र अतिक्रमण | • वन विनास भई आवश्यक काठ दाउराको आपुर्तिमा समस्या<br>• दुर्लभ जिवजन्तुहरु लोप हुदै जानु<br>• पर्यटनको क्षेत्रमा ह्रास आउनु | वन उपभोक्ता ऐनको प्रभावकारी कार्यान्वयन नहुनु | समुदाय स्तरमा आर्थिक अवस्था कमजोर हुनु | वन उपभोक्ता ऐनको प्रभावकारी कार्यान्वयन गर्न लगाउने |

## १.४ भौतिक तथा पूर्वाधार विकास समिति

### खानेपानी तथा ढल निकास

| मुख्य समस्या | तत्कालिन असर | मूख्य कारणहरु | अन्तरनिहित कारणहरु | समाधानका सम्भावित उपायहरु |
|---|---|---|---|---|
| खानेपानीको आधारभुत सेवावाट वञ्चित हुनु | दैनिक जीवनयापनमा कठिनाई<br>स्वास्थ्यमा प्रतिकुल असर | मुहान नहुनु, छरिएको वस्ती<br>आर्थिक स्रोत न्यून | वस्ती उच्च भागमा हुनु,<br>मुहान सुक्नु | वैकल्पिक उपायको खोजी गर्ने |
| डिजाइन क्षमता वमोजिम योजनाले सेवा दिन नसकेको | खानेपानी उपलब्धताको अपर्याप्तता | नियमित मर्मत संभार नहुनु | उपभोक्ता समितिको उदासिनता | नियमित मर्मत संभारको ब्यवस्था गर्ने र उपभोक्ता समितीको संस्थागत क्षमता अभिवृद्धि गर्ने |
| उपभोक्ताहरु पानी जन्य रोगवाट ग्रसित हुनु | स्वास्थ्य उपचारमा खर्च हुनु<br>अकाल मृत्वु हुनु | गुणस्तरयुक्त खानेपानीको आपुर्ति नहुनु | आयोजना डिजाइनमा प्रशोधन प्रणाली समावेश नुहुनु | खानेपानी सुरक्षा योजना लागू गर्ने<br>क्षमता वृद्धि |
| महामारी फैलनु | जनधनको क्षती | खुला दिसा हुनु<br>स्वच्छ वानी ब्यहोराको विकास नहुनु | जनचेतनाको अभाव<br>चर्पीको अभाव | चर्पी निर्माण र सावुन पानीले हात धुने वानीको विकास |

### सिचाई

| मुख्य समस्या | तत्कालिन असर | मूख्य कारणहरु | अन्तरनिहित कारणहरु | समाधानका सम्भावित उपायहरु |
|---|---|---|---|---|
| खाद्यान्न उत्पादन र उत्पादकत्वमा कमी | गरिवी र कुपोषण | खेती योग्य जग्गामा सिंचाईको अभाव | सिंचाईको लागि पुर्वाधारको कमी,<br>जिर्ण पुर्वाधारको मर्मत नहुनु,<br>उपभोक्ता सक्रिय नहुनु | सरकारी, सहयोगी निकाय र उपभोक्ताहरुको विचमा साझेदारी गर्ने, सिंचाई योजना निर्माण र नियमित मर्मत संभार गर्नुपर्ने । |

### नदी नियन्त्रण तथा तटवन्ध

| मुख्य समस्या | तत्कालिन असर | मूख्य कारणहरु | अन्तरनिहित कारणहरु | समाधानका सम्भावित उपायहरु |
|---|---|---|---|---|
| जग्गा कटान (भू-क्षय) | धनको क्षती, वस्ति विस्थापित | जलाधार क्षेत्रको कमजोर ब्यवस्थापन,<br>भू-संरक्षण योजना प्रभावकारी नहुनु, प्राकृतिक सम्पत्तिको अनियन्त्रित दोहन हुनु । | अनियन्त्रित रुपमा जंगल फडानी हुनु, नदी किनारमा अव्यवस्थित बसोवास बढ्नु, खोला नदीहरुमा अतिक्रमण हुनु । | जलाधार क्षेत्रको गुरु योजना तयार गर्ने |
| वालुवा र गेग्रान थुप्रिने | उत्पादनमा कमी | | | गुरु योजना अनुसार कार्यान्वयन हुनु पर्ने । |
| जलाधार क्षेत्रमा अतिक्रमण धार परिवर्तन | खेतीयोग्य भुमिको कमी, ह्रास हुनु । | | | |

## विद्युत विकास तथा विस्तार

| मुख्य समस्या | तत्कालिन असर | मूख्य कारणहरु | समाधानका सम्भावित उपायहरु |
|---|---|---|---|
| २४ घण्टा विधुत सेवा उपलब्ध नहुनु | विद्युतीय उपकरणहरुवाट सेवा लिन नसक्नु | लोडसेडिङ | वैकल्पिक उपायको खोजी, सोलारको योजना विस्तार गर्नु पर्ने, विद्युत विस्तार गर्ने |
| सबै गाविसहरुमा विद्युतीकरण नहुनु | विद्युत सेवावाट वञ्चित हुनु | योजनावद्ध विकास नहुनु | |

## संचार

| मुख्य समस्या | तत्कालिन असर | मूख्य कारणहरु | अन्तरनिहित कारणहरु | समाधानका सम्भावित उपायहरु |
|---|---|---|---|---|
| संचार सुविधा सर्वसुलभ नहुनु | सर्वसाधारण संचार सेवावाट वञ्चित हुनु | यातायात, विद्युतको अभाव तार चोरी | सरकारी नीति नियम अनुसार कार्य गर्न कठिन हुनु | यातायातको पहुँचमा वृद्धि हुनु पर्ने लोडसेडिको अन्त्य |

## १.५ संस्थागत विकास

| समस्या/सवालहरु | तत्कालिन असर | मुख्य कारणहरु | अन्तरनिहित कारणहरु | समाधानाका सम्भावित उपायहरु |
|---|---|---|---|---|
| श्रोतको कमी | विकास गतिविधिमा कमी | आन्तरिक श्रोत पहिचान तथा परिचालन नगरिनु | केन्द्रमुखी मानसिकता<br>राजनैतिक तत्परताको कमी | आन्तरिक श्रोत पहिचान तथा परिचालन सम्बन्धी अध्ययन गरि कार्यान्वयनमा ल्याउनु पर्ने |
| सेवा प्रवाहमा ढिलासुस्ती | जनताले दुःख पाउनु,<br>सेवाग्राहीहरुको खर्च बढ्नु | सेवा प्रदायक संस्थाहरुको कमजोर संस्थागत संरचना र हाकिम मानसिकता | पुरानैशैली र संस्थागत संरचना हुनु | संस्थागत विकास (OD) अध्ययन गरी प्रभावकारी कार्यान्वयन गर्ने |
| दक्षजनशक्तिको कमी | प्रभावकारी कार्यसम्पादन नहुनु | कर्मचारीहरुको ढिलासुस्ती | | आधुनिक सूचना प्रणाली, नयाँ नयाँ software हरुका बारे कम जानकारी हुनु |
| गाविसहरुको कमजोर संस्थागत संरचना | प्रभावकारी कार्यसम्पादन नहुनु | भौतिक तथा मानवीय श्रोत साधनको कमी | गाविसहरुले आन्तरिक श्रोत परिचालन गर्न नसक्नु | आन्तरिक श्रोत पहिचान गर्ने तथा स्थानीय तहमा छरिएर रहेका दक्ष जनशक्ति परिचालन गर्नु पर्ने |
| अद्यावधिक तथा पूंर्ण सूचना उपलब्ध नहुनु | नागरिकहरु सूचनाको हकबाट वञ्चित हुनु | अद्यावधिक अभिलेख नहुनु | सूचना संकलन तथा अद्यावधिक कार्य नियमित नहुनु ।<br>पुरानै शैलीमा सूचनाहरु राख्ने | आवश्यक जनशक्ति र पूर्वाधारहरुको व्यवस्था सहित जिल्ला सूचना केन्द्र संचालन गर्नुपर्ने । |
| कार्यक्रमहरुमा दोहोरोपना | आवश्यकता भन्दा बढी समय तथा श्रोत साधन खर्च,<br>आवश्यक ठाउँहरुमा कार्यक्रम नपुग्नु | सेवा प्रदायक निकायहरु बीच समन्वयको अभाव | सेवा प्रदायकहरु निश्चित फ्रेम भित्र काम गर्न रुचाउने<br>समन्वय गर्ने निकायको स्पष्ट व्यवस्था नहुनु | स्पष्ट ToR सहित Development partner coordination desk खडा गर्नुपर्ने<br>प्रभावकारी अनुगमन गर्नु पर्ने |
| विकास प्रकृयामा लच्छित समुदायको सहभागिता कम | आवश्यकता भन्दा इच्छित खालको योजना बन्नु,<br>लच्छित समुदाय विकासको मूलप्रवाह भन्दा बाहिर हुनु | योजना छनौट प्रकृयामा सुशासनलाई वास्तविक अभ्यास नहुनु | लच्छित वर्गलाई योजना छनौट प्रकृया बारे जानकारी नहुनु<br>आपूर्तिमा आधारित विकास योजना | योजनाका चरणहरुबारे स्थानीय संघसंस्था, उ.स., समूहहरुलाई सुसूचित गर्नु पर्ने |

# अनुसूचि २:

# संभावना र अवसर

## २.१ आर्थिक विकास

### <u>कृषि विकास</u>

| उपलव्ध अवसर तथा सम्भावनाहरु | आधारहरु | स्थान |
|---|---|---|
| तरकारी, खाद्यान्न, माछा, आँप, लिचि, कागती खेती | हावापानी सुहाउँदो, माटो, बजार विस्तार भएको, कृषकहरुको आकर्षण र माग, प्राविधिक सेवा प्रवाह हुने | रामपुर |
| अदुवा, बेसार, तरकारी, सुन्तला, सेलार स्टोर | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | मैनामैनी |
| खाद्यान्न, तरकारी, आंप, लिचि खेती | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | तपेश्वरी |
| सुन्तला, कफी, खाद्यान्न, तरकारी, अदुवा, मौरी, बेसार खेती | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | कटुन्जेववला |
| खाद्यान्न, तरकारी, फलफुल, कागती, च्याउ माछा, ग्राउण्ड एप्पल | हावापानी, माटो, बजार, कृषकहरुको आकर्षण र माग | बेल्टार |
| खाद्यान्न, तेलहन, दलहन, तरकारी, आंप, लिचि, मौरी खेती | हावापानी, माटो, बजार, कृषकहरुको आकर्षण र माग | बसाहा |
| सुन्तला, कागती, कफि, अदुवा वेसार, तरकारी, तेलहन, ग्राउण्ड एप्पल | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | चौदण्डी |
| सुन्तला, कागती, कफि, अदुवा वेसार, तरकारी, मौरी, ग्राउण्ड एप्पल, संकलन केन्द्र | हावापानी, माटो, कृषकहरुको आकर्षण उपभोक्ताको माग | सिद्धिपुर |
| खाद्यान्न, तरकारी, फलफुल, कागती, च्याउ, माछा | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | सुन्दरपुर |
| खाद्यान्न, तरकारी, फलफुल, कागती, च्याउ, माछा | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | हडिया |
| बगर खेती, खाद्यान्न, तरकारी, फलफुल, कागती, च्याउ, माछा | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | जोगिदह |
| अदुवा, बेसार, तरकारी, सुन्तला, मौरी, ग्राउण्ड एप्पल, संकलन केन्द्र | | साउने |
| खाद्यान्न, तरकारी, आंप, लिचि, कागती, च्याउ, माछा, बगर खेती, कोल्ड स्टोर, | हावापानी, माटो, थोकबजार स्थल, कृषकहरुको आकर्षण र माग | त्रि.न.पा |
| अदुवा, बेसार, चिया, कफी, आरुवखडा, हलुवाबेद, कागती, तरकारी, तेलहन, ग्राउडएप्पल, | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | चिलाउने |
| बेसार, अदुवा, तरकारी, फलफुल, चिया, कफी | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | खांवु |
| सुन्तला, कागती, कफी, तरकारी, मौरी, ग्राउडएप्पल | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | आंपटार |
| सुन्तला, कागती, कफी, तरकारी, दलहन (राजमा), मौरी, किवी, ग्राउण्ड एप्पल | हावापानी, माटो, बजार, कृषकहरुको आकर्षण र माग | पोखरी |
| खाद्यान्न, सुन्तला, भुइकटहर, अलैची, मौरी, तरकारी, दलहन (राजमा), ग्राउडएप्पल | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | लाफागांउ |
| खाद्यान्न, अकवरे खोर्सानी, आलु, अलेची, बेसार, हिउदे फलफुल, तरकारी, रस्टिक स्टोर | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | बाराहा |
| अदुवा, अकवरे खोर्सानी, अलैची, तरकारी, सुन्तला, हिउदे फलफुल | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | बाँसवोटे |
| खाद्यान्न, तरकारी, अलैंची, सुन्तला, बेसार, हिउदे फलफुल, आलु, रस्टिक/सेलार स्टोर, ग्राउडएप्पल | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | ताम्लिछा |
| खाद्यान्न, तरकारी, दलहन (राजमा) स्कुस, सुन्तला, मौरी, हिउदे फलफुल | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | भुट्टार |
| तरकारी, खाद्यन्न, सुन्तला, कागती, नासपती, चिया, कफी, आँप, लिचि, तेलहन, च्याउ, आलु उत्पादन, रस्टिक स्टोर, किवी, ग्राउण्ड एप्पल | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | रौता |
| आलु, स्याउ, नासपाती, आरुवखडा, अलैची, तरकारी, आलु, किवी, ग्राउडएप्पल, चिया, कफी | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | नामेटार |
| सुन्तला, तरकारी, नास्पती, अदुवा, बेसार, मौरी, कागती | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | जाँते |
| सुन्तला, कागती, तरकारी, खाद्यान्न विजवृद्धि, मौरी, माछापालन, आलु | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | रुपाटार |
| सुन्तला, कागती, अलैची, तरकारी, खाद्यान्न, मौरी, किवी, ग्राउण्ड एप्पल | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | ठानागाँउ |

| | | |
|---|---|---|
| सुन्तला, आलु, अलैची, तरकारी, खाद्यान्न वाली, रस्टिक/सेलार स्टोर, अनार | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | ओख्ले |
| अलैची, आलु, सुन्तला, हिउदे फलफुल, तरकारी, खाद्यान्न, स्याउ, नास्पति, किवी, ग्राउण्ड एप्पल, बजार | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | लेखगाँउ |
| खाद्यान्न, अलैची, सुन्तला, कागती, हिउदे फलफुल, आलु, तेलहन, किवी, ग्राउण्डएप्पल | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | इनामे |
| खाद्यान्न, तरकारी, सुन्तला, कागती, अलैची | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | बर्रे |
| खाद्यान्न, तरकारी, सुन्तला, कागती, अलैची, फलफूल, ग्राउण्ड एप्पल | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | डुर्म्रे |
| खाद्यान्न, तरकारी, आंप, कागती, बेसार | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | पञ्चावती |
| सुन्तला, आंप, लिचि, कफी, तरकारी, मौरी, खाद्यान्न बाली, जिरा धनिया | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | भलायडाँडा |
| खाद्यान्न, तरकारी, आंप, लिची, वेसार, च्याउ, माछा, ग्राउण्ड एप्पल, बजार | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | रिस्कु |
| खाद्यान्न, तरकारी, आंप, लिची, वेसार, च्याउ, माछा, बगर खेती | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | कटारी |
| खाद्यान्न, तरकारी, आंप, लिची, वेसार, च्याउ, माछा, बगर खेती (परवल, खरवुजा, तरवुजा, काँको आदी) | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | त्रिवेणी |
| खाद्यान्न, सुन्तला, अदुवा, बेसार, तरकारी | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | तावाश्री |
| अदुवा, तरकारी, नास्पती, सुन्तला, कफी, चिया, बेसार | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | सिरिसे |
| अदुवा, सुन्तला, तरकारी, तेलहन, हिउदे फलफुल | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | लिम्पाटार |
| सुन्तला, अदुवा, अलैची, तरकारी | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | मयख्खु |
| सुन्तला, अदुवा, अलैची, तरकारी, खाद्यान्नवाली | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | सोरुगछविसे |
| सुन्तला, अदुवा, अलैची, तरकारी, किवी, ग्राउण्ड एप्पल | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | लेखानी |
| अदुवा, सुन्तला, तरकारी, तेलहन, हिउदे फलफुल, खाद्यान्न बाली, किवी, ग्राउण्ड एप्पल | हावापानी, माटो, संकलन केन्द्र, कृषकहरुको आकर्षण र माग | हर्देनी |

## पशु सेवा

| अवसर तथा सम्भावना | स्थान | आधारहरु |
|---|---|---|
| गाइ/भैसी पालन | वेल्टार, त्रिवेणी, कटारी, हडिया, रामपुर, जोगिदह, सुन्दरपुर, त्रि.न.पा. | (दुध संकल केन्द्र भएको) |
| वाखापालन | साउने, पोखरी, रामपुर, खाँबु, रौत, भुट्टार, वाराहा, चौदण्डी, सिद्धीपुर, मैनामैनी, लेखानी, लगायत उत्तरी भेगका सवै गाविसहरु | गाइघाट, कटारी, वेल्टार, रामपुर, मुरकुचि वजार भएको |
| वंगुरपालन | त्रि.न.पा., वे.व.न.पा., कटारी न.पा., रौता, नेपालटार, भलायडाँडा, | " |
| कुखुरापालन | त्रि.न.पा., वे.व.न.पा., कटारी न.पा., नेपालटार, भलायडाँडा, सुन्दरपुर, हडिया, जोगिदह,आँपटार | " |
| चिलिङ सेन्टर | गाइघाट, वेल्टार, कटारी | " |
| पशु संकलन केन्द्र | गाइघाट, वेल्टार, कटारी | " |
| पशु बध स्थल | गाइघाट, वेल्टार, कटारी | " |

## सहकारी विकास

| उपलव्ध अवसर तथा सम्भावना | स्थान | कैफियत |
|---|---|---|
| जडीवुटी सहकारीवाट आयआर्जन गर्ने | साउने, रौता, डुम्रे | |
| कृषि सहकारीवाट उत्पादित वस्तुको वजार | हडिया, वेलटार, रामपुर, रौता, कटारी | |
| दुग्ध व्यवसायवाट संचालन हुने सहकारी | हडिया, वेलटार, रामपुर, त्रिनपा कटारी | |
| अदुवा वेसार तथा मसला वाली | हर्देनी, लेखानी, साउने, सिद्धिपुर | |
| संचार सहकारीको प्रवर्द्धन र व्यवस्थापन | त्रि.न.पा., गाईघाट | |
| फलफूल खेती | रौता, लेखानी, आंपटार, ओखले लगायत पहाडी गाविसहरु | |
| सामूहिक जमानीमा ऋण प्रवाह गरी उद्यमसिलता | जिल्लाभरी | |
| विषयगत जिल्ला सहकारी संघबाट नेतृत्व विकास | जिल्लभरी | |
| चिया उत्पादन | रौता, उदयपुरगढी, नामेटार, सिरिसे, जाल्पाचिलाउने, वलम्ता | |
| मह उत्पादन | मैनामैनी, ववला, चिलाउने, तावाश्री, | |
| सहकारी तालिम मार्फत सहकारी संस्थाको संस्थागत क्षमता विकास गरी उत्पादनमुलक वनाउन सकिने | निवार्चन क्षेत्रगत रुपमा | |
| डिभिजन सहकारीको कार्यालय उदयपुरमा हुनुले सहकारी क्षेत्रको प्रवर्द्धन गरिने सम्भावना रहेको | गाईघाट | |
| सहकारीको माध्यमवाट सीमान्तकृत वर्गको सशक्तिकरण गर्ने | | |
| उदयपुर जिल्लामा मात्र ३०० वटा सहकारी हुनु | | |
| सहकारीको माध्यमबाट जिल्लाको आर्थिक सामाजकि विकासमा टेवा पुग्नु | | |

## घरेलु तथा साना उद्योग विकास

| उपलव्ध अवसर तथा सम्भावनाहरु | स्थान | कैफियत |
|---|---|---|
| उद्यमको क्षेत्रमा स्थानीय निकायवाट समेत अनिवार्य रुपमा वजेट विनियोजन हुने व्यवस्थाको थालनी भएको | जिल्लाको सवै गा.वि.स. र नगरपालिकाहरु | |
| वातावरणीय सचेतना बढ्दै जाँदा हस्तकला जैविक उत्पादन लोकप्रीय हुदै गएकोले हस्तकलाका उत्पादनको माग बढ्दै गएको | ,, | |
| ग्रामिण वजारहरु विस्तार हुदै गएकोले उद्यमीहरुको पहुंच बढ्दै गएको | ,, | |
| नयाँ नयाँ उपयुक्त प्रविधिको विकास भएको कारणले उत्पादित वस्तुको संख्यात्मक र गुणात्मक विकास गर्न सक्ने अवस्था भएको | ,, | |
| उद्यम विकास कार्यक्रम संचालनका लागि जिल्ला स्तरमा उद्यम विकास रणनैतिक योजना तर्जुमा हुनु | ,, | |
| गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) लागू भएको | ,, | |
| परम्परागत भन्दा व्यवसायीक कृषि प्रणाली तर्फ आकर्षित भएको कारणले गर्दा कृषिमा आधारीत उद्योग व्यवसायको सम्भावना बढदै गएको | ,, | |
| बढ्दो जनसंख्या र सहरीकरणका कारण स्थानीय स्तरमा उत्पादित वस्तुहरुको वजार वृद्धि भएको | ,, | |
| वाँसको उद्योग व्यवसाय संचालनको लागि कच्चा पदार्थको उपलब्धता, रामो बजार भएको, कम जाखिममा उद्योग संचालन गर्न सकिने | ,, | |
| काष्ठ उद्योग व्यवसाय संचालनको लागि कच्चा पदार्थको उपलब्धता र उत्पादित सामाग्रीको माग, उद्यम गर्न चाहने र लगानी गर्न चाहने व्यक्तिहरु उत्सुक हुनु | रामपुर, तपेश्वरी, सुन्दरपुर, हडिया, जोगिदह, पंचावती, भलायडाँडा, रिस्कू, वेल्टार वसाहा नगरपालिका, त्रियुगा नगरपालिका र कटारी नगरपालिका | |

| उपलब्ध अवसर तथा सम्भावनाहरु | स्थान | कैफियत |
|---|---|---|
| टपरी उद्योग व्यवसाय संचालनको लागि कच्चा पदार्थको उपलब्धता, टपरीको माग वढेको, यो उत्पादन वातावरणमैत्री भएकोले सेबाग्राहीले रुचाउने गरेको । | रामपुर, तपेश्वरी, सुन्दरपुर, हडिया, जोगिदह, भलायडाँडा, पंचावती, रिस्कू, वेल्टार वसाहा नगरपालिका, त्रियुगा नगरपालिका र कटारी नगरपालिका | |
| अल्लो उद्योग व्यवसाय संचालनको लागि कच्चा पदार्थको उपलब्धता, अल्लोको कपडाको वजार राम्रो भएको | ओख्ले, इनामे, नामेटार, वाराहा, वलम्ता, जाँते, भुट्टार | |
| आलु चिप्स र मसेउरा उद्योग व्यवसाय संचालनको लागि कच्चा पदार्थको उपलब्धता, प्रविधि सजिलै उपलब्ध हुने । | ओख्ले, इनामे, नामेटार, वाराहा, वलम्ता, जाँते, भुट्टार, रौता, ताम्लिछा | |
